# दोस्रो आवधिक योजना

(आर्थिक वर्ष २०८१/८२-२०८५/८६)

*"कृषि, उद्योग, पर्यटन र पूर्वाधार- समृद्ध लुम्बिनीका मुख्य आधार"*





लुम्बिनी प्रदेश सरकार

**लुम्बिनी प्रदेश योजना आयोग**

राप्ती उपत्यका (देउखुरी), नेपाल


चैत्र २०८१

लुम्बिनी प्रदेश सरकारको

# दोस्रो आवधिक योजना

(आर्थिक वर्ष २०८१/८२-२०८५/८६)

लुम्बिनी प्रदेश सरकार

**लुम्बिनी प्रदेश योजना आयोग**

राप्ती उपत्यका (देउखुरी), नेपाल

चैत्र २०८१

**प्रकाशक**


लुम्बिनी प्रदेश सरकार

लुम्बिनी प्रदेश योजना आयोग

राप्ती उपत्यका (देउखुरी), नेपाल

सम्पर्क फोन नम्बर: ०८२-४१३१०५, ४१३१०६

ई-मेल : ppcl@lumbini.gov.np, infoppc.p5@gmail.com,

वेवसाइट: ppc.lumbini.gov.np



**© प्रतिलिपि अधिकार**

लुम्बिनी प्रदेश योजना आयोग

राप्ती उपत्यका (देउखुरी), नेपाल ।

# लुम्बिनी प्रदेश सरकार

राप्ती उपत्यका (देउखुरी), नेपाल

**मुख्यमन्त्री**

## मन्तव्य

सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान अनुसार तीन तहका सरकारहरूको समन्वयात्मक भूमिकामार्फत समावेशी तथा दिगो विकासको लक्ष्य हासिल गर्न सार्थक प्रयास आवश्यक रहेको छ। सङ्घीयताको कार्यान्वयनसँगै विकासको स्वरूपमा आमूल परिवर्तन आएको छ। प्रदेश तथा स्थानीय सरकारहरूलाई प्राप्त संबैधानिक अधिकारले प्रदेशस्तरीय योजना निर्माण तथा कार्यान्वयनको लागि नयाँ अवसरहरू प्राप्त भएका छन् । सङ्घीय व्यवस्थाले प्रदेशलाई नीतिगत निर्णय तथा स्रोत साधनको प्रभावकारी परिचालन गर्न अधिकार सम्पन्न बनाएको छ । फलस्वरूपः प्रदेश स्तरमा नीति निर्माण तर्जूमा, कार्यक्रम सञ्चालन तथा स्थानीय सरकारहरूसँग सहकार्य गरी समावेशी तथा दिगो विकासको सुनिश्चितता गर्न प्रदेश सरकार क्रियाशील रहेको छ।

संविधानद्वारा परिकल्पना गरिएको सङ्घीयताको ढाँचाभित्र लुम्बिनी प्रदेशले आफ्नो विकास यात्रा अगाडि बढाइरहेको छ। सङ्घीय संरचना अन्तर्गत स्थानीय आवश्यकता अनुरूप विकासका प्राथमिकता निर्धारण गरी प्रदेशको समग्र समृद्धि र समावेशी विकास सुनिश्चित गर्ने प्रमुख मार्ग चित्रका रूपमा दोस्रो आवधिक योजना कार्यान्वयनमा ल्याइएको छ। विशेषगरी कृषि, उद्योग र पर्यटन क्षेत्रको उत्पादन र उत्पादकत्वमा वृद्धि, वित्तीय सङ्घीयता सुदृढीकरण, समाजिक न्याय र समावेशीकरण, उद्यमशीलता तथा सुशासनलाई प्रवर्धन गर्ने उद्देश्यका साथ योजना अघि सारिएको छ।

लुम्बिनी प्रदेश सरकारले **"समृद्ध लुम्बिनी, खुसी नागरिक"** भन्ने मूल नारालाई आत्मसात गरी कृषिको आधुनिकीकरण, उद्योग तथा पर्यटन प्रवर्धन, पूर्वाधार विस्तार, शिक्षामा सुधार तथा गुणस्तरीय स्वास्थ्य सेवाको विस्तार, समावेशी विकास र गरिबी न्यूनीकरण जस्ता विषयलाई विशेष प्राथमिकतामा राखेको छ। यसका साथै लुम्बिनी प्रदेशको मौलिक पहिचानको रुपमा पर्यटन क्षेत्रको विकास गरी रोजगारी र प्रदेश अर्थतन्त्रमा यसको योगदान बढाउने र कृषि क्षेत्रको हवको रुपमा रहेको यस प्रदेशलाई प्राङ्गारिक कृषि उत्पादनमार्फत राष्ट्रिय एवं अन्तर्राष्ट्रिय क्षेत्रमा समेत पहिचान स्थापित गरिनेछ । योजनाले अघि सारेका प्राथमिकताका विषयहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गरी उद्देश्य प्राप्तिका लागि आवश्यक नीतिगत व्यवस्था तथा कानुनी सुधार गर्दै लगानी अनुकूलको वातावरण निर्माण गर्ने कामलाई यस योजनाले विशेष जोड दिएको छ।

दोस्रो आवधिक योजनाको प्रभावकारी कार्यान्वयनमा नेपाल सरकार, स्थानीय तहहरू, निजी क्षेत्र र सहकारी क्षेत्रको महत्त्वपूर्ण सहकार्य रहने विश्वास लिएको छु। साथै, योजना कार्यान्वयनमा राजनीतिक दल, नागरिक समाज, विकास साझेदार लगायत सबै पक्षको रचनात्मक सहयोग प्राप्त हुने कुरामा विश्वस्त छु। मलाई आशा एवम् विश्वास छ, हाम्रा साझा प्रयासमार्फत लुम्बिनी प्रदेश दिगो, समतामूलक तथा समृद्ध भविष्यतर्फ अघि बढ्नेछ।

अन्त्यमा, योजना तर्जूमाका क्रममा सहयोग गर्ने तथा रचनात्मक सुझाव दिनुहुने प्रदेश सभा, प्रदेश सरकारका मन्त्रीहरू, राजनीतिक दल, जनप्रतिधिहरु, विज्ञहरू, नीति निर्माताहरू, विकास साझेदारहरू तथा प्रदेशवासी नागरिकहरूप्रति आभार व्यक्त गर्दछु। त्यसैगरी, योजना तर्जुमा प्रक्रियामा संलग्न हुने बिभिन्न मन्त्रालय एवम् निकायका कर्मचारीहरुलाई धन्यबाद दिन चाहन्छु । साथै, योजना तर्जूमामा अनवरत रुपमा खटिई योजना तयार पार्ने प्रदेश योजना आयोग परिवारलाई विशेष धन्यबाद दिन चाहन्छु।

धन्यवाद।

चेतनारायण आचार्य
मुख्यमन्त्री एवम् अध्यक्ष, प्रदेश योजना आयोग

# भूमिका

सङ्घीय संरचनामा रूपान्तरण पछि नेपालको शासन व्यवस्थामा उल्लेखनीय परिवर्तन आएको छ । संबिधान प्रदत्त अधिकारका कारण प्रादेशिक सरकारहरूले विकास गतिविधिहरूको योजना निर्माण र कार्यान्वयनमा प्रमुख भूमिका खेल्ने अवसर पाएका छन्। संविधानले प्रत्याभूत गरेको सङ्घीय संरचनाभित्र लुम्बिनी प्रदेश सरकारले आफ्नो आर्थिक, सामाजिक र पूर्वाधार विकासको लक्ष्यलाई मूर्त रूप दिन आवश्यक योजना तर्जूमा, नीतिगत व्यवस्था तथा रणनीतिहरू अवलम्बन गर्दै आएको छ ।

लुम्बिनी प्रदेश सरकारले प्रथम आवधिक योजनाका पूर्वाधार विकास, रोजगारी सिर्जना, गरिबी न्यूनीकरण र सुशासन जस्ता प्राथमिकताका बिषयहरु कार्यान्वयन गरी सङ्घीय शासन, संस्थागत विकास, र क्षेत्रगत वृद्धिको बलियो आधार स्थापना गरेको छ। पहिलो आवधिक योजना कार्यान्वयनको सिकाइ र अनुभब तथा बदलिँदो सामाजिक-आर्थिक परिदृश्यमा देखा परेका चुनौती र अवसरहरूको बिस्तृत अध्ययन तथा अनुसन्धान, सरोकारवालासँगको परामर्श तथा नीतिगत विश्लेषण सहितको वैज्ञानिक एवम् तथ्यमा आधारित रणनीतिक दस्तावेजको रुपमा लुम्बिनी प्रदेशको दोस्रो आवधिक योजना तयार पारिएको छ ।

दोस्रो आवधिक योजनाले प्रदेशको आन्तरिक स्रोत साधनको परिचालन, वित्तीय सङ्घीयताको प्रभावकारी कार्यान्वयन, तथा समावेशी एवम् उत्तरदायी शासनलाई सुदृढ गर्दै समृद्धि हासिल गर्ने दीर्घकालीन रणनीति अघि सारेको छ। साथै, योजनाले आर्थिक वृद्धि, रोजगारी सिर्जना, कृषिको उत्पादन तथा उत्पादकत्वमा बृद्धि तथा ब्यावसायीकरण एवम् बजारीकरण, उद्योग तथा पर्यटन प्रवर्धन, पूर्वाधार विस्तार, शिक्षामा सुधार तथा गुणस्तरीय स्वास्थ्य सेवाको विस्तार जस्ता विषयलाई विशेष प्राथमिकतामा राखेको छ। यस योजनाको कार्यान्वयनले सामाजिक-आर्थिक असमानता न्यूनीकरण, पिछडिएका समुदायहरूको उत्थान र सन्तुलित क्षेत्रीय विकासमा योगदान पुऱ्याउने अपेक्षा गरिएको छ। साथै, समावेशिता, सुशासन र आर्थिक समृद्धिमा केन्द्रित रणनीतिक सोच सहित योजनाले "**समृद्ध लुम्बिनी, खुसी नागरिक**" भन्ने दीर्घकालीन लक्ष्यलाई साकार पार्न मद्दत गर्ने विश्वास लिइएको छ ।

दोस्रो आवधिक योजनाको सफल कार्यान्वयनका लागि प्रदेश सरकार, स्थानीय सरकार, सङ्घीय सरकार, निजी क्षेत्र, सहकारी, नागरिक समाज, विकास साझेदार तथा समस्त प्रदेशवासीहरूको सहकार्य अपरिहार्य रहने छ। यसका लागि आवश्यक नीति, कानुनी संरचना, वित्तीय स्रोत परिचालन, प्रविधि हस्तान्तरण र मानव संसाधन विकासमा समन्वयात्मक पहल आवश्यक रहने छ। योजनाको प्रभावकारी कार्यान्वयन एवम् परिणाममूखी बनाउन आवधिक योजना, मध्यमकालीन खर्च संरचना र वार्षिक नीति तथा कार्यक्रमबिचको अन्तरसम्बन्ध कायम गरिने छ ।

अन्त्यमा, योजना तर्जुमाको क्रममा माननीय मुख्यमन्त्री एवम् प्रदेश योजना आयोगका अध्यक्षज्यूबाट प्राप्त मार्गदर्शन

प्रति हार्दिक आभार व्यक्त गर्दछु ।आफ्नो अमूल्य सुझावहरु प्रदान गरी योजना निर्माणमा सहयोग एवम् मार्गदर्शन गर्नु हुने प्रदेश सभाका माननीय सभामुखज्यू, उप-सभामुज्यू, प्रदेश सरकारका माननीय मन्त्रीज्यूहरू, संसदीय दलका माननीय नेताज्यूहरु, प्रदेश सभाका माननीय सदज्यूहरु तथा राजनैतिक दलका नेताज्यूहरुप्रति आभार व्यक्त गर्दछु। त्यसैगरी, योजना तर्जुमा प्रक्रियामा आफ्नो अमूल्य सुझाव र पृष्ठपोषण गर्नु हुने प्रदेश योजना आयोगका पूर्व-पदाधिकारीहरु, स्थानीय तहका जनप्रतिनिधि, बुद्धिजीवी, विज्ञ, नीति निर्माता, कर्मचारी, निजी क्षेत्रका प्रतिनिधि, बिभिन्न संघ-संस्था, गैरसरकारी संस्था तथा विकास साझेदार लगायत सम्बद्ध सबैमा हार्दिक धन्यबाद दिन चाहान्छु । साथै, योजना तर्जुमाको क्रममा अनवरत रूपमा खट्नु हुने प्रदेश योजना आयोगका पदाधिकारीहरू, आयोगका सचिव लगायत कर्मचारी साथीहरूलाई बिशेष धन्यवाद दिन चाहन्छु ।

धन्यवाद ।

डा. डिल्ली राज अर्याल
उपाध्यक्ष

# प्रदेश योजना आयोगका पदाधिकारीहरू

| | |
|---|---|
| माननीय मुख्यमन्त्री चेत नारायण आचार्य | अध्यक्ष |
| माननीय डा. डिल्ली राज अर्याल | उपाध्यक्ष |
| माननीय डा. सुदन कुमार वली | सदस्य |
| माननीय श्री भुवन चौधरी | सदस्य |
| माननीय श्री शान्ता देवी ढकाल | सदस्य |
| श्री खिमबहादुर कुँवर, प्रदेश योजना आयोग | प्रदेश सचिव |

**<u>पदेन सदस्य</u>**

| | |
|---|---|
| श्री बाबुराम अधिकारी; प्रमुख सचिव, प्रदेश सरकार | सदस्य |
| श्री डिलाराम पन्थी; सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय | सदस्य |

# विषय-सूची


परिच्छेद एकः परिचय ........ १
१.१ पृष्ठभूमि ........ १
१.२ नेपालको योजनाबद्ध विकास प्रयास ........ १
१.३ प्रदेशको योजनाबद्ध विकास ........ २
१.४ पहिलो आवधिक योजनाको समीक्षा ........ ३
१.५ दिगो विकास लक्ष्य कार्यान्वयन स्थिति ........ ३
१.६ सोह्रौं योजनासँगको आबद्धता ........ ५
१.७ योजना तर्जुमाका आधार तथा प्रक्रिया ........ ६
परिच्छेद दुईः दोस्रो आवधिक योजना ........ ६
२.१ पृष्ठभूमि ........ ६
२.२ प्रमुख समस्या ........ ६
२ .३ अवसर र चुनौती ........ ७
२.४ योजनाको समष्टिगत खाका ........ ८
२.४.१ दीर्घकालीन सोच ........ ८
२.४.२ लक्ष्य ........ ८
२.४.३ उद्देश्य ........ ८
२.४.४ समष्टिगत रणनीति ........ ९
२.४.५ विकासका संवाहक ........ १०
परिच्छेद तीनः समष्टिगत आर्थिक विश्लेषण ........ ११
३.१ आर्थिक वृद्धिदर, लगानी र स्रोत व्यवस्थापन ........ ११
३.१.१ आर्थिक वृद्धिदर ........ ११
३.१.२ कुल गार्हस्थ्य उत्पादनमा क्षेत्रगत मूल्य अभिवृद्धिको योगदान ........ ११
३.१.३ उपभोग तथा बचत ........ १६
३.१.४ उत्पादकत्व ........ १७
३.२ सीमान्त पुँजी उत्पादन अनुपात र कुल लगानी ........ १७
३.३ लगानी प्रक्षेपण ........ २०
३.४ सार्वजनिक खर्च व्यहोर्ने स्रोत ........ २१
परिच्छेद चारः सार्वजनिक वित्त र लगानी ........ २४
४.१ वित्तीय व्यवस्था ........ २४
४.२ सार्वजनिक खर्च ........ २८

४.३ निजी क्षेत्र परिचालन ..... ३१
४.४ सहकार्य, साझेदारी र सहलगानी ..... ३४
परिच्छेद पाँचः आर्थिक क्षेत्र ..... ३७
५.१ कृषि तथा भूमि व्यवस्था ..... ३७
५.१.१ कृषि, पशुपन्छी र मत्स्य ..... ३७
५.१.२ भूमि व्यवस्था ..... ५०
५.१.३ खाद्य सुरक्षा र पोषण ..... ५३
५.२ उद्योग, वाणिज्य र पर्यटन ..... ५६
५.२.१ उद्योग ..... ५६
५.२.२ वाणिज्य, आपूर्ति र बजार व्यवस्थापन ..... ६२
५.२.३ मूल्य शृंखला र ब्रान्डिङ ..... ६५
५.२.४ खानी तथा अन्वेषण ..... ६८
५.३ पर्यटन ..... ७०
५.४ वित्तीय समावेशिता ..... ७६
५.५ सहकारी ..... ७९
परिच्छेद छः सामाजिक क्षेत्र ..... ८३
६.१ स्वास्थ्य ..... ८३
६.२ पोषण ..... ९०
६.३ शिक्षा ..... ९४
६.५ विज्ञान तथा प्रविधि ..... १०२
६.६ भाषा, साहित्य, कला र संस्कृति ..... १०५
६.७ लैङ्गिक समानता, महिला तथा बालबालिका ..... १०७
६.८ सामाजिक सुरक्षा र संरक्षण ..... ११२
६.९ समावेशीकरण, सामाजिक न्याय र समता ..... ११६
परिच्छेद सातः पूर्वाधार विकास ..... ११९
७.१ यातायात पूर्वाधार ..... ११९
७.२ सिंचाइ ..... १२४
७.३ जलउत्पन्न प्रकोप व्यवस्थापन ..... १२७
७.४ खानेपानी तथा सरसफाइ ..... १२९
७.५ ऊर्जा ..... १३१
७.६ सूचना तथा सञ्चार ..... १३४
७.७ ग्रामीण तथा सहरी विकास ..... १३७

परिच्छेद आठः वन तथा वातावरण क्षेत्र ........ १४२
८.१ हरित अर्थतन्त्र ........ १४२
८.२ वन व्यवस्थापन ........ १४४
८.३ वातावरण र जैविक विविधता संरक्षण ........ १४८
८.४ जलाधार क्षेत्र संरक्षण ........ १५०
८.६ जलवायु परिवर्तन ........ १५६
८.७ मानव वन्यजन्तु द्वन्द्व तथा छाडा चौपाया व्यवस्थापन ........ १५९
परिच्छेद नौः शासकीय प्रबन्ध र सुशासन क्षेत्र ........ १६३
९.१ शासकीय सुधार ........ १६३
९.२ भ्रष्टाचार नियन्त्रण र सुशासन ........ १६८
९.३ शान्ति सुरक्षा र सुव्यवस्था ........ १७१
९.४ मानव संसाधन विकास ........ १७३
९.५ क्षमता विकास र संस्थागत सुदृढीकरण ........ १७६
परिच्छेद दशः अन्तरसम्बन्धित विषयक्षेत्र ........ १७९
१०.१ तहगत एवम् अन्तरनिकाय समन्वय र सहकार्य ........ १७९
१०.२ गरिबी न्यूनीकरण ........ १८१
१०.३ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ........ १८४
१०.४ श्रम तथा रोजगार ........ १८९
१०.५ जनसंख्या तथा बसाइँसराइ व्यवस्थापन ........ १९५
परिच्छेद एघारः योजना, अनुगमन तथा मूल्याङ्कन क्षेत्र ........ १९९
११.१ योजना तर्जुमा तथा कार्यान्वयन ........ १९९
११.२ तथ्याङ्क व्यवस्थापन ........ २०२
११.३ अनुगमन तथा मूल्याङ्कन ........ २०४
परिच्छेद बाह्रः नतिजा खाका ........ २०८
१२.१ पृष्ठभूमि ........ २०८
१२.२ एकीकृत तर्कबद्ध खाका ( Integrated Logical Framework) ........ २०९

# तालिका-सूची


| क.स. | विषय | पेज नं. |
|---|---|---|
| तालिका १.१ | दिगो विकास लक्ष्यका सूचकमा भएका उपलब्धिहरू | ४ |
| तालिका २.१ | दोस्रो आवधिक योजनाको मुख्य सूचकहरुको परिमाणात्मक लक्ष्य | ९ |
| तालिका ३.१ | दोस्रो आवधिक योजनाको वार्षिक आर्थिक वृद्धिदर लक्ष्य | १३ |
| तालिका ३.२ | कुल गार्हस्थ्य उत्पादन तथा क्षेत्रगत मूल्य अभिवृद्धिको लक्ष्य (स्थिर मूल्या) | १४ |
| तालिका ३.३ | कुल गार्हस्थ्य उत्पादनको क्षेत्रगत संरचना (स्थिर मूल्यमा) (प्रतिशतमा) | १५ |
| तालिका ३.४ | कुल गार्हस्थ्य उत्पादनको क्षेत्रगत संरचना | १६ |
| तालिका ३.५ | कुल उपभोग तथा बचत | १७ |
| तालिका ३.६ | सीमान्त पुँजी उत्पादन अनुपात र कुल लगानी (स्थिर मूल्यमा) | १९ |
| तालिका ३.७ | सार्वजनिक, निजी, सहकारी र सामुदायिक क्षेत्रबाट लगानी सहभागिता | २० |
| तालिका ३.८ | सार्वजनिक, निजी, सहकारी र सामुदायिक क्षेत्रबाट हुने लगानीको हिस्सा | २१ |
| तालिका ३.९ | प्रदेश सरकारको वजेट र खर्च व्यहोर्ने स्रोत अनुमान | २२ |
| तालिका ४.१ | सार्वजनिक वित्तसम्बन्धी परिमाणात्मक लक्ष्य | २८ |
| तालिका ४.२ | लुम्बिनी प्रदेश सञ्चित कोषको अवस्था | २९ |
| तालिका ४.३ | सार्वजनिक खर्चसम्बन्धी परिमाणात्मक लक्ष्य | ३१ |
| तालिका ४.४ | निजी क्षेत्र परिचालनसम्बन्धी परिमाणात्मक लक्ष्य | ३४ |
| तालिका ४.५ | सहकार्य, साझेदारी र सहलगानीसम्बन्धी परिमाणात्मक लक्ष्य | ३६ |
| तालिका ५.१ | कृषि विकाससम्बन्धी परिमाणात्मक लक्ष्य | ४३ |
| तालिका ५.२ | पशुपन्छी विकाससम्बन्धी परिमाणात्मक लक्ष्य | ४७ |
| तालिका ५.३ | मत्स्यपालनसम्बन्धी परिमाणात्मक लक्ष्य | ५० |
| तालिका ५.४ | भूमि व्यवस्थासम्बन्धी परिमाणात्मक लक्ष्य | ५३ |
| तालिका ५.५ | खाद्य सुरक्षा तथा पोषण (प्रतिव्यक्ति प्रतिवर्ष कृषिजन्य वस्तुको उपलब्धता) | ५६ |
| तालिका ५.६ | उद्योगसम्बन्धी परिमाणात्मक लक्ष्य | ६१ |
| तालिका ५.७ | वाणिज्य तथा आपूर्तिसम्बन्धी परिमाणात्मक लक्ष्य | ६४ |
| तालिका ५.८ | मूल्य शृंखला र ब्रान्डिङसम्बन्धी परिमाणात्मक लक्ष्य | ६७ |
| तालिका ५.९ | खानी तथा खनिज पदार्थसम्बन्धी परिमाणात्मक लक्ष्य | ७० |
| तालिका ५.१० | पर्यटनसम्बन्धी परिमाणात्मक लक्ष्य | ७६ |
| तालिका ५.११ | वित्तीय समावेशितासम्बन्धी परिमाणात्मक लक्ष्य | ७८ |
| तालिका ५.१२ | सहकारीसम्बन्धी परिमाणात्मक लक्ष्य | ८२ |
| तालिका ६.१ | स्वास्थ्यसम्बन्धी परिमाणात्मक लक्ष्य | ९० |
| तालिका ६.२ | पोषणसम्बन्धी परिमाणात्मक लक्ष्य | ९३ |
| तालिका ६.३ | शिक्षासम्बन्धी परिमाणात्मक लक्ष्य | ९८ |
| तालिका ६.४ | युवा तथा खेलकुदसम्बन्धी परिमाणात्मक लक्ष्य | १०२ |
| तालिका ६.५ | विज्ञान प्रविधिसम्बन्धी परिमाणात्मक लक्ष्य | १०७ |
| तालिका ६.६ | भाषा साहित्य कला र संस्कृतिसम्बन्धी परिमाणात्मक लक्ष्य | १०७ |
| तालिका ६.७ | लैङ्गिक समावेशिता, महिला तथा बालबालिकासम्बन्धी परिमाणात्मक लक्ष्य | १११ |
| तालिका ६.८ | सामाजिक सुरक्षासम्बन्धी परिमाणात्मक लक्ष्य | ११६ |
| तालिका ६.९ | समावेशीकरण, न्याय र समतासम्बन्धी परिमाणात्मक लक्ष्य | ११८ |
| तालिका ७.१ | यातायात पूर्वाधारसम्बन्धी परिमाणात्मक लक्ष्य | १२३ |

| क्र.स. | विषय | पेज नं. |
| --- | --- | --- |
| तालिका ७.२ | सिंचाइसम्बन्धी परिमाणात्मक लक्ष्य | १२७ |
| तालिका ७.३ | जल उत्पन्न प्रकोप व्यवस्थापनसम्बन्धी परिमाणात्मक लक्ष्य | १२९ |
| तालिका ७.४ | खानेपानी तथा सरसफाइसम्बन्धी परिमाणात्मक लक्ष्य | १३१ |
| तालिका ७.५ | ऊर्जासम्बन्धी परिमाणात्मक लक्ष्य | १३४ |
| तालिका ७.६ | सूचना तथा सञ्चारसम्बन्धी परिमाणात्मक लक्ष्य | १३७ |
| तालिका ७.७ | ग्रामीण तथा सहरी विकाससम्बन्धी परिमाणात्मक लक्ष्य | १४१ |
| तालिका ८.१ | हरित अर्थतन्त्रसम्बन्धी परिमाणात्मक लक्ष्य | १४४ |
| तालिका ८.२ | वन व्यवस्थापनसम्बन्धी परिमाणात्मक लक्ष्य | १४८ |
| तालिका ८.३ | वातावरण र जैविक विविधता संरक्षणसम्बन्धी परिमाणात्मक लक्ष्य | १५० |
| तालिका ८.४ | जलाधार क्षेत्र संरक्षणसम्बन्धी परिमाणात्मक लक्ष्य | १५३ |
| तालिका ८.५ | जडीबुटी र कृषि वनसम्बन्धी परिमाणात्मक लक्ष्य | १५६ |
| तालिका ८.६ | जलवायु परिवर्तनसम्बन्धी परिमाणात्मक लक्ष्य | १५८ |
| तालिका ८.७ | मानव वन्यजन्तु द्वन्द्वसम्बन्धी परिमाणात्मक लक्ष्य | १६२ |
| तालिका ९.१ | शासकीय सुधारसम्बन्धी परिमाणात्मक लक्ष्य | १६७ |
| तालिका ९.२ | भ्रष्टाचार नियन्त्रण र सुशासनसम्बन्धी परिमाणात्मक लक्ष्य | १७१ |
| तालिका ९.३ | शान्ति, सुरक्षा र सुव्यवस्थासम्बन्धी परिमाणात्मक लक्ष्य | १७३ |
| तालिका ९.४ | मानव संसाधन विकाससम्बन्धी परिमाणात्मक लक्ष्य | १७५ |
| तालिका ९.५ | क्षमता विकास र संस्थागत सुदृढीकरणसम्बन्धी परिमाणात्मक लक्ष्य | १७८ |
| तालिका १०.१ | तहगत र अन्तरनिकाय समन्वय तथा सहकार्यसम्बन्धी परिमाणात्मक लक्ष्य | १८१ |
| तालिका १०.२ | गरिबी न्यूनीकरणसम्बन्धी परिमाणात्मक लक्ष्य | १८४ |
| तालिका १०.३ | विपद तथा प्रकोप व्यवस्थापनसम्बन्धी परिमाणात्मक लक्ष्य | १८९ |
| तालिका १०.४ | श्रम तथा रोजगारसम्बन्धी परिमाणात्मक लक्ष्य | १९४ |
| तालिका १०.५ | जनसंख्या व्यवस्थापनसम्बन्धी परिमाणात्मक लक्ष्य | १९८ |
| तालिका ११.१ | योजना तर्जुमा तथा कार्यान्वयनसम्बन्धी परिमाणात्मक लक्ष्य | २०२ |
| तालिका ११.२ | तथ्याङ्क व्यवस्थापनसम्बन्धी परिमाणात्मक लक्ष्य | २०४ |
| तालिका ११.३ | अनुगमन तथा मूल्याङ्कनसम्बन्धी परिमाणात्मक लक्ष्य | २०७ |
| तालिका १२.२ | एकीकृत तर्कबद्ध खाका ( Integrated Logical Framework) | २०९ |

# परिच्छेद एकः परिचय

## १.१ पृष्ठभूमि

नेपालमा सङ्घीयता कार्यान्वयनपछि योजना निर्माण प्रणालीमा महत्वपूर्ण संरचनागत परिवर्तन आएको छ। संविधान अनुसार नेपाल तीन तहको शासन प्रणालीमा गइसकेपछि संघ, प्रदेश र स्थानीय तहलाई आफ्नो नीति तथा योजना निर्माण गर्ने अधिकार प्राप्त भएको छ । यसले नीति निर्माण, स्रोत परिचालन, र विकास गतिविधिको प्राथमिकता निर्धारणमा थप समावेशी र संरचनागत परिवर्तन ल्याएको छ। सङ्घीय संरचनाअन्तर्गत आवधिक योजना तयार गर्दा सङ्घीय सरकारद्वारा निर्देशित राष्ट्रिय लक्ष्य र प्राथमिकतासँग प्रदेश तथा स्थानीय तहका योजना समायोजन गर्नुपर्ने आवश्यकता रहेको छ। १५औं योजनादेखि नै सङ्घीय संरचनालाई आत्मसात गर्दै समावेशी विकास, दिगो पूर्वाधार, आर्थिक समृद्धि तथा डिजिटल नेपाल जस्ता विषयवस्तुलाई प्राथमिकतामा राखी नीति निर्माण प्रक्रिया अघि बढाइएको छ ।

प्रदेश सरकारलाई प्राप्त अधिकार तथा जिम्मेवारी कार्यान्वयन गरी सन्तुलित विकास, प्रभावकारी सेवा प्रवाह र प्रदेशवासीलाई अधिकतम लाभ वितरण गर्न योजनाबद्ध विकास आवश्यक हुन्छ। यसका लागि संवैधानिक व्यबस्था, मौलिक हक कार्यान्वयनसम्बन्धी कानुन, सङ्घीय विषयगत कानुन, प्रदेशका कानुन र नेपाल सरकारबाट स्वीकृत कार्यविस्तृतीकरण प्रतिवेदनले मार्गनिर्देश गर्दछन् । प्रदेशले योजनाबद्ध एवम् व्यबस्थित विकासको अभ्यास स्वरुप प्रथम आवधिक योजना, दीर्घकालीन रणनीतिक योजना, विषयगत गुरुयोजना तथा वार्षिक योजना तर्जुमा गरी कार्यान्वयन गर्दै आइरहेको छ । कृषिको आधुनिकीकरणमार्फत उत्पादन तथा उत्पादकत्वमा बृद्धि, पर्यटन प्रवर्धन, औद्योगीकरण, पूर्वाधार विकास, शिक्षामा सुधार, गुणस्तरीय स्वास्थ्य सेवाको विस्तार तथा समाबेशी विकासलाई प्राथमिकतामा राखी आर्थिक वर्ष २०८१/८२ देखि कार्यान्वयन हुने गरी दोस्रो आवधिक योजना तर्जूमा गरिएको छ।

दोस्रो आवधिक योजनाले लुम्बिनी प्रदेशलाई सङ्घीयताको प्रभावकारी कार्यान्वयन, प्रदेशको समग्र आर्थिक विकास, रोजगारी सिर्जना तथा जीवनस्तर उकास्ने दिशामा अगाडि बढाउने अपेक्षा गरिएको छ। यस योजनाले दीर्घकालीन आर्थिक वृद्धि र सामाजिक विकासका लक्ष्य प्राप्त गर्न सहकार्य, साझेदारी र प्रविधिको अधिकतम उपयोग गर्ने रणनीति अवलम्बन गर्नेछ। त्यसैगरी, योजनाले प्रदेशको विकास रणनीति सङ्घीय सरकारका नीति तथा दिगो विकास लक्ष्यसँग समन्वय गरी प्रदेशका विशेष सम्भावना तथा प्राथमिकतालाई मूर्तरूप दिन मार्गनिर्देशन गर्नेछ। सङ्घीयता कार्यान्वयनको सन्दर्भमा प्रदेशस्तरीय योजना निर्माणको यो अभ्यास ऐतिहासिक एवम् उपलब्धिमूलक हुने अपेक्षा गरिएको छ।

## १.२ नेपालको योजनाबद्ध विकास प्रयास

नेपालमा योजनाबद्ध विकासको अवधारणा २०१३ सालदेखि औपचारिक रूपमा लागु भएको हो। नेपालले हालसम्म १५ वटा आवधिक योजनाहरू पूरा गरी मुलुकको समग्र विकासको आधार निर्माण गरेको छ। हाल १६औं आवधिक योजना कार्यान्वयन भइरहेको छ ।यस योजनाले दिगो विकास, हरित अर्थतन्त्र, पूर्वाधार

विस्तार, डिजिटल नेपाल, सामाजिक समावेशीकरण तथा रोजगारी सिर्जनालाई प्राथमिकता दिइएको छ। पछिल्ला वर्षहरूमा नेपालले कृषि आधुनिकीकरण, पर्यटन प्रवर्धन, ऊर्जा उत्पादन, औद्योगीकरण र व्यापार विस्तारलाई मुख्य विकास रणनीतिका रूपमा अघि बढाइरहेको छ। सङ्घीय संरचनाअन्तर्गत प्रदेश र स्थानीय तहलाई सशक्त पार्दै समावेशी तथा क्षेत्रीय सन्तुलित विकासलाई प्रवर्धन गर्ने नीति अवलम्बन गरिएको छ।

नेपालका विकास पहलहरूमा ठूला पूर्वाधार परियोजना, जलविद्युत् आयोजना, स्मार्ट सिटी निर्माण तथा सडक र यातायात विस्तारजस्ता कार्यक्रम प्राथमिकतामा परेका छन्। काठमाडौं-तराई द्रुतमार्ग, मध्यपहाडी लोकमार्ग, रेलमार्ग विकास तथा विद्युतीय सार्वजनिक यातायातको विस्तार जस्ता योजनाहरू कार्यान्वयन भइरहेका छन्। साथै, कृषि तथा खाद्य सुरक्षाका लागि स्मार्ट कृषि प्रविधि, जल व्यवस्थापन तथा सहकारी प्रवर्धनमा सरकारले लगानी गरिरहेको छ। पर्यटन क्षेत्रको प्रवर्धन, विशेष आर्थिक क्षेत्र स्थापना, धार्मिक तथा साहसिक पर्यटन विकास तथा अन्तर्राष्ट्रिय विमानस्थलहरूको विस्तार गर्रिदैछ। शिक्षा, स्वास्थ्य तथा रोजगारी सिर्जनाका कार्यक्रमहरूलाई समेत सशक्त बनाउँदै सरकार "समृद्ध नेपाल, सुखी नेपाली" को लक्ष्य हासिल गर्न योजनाबद्ध रूपमा अगाडि बढिरहेको छ।

## १.३ प्रदेशको योजनाबद्ध विकास

लुम्बिनी प्रदेशले सङ्घीयताको अभ्यासलाई सुदृढ गर्दै दीर्घकालीन आर्थिक समृद्धि तथा समावेशी विकासलाई केन्द्रमा राखी योजनाबद्ध विकास प्रयासलाई अगाडि बढाइरहेको छ। प्रदेशको पहिलो आवधिक योजनाले सङ्घीयता कार्यान्वयनको प्रारम्भिक चरणमा आबश्यक कानुनी, नीतिगत तथा संस्थागत संरचनालाई मजबुत बनाउने गरी सरकारको कार्यक्षेत्र निर्धारण, नीतिगत सुधार तथा विकास रणनीतिको मार्गचित्र तय गर्ने महत्वपूर्ण भूमिका निर्वाह गरेको छ। प्रदेश सरकारले कृषि आधुनिकीकरण, पर्यटन प्रवर्धन, औद्योगीकरण, पूर्वाधार विकास तथा समाबेशी विकासलाई प्राथमिकतामा राखेर दोस्रो आवधिक योजना तर्जूमा गरेको छ । विशेषगरीः कृषि क्षेत्रमा प्रविधियुक्त खेती, सिंचाइ व्यवस्थापन र व्यावसायिक कृषि प्रवर्धन गरी कृषकहरूको उत्पादनशीलता बढाउने; पर्यटन प्रवर्धनका लागि लुम्बिनी क्षेत्रलाई अन्तर्राष्ट्रिय बौद्ध परिपथसँग जोड्दै धार्मिक, सांस्कृतिक तथा साहसिक पर्यटनको विकास गर्ने; औद्योगिक विकासलाई गति दिन विशेष आर्थिक क्षेत्र, औद्योगिक ग्राम तथा उद्यमशीलता प्रवर्धन कार्यक्रम सञ्चालन गर्ने योजना रहेको छ।

लुम्बिनी प्रदेशले पूर्वाधार तथा यातायात क्षेत्रमा मुख्य राजमार्गहरूको स्तरोन्नति, नयाँ सडक निर्माण तथा स्मार्ट सिटी विकासलाई प्राथमिकता दिएको छ। बुटवल-सिद्धबाबा सुरुङमार्ग, गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको पूर्ण सञ्चालन तथा उत्तर-दक्षिण व्यापारिक मार्गहरूको विस्तार भई भौतिक कनेक्टिभिटी सुधार हुने अपेक्षा रहेको छ। शिक्षा र स्वास्थ्य क्षेत्रमा गुणस्तरीय सेवाको प्रवर्धन गर्दै डिजिटल प्रविधिको उपयोग, प्राविधिक तथा व्यावसायिक शिक्षाको विस्तार तथा सुलभ स्वास्थ्य सेवा प्रणाली निर्माणमा जोड दिइएको छ। यस्ता योजनाहरूले लुम्बिनी प्रदेशलाई दिगो, समृद्ध तथा समावेशी विकासतर्फ अघि बढाउने अपेक्षा गरिएको छ।

## १.४ पहिलो आवधिक योजनाको समीक्षा

लुम्बिनी प्रदेशले सङ्घीयता कार्यान्वयन पछि पहिलो पटक आर्थिक वर्ष २०७६/७७ - २०८०/८१ अवधिका लागि आवधिक योजना तर्जुमा गरी विकासको स्पष्ट मार्गचित्र तय गरेको थियो। प्रदेशको समग्र आर्थिक समृद्धि, भौतिक पूर्वाधार विस्तार, कृषिमा आधुनिकीकरण, उद्योग प्रवर्धन, मानव विकास सूचक सुधार तथा रोजगारी सिर्जना योजना निर्माणका प्रमुख उद्देश्य थिए। योजनाले वार्षिक आर्थिक वृद्धिदर औसत ९.५ प्रतिशत हासिल गर्ने र प्रदेशको गरिबी दरलाई १५ प्रतिशतमा घटाउने लक्ष्य राखेको थियो। स्वास्थ्य, शिक्षा, कृषि, पर्यटन तथा औद्योगिक विकासमा प्राथमिकता दिइए तापनि निर्धारित लक्ष्यहरू प्राप्त गर्न चुनौतीपूर्ण रह्यो। फलस्वरुपः आर्थिक वृद्धिदर, बहुआयामिक गरिबीको दर, बेरोजगारी दर लगायत अन्य केही सूचकहरुको लक्ष्य अपेक्षाकृत हासिल हुन सकेन ।

पहिलो आवधिक योजनाले प्रदेशको मानव विकास सूचक सुधार गर्न केही महत्त्वपूर्ण उपलब्धिहरू हासिल गरेको छ। आधारभूत तथा माध्यमिक विद्यालयमा विद्यार्थी भर्ना दर सुधार भएको छ । स्वास्थ्य क्षेत्रमा मातृ तथा शिशु मृत्युदर घटाउने पहल गरिए पनि गुणस्तरीय स्वास्थ्य सेवा ग्रामीण क्षेत्रमा सहज रूपमा उपलब्ध हुन सकेको छैन। कृषि उत्पादन वृद्धिको लक्ष्य राखिए पनि सिंचाइ तथा प्रविधियुक्त खेती विस्तारमा पर्याप्त लगानी हुन नसक्दा कृषि क्षेत्रले अपेक्षित योगदान दिन सकेन।

भौतिक पूर्वाधार विकासको क्षेत्रमा मुख्य राजमार्गहरू, ग्रामीण सडक सञ्जाल तथा विद्युत् आपूर्ति विस्तारका योजनाहरू अघि बढाइए। फलस्वरुपः सडक सञ्जाल विस्तार, खानेपानी सुविधा, विद्युत् सेवा विस्तार तथा इन्टरनेटको पहुँच बिस्तारमा सन्तोषजनक उपलब्धिहरू हासिल भएका छन् । गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा आएपछि पर्यटकीय तथा व्यापारिक गतिबिधिमा सकारात्मक प्रभाव देखिएको छ।

पहिलो आवधिक योजनाको कार्यान्वयनमा विभिन्न चुनौतीहरू देखा परेका थिए। कोभिड-१९ महामारी तथा अन्तर्राष्ट्रिय क्षेत्रमा तनाव र अशान्त स्थितीको कारणले आर्थिक गतिविधि अवरुद्ध भएपछि धेरै पूर्वाधार तथा रोजगारी सिर्जना सम्बन्धी परियोजनाहरू प्रभावित भए। वित्तीय व्यवस्थापनमा सङ्घीय सरकार र प्रदेश सरकारबिचको समन्वय कमजोर हुँदा कतिपय योजनाहरू कार्यान्वयनमै आउन सकेनन्। भौतिक पूर्वाधार तथा औद्योगिक विकासका लागि आवश्यक वैदेशिक तथा निजी लगानी आकर्षण गर्न कठिनाइ भयो। संस्थागत संरचना तथा नीतिगत व्यवस्थाको कमी, सीमित स्रोत साधनको विनियोजन दक्षतामा कमी, स्थानीय तहहरूबिच समन्वयको अभाव, स्रोत परिचालनमा चुनौती र जनशक्ति अभावले योजनाको प्रभावकारी कार्यान्वयनलाई प्रभावित गर्‍यो। पहिलो आवधिक योजनाबाट प्राप्त उपलब्धि र सिकाइका आधारमा दोस्रो आवधिक योजनालाई अझ व्यवस्थित, लक्ष्यमुखी र व्यावहारिक बनाउने प्रयास गरिएको छ।

## १.५ दिगो विकास लक्ष्य कार्यान्वयन स्थिति

लुम्बिनी प्रदेशमा दिगो विकास लक्ष्य कार्यान्वयनको स्थिति मिश्रित रहेको छ। प्रदेश सरकारबाट शिक्षा, स्वास्थ्य, गरिबी न्यूनीकरण, महिला सशक्तीकरण, स्वच्छ ऊर्जा, वातावरण संरक्षण तथा आर्थिक समृद्धिलाई

प्राथमिकतामा राखी विभिन्न कार्यक्रमहरू सञ्चालनमा रहे तापनि कार्यान्वयनमा विविध चुनौतीहरू रहेका छन्। आधारभूत स्वास्थ्य सेवा तथा शिक्षामा पहुँच सुधार भए तापनि गुणस्तरीय सेवाको अभाव कायम छ। हरित ऊर्जा प्रवर्धन तथा जलविद्युत् उत्पादनमा पहल भइरहेको छ तर औद्योगिक तथा शहरी क्षेत्रको बढ्दो प्रदूषण तथा वातावरणीय क्षति नियन्त्रण गर्न थप नीति तथा लगानी आवश्यक छ । महिला सशक्तीकरण र समावेशी विकासका कार्यक्रमहरू कार्यान्वयन भए पनि लैंगिक तथा क्षेत्रीय असमानता न्यूनीकरणमा थप प्रयास गर्नुपर्ने छ। जल तथा स्वच्छता, खाद्य सुरक्षा, रोजगारी सिर्जना तथा पूर्वाधार विकासका क्षेत्रमा केही प्रगति भए पनि वित्तीय स्रोत, नीति कार्यान्वयन क्षमतामा कमी तथा सङ्घीय सरकार र प्रदेशबिचको समन्वय अभावले दिगो विकास लक्ष्यहरूको पूर्ण कार्यान्वयनमा प्रभाव पारेको छ। यी चुनौतीहरूलाई सम्बोधन गरी प्रदेशले दीर्घकालीन रणनीति र स्रोत परिचालनमा सुधार गर्न आवश्यक छ ।

**तालिका १.१ दिगो विकास लक्ष्यका सूचकमा भएका उपलब्धिहरू**

| सूचकहरू | एकाइ | आर्थिक वर्ष २०७५/७६ को अवस्था | आर्थिक वर्ष २०८०/८१ को अवस्था |
|---|---|---|---|
| निरपेक्ष गरिबीको रेखामुनिको जनसंख्या | प्रतिशत | १८.२ | २४.३५ |
| बहुआयामिक गरिबीको दर | प्रतिशत | २९.९ | १८.२० |
| बेरोजगारीको दर | प्रतिशत | ११.२ | ८.१ |
| बालमृत्यु दर (५ वर्षमुनिका, प्रतिहजार जीवित जन्म) | संख्या | ४५ | ४१ |
| नवजात शिशुमृत्यु दर (प्रतिहजार जीवित जन्म) | संख्या | ३० | २१ |
| मातृमृत्यु दर (प्रतिलाख जीवित जन्म) | संख्या | २१५ | २०७ |
| पाँच वर्षमुनिका बालबालिकाहरूमा पुड्कोपनको दर | प्रतिशत | ३९ | २५.१ |
| पाँच वर्षमुनिका बालबालिकाहरूमा ख्याउटेपन (उचाइअनुसार तौल) को दर | प्रतिशत | ८ | १६.२ |
| पाँच वर्षमुनिका बालबालिकामा कम तौल (उमेरअनुसारको तौल) को दर | प्रतिशत | २७ | २३ |
| पाँच वर्षमुनिका बालबालिकामा हुने अधिक तौल/मोटोपनको दर | प्रतिशत | १.८ | ०.३ |
| पाँच वर्षमुनिका बालबालिकामा रहेको रक्तअल्पताको स्थिति | प्रतिशत | ५३ | ४९ |
| प्रजनन उमेर(१५-४९ वर्ष) का महिलाहरूमा हुने रक्तअल्पताको दर | प्रतिशत | ४४ | ३४ |
| स्वास्थ्य संस्थामा प्रसूति गराउने महिला | प्रतिशत | ७५.२ | ९४ |
| DPT, HepB, Hib खोप लिएका शिशु | प्रतिशत | ८७ | ९७ |
| माध्यमिक तह (कक्षा ९-१२) को कुल भर्नादर | प्रतिशत | ७४.७ | ७९.१० |
| माध्यमिक तह (कक्षा ९-१२) को खुद भर्नादर | प्रतिशत | ४०.५ | ५६.६ |
| विद्युत्मा पहुँच पुगेका जनसंख्या | प्रतिशत | ८१.०३ | ९८.३२ |
| खाना पकाउन परम्परागत इन्धन प्रयोग गर्ने घरपरिवार | प्रतिशत | ६५.५ | ५३.७ |
| बाह्रै महिना सिंचाइ उपलब्ध सिञ्चित भूमि | प्रतिशत | २४.३ | ३५ |
| ३० मिनेटको दूरीमा पक्की सडकमा पहुँच भएको जनसंख्या | प्रतिशत | ५२.६ | ६५ |

*स्रोतः प्रथम आवधिक योजनाको समीक्षा प्रतिवेदन, २०८० ।*

## १.६ सोह्रौं योजनासँगको आबद्धता

लुम्बिनी प्रदेशको दोस्रो आवधिक योजना सङ्घीय सरकारको सोह्रौं आवधिक योजनासँग आबद्ध गर्दै प्रदेशको दिगो, समावेशी र आत्मनिर्भर विकासलाई केन्द्रमा राखी तयार गरिएको छ। सोह्रौं आवधिक योजनाले राष्ट्रिय समृद्धि, पूर्वाधार विकास, रोजगारी सिर्जना, हरित अर्थतन्त्र तथा सामाजिक विकासलाई प्राथमिकता दिएको छ । लुम्बिनी प्रदेशले पनि कृषि आधुनिकीकरण, औद्योगिक प्रवर्धन, पर्यटन विकास, ऊर्जा उत्पादन तथा मानव पुँजी विकासलाई मुख्य रणनीति तय गरेको छ। प्रदेशको दोस्रो आवधिक योजनाले आर्थिक वृद्धिसँगै गरिबी न्यूनीकरण, महिला तथा युवा सशक्तीकरण, डिजिटल पूर्वाधार विस्तार तथा निजी क्षेत्रको लगानी प्रवर्धनलाई विशेष ध्यान दिएको छ। प्रदेशका प्राकृतिक तथा सांस्कृतिक सम्पदाको उपयोग गर्दै स्थानीय उत्पादन र व्यापार विस्तार गर्ने लक्ष्य लिइएको छ। साथै, प्रदेशको विकासलाई सङ्घीय सरकारका नीति, कार्यक्रम तथा राष्ट्रिय प्राथमिकतासँग मेल खाने गरी वित्तीय स्रोत परिचालन, सङ्घीय-प्रदेश-स्थानीय तहबिचको समन्वय र नीति स्थायित्व मार्फत योजनाको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्ने योजना बनाइएको छ ।

## १.७ योजना तर्जुमाका आधार तथा प्रक्रिया

संबिधान प्रदत्त अधिकार तथा जिम्मेवारी कार्यान्वयन गरी सन्तुलित विकास, प्रभावकारी सेवा प्रवाह र प्रदेशवासीलाई अधिकतम लाभ वितरण गर्न योजनाबद्ध विकासको निरन्तरताको लागि दोस्रो आवधिक योजनाको तर्जुमा गरिएको छ । संबैधानिक तथा कानुनी ब्यबस्था; सोह्रौ आवधिक योजना; प्रथम आवधिक योजनाको उपलब्धि तथा सिकाइ; लुम्बिनी प्रदेशको दीर्घकालीन रणनीतिक योजना; क्षेत्रगत रणनीतिहरु; राष्ट्रिय तथा प्रादेशिक नीति तथा प्रथमिकता; दिगो विकासका लक्ष्य तथा नेपालले अन्तर्राष्ट्रियस्तरमा गरेका प्रतिवद्धता; प्रदेशको सम्भावना, सामर्थ्य र आबश्यकता; सरोकारवालाहरूसंग परामर्श तथा पृष्ठपोषण; राजनीतिक दलका निर्वाचन घोषणा-पत्र साथै अन्तर्राष्ट्रिय, राष्ट्रिय र प्रादेशिक अनुभब तथा असल अभ्यासहरुलाई दोस्रो आबधिक योजना तर्जूमाको आधार मानिएको छ ।

दोस्रो आबधिक योजना तर्जूमा गर्दा लुम्बिनी प्रदेश योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०८० तथा **आवधिक योजना तर्जुमाको लागि संस्थागत व्यवस्थासम्बन्धी कार्यविधि, २०८०** मा ब्यबस्था भएका प्रक्रियागत चरणहरू अवलम्बन गरिएको छ । त्यसैगरी, प्रदेश सभाका सभामुख तथा उप-सभामुख, प्रदेश सरकारका संसदीय दलका नेताहरु, प्रदेश सरकारका मन्त्रीहरू, प्रदेश सभाका बिषयगत समितिहरु, प्रदेश सभाका सदस्यहरू, राजनैतिक दलका नेताहरु, विषयगत मन्त्रालय तथा निकायहरु, स्थानीय तह, निजी क्षेत्र, विकास साझेदार र अन्य सरोकारवालाहरूसँग भएको छलफल तथा परामर्शबाट प्राप्त सुझाबहरू समेत समाबेश गरी योजना तर्जूमा गरिएको छ ।

# परिच्छेद दुईः दोस्रो आवधिक योजना

## २.१ पृष्ठभूमि

लुम्बिनी प्रदेशको दोस्रो आवधिक योजना तर्जुमा गर्दा भौगोलिक, आर्थिक, सामाजिक, सांस्कृतिक र वातावरणीय विशेषताहरूलाई आधार बनाई योजनाबद्ध विकासको खाका तयार पारिएको छ। पहिलो आवधिक योजनाले पूर्वाधार, कृषि, पर्यटन, उद्योग, शिक्षा, स्वास्थ्य र रोजगारी सिर्जना जस्ता क्षेत्रहरूमा केही उपलब्धि हासिल गरे पनि समावेशी आर्थिक वृद्धि, उत्पादनशील क्षमताको विस्तार तथा दिगो विकास सुनिश्चित गर्ने चुनौतीहरू अझै बाँकी छन्। योजना निर्माणमा संवैधानिक तथा कानुनी व्यवस्था (नेपालको संविधान, सङ्घीय तथा प्रदेशका नीति); भौतिक पूर्वाधार (सडक, ऊर्जा, सिंचाइ, सूचना प्रविधि); आर्थिक सामाजिक (शिक्षा, स्वास्थ्य, रोजगारी, मानव विकास) तथा जनसांख्यिकीय अवस्था एवम् पर्यावरणीय तथा जलवायु परिवर्तन (हरित विकास, जलस्रोत व्यवस्थापन, जलवायु परिवर्तन न्यूनीकरण) लाई प्रमुख आधार मानिएको छ ।

दोस्रो आवधिक योजना सङ्घीय सरकारको दीर्घकालीन रणनीति, सोह्रौं योजना, राष्ट्रिय विकास नीति तथा अन्तर्राष्ट्रिय दिगो विकास लक्ष्यसँग समन्वय हुने गरी प्रदेशको समग्र समृद्धिको मार्गचित्र कोर्ने उद्देश्यले तयार पारिएको छ। औद्योगीकरण, कृषिमा आधुनिकीकरण, पूर्वाधार विस्तार, व्यापार तथा पर्यटन प्रवर्धनलाई प्राथमिकता दिई आर्थिक रूपान्तरणलाई तीव्रता दिने लक्ष्य राखिएको छ । सामाजिक समावेशिता तथा न्यायको सुनिश्चितता सहित महिला, दलित, सीमान्तकृत तथा विपन्न समुदायहरूको सशक्तीकरणलाई विशेष प्राथमिकता दिइएको छ । साथै जलविद्युत्, जैविक कृषि तथा हरित प्रविधिको प्रवर्धन गरी वातावरणमैत्री विकासको मार्ग प्रशस्त गर्ने परिकल्पना गरिएको छ ।

## २.२ प्रमुख समस्या

प्रदेश विकासका अवसरहरूलाई समुचित उपयोग गरी समृद्धिमा रूपान्तरण गर्न प्रमुख रुपमा निम्न समस्याहरू रहेका छन्:

(१) कृषि उत्पादन र उत्पादकत्वमा अपेक्षित वृद्धि नहुनु,
(२) राजस्वको आधार कमजोर हुँदा आन्तरिक आयमा बृद्धि हुन नसक्नु,
(३) सीमित स्रोत साधनको दक्षतापूर्ण एवम् कूशलतापूर्वक विनियोजन हुन नसक्नु,
(४) बसाइसराइका कारण जनसाङ्ख्यिक अवस्थिति र विकासका उपलब्धिबिच तालमेल हुन नसक्नु,
(५) सार्वजनिक लगानीले आर्थिक वृद्धि र रोजगारी सिर्जनामा यथेष्ट योगदान गर्न नसक्नु,
(६) आवधिक योजना र वार्षिक कार्यक्रमबिच तालमेल कम हुनु,
(७) चालु खर्चको भार बढ्दै जाँदा पुँजीगत खर्चका लागि स्रोतको कमी हुनु,

(८) आयोजना तथा कार्यक्रमहरुको प्राथमिकीकरण एवम् कार्यान्वयन अवस्था कमजोर हुनु,

(९) अनुकूल वातावरण सिर्जना नहुँदा निजी क्षेत्रको लगानी बढ्न नसक्नु,

(१०) दक्ष एवम् गुणस्तरीय मानव संशाधनको उचित व्यवस्थापन हुन नसक्नु,

(११) विकास प्रयास र स्रोत परिचालनमा तीन तहका सरकारबिच प्रभावकारी समन्वय हुन नसक्नु,

(१२) नीतिगत निरन्तरताको कमी हुनुले प्राथमिकताका क्षेत्रहरू परिवर्तन भइरहनु ।

# २ .३ अवसर र चुनौती

**(क) अवसर**

प्रदेशको विकास र समृद्धिका लागि देहायबमोजिमका अवसरहरू रहेका छन्ः

(१) कृषि उत्पादन, उद्योग र पर्यटनका लागि अनुकूल भौगोलिक अवस्था रहनु,
(२) लुम्बिनी, स्वर्गद्वारी, रुरु क्षेत्रलगायतका महत्वपूर्ण धार्मिक सांस्कृतिक सम्पदा यसै प्रदेशमा रहनु,
(३) बर्दिया र बाँके राष्ट्रिय निकुञ्ज; पूथा र सिस्ने हिमाल एवम् श्रीनगर, रेसुङ्गा, गौमुखी, जलजला, नरपानी जस्ता प्राकृतिक सम्पदाको प्रचुरता रहनु,
(४) प्रदेशको आवश्यकता अनुकूल नीतिगत, कानुनी तथा संरचनागत आधारहरु तयार हुँदै जानु,
(५) कृषि, खनिज एवम् वन पैदावारमा आधारित उद्योगका लागि आवश्यक कच्चा पदार्थको उपलब्धता रहनु,
(६) जनसांख्यिक लाभको अवस्था रहनु, मुलुकको मुख्य भन्सार विन्दुहरू (भैरहवा, नेपालगंज, कृष्णनगर) र गौतमवुद्ध अन्तर्राष्ट्रिय विमानस्थल यसै प्रदेशमा रहनु,
(७) ठूलो जनसङ्ख्या र अर्थतन्त्र भएका छिमेकी मुलुकका बजार उपयोग गर्ने पर्याप्त सम्भावना रहनु, देशका महत्वपूर्ण आर्थिक केन्द्रका साथै प्रदेशभित्रका सबै स्थानीय तहसंगको सडक सञ्जाल निर्माण हुँदै जानु,
(८) चिकित्सा शिक्षा, बुद्ध दर्शन, संस्कृतलगायतका विधाका महत्वपूर्ण पूर्वाधार रहनु,
(९) बैंक तथा वित्तीय संस्थाको उपलब्धता एवम् वित्तीय पहुँचको अवस्था राम्रो रहनु,
(१०) आर्थिक समृद्धि र दिगो विकास प्रति सबै सरोकारवालाको प्रतिबद्धता रहनु ।

**(ख) चुनौती**

लुम्बिनी प्रदेशको समग्र विकासमा देहायका प्रमुख चुनौतीहरू रहेका छन्ः

(१) निजी क्षेत्रको लगानी आकर्षित गरी उत्पादन र उत्पादकत्व अभिवृद्धि एवम् रोजगारी सिर्जनामार्फत उच्च तथा तीव्र आर्थिक वृद्धि हासिल गर्ने,

(२) वस्तुनिष्ठ आधारमा योजना तथा कार्यक्रमको छनौट गरी प्राथमिकताको आधारमा कार्यान्वयन गर्ने,

(३) आवधिक योजना, मध्यमकालीन खर्च संरचना र वार्षिक बजेटबिचको तादात्म्यता सुनिश्चित गर्ने,

(४) सन्तुलित विकास र विकासका प्रतिफलको समतामूलक वितरण सुनिश्चित गर्ने,

(५) जनसंख्याको असमान वितरण र अनियन्त्रित बसाइसराइ व्यवस्थित गर्ने,

(६) कृषि तथा औद्योगिक क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गरी दिगो जीविकोपार्जनको सुनिश्चतता प्रदान गर्ने,

(७) आर्थिक सामाजिक रुपान्तरणको मौलिक ढाँचा पहिचान गरी कार्यान्वयन गर्ने,

(८) कृषि, उद्योग र सेवा क्षेत्रबिचको उत्पादन अन्तरसम्बन्धलाई सदृढीकरण गर्ने,

(९) संविधानको मर्मअनुरूप प्रदेशको राजनीतिक, वित्तीय र प्रशासनिक अधिकार प्राप्त गरी प्रयोगमा ल्याउने,

(१०) स्रोत साधनलाई उच्च प्रतिफलयुक्त लगानीमा केन्द्रित गर्दै सघन अन्तरआबद्धतासहितको गुणस्तरीय पूर्वाधार विकास गर्ने,

(११) युवा जनशक्तिलाई देशभित्रै रहने वातावरण सिर्जना गरी उपलब्ध जनसांख्यिक लाभको प्रतिफल लिने, सार्वजनिक सेवा प्रवाहलाई गुणस्तरीय र प्रभावकारी बनाउने,

(१२) योजनाले परिलक्षित गरेको लक्ष्य हासिल गर्न स्रोत व्यवस्थापन र परिचालन गर्ने,

(१३) अधिकारको प्रयोग, विकास योजना तर्जुमा तथा कार्यान्वयन र अनुगमन मूल्याङ्कनमा तहगत सरकारबिच समन्वय, सहकार्य र साझेदारी सुदृढ गर्ने,

(१४) उपलब्ध प्राकृतिक स्रोत र सम्पदाको संरक्षण, संवर्धन तथा उपयोगबिच तादात्म्यता कायम गर्दै विकास र वातावरणबिच सन्तुलन कायम राख्ने ।

## २.४ योजनाको समष्टिगत खाका

### २.४.१ दीर्घकालीन सोच

**"समृद्ध लुम्बिनीः खुसी नागरिक"**

दिगो, उच्च र समतामूलक अर्थतन्त्र; पर्यावरणीय सन्तुलन; सामाजिक समावेशिता र सुशासनसहितको स्वस्थ, सुसंस्कृत तथा सहज जीवनस्तर भएका खुसी नागरिक बसोबास गर्ने प्रदेश ।

### २.४.२ लक्ष्य

**दिगो र समावेशी आर्थिक विकास सहितको सामाजिक न्यायमा आधारित समुन्नत समाज निर्माण गर्ने।**

दिगो र समावेशी आर्थिक विकासलाई आधार बनाई सामाजिक न्याय, सुरक्षा र सांस्कृतिक विविधता सुनिश्चित गर्दै समुन्नत समाज निर्माण गर्ने दीर्घकालीन लक्ष्य ।

### २.४.३ उद्देश्य

योजनाको दीर्घकालीन सोँच तथा लक्ष्य प्राप्त गर्न देहायबमोजिमका उद्देश्यहरू रहेका छन्:

(१) कृषि, उद्योग र पर्यटन क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गर्नु,

(२) गुणस्तरीय स्वास्थ्य र शिक्षामा सर्वसुलभ पहुँच सुनिश्चित गरी स्वस्थ र दक्ष मानव पुँजीको निर्माण गर्नु,

(३) सघन अन्तरआबद्धता सहितको दिगो र गुणस्तरीय पूर्वाधार विकास गर्नु,

(४) व्यावसायिक सीप र प्रविधिमा आधारित उद्यमशीलताको विकास गरी उत्पादनशील रोजगारीको सिर्जना गर्नु,

(५) सामाजिक न्यायमा आधारित समतामूलक समाजको निर्माण गर्नु,

(६) नवीनतम अभ्यास र प्रविधिको प्रयोगमार्फत सेवा प्रवाहमा पहुँच र सुशासन अभिवृद्धि गर्नु,

(७) नीतिगत र कानुनी सुधारमार्फत स्वदेशी तथा विदेशी लगानी आकर्षित गर्दै उच्च तथा तीव्र आर्थिक वृद्धि हासिल गर्नु ।

**तालिका २.१ दोस्रो आवधिक योजनाको मुख्य सूचकहरुको परिमाणात्मक लक्ष्य**

| परिसूचकहरू | आर्थिक वर्ष २०८०/८१ को अवस्था | आर्थिक वर्ष २०८५/८६ को लक्ष्य |
|---|---|---|
| कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर (औसत प्रतिशत) | ४.०५ | ७.१६ |
| निरपेक्ष गरिबीको दर | २४.३५ | १५ |
| बेरोजगारीको दर (प्रतिशत) | ८.१ | ५ |
| श्रमशक्ति सहभागिता दर | ३८.५ | ५० |
| प्रतिव्यक्ति आय (अमेरिकी डलर) | ११७२ | १५४८ |
| मानव विकास सूचकाङ्क | ०.५६३ | ०.६१० |
| लैङ्गिक विकास सूचकाङ्क | ०.८८६ | ०.९०१ |
| साक्षरता दर १५ वर्षमाथि (प्रतिशत) | ७८.०८ | ९८ |
| माध्यमिक तह (कक्षा ९-१२) मा कुल भर्नादर (प्रतिशत) | ८३.९ | ९० |
| जन्मदाको औसत अपेक्षित आयु (वर्षमा) | ६९.५ | ७३ |
| ५ वर्षमुनिका बालबालिकाको मृत्युदर (प्रतिहजार जीवित जन्ममा) | ४१ | २२ |
| खानेपानी सुविधा पुगेका घरपरिवार (प्रतिशत) | ९२.८ | १०० |
| विद्युत् सेवा पुगेको जनसंख्या (सौर्य ऊर्जासहित) (प्रतिशत) | ९८.३२ | १०० |
| सिञ्चित क्षेत्र (प्रतिशत) | ५४.२२ | ७० |
| सडक घनत्व (कि.मि./१०० वर्ग कि.मि.) | ५७ | ६० |
| ३० मिनेटको दूरीमा पक्की सडकको पहुँच भएको जनसंख्या | ६५ | ८० |
| कालोपत्रे/ढलान सडक (स्थानीय तहबाट निर्माण भएको बाहेकका राष्ट्रिय, प्रादेशिक र ग्रामीण सडक) (कि.मि.) | ३४५३ | ४४०० |
| इन्टरनेट पहुँच पुगेका घरपरिवार (प्रतिशत) | ७५.५ | ९५ |

## २.४.४ समष्टिगत रणनीति

योजनाको लक्ष्य एवम् उद्देश्य प्राप्त गर्न देहायबमोजिमका रणनीतिहरू अवलम्बन गरिनेछ:

(१) कृषि, उद्योग, पर्यटन, पूर्वाधार, जल विद्युत् र सूचना प्रविधिजस्ता उच्च आर्थिक वृद्धिलाई टेवा पुऱ्याउने क्षेत्रमा लगानी केन्द्रित गर्दै उत्पादन र उत्पादकत्व वृद्धि गर्ने,
(२) सुदृढ प्रादेशिक अर्थतन्त्र निर्माणका लागि आन्तरिक आय र राजस्वको क्षेत्र एवम् दायरा विस्तार गर्ने,
(३) स्वस्थ र उत्पादनशील मानव पुँजी विकासका लागि गुणस्तरीय तथा सहज स्वास्थ्य सेवामा पहुँच र प्रविधिमैत्री, जीवनोपयोगी एवम् रोजगारमूलक शिक्षाको अवसर सुनिश्चित गर्ने,
(४) सघन अन्तरआबद्धता कायम हुने गरी रणनीतिक महत्त्वका पूर्वाधारको विकास र विस्तार गर्ने,
(५) बस्तुगत मापदण्डमा आधारित स्रोतसाधनको विनियोजन, उत्पादनशील क्षेत्रमा लगानी र खर्च गर्ने क्षमतामा वृद्धि गर्दै समग्र व्यवस्थापन क्षमतामा दक्षता हासिल गर्ने,
(६) व्यावसायिक सीप र उद्यमशीलताको विकासमार्फत रोजगारी सिर्जना गर्ने,
(७) लक्षित वर्ग एवम् समुदायको संरक्षण र सशक्तीकरणमार्फत सामाजिक न्याय तथा समता कायम गर्ने,
(८) प्रदेशले उपलब्ध गराउने सबै प्रकारका सेवामा निष्पक्षता, पारदर्शिता एवम् जवाफदेहिताको सुनिश्चितता कायम गरी सुशासन प्रत्याभूति गर्ने,
(९) विद्यमान नीति, कानुन, प्रक्रिया र संरचनाहरूमा सुधार गरी निजी क्षेत्रको लगानी एवम् साझेदारीका लागि अनुकूल वातावरण निर्माण गर्ने,
(१०) वातावरणमैत्री भौतिक पूर्वाधार विकास गर्ने,
(११) वन क्षेत्रको गुणस्तर वृद्धि एवम् कृषिमा जैविक प्रणाली अवलम्बन गर्दै हरित अर्थतन्त्रलाई सवल बनाउने,
(१२) शिक्षा, स्वास्थ्य, सार्वजनिक सेवा प्रवाह, सञ्चार, व्यवसाय लगायतका सबै क्षेत्रमा सूचना प्रविधिको अधिकतम् प्रयोग गर्दै अर्थतन्त्रलाई डिजिटलाइज्ड बनाउने ।

## २.४.५ विकासका संवाहक

योजनाले परिलक्षित गरेको दिर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य हासिल गर्न विकासका प्रमुख संवाहक देहायबमोजिम रहेका छन्ः

(१) कृषि, उद्योग र पर्यटन
(२) स्वस्थ एवम् दक्ष मानव संसाधन
(३) पूर्वाधार (अन्तरप्रदेश तथा आन्तरिक अन्तरआबद्धता)
(४) उद्यमशीलता र उत्पादनशील रोजगारी
(५) हरित तथा डिजिटल अर्थतन्त्र
(६) सेवा प्रवाह, सुशासन तथा समावेशिता
(७) सूचना प्रविधि

# परिच्छेद तीनः समष्टिगत आर्थिक विश्लेषण

## ३.१ आर्थिक वृद्धिदर, लगानी र स्रोत व्यवस्थापन

### ३.१.१ आर्थिक वृद्धिदर

प्रथम आवधिक योजना कार्यन्वयनको शुरु चरणमा विश्वव्यापी रूपमा फैलिएको कोभिड-१९ लगायत विश्व अर्थतन्त्रमा आरोह अवरोह देखिए। जसको कारण वस्तुको आपूर्ति शृंखला खलबलिएको र पेट्रोलियम पदार्थ लगायतका वस्तुमा भएको मूल्य वृद्धिले अर्थतन्त्रमा नकारात्मक असर पर्न गयो । फलस्वरुप लुम्बिनी प्रदेशमा पनि प्रथम आवधिक योजनाको आर्थिक वृद्धिदरको लक्ष्य हासिल हुन सकेन । प्रथम आवधिक योजनाले औसत अर्थिक वृद्धिदर ९.५ प्रतिशत हुने लक्ष्य राखेकोमा योजना अवधिको औसत वृद्धिदर ३.०२ रहेको छ। आन्तरिक तथा बाह्य कारणले थोक तथा खुद्रा व्यापार, गाडी तथा मोटरसाइकल मर्मत सेवा क्षेत्रमा योजना अवधिको औसत वृद्धिदर ऋणात्मक रहेको छ भने उत्पादनमूलक उद्योग, निर्माण र यातायात तथा भण्डारण क्षेत्रको योजना अवधिको औसत वृद्धिदर न्यून रहेको छ ।

विगतका आवधिक योजनाहरूमा आर्थिक वृद्धिदरको लक्ष्य र हासिल उपलब्धिबिचको अन्तरलाई समेत ध्यान दिई दोस्रो अवधिक योजनामा आर्थिक वृद्धिदरको लक्ष्य यथार्थपरक र हासिल गर्न सकिने गरी प्रक्षेपण गरिएको छ । आर्थिक वर्ष २०८०/८१ को कुल गार्हस्थ्य उत्पादनको (स्थिर मूल्यमा) आधारमा आर्थिक वृद्धिदर प्रक्षेपण गरिएको छ । जसअनुसार, योजना अवधिमा औसत आर्थिक वृद्धिदर ७.१६ प्रतिशत रहने अनुमान रहेको छ भने प्राथमिक, द्बितीय र तृतीय क्षेत्रको औसत आर्थिक वृद्धिदर क्रमशः ४.३० प्रतिशत, ९.०६ प्रतिशत र ७.४८ प्रतिशत हुने लक्ष्य राखिएको छ ।

### ३.१.२ कुल गार्हस्थ्य उत्पादनमा क्षेत्रगत मूल्य अभिवृद्धिको योगदान

प्रथम आवधिक योजना अवधिमा क्षेत्रगत मूल्य अभिवृद्धिको योगदानमा ठूलो भिन्नता देखिँदैन । कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व लक्ष्य अनुसार वृद्धि हुन नसक्दा आधार वर्षमा प्राथमिक क्षेत्रको योगदान ३०.७ प्रतिशत रहेकोमा योजनाको अन्तिम वर्षसम्म आइपुग्दा क्रमशः घटेर ३०.२ प्रतिशत हुने अनुमान रहेको छ । त्यस्तै, उत्पादनमूलक उद्योगको योगदान बढ्न नसक्दा द्बितीय क्षेत्रको योगदान सङ्कुचन हुन पुगेको छ । त्यसैगरी, द्बितीय क्षेत्रको योगदान आधार वर्षमा १६.५ प्रतिशत रहेकोमा घटेर १३.६ प्रतिशत पुगेको छ । साथै, तृतीय क्षेत्रको योगदान ५२.१ प्रतिशत रहेकोमा केही वृद्धि भएर ५६.३ प्रतिशत पुगेको छ ।

योजना अवधिमा अपेक्षित आर्थिक वृद्धिदर हासिल हुँदा प्रदेशको अर्थतन्त्र विस्तार भई दोस्रो आवधिक योजनाको अन्तिम वर्ष कुल गार्हस्थ्य उत्पादन रू. ११ खर्ब ४९ अर्ब ६२ करोड पुग्ने अनुमान छ । सोही अवधिमा प्राथमिक, द्बितीय र तृतीय क्षेत्रको मूल्य अभिवृद्धि आधार मूल्यमा क्रमशः रू. २ खर्ब ६८ अर्ब २७ करोड, रू.१ खर्ब ५१ अर्ब ०३ करोड र रू. ५ खर्ब ८० अर्ब ९६ करोड पुग्ने तथा समग्र मूल्य अभिवृद्धि रू.१० खर्ब २६ करोड पुग्ने अनुमान रहेको छ । सोह्रौं योजनाको लक्ष्य अनुसारको मूल्य वृद्धिको आधारमा

योजना अवधिको अन्तिम वर्ष प्रदेशको कुल गार्हस्थ्य उत्पादन प्रचलित मूल्यमा रू. १४ खर्ब ३२ अर्ब ६४ करोड पुग्ने अनुमान रहेको छ ।

योजना अवधिको औसत आर्थिक वृद्धिदरको लक्ष्य हासिल हुँदा प्रदेशको अर्थतन्त्रको संरचनामा पनि उल्लेख्य परिवर्तन हुने अनुमान छ । योजना अवधिको अन्त्यमा कृषि क्षेत्रको योगदान २६.२ प्रतिशत र गैरकृषि क्षेत्रको योगदान ७३.८ प्रतिशत पुग्ने अनुमान छ। त्यसैगरी, द्वितीय र तृतीय क्षेत्रको वृद्धिदर उच्च रहने भएकोले प्राथमिक क्षेत्रको योगदानमा केही संकुचन आई द्वितीय र तृतीय क्षेत्रको योगदान वृद्धि हुने अनुमान छ । योजना अवधिको अन्तिम वर्ष प्राथमिक, द्वितीय र तृतीय क्षेत्रको योगदान क्रमशः २६.८ प्रतिशत, १५.१ प्रतिशत र ५८.१ प्रतिशत हुने अनुमान रहेको छ । त्यसैगरी, योजनाको अन्तिम वर्ष प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन १५४८ अमेरिकी डलर पुग्ने अनुमान रहेको छ ।

## तालिका ३.१ दोस्रो आवधिक योजनाको वार्षिक आर्थिक वृद्धिदर लक्ष्य

(प्रतिशतमा)

| क.सं. | क्षेत्रहरू | आर्थिक वर्ष | आर्थिक वर्ष | | | | | औषत |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| १ | **प्राथमिक क्षेत्र** | ३.६० | ४.४० | ४.२० | ४.३० | ४.२० | ४.४० | ४.३० |
| १.१ | कृषि, वन तथा मत्स्यपालन | ३.६० | ४.४० | ४.१० | ४.२० | ४.१० | ४.३० | ४.२२ |
| १.२ | खानी तथा उत्खनन | ३.६० | ४.४० | ४.१० | ४.२० | ४.१० | ४.३० | ४.२२ |
| २ | **द्वितीय क्षेत्र** | ०.८० | ७.९० | ८.५० | ९.०० | ९.६० | १०.३० | ९.०६ |
| २.१ | उत्पादन मूलक उद्योग | -१.२० | ६.८० | ७.८० | ८.८० | ८.३० | ९.४० | ८.२२ |
| २.२ | विद्युत, ग्याँस, वाष्प तथा वातानुकूलित आपूर्ति सेवा | २८.९० | १३.७० | १३.९० | १४.४० | १४.७० | १४.७० | १४.२८ |
| २.३ | पानी आपूर्ति, ढल, फोहोर व्यवस्थापन तथा पुनः उत्पादन | ३.४० | ७.२० | ६.२० | ६.७० | ६.७० | ७.७० | ६.९० |
| २.४ | निर्माण | -१.४० | ८.२० | ८.४० | ८.६० | १०.१० | १०.४० | ९.१४ |
| ३ | **सेवा क्षेत्र** | ४.८० | ६.८० | ७.२० | ७.४० | ७.९० | ८.१० | ७.४८ |
| ३.१ | थोक तथा खुद्रा व्यापार, गाडी तथा मोटरसाइकल मर्मत सेवा | ०.२० | ८.३० | ८.४० | ८.७० | ९.५० | ९.९० | ८.९६ |
| ३.२ | यातायात तथा भण्डारण | ११.८० | ५.८० | ७.७० | ७.९० | ८.७० | ८.९० | ७.८० |
| ३.३ | आवास तथा भोजन सेवा | २२.३० | १४.९० | १४.८० | १४.६० | १४.९० | १५.१० | १४.८६ |
| ३.४ | सूचना तथा सञ्चार | ४.९० | ४.९० | ४.९० | ४.८० | ४.७० | ४.८० | ४.८२ |
| ३.५ | वित्तीय तथा बिमाका क्रियाकलाप | ६.०० | ८.२० | ८.२० | ८.४० | ८.४० | ८.५० | ८.३४ |
| ३.६ | घरजग्गा कारोबार | ४.८० | ४.५० | ५.०० | ५.३० | ५.५० | ५.५० | ५.१६ |
| ३.७ | पेशागत वैज्ञानिक तथा प्राविधिक क्रियाकलाप | ४.२० | ४.३० | ४.२० | ४.२० | ४.४० | ४.६० | ४.३४ |
| ३.८ | प्रशासनिक तथा सहयोगी सेवाका क्रियाकलाप | ४.०० | ५.३० | ५.३० | ५.०० | ५.०० | ५.०० | ५.१२ |
| ३.९ | सामान्य प्रशासन तथा रक्षा, अनिवार्य सामाजिक सुरक्षा | ३.९० | ५.६० | ५.७० | ५.४० | ५.४० | ५.४० | ५.५० |
| ३.१ | शिक्षा | ३.०० | ६.६० | ६.९० | ७.४० | ७.९० | ८.१० | ७.३८ |
| ३.११ | मानव स्वास्थ्य तथा सामाजिक कार्य | ५.८० | ७.३० | ७.३० | ८.८० | ९.०० | ९.४० | ८.३६ |
| ३.१२ | कला, मनोरञ्जन तथा मनोविनोद, अन्य सेवाका क्रियाकलाप | ४.३० | ६.१० | ६.५० | ६.६० | ६.७० | ६.७० | ६.५२ |
| ४ | **कुल गार्हस्थ्य उत्पादनमा (आधार मूल्यमा)** | ३.७० | ६.२० | ६.५० | ६.८० | ७.१० | ७.४० | ६.८० |
| ४.१ | वस्तु तथा सेवा उत्पादनमा खुद कर | ७.३० | ८.४० | ९.१० | ९.९० | १०.४० | ११.०० | ९.७६ |
| | **कुल गार्हस्थ्य उत्पादन** | ४.०५ | ६.५० | ६.८० | ७.१० | ७.५० | ७.९० | ७.१६ |

*स्रोतः लुम्बिनी प्रदेश योजना आयोगको अनुमान, २०८१*

## तालिका ३.२ : कुल गार्हस्थ्य उत्पादन तथा क्षेत्रगत मूल्य अभिवृद्धिको लक्ष्य (स्थिर मूल्यमा)

(रू. करोडमा)

| क्र.सं. | क्षेत्रहरू | आर्थिक वर्ष | आर्थिक वर्ष | | | | |
|---|---|---|---|---|---|---|---|
| | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८१/८२ | २०८४/८५ | २०८१/८२ |
| **१** | **प्राथमिक क्षेत्र** | **२१७१६** | **२२६७०** | **२३६२६** | **२४६४८** | **२५६८७** | **२६८२७** |
| १.१ | कृषि, वन तथा मत्स्यपालन | २१३३९ | २२२६८ | २३१८९ | २४१७३ | २५१६६ | २६२५६ |
| १.२ | खानी तथा उत्खनन | ३७६ | ४०२ | ४३७ | ४७६ | ५२१ | ५७१ |
| **२** | **द्वितीय क्षेत्र** | **९७८९** | **१०५६५** | **११४५९** | **१२४९३** | **१३६९६** | **१५१०३** |
| २.१ | उत्पादन मूलक उद्योग | ३९५० | ४२१७ | ४५४६ | ४९४५ | ५३५७ | ५८६२ |
| २.२ | बिद्युत्, ग्याँस, वाष्प तथा वातानुकूलित आपूर्ति सेवा | ६५० | ७३८ | ८४१ | ९६२ | ११०३ | १२६५ |
| २.३ | पानी आपूर्ति, ढल, फोहोर व्यवस्थापन तथा पुनः उत्पादन | ४११ | ४४१ | ४६८ | ४९९ | ५३३ | ५७४ |
| २.४ | निर्माण | ४७७८ | ५१६८ | ५६०४ | ६०८७ | ६७०३ | ७४०२ |
| **३** | **सेवा क्षेत्र** | **४०५१७** | **४३२६२** | **४६३७८** | **४९८२८** | **५३७४७** | **५८०९६** |
| ३.१ | थोक तथा खुद्रा व्यापार, गाडी तथा मोटरसाइकल मर्मत सेवा | ७०१९ | ७६०३ | ८२४२ | ८९६० | ९८१४ | १०७८८ |
| ३.२ | यातायात तथा भण्डारण | ५४८७ | ५८०३ | ६२५० | ६७४४ | ७३३१ | ७९८४ |
| ३.३ | आवास तथा भोजन सेवा | १४५१ | १६६७ | १९१३ | २१९१ | २५१७ | २८९६ |
| ३.४ | सूचना तथा सञ्चार | १५३९ | १६१३ | १६९२ | १७७३ | १८५६ | १९४६ |
| ३.५ | वित्तीय तथा बिमाका क्रियाकलाप | ३५७२ | ३८६३ | ४१८२ | ४५३१ | ४९१२ | ५३२९ |
| ३.६ | घरजग्गा कारोबार | ३१७७ | ३३२२ | ३४८७ | ३६७२ | ३८७४ | ४०८८ |
| ३.७ | पेशागत वैज्ञानिक तथा प्राविधिक क्रियाकलाप | ३९३ | ४१० | ४२७ | ४४५ | ४६४ | ४८६ |
| ३.८ | प्रशासनिक तथा सहयोगी सेवाका क्रियाकलाप | २४७ | २६० | २७४ | २८७ | ३०२ | ३१७ |
| ३.९ | सामान्य प्रशासन तथा रक्षा, अनिवार्य सामाजिक सुरक्षा | ८१७० | ८६२५ | ९११७ | ९६०६ | १०१२७ | १०६७४ |
| ३.१ | शिक्षा | ७५४८ | ८०४७ | ८५९८ | ९२३७ | ९९६३ | १०७६७ |
| ३.११ | मानव स्वास्थ्य तथा सामाजिक कार्य | १५८१ | १६९७ | १८२१ | १९८१ | २१५९ | २३६३ |
| ३.१२ | कला, मनोरञ्जन तथा मनोविनोद, अन्य सेवाका क्रियाकलाप | ३३३ | ३५४ | ३७७ | ४०२ | ४२९ | ४५८ |
| **४** | **कुल गार्हस्थ्य उत्पादनमा (आधार मूल्यमा)** | **७२०२१** | **७६४९७** | **८१४६२** | **८६९६९** | **९३१३०** | **१०००२६** |
| ४.१ | वस्तु तथा सेवा उत्पादनमा खुद कर | ९३८२ | १०१७१ | ११०९६ | १२१९० | १३४५६ | १४९३७ |
| | **कुल गार्हस्थ्य उत्पादन** | **८१४०३** | **८६६६८** | **९२५५८** | **९९१५९** | **१०६५८६** | **११४९६२** |

*स्रोतः लुम्बिनी प्रदेश योजना आयोगको अनुमान, २०८१*

तालिका ३.३ : कुल गार्हस्थ्य उत्पादनको क्षेत्रगत संरचना (स्थिर मूल्यमा) (प्रतिशतमा)

| क्र.सं. | क्षेत्रहरू | आर्थिक वर्ष | आर्थिक वर्ष | | | | |
|---|---|---|---|---|---|---|---|
| | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| **१** | **प्राथमिक क्षेत्र** | **३०.२** | **२९.६** | **२९.०** | **२८.३** | **२७.६** | **२६.८** |
| १.१ | कृषि, वन तथा मत्स्यपालन | २९.६ | २९.१ | २८.५ | २७.८ | २७.० | २६.२ |
| १.२ | खानी तथा उत्खनन | ०.५ | ०.५ | ०.५ | ०.५ | ०.६ | ०.६ |
| **२** | **द्वितीय क्षेत्र** | **१३.६** | **१३.८** | **१४.१** | **१४.४** | **१४.७** | **१५.१** |
| २.१ | उत्पादन मूलक उद्योग | ५.५ | ५.५ | ५.६ | ५.७ | ५.८ | ५.९ |
| २.२ | बिद्युत्, ग्याँस, वाष्प तथा वातानुकूलित आपूर्ति सेवा | ०.९ | १.० | १.० | १.१ | १.२ | १.३ |
| २.३ | पानी आपूर्ति, ढल, फोहोर व्यवस्थापन तथा पुनः उत्पादन | ०.६ | ०.६ | ०.६ | ०.६ | ०.६ | ०.६ |
| २.४ | निर्माण | ६.६ | ६.८ | ६.९ | ७.० | ७.२ | ७.४ |
| **३** | **सेवा क्षेत्र** | **५६.३** | **५६.६** | **५६.९** | **५७.३** | **५७.७** | **५८.१** |
| ३.१ | थोक तथा खुद्रा व्यापार, गाडी तथा मोटरसाइकल मर्मत सेवा | ९.७ | ९.९ | १०.१ | १०.३ | १०.५ | १०.८ |
| ३.२ | यातायात तथा भण्डारण | ७.६ | ७.६ | ७.७ | ७.८ | ७.९ | ८.० |
| ३.३ | आवास तथा भोजन सेवा | २.० | २.२ | २.३ | २.५ | २.७ | २.९ |
| ३.४ | सूचना तथा सञ्चार | २.१ | २.१ | २.१ | २.० | २.० | १.९ |
| ३.५ | वित्तीय तथा बिमाका क्रियाकलाप | ५.० | ५.१ | ५.१ | ५.२ | ५.३ | ५.३ |
| ३.६ | घरजग्गा कारोबार | ४.४ | ४.३ | ४.३ | ४.२ | ४.२ | ४.१ |
| ३.७ | पेशागत वैज्ञानिक तथा प्राविधिक क्रियाकलाप | ०.५ | ०.५ | ०.५ | ०.५ | ०.५ | ०.५ |
| ३.८ | प्रशासनिक तथा सहयोगी सेवाका क्रियाकलाप | ०.३ | ०.३ | ०.३ | ०.३ | ०.३ | ०.३ |
| ३.९ | सामान्य प्रशासन तथा रक्षा, अनिवार्य सामाजिक सुरक्षा | ११.३ | ११.३ | ११.२ | ११.० | १०.९ | १०.७ |
| ३.१० | शिक्षा | १०.५ | १०.५ | १०.६ | १०.६ | १०.७ | १०.८ |
| ३.११ | मानव स्वास्थ्य तथा सामाजिक कार्य | २.२ | २.२ | २.२ | २.३ | २.३ | २.४ |
| ३.१२ | कला, मनोरञ्जन तथा मनोविनोद, अन्य सेवाका क्रियाकलाप | ०.५ | ०.५ | ०.५ | ०.५ | ०.५ | ०.५ |

*स्रोतः लुम्बिनी प्रदेश योजना आयोगको अनुमान, २०८१*

**तालिका ३.४ : कुल गार्हस्थ्य उत्पादनको क्षेत्रगत संरचना**

| क्र.सं. | परिसूचकहरू | एकाई | आर्थिक वर्ष २०८०/८१को अवस्था | आर्थिक वर्ष २०८५/८६को लक्ष्य |
|---|---|---|---|---|
| **१** | **आर्थिक वृद्धिदर** | | | |
| १.१ | कृषि | प्रतिशत | ३.६ | ४.३ |
| १.२ | गैर कृषि | प्रतिशत | ३.७ | ८.५ |
| **२** | **कुल गार्हस्थ्य उत्पादनको क्षेत्रगत संरचना** | | | |
| १.१ | कृषि | प्रतिशत | २९.६ | २६.२ |
| १.२ | गैर कृषि | प्रतिशत | ७०.४ | ७३.८ |
| **३** | **प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन** | **अमेरिकी डलर** | **११७२** | **१५४८** |

*स्रोतः लुम्बिनी प्रदेश योजना आयोगको अनुमान, २०८१*

## ३.१.३ उपभोग तथा बचत

अन्तिम उपभोग र गार्हस्थ्य बचत तथा राष्ट्रिय बचतले पुँजी निर्माणको लागि उपलब्ध परिमाणको निर्धारण गर्दछ । उच्च गार्हस्थ्य बचतले लगानीमा प्रभाव पारेर उच्च वृद्धि दर कायम राख्न मद्दत गर्दछ र प्रत्यक्ष वैदेशिक लगानी आकर्षित गर्न उत्प्रेरकको रूपमा काम गर्छ । अनावश्यक उपभोगलाई निरुत्साहित गर्दै बचत वृद्धि गर्ने तथा आत्मनिर्भर अर्थतन्त्र निर्माणमा जोड दिनु आवश्यक छ ।

नेपाल जीवनस्तर सर्वेक्षण चौथो र तीनै तहका सरकारका खर्चका विवरणहरू एवम् उपभोग्य वस्तुको मूल्य सूचकाङ्कको  विश्लेषण गरी पहिलो पटक प्रदेशको अन्तिम उपभोगको अनुमान तयार गरिएको छ । आधार वर्ष आ.व. २०८०/८१ मा घरपरिवार, तीनै तहका सरकार र नाफारहित घरपरिवारलाई सहयोग गर्ने संस्थासमेतको अन्तिम उपभोग खर्च ७ खर्ब ४२ अर्ब ६० करोड हुने अनुमान छ; जुन कुल गार्हस्थ्य उत्पादनको ९१.२ प्रतिशत हो । आर्थिक वर्ष २०८०/८१ मा कुल गार्हस्थ्य बचत कुल गार्हस्थ्य उत्पादनको ८.८ प्रतिशत हुने अनुमान छ ।

योजना अवधिको अन्तिम वर्षमा लुम्बिनी प्रदेशको अन्तिम उपभोग खर्च आ.व. २०८०/८१ को स्थिर मूल्यमा ९ खर्ब ८६ अर्ब ५३ करोड हुने अनुमान छ । साथै, अन्तिम उपभोग खर्च कुल गार्हस्थ्य उत्पादनको ८५.८ प्रतिशतमा सीमित भई कुल गार्हस्थ्य बचत कुल गार्हस्थ्य उत्पादनको १४.२ प्रतिशत पुऱ्याउने लक्ष्य रहेको छ । पर्याप्त तथ्याङ्कको अभावमा प्रदेशको कुल बचत यथार्थ रुपमा अनुमान गर्न कठिन भए तापनि यस प्रदेशमा विप्रेषण आप्रवाहमा उच्च वृद्धि, बैंकका शाखामा भएको विस्तार, बचत परिचालन गर्ने संस्थाको वृद्धि जस्ता कारणले प्रादेशिक बचत पनि उच्च रहने अनुमान छ ।

**तालिका ३.५: कुल उपभोग तथा बचत**

| क्र.सं. | परिसूचक | एकाई | आर्थिक वर्ष २०८०/८१ को अवस्था | आर्थिक वर्ष २०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| १. | कुल गार्हस्थ्य उत्पादन | रू. करोडमा | ८१४०३ | ११४९६२ |
| २. | कुल उपभोग | रू. करोडमा | ७४२६० | ९८६५३ |
| ३. | कुल गार्हस्थ्य बचत | रू. करोडमा | ७१४३ | १६३१० |
| ४. | कुल गार्हस्थ्य उत्पादनको अनुपातमा अन्तिम उपभोग | प्रतिशत | ९१.२ | ८५.८ |
(४) कृषकको सुविधाका लागि कष्टम हायरिङ्ग सेन्टरहरूको स्थापना गर्न सहयोग गरिनेछ ।

(५) ग्रामीण कृषि सडक विस्तार र मर्मत सम्भार गरिनेछ ।

(६) रसायनिक मलखाद वितरणलाई व्यवस्थित गर्न अनुगमनलाई प्रभावकारी बनाइनेछ । मलखादको सही प्रयोगलाई प्रवर्धन गरी प्राङ्गारिक तथा जैविक मलको उत्पादन र उपयोग गर्न प्रोत्साहित गरिनेछ ।

(७) स्थानीय आनुवंशिक स्रोत तथा कृषि जैविक विविधता संरक्षण तथा अभिवृद्धिका लागि बाली प्रजनन कार्यक्रम सञ्चालन गरिनेछ । साथै, कृषकस्तरमा सामुदायिक बीउ बैंक स्थापना गरिनेछ।

(८) विषादीहरूको असन्तुलित र अनियन्त्रित प्रयोग रोक्न कृषिजन्य व्यापारिक केन्द्रहरूमा द्रुत विषादी अवशेष परीक्षण प्रयोगशाला स्थापना गरिनेछ ।

(९) कृषि उत्पादन वृद्धि गर्न सिंचाइ संरचना निर्माण, मर्मत सम्भार तथा सुधार कार्यमा जोड दिइनेछ ।

(१०) कृषिका लागि आवश्यक सिंचाइ, चिस्यान केन्द्र, कृषि औजारको प्रयोग लगायत कृषि पूर्वाधारमा आवश्यक पर्ने विद्युतको पहुँच विस्तारमा सहजीकरण गरिनेछ ।

(११) टिस्युकल्चर प्लान्ट स्थापना गर्न सहयोग गरिनेछ ।

**रणनीति ६: कृषि प्राविधिक जनशक्ति तयार गर्ने ।**

**कार्यनीतिहरू**

(१) कृषि प्राविधिक जनशक्तिको उत्पादनका लागि लुम्बिनी प्राविधिक विश्वविद्यालयमा शैक्षिक कार्यक्रम सञ्चालन गरिनेछ ।

(२) छात्रवृत्ति तथा शोधपत्र अनुदान लगायतका सहयोग सहित कृषि प्राविधिक विषय अध्ययनका लागि प्रोत्साहन गरिनेछ ।

(३) कृषि औजार, उपकरण तथा मल, बीउ र विषादी प्रयोगसम्बन्धी छोटो अवधिको तालिम सञ्चालनको व्यवस्था गरिनेछ।

(४) कृषि प्राविधिक तथा कृषकहरूलाई अनुशिक्षण तथा पुनर्ताजगी प्रदान गरिनेछ ।

**रणनीति ७: संस्थागत संरचना सुदृढ गर्ने ।**

**कार्यनीतिहरू**

(१) कृषिसम्बन्धी निकायहरूको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी आवश्यक संस्थागत संरचना निर्माण, जनशक्ति व्यवस्थापन एवम् तालिमको व्यवस्था गरिनेछ ।

(२) कृषिसम्बन्धी व्यावसायिक फर्महरूको क्षमता विकास गरिनेछ।

(३) कृषि तथ्याङ्क तथा सूचना व्यवस्थापन प्रणालीमा सुधार गरी प्रभावकारी बनाइनेछ ।

**(८) परिमाणात्मक लक्ष्य**

**तालिका ५.१ कृषि विकाससम्बन्धी परिमाणात्मक लक्ष्य**

| क्र.सं. | परिसूचकहरू | एकाइ | आर्थिक वर्ष २०८०/८१ को अवस्था | आर्थिक वर्ष २०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| १. | प्राङ्गारिक कृषि पकेट क्षेत्र विकास (प्रमाणीकरण समेत) | संख्या | ० | ७ |
| २. | प्राङ्गारिक खेतीका लागि आन्तरिक नियन्त्रण प्रणाली विकास | संख्या | - | ७ |
| ३. | कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान | प्रतिशत | २९.६८ | २६.२ |
| ४. | बीउ प्रतिस्थापन दर | प्रतिशत | २१.८ | २७ |
| ५. | कृषि भूमिको उत्पादकत्व प्रतिहेक्टर | रू. हजार | २८४.१२ | ३२६.४५ |
| ६. | कृषि श्रमको उत्पादकत्व (प्रतिव्यक्ति) | रू हजार | ६५.१४ | ७८.१८ |
| ७. | कृषि क्षेत्रको मूल्य अभिवृद्धि | रू. अर्ब | २०२ | २७१ |

*स्रोत: कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, २०८१।*

### (ख) पशुपन्छी

### (१) पृष्ठभूमि

कृषि, पशु र पन्छीपालन एक आपसमा परिपूरकको रूपमा रहेका छन् । मानिसहरूको खाद्य पोषणका लागि खाद्यान्नका अतिरिक्त दुध, माछा, मासु र अण्डाको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । लुम्बिनी प्रदेशको ८७.७ प्रतिशत क्षेत्रफल ओगटेको तराई, भित्री मधेश र मध्य पहाडमा खाद्यान्न, तरकारी, फलफूल, दुध, मासु र माछाको उत्पादन निकै राम्रो अवस्थामा रहेको छ । खाद्यान्न उत्पादनमा आत्मनिर्भर यो प्रदेशले खाद्यान्न साथै अन्य कृषि उत्पादनहरू अरु प्रदेशहरूलाई आपूर्ति गरिरहेको छ ।

विश्व स्वास्थ्य संगठन र विश्व खाद्य तथा कृषि संगठनले निर्धारण गरेको मापदण्ड अनुसार एक जना वयस्क व्यक्तिको लागि वार्षिक ९१ के.जी. दुध आवश्यक पर्नेमा यस प्रदेशको उत्पादन ११० के.जी. प्रतिव्यक्ति प्रतिवर्ष रहेको छ । मासुको उपलब्धता केही उच्च रहेको छ भने अण्डा र माछामा आवश्यकताभन्दा न्यून उपलब्धता रहेको छ । आर्थिक वर्ष २०८०/८१ मा ११५ हजार मे.टन मासु, ६०१.३३ हजार मे.टन दुध र २०४५ लाख गोटा अण्डा उत्पादन भएको छ । प्रदेशको सबै जिल्लाहरू पशु तथा पन्छीपालनका लागि अनुकूल रहेका छन् । प्रदेशमा कुखुरापालन, अष्ट्रिचपालन, खरायोपालन र टर्कीपालनले व्यावसायिक रूप धारण गरेको छ ।

### (२) प्रमुख समस्या

पशुपालन पेसालाई सम्मानित र लगानीमैत्री बनाउन नसक्दा युवा वर्ग यो पेसामा आकर्षित नहुनु; प्राविधिक ज्ञानको कमी हुनु; उन्नत नश्लका पशुपन्छीको स्रोत केन्द्रहरू नहुनु; कृषकले उत्पादन लागत अनुसारको मूल्य नपाउनु; बजारीकरणमा बिचौलियाहरू हावी हुनु; पटकपटक जुनोटिक एवम् महामारीजन्य रोगहरूको प्रकोप देखिनु; प्रविधि, बिमा, सुलभ ऋण जस्ता सुविधाहरूमा कृषकहरूको पहुँच नहुनु; पशुपन्छीजन्य उत्पादनलाई मूल्य शृंखलासँग जोड्न नसक्नु; पशुपन्छीको दाना, घाँस, औषधि लगायतका सामग्रीको आपूर्ति सहज नहुनु; पशुपन्छीको दानासमेत आयात गर्नुपर्ने स्थिति रहनु; युवा शक्तिको विदेश पलायनले श्रमशक्तिको अभाव; विभिन्न रोगहरूको प्रकोप नियन्त्रण गर्न नसक्नु; प्राविधिक सेवामा कृषकहरूको पहुँच नहुनु; पशुपालन परम्परागत व्यवसायको रूपमा रहनु र कृषकहरूमा प्राविधिक ज्ञानको कमी हुनु यस क्षेत्रका प्रमुख समस्याहरु हुन् ।

### (३) अवसर र चुनौती

कृषि उत्पादन गर्न नसकिने वा न्यून हुने स्थानहरूमा पनि पशुपन्छीपालन व्यवसाय गर्न सकिने अवस्था रहनु; कृषि तथा पशुपन्छी पालन सरकारको प्राथमिकतामा रहनु; विदेशबाट फर्किएका युवाहरू सीप, ज्ञान, पुँजी र उन्नत प्रविधिसहित यस पेसामा आकर्षित हुँदै जानु; आय र चेतनाको वृद्धिसँगै माछामासु तथा दुधजन्य वस्तुहरूको उपभोग वृद्धि हुँदै जानु; पशु तथा पन्छीजन्य वस्तुहरूको उत्पादन बढाई आयातलाई उल्लेख्य रूपमा प्रतिस्थापन गर्न सकिने सम्भावना रहनु; प्रदेशमा दुध उत्पादन तथा बाख्रा, कुखुरा, अष्ट्रिच, खरायो र टर्कीपालनको व्यावसायिक सम्भावना रहनु; सुलभ कर्जा, पशुपन्छी बिमा र प्रविधिको प्रयोग बढ्दै जानु तथा

आन्तरिक पर्यटनका क्रियाकलापहरूको वृद्धिले पशुपन्छीजन्य उत्पादनको खपत बढ्नु यस क्षेत्रका अवसरहरु हुन् ।

पशुपन्छीको दाना, घाँस, औषधिलगायतका सामग्रीको आपूर्ति बढाउनु; श्रमशक्तिको अभाव हटाउनु; रोगजन्य प्रकोप नियन्त्रण गर्नु; प्राविधिक सेवामा कृषकहरूको पहुँच वृद्धि गर्नु; कृषि बिमा व्यवस्थालाई प्रभावकारी बनाउनु; पशुपन्छी पालनमा बैंक तथा सहकारी क्षेत्रको लगानी वृद्धि गर्नु; सहुलियतपूर्ण कृषि कर्जाको सहज उपलब्धता सुनिश्चित गर्नु; पशुपन्छीपालन पेसामा युवाहरूलाई आकर्षित गर्नु; पशुपन्छी पालन पेसाको आधुनिकीकरण र व्यवसायीकरण गर्नु; पशुजन्य उत्पादनमा आधारित औद्योगिकीकरण गर्नु साथै पशुपन्छीपालनलाई प्रविधियुक्त र प्रतिस्पर्धी वनाई उत्पादन र उत्पादकत्व बढाउनु यस क्षेत्रका प्रमुख चुनौतीहरू हुन् ।

**(४) दीर्घकालीन सोचः** आधुनिक र व्यावसायिक पशुपन्छीपालनः प्रदेशवासीको जीवनस्तर सुधार

**(५) लक्ष्यः** स्वच्छ र गुणस्तरीय पशुपन्छीजन्य उत्पादनमा आत्मनिर्भर हुँदै निर्यात प्रवर्धन गर्ने ।

**(६) उद्देश्य**

(१) पशुपन्छीपालनलाई आधुनिकीकरण तथा व्यावसायीकरण गर्नु ।

(२) पशुपन्छीजन्य उत्पादनमा आत्मनिर्भर बन्दै निर्यात अभिवृद्धि गर्नु ।

**(७) रणनीति तथा कार्यनीति**

**रणनीति १: पशुपन्छीपालनलाई व्यावसायिक, प्रतिस्पर्धी र प्रविधियुक्त बनाई उत्पादन र उत्पादकत्व वृद्धि गर्ने।**

**कार्यनीतिहरू**

(१) आधुनिक र प्रविधियुक्त व्यावसायिक पशुपन्छीपालनको लागि प्रोत्साहन तथा सहयोग गरिनेछ ।

(२) उन्नत नश्लका पशुपन्छीको स्रोतकेन्द्र स्थापना गर्नुका साथै कृत्रिम तथा प्राकृतिक गर्भाधान सेवा विस्तार गरी उन्नत नश्लका पशुपालनलाई प्रवर्धन गरिनेछ ।

(३) पशुपन्छीको दानामा प्रयोग हुने मकै, भटमास जस्ता बालीहरू र घाँस खेतीको प्रवर्धन गरी गुणस्तरीय पशुआहाराको उपलब्धता बढाइनेछ ।

(४) बाँझो जमिन, सामुदायिक तथा कबुलियत बनहरूमा घाँस उत्पादन गर्न प्रोत्साहित गरिनेछ ।

(५) पशुपालनसम्बन्धी शिक्षालाई सर्वसुलभ बनाईनेछ ।

**रणनीति २: पशुजन्य उत्पादनको औद्योगिकीकरण एवम् व्यवसायीकरण गर्ने ।**

**कार्यनीतिहरू**

(१) पशुपन्छीका व्यावसायिक तथा एकीकृत फर्महरू स्थापना गर्न प्राविधिक तथा आर्थिक सहयोग गरिनेछ ।

(२) पशुपन्छीपालनको लागि आवश्यक साइलेज र दाना उद्योग स्थापनाका लागि सहुलियतपूर्ण ऋणको व्यवस्था गरिनेछ ।

(३) उच्च मूल्यका निर्यातमूलक पशुपन्छीजन्य पदार्थको उत्पादन तथा मूल्य अभिवृद्धिमा आधारित उद्योग स्थापनामा प्रोत्साहन तथा सहयोग गरिनेछ ।

(४) उच्च मूल्यका निर्यातमूलक पशुपन्छीजन्य उत्पादन, प्रशोधन र निर्यात गर्नका लागि सहयोग गरिनेछ ।

(५) पशुपन्छीजन्य उत्पादनको बजारीकरणका लागि प्याकेजिङ र ब्रान्डिङ गरी बजारसम्म पुऱ्याउन सहयोग गरिनेछ ।

(६) पशु बधशाला निर्माण तथा सञ्चालनमा प्रोत्साहन तथा सहयोग गरिनेछ।

(७) मिल्क होलिडे हुन नदिन पाउडर र अन्य दुग्ध पदार्थ बनाउने उद्योग स्थापनाका लागि सहयोग गरिनेछ ।

(८) पशुजन्य पर्यटनको सम्भावना अध्ययन गरी प्रवर्धन गरिनेछ ।

(९) चिलिङ सेन्टर, दुग्ध प्रशोधन केन्द्र र दुग्ध डेरी आदि सञ्चालन गर्न निजी क्षेत्र तथा सहकारी संस्थासँग समन्वय र सहकार्य गरिनेछ ।

**रणनीति ३: पशुपन्छी व्यवसायको लागि आवश्यक स्वास्थ्य सेवा उपलब्ध गराउने ।**

**कार्यनीतिहरू**

(१) पशुस्वास्थ्य उपचारका लागि भेटेरिनरी अस्पताल, भेट एम्बुलेन्सका साथै पशु सेवा केन्द्रहरूको पहुँच विस्तार गरिनेछ ।

(२) प्रदेशस्तरमा पशुपन्छी रोग अन्वेषण प्रयोगशाला र स्थानीयस्तरमा पशुपन्छी चिकित्सालय स्थापनाका लागि प्रोत्साहन एवम् सहयोग गरिनेछ ।

(३) पशुस्वास्थ्यको प्रवर्धनमार्फत पशु तथा पशुजन्य उत्पादनबाट मानवमा सर्न सक्ने रोग नियन्त्रणका लागि स्थानीय तहसँग सहकार्य गरिनेछ।

(४) पशुपन्छीमा भैरहेको औषधिको अत्यधिक प्रयोग कम गर्न र गुणस्तरीय औषधि प्रयोग गर्न चेतना अभिवृद्धि, प्रयोगशाला परीक्षण तथा नियमन गरिनेछ ।

**रणनीति ४: युवाहरूलाई पशुपन्छी व्यवसायमा आकर्षित गर्ने।**

**कार्यनीतिहरू**

(१) युवाहरूलाई पशुपालन व्यवसाय सञ्चालन गर्न सीप विकास, सहुलियतपूर्ण ऋण तथा अनुदानको व्यवस्था गरिनेछ ।

(२) पशुजन्य उत्पादन उद्योगहरूलाई उत्पादनमा आधारित प्रोत्साहन/अनुदान कार्यक्रम लागु गरिनेछ।

(३) विदेशबाट ज्ञान र सीप आर्जन गरी फर्किएका युवाहरूलाई व्यावसायिक पशुपन्छी पालनमा आकर्षित गर्ने नीति लिइनेछ ।

**रणनीति ५: पशुपन्छी व्यवसायमा रहेका जोखिमहरूलाई न्यूनीकरण गर्ने ।**

**कार्यनीतिहरू**

(१) पशु बिमा व्यवस्थालाई प्रभावकारी बनाई पशुपन्छी व्यवसायमा जोखिम न्यूनीकरण गरिनेछ ।

(२) उत्पादक किसान बिमा समूह निर्माण गरी प्रदेश स्तरमा नै बिमा अनुदान कार्यक्रम प्रभावकारी बनाइनेछ ।

(३) रैथाने घर पालुवा पशुपन्छीको संरक्षण गर्नका लागि विशेष संरक्षण अभियान सञ्चालन गरिनेछ ।

**रणनीति ६: पशुकल्याणसम्बन्धी सचेतना अभिवृद्धि गर्ने ।**

**कार्यनीतिहरू**

(१) पशुकल्याणसम्बन्धी नीति नियम बनाई सचेतना अभिवृद्धि गरिनेछ ।

(२) स्थानीय तहको सहकार्यमा छाडा पशु व्यवस्थापनका लागि उचित प्रबन्ध मिलाइनेछ ।

**(८) परिमाणात्मक लक्ष्य**

**तालिका ५.२ पशुपन्छी विकाससम्बन्धी परिमाणात्मक लक्ष्य**

| क्र.सं. | परिसूचकहरू | एकाइ | आर्थिक वर्ष २०८०/८१ को अवस्था | आर्थिक वर्ष २०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| १. | दुध उत्पादन (वार्षिक) | मे.टन. हजारमा | ६०१.३ | ६३० |
| २. | मासु (वार्षिक) | मे.टन. हजारमा | ११५ | १३० |
| ३. | अण्डा (वार्षिक) | गोटा लाखमा | २०४५ | २१५५ |
| ४. | खोरेत रोग मुक्त जिल्ला | संख्या | ० | ४ |

*स्रोतः कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, २०८१ ।*

**(ग) मत्स्य**

**(१) पृष्ठभूमि**

माछा मानवको खाद्य र पोषणको महत्त्वपूर्ण स्रोत हो । नेपालमा मागबमोजिम उत्पादन हुन नसक्दा बर्सेनि माछा आयात हुने गरेको छ । भौगोलिक बनावटको आधारमा लुम्बिनी प्रदेशको समथर क्षेत्र मत्स्यपालनका लागि उपयुक्त रहेको छ । यस प्रदेशमा मत्स्य पालनको प्रचुर सम्भावना हुँदाहुँदै पनि मत्स्य उत्पादन र आवश्यकताबिच न्यूनता रहेको छ । आर्थिक वर्ष २०८०/८१ मा माछाको उत्पादन १५.८८ हजार मे.टन भएको छ । विश्वका विकसित मुलुकमा माछा उपभोग प्रतिव्यक्ति औसत २० कि.ग्रा. र अल्पविकसित मुलुकहरूमा ११ कि.ग्रा. रहेकोमा प्रदेशमा माछाको प्रतिव्यक्ति प्रतिवर्ष उपलब्धता ३.६७ कि.ग्रा. मात्र रहेको छ । आय आर्जन व्यवसाय तथा स्वस्थकर खाद्य पोषणका हिसाबले मत्स्यपालनको महत्त्वपूर्ण स्थान रहेको छ ।

### (२) प्रमुख समस्या

मानव स्वास्थ्यका लागि माछामा हुने पौष्टिकताको महत्त्वबारे जनमानसमा जानकारी नहुनु, उपादनले उचित बजार र मूल्य पाउन नसक्नु, उत्पादकत्व कम हुनु, भारतबाट सस्तोमा माछा आयात हुनु, बिजुली प्रयोगमा सहुलियतको अभाव रहनु, पर्याप्त सहुलियत ऋण र अनुदान उपलब्ध नहुनु, मत्स्यपालन व्यवसायलाई संगठित रूपमा विकास गर्न नसक्नु, समयमा पर्याप्त माछाका भुरा उपलब्ध नहुनु, क्वारेन्टाइनमा आधुनिक प्रविधिको अभावल माछाका भुरा आयात गर्न कठिनाइ हुनु, आवश्यक प्राविधिक सेवा उपलब्ध नहुनु, अधिकांश युवा पुस्तालाई यो पेसामा आकर्षित गर्न नसक्नु मुख्य समस्याका रूपमा रहेका छन् ।

### (३) अवसर र चुनौती

तराईका जिल्लाहरूमा सहज रूपमा पोखरी निर्माण गरी माछापालन गर्न सकिने अवस्था हुनु, पहाडी जिल्लाहरूमा अधिक मूल्यका चिसो पानीमैत्री रेन्बोट्राउटको पालन गर्न सकिने उच्च सम्भावना रहनु, मत्स्यपालन बढी नाफामूलक व्यवसाय हुँदै जानु, खाद्य पोषणको हिसाबले पनि माछाको उपभोग बढदै जानु, कुखुरामा अत्यधिक एन्टिबायोटिक प्रयोग हुन थालेपछि सहरी उपभोक्ताहरू जिउँदो माछाको उपभोगतर्फ आकर्षित हुनु, रूपन्देही र बाँकेमा मत्स्य विकास केन्द्रहरू सञ्चालनमा रहनु र रूपन्देही जिल्ला मत्स्य उत्पादन क्षेत्रको रूपमा विकास हुनु यस क्षेत्रको प्रमुख अवसरका रूपमा रहेका छन् ।

मत्स्यपालनका लागि आवश्यक गुणस्तरीय सामग्री तथा प्राविधिक सेवामा कृषकहरूको पहुँच वृद्धि गर्नु, बिमा व्यवस्थालाई प्रभावकारी बनाउनु, बैंक तथा सहकारी संस्थाबाट मत्स्यपालनको लागि सहुलियतपूर्ण ऋणको सहज उपलब्धता सुनिश्चित गर्नु, खुला सीमाका कारण क्वारेन्टाइन चेकजाँचबिना हुने आयात रोक्नु र माछाको व्यावसायिक उत्पादन गरी बजारीकरणका लागि प्रशोधन तथा प्याकेजिङ कार्य प्रवर्धन गर्नु यस क्षेत्रका प्रमुख चुनौतीहरू हुन् ।

**(४) दीर्घकालीन सोचः** मत्स्य उत्पादन वृद्धिः खाद्य तथा पोषण सुरक्षा

**(५) लक्ष्यः** मत्स्यजन्य उत्पादनमा वृद्धि र व्यावसायीकरण गर्ने ।

### (६) उद्देश्य

(१) आधुनिक र व्यावसायिक माछापालन प्रवर्धन गर्नु ।

(२) जलीय जैविक विविधता संरक्षण गर्दै जलचरहरूको सन्तुलित उपयोग गर्नु ।

### (७) रणनीति तथा कार्यनीति

रणनीति १: मत्स्य व्यवसायको विकास गर्ने।

**कार्यनीतिहरू**

(१) कृषकलाई ज्ञान, सीप प्रदान गरी माछापालन गर्न प्रोत्साहन गरिनेछ।

(२) माछापोखरी निर्माण र सुधार तथा माछा उत्पादन वृद्धिका लागि अनुदान कार्यक्रम सञ्चालन गरिनेछ ।

(३) माछापालन व्यवसायका लागि सहुलियतपूर्ण ऋणको व्यवस्था गरिनेछ।

(४) माछापालनको लागि दाना र उन्नत जातका भुरा उत्पादन गर्ने उद्योगहरूलाई सहुलियत प्रदान गरिनेछ ।

(५) आधुनिक प्रविधिको प्रयोग गरी व्यावसायिक रूपमा माछापालनका लागि प्राविधिक एवम् आर्थिक सहयोग गरिनेछ ।

(६) माछामा लाग्ने रोगहरूको निदान तथा व्यवस्थापनका लागि विभिन्न ठाँउमा प्रयोगशालाहरू स्थापना गरी सेवा विस्तार गरिनेछ ।

**रणनीति २: मत्स्यपालनलाई व्यवसायीकरण गर्न प्रोत्साहित गर्ने ।**

**कार्यनीतिहरू**

(१) व्यावसायिक माछापालनलाई प्रोत्साहन गर्न स्थानीय तहसँगको सहकार्यमा कार्यक्रम सञ्चालन गरिनेछ ।

(२) सङ्घीय आयोजनासँग सहकार्य गर्दै माछा पकेट क्षेत्र निर्धारण गरी व्यावसायिक उत्पादन गरिनेछ।

(३) प्रयोगमा नआएका जग्गालाई करारमा लिई व्यावसायिक माछापालन गर्नका लागि प्रोत्साहन गरिनेछ ।

(४) चिसो बग्ने पानीमा उत्पादन गर्न सकिने ट्राउट माछाको व्यावसायिक उत्पादनमा जोड दिइनेछ।

(५) व्यावसायिक माछापालनलाई जोखिममुक्त बनाउनका लागि बिमा नीति ल्याई कार्यान्वयन गरिनेछ।

(६) माछा प्रशोधन र मूल्य शृंखलाका वस्तु उत्पादनका लागि प्रोत्साहन गरिनेछ ।

(७) मत्स्य अनुसन्धान तथा विकास केन्द्रको स्थापना गरी सञ्चालन गरिनेछ ।

(८) उन्नत जातका माछाका भुराहरू उत्पादन गरी व्यावसायिक माछापालकलाई सहज रूपमा उपलब्ध गराइनेछ ।

**रणनीति ३: जलीय जैविक विविधता संरक्षण तथा मत्स्य पर्यटनको विकास गर्ने ।**

**कार्यनीतिहरू**

(१) घोला, खोला, प्राकृतिक जलाशय तथा तालतलैयाको संरक्षण गरी व्यावसायिक मत्स्य उत्पादन साथै मत्स्य पर्यटनमा उपयोग गरिनेछ ।

(२) खोला, नदी आदिमा रहेका जलचरहरुको दिगो संरक्षण गर्दै पर्यटन र आय आर्जनसँग आबद्ध गरिनेछ ।

**रणनीति ४: माछाको बजार विस्तार तथा प्रवर्धनमा सहयोग पुर्‍याउने ।**

**कार्यनीतिहरू**

(१) माछा ढुवानी, भण्डारण, प्रशोधन र बजारका लागि आवश्यक पूर्वाधार निर्माणमा सहयोग गरिनेछ।

(२) स्वस्थ माछा उपभोगबाट प्राप्त हुने पौष्टिकताबारे प्रचारप्रसार गरी नागरिकहरूलाई माछाको उपभोग गर्न प्रेरित गर्दै माछाको बजार विस्तार गरिनेछ ।

(३) पशु क्वारेन्टाइनमा मत्स्य परीक्षणका लागि आधुनिक प्रविधि प्रयोग गर्ने व्यवस्था गरिनेछ ।

(४) माछा बजार विस्तार तथा माछाको उपभोग वृद्धिका लागि मत्स्य महोत्सवहरूको आयोजना गर्न प्रोत्साहन गरिनेछ ।

**(८) परिमाणात्मक लक्ष्य**

**तालिका ५.३ मत्स्यपालनसम्बन्धी परिमाणात्मक लक्ष्य**

| क्र.सं. | परिसूचकहरू | एकाइ | आर्थिक वर्ष २०८०/८१ को अवस्था | आर्थिक वर्ष २०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| १. | माछा उत्पादन (वार्षिक) | मे.टन.हजारमा | १५.८८ | १७.५ |
| २. | मत्स्यपालन जलाशय | हेक्टर | ३३३८ | ३५०० |
| ३. | मत्स्य बीज पोखरी | हेक्टर | १६० | २०० |

*स्रोतः कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, २०८१ ।*

# ५.१.२ भूमि व्यवस्था

## (१) पृष्ठभूमि

लुम्बिनी प्रदेशको कुल क्षेत्रफलमध्ये २९ प्रतिशत जमिन खेतीयोग्य रहेको छ । यस प्रदेशको कुल खेतीयोग्य जमिनमध्ये ८२.२ प्रतिशतमा खेती हुने गरेको छ। त्यसैगरी, यस प्रदेशमा ५१.६४ प्रतिशत वन क्षेत्रले ओगटेको छ ।

नेपालको संविधानमा व्यवस्था भएको सम्पत्तिको हक, खाद्य सुरक्षा र सम्प्रभुताको हक, महिलाको हक र भूमिहीन दलितको हक कार्यान्वयन गर्न तथा सन् २०३० सम्ममा हासिल गरिसक्नुपर्ने दिगो विकासका लक्ष्य प्राप्त गर्न उपलब्ध सीमित भूमि तथा भूमि स्रोतको दिगो व्यवस्थापन गर्न आवश्यक रहेको छ । भूमिको समुचित उपयोग सुनिश्चित गर्न भूमि वर्गीकरण गरी भू-उपयोग योजना तयार गर्न जरुरी छ । यसका लागि आधुनिक प्रविधिको प्रयोगमार्फत नाप नक्सामा शुद्धता कायम गरी परम्परागत जग्गा प्रशासनमा सापेक्ष सुधार गर्दै भूमि व्यवस्थालाई सुरक्षित, पारदर्शी र विश्वसनीय बनाउन जरुरी छ । सम्पूर्ण भूमिलाई नाप नक्सा तथा प्रादेशिक भू-सूचना प्रणालीमा आबद्ध गरी भूमि प्रशासन सम्बद्ध निकायहरूको संस्थागत क्षमता अभिवृद्धि गर्दै सेवा प्रवाहलाई सरल, सहज र व्यवस्थित गर्न आवश्यक नीति, कानुन एवम् पूर्वाधार तयारी तथा स्रोत-साधन परिचालन अपरिहार्य रहेको छ ।

**(२) प्रमुख समस्या**

भू-उपयोग नीति प्रभावकारीरूपमा कार्यान्वयनमा नआउनु; कृषियोग्य भूमिको गैरकृषि प्रयोजनमा प्रयोग बढ्नु; अधिकांश कृषियोग्य जमिन बाँझो राख्ने तथा अनियन्त्रित रूपमा खण्डीकरण गर्ने प्रवृत्ति बढ्दै जानुले कृषि उत्पादकत्वमा ह्रास आई खाद्य सुरक्षामा प्रतिकूल प्रभाव पर्नु; भू-उपयोग सूचना प्रणालीको विकास नहुनु; अव्यवस्थित बसोबास तथा जग्गा विकास, अनियन्त्रित सहरीकरण एवम् आन्तरिक बसाइँसराइ जस्ता गतिविधिका कारण भूमिको क्षयीकरण हुनु; सार्वजनिक जग्गामा अतिक्रमण बढ्नु; जोखिमयुक्त बस्तीहरू विस्तार हुनु तथा भूमि प्रशासन सम्बद्ध निकायहरूबाट प्रदान हुने सेवा सरल र सहज रूपमा उपलब्ध नहुनु यस क्षेत्रका प्रमुख समस्याका रूपमा रहेका छन् ।

**(३) अवसर र चुनौती**

नेपालको संविधानले भूमि व्यवस्थापन र जग्गाको अभिलेखलाई प्रदेशको अधिकार सूचीमा राख्नु, राष्ट्रिय भू-उपयोग नीति तर्जुमा हुनु, राष्ट्रिय भू-उपयोग योजना तर्जुमा भई कार्यान्वयनमा आउनु, भूमिको वैज्ञानिक वर्गीकरण गरी यसको उपयोग गर्न तीनै तहको सरकार र सरोकारवालाको चासो तथा जागरुकता बढ्नु, जग्गाको चक्लाबन्दीप्रति कृषकको आकर्षण बढ्दै जानु, सुकुम्बासी समस्या एवं अव्यवस्थित बसोबासलाई व्यवस्थित गर्ने प्रयास हुनु, भूमि प्रशासन प्रणालीलाई समयानुकूल बनाई प्रभावकारी सेवा प्रवाह गर्ने प्रयास हुनु, भूमिसम्बन्धी विवरणको अभिलेखीकरण गरी एकीकृत भूसूचना प्रणाली लागु हुनु, नाप नक्सा कार्यमा समयानुकूल आधुनिक प्रविधिको अवलम्बन गरिनु एवम् प्राकृतिक सम्पदाहरूको संरक्षण र विकासमा स्थानीय चासो र चेतना बढ्नु जस्ता विषयहरु यस क्षेत्रका प्रमुख अवसरका रूपमा रहेका छन् ।

भू-उपयोग नीति प्रभावकारी रुपमा कार्यान्वयन गर्नु; भूमि व्यवस्थापन तथा भूमि प्रशासन सेवालाई वैज्ञानिकीकरण तथा सरलीकरण गर्नु; संघ, प्रदेश र स्थानीय तहको सहकार्यमा लामो समयदेखि रहेका अव्यवस्थित बस्तीहरूलाई व्यवस्थित गर्नु; एकीकृत बस्ती विकासलाई व्यवस्थापन गर्नु; प्राकृतिक, वातावरणीय एवम् मानवीय जोखिमरहित योजनाबद्ध र दिगो सहरीकरण साथै सुरक्षित र एकीकृत बस्ती विकास गर्नु; सार्वजनिक जग्गा अतिक्रमण नियन्त्रण गर्नु; सुकुम्बासी समस्या समाधान गर्नु तथा प्रदेशमा रहेको स्रोत एवम् प्राकृतिक सम्पदाहरूको संरक्षण र विकास गर्नु समेतका प्रमुख चुनौतीहरु यस क्षेत्रमा रहेका छन् ।

**(४) दीर्घकालीन सोचः** भूमिको वैज्ञानिक तथा दिगो व्यवस्थापनः उत्पादन वृद्धि र जीवनस्तरमा सुधार।

**(५) लक्ष्यः** अधिकतम र सही ढंगबाट भूमिको उपयोग गर्दै प्रदेश समृद्धिको आधार बनाउने ।

**(६) उद्देश्य**

(१) भूमिको वैज्ञानिक ढंगले समुचित एवम् अधिकतम उपयोग गर्नु ।

(२) भूमि व्यवस्थालाई व्यवस्थित अभिलेखसहित आधुनिक प्रविधियुक्त बनाउनु ।

**(७) रणनीति र कार्यनीति**

**रणनीति १: वैज्ञानिक भू-व्यवस्थापनका लागि नीतिगत एवम् संस्थागत व्यवस्था गर्ने ।**

कार्यनीतिहरू

(१) भू-उपयोग तथा सरकारी जग्गा प्रयोगसम्बन्धी नीति, कानुन, भू-उपयोग योजना र मापदण्डको आधारमा भूमिलाई कृषि, उद्योग र आवास क्षेत्र वर्गीकरण गरी अधिकतम उपयोग गरिनेछ ।

(२) भूमि व्यवस्थापन, वैज्ञानिक भूमि प्रशासन र जग्गा नापजाँचसम्बन्धी प्रादेशिक नीति र मापदण्ड बनाई कार्यान्वयन गर्न आवश्यक संस्थागत व्यवस्था गरिनेछ ।

(३) सबै प्रकारका भूमिको यथार्थ तथ्याङ्क संकलन तथा विश्लेषण गरिनेछ ।

**रणनीति २: भूमिको खण्डीकरणलाई न्यूनीकरण गर्दै भूमि बाँझो राख्ने प्रवृत्ति रोक्ने ।**

कार्यनीतिहरू

(१) जमिन एकत्रित गरी चक्लाबन्दीबाट व्यावसायिक कृषि गर्नेलाई प्रोत्साहन गरिनेछ ।

(२) भूमिहीन किसानहरूलाई खेती गर्ने बाँझो जग्गा करारमा लिन सहयोग गरिनेछ ।

**रणनीति ३: सार्वजनिक जग्गाको संरक्षण गरी अतिक्रमण रोक्ने ।**

कार्यनीतिहरू

(१) सरकारी जमिनको अभिलेखाङ्कन गरिनेछ ।

(२) सरकारी जग्गा अतिक्रमण रोक्न नीतिगत व्यवस्था गरी कार्यान्वयन गरिनेछ ।

(३) संघ र स्थानीय तहसंगको सहकार्यमा लामो समयदेखि रहेका अव्यवस्थित बस्तीहरूलाई व्यवस्थित गरिनेछ ।

(४) गुठी जग्गाको संरक्षण तथा अभिलेख व्यवस्थापन गर्न संघ र स्थानीय तहसँग समन्वय गरिनेछ।

(५) सहरी तथा ग्रामीण क्षेत्रमा खुला पार्कहरू बनाउन स्थानीय तहहरूलाई सहयोग गरिनेछ ।

(६) बाँझो सार्वजनिक जग्गामा अन्य निकाय र समुदायसँगको सहकार्यमा वृक्षरोपण गरिनेछ ।

**रणनीति ४: भू-उपयोग सूचना प्रणालीको विकास गर्ने ।**

कार्यनीतिहरू

(१) भू-उपयोग नक्सा, तथ्याङ्क र भू-उपयोग योजना तयार गरिनेछ ।

(२) एकीकृत प्रादेशिक डिजिटल भूसूचना प्रणालीको विकास गरिनेछ ।

**रणनीति ५: जग्गामा महिलाको पहुँच बढाउने ।**

कार्यनीतिहरू

(१) महिलाको भूस्वामित्व बढाउन कर तथा शुल्कमा छुटको नीति अवलम्बन गरिनेछ ।

(२) कृषियोग्य भूमिबाट हुने आम्दानीमा महिलाको पहुँच बढाइनेछ।

(३) भूमिहीन नागरिक तथा सुकुम्बासीका लागि जग्गा वितरण गर्दा महिलासमेतको स्वामित्व रहने व्यवस्था गरिनेछ ।

(८) परिमाणात्मक लक्ष्य

**तालिका ५.४ भूमि व्यवस्थासम्बन्धी परिमाणात्मक लक्ष्य**

| क्र.सं. | परिसूचकहरू | एकाइ | आर्थिक वर्ष २०८०/८१ को अवस्था | आर्थिक वर्ष २०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| १. | कृषिमा प्रयोग भएको जमिन प्रति घरपरिवार | हेक्टर | ०.६ | ०.७ |
| २. | भू-उपयोग योजना भएका स्थानीय तह | सङ्ख्या | ५० | १०९ |

*स्रोत: कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, २०८१*

## ५.१.३ खाद्य सुरक्षा र पोषण

### (१) पृष्ठभूमि

खाद्य सुरक्षा तथा पोषण मानव विकासको लागि महत्त्वपूर्ण एवम् बहुआयामिक विषय हो । यसको प्रमुख स्रोत कृषि हो । नेपालको संविधानले खाद्य सुरक्षा तथा पोषणलाई मौलिक हकको रूपमा स्थापित गरेको छ । नेपाल सरकारले खाद्य सुरक्षा तथा पोषणको सुनिश्चितताको लागि विभिन्न राष्ट्रिय नीति तथा कार्यक्रमहरू तर्जुमा गरी कार्यान्वयन गर्नुका साथै विभिन्न अन्तर्राष्ट्रिय सम्झौता तथा सहमतिहरूको पक्ष राष्ट्रको रूपमा कार्य गरिरहेको छ । दिगो विकासका लक्ष्यमा पनि यसलाई प्रमुखताका साथ समेटिएको छ । नेपाल सरकारको दीर्घकालीन सोच २१००, आवधिक योजना तथा कृषि विकास रणनीति (२०१५-२०३५) र दिगो विकासका लक्ष्यहरू प्राप्त गर्न नेपाल सरकारले गरेको प्रतिबद्धता लगायतका विभिन्न नीति तथा योजनाहरूमा खाद्य सुरक्षा तथा पोषणलाई विशेष महत्त्व दिईएको छ ।

खाद्य सुरक्षा तथा पोषणलाई उपलब्धता, पहुँच, उपभोग र स्थिरता गरी चार आयाममा हेरिन्छ । खाद्य असुरक्षा र न्यून पोषणको समस्याले बालबालिकाको शारीरिक, मानसिक तथा संवेगात्मक विकासमा वाधा पुगी देशको समग्र सामाजिक, आर्थिक तथा मानवीय विकासमा प्रतिकूल प्रभाव पार्दछ । साथै, यसबाट शिशु अवस्थामा वा बाल्यकालमै मृत्यु हुने जोखिममा वृद्धि हुन्छ भने जीवित रहेकाहरूको समेत भविष्यमा कार्य क्षमतामा ह्रास आई उत्पादकत्वमा असर पर्ने हुन्छ ।

नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०२२ का अनुसार पोषणका सूचकहरूमा राष्ट्रिय औसत भन्दा यो प्रदेशको स्थिति तुलनात्मक रूपमा कमजोर रहेको छ । नेपालमा १३ प्रतिशत घरपरिवारमा मध्यम वा गम्भीर खाद्य असुरक्षाको अवस्था रहेको छ ।

### (२) प्रमुख समस्या

खाद्य सुरक्षा तथा पोषणका लागि पर्याप्त खाद्यान्न उत्पादन हुन नसक्नु, उत्पादित खाद्य पदार्थको सन्तुलित वितरण नहुनु, खाद्यान्नको उचित प्रयोगको लागि ज्ञानको अभाव रहनु, आर्थिक विपन्नता हुनु, जलवायु परिवर्तन तथा अन्य प्राकृतिक विपत्तिका कारणले उत्पादन तथा उत्पादकत्वमा ह्रास हुनु, भण्डारण तथा आपूर्ति कम

हुँदा खाद्यान्नको मूल्य वृद्धि हुनु र पोषणयुक्त खानाको सट्टा पत्रु खाना (Junk food) ले प्रश्रय पाउनु समेतका समस्याहरु यस क्षेत्रमा रहेका छन् ।

**(३) अवसर र चुनौती**

कृषि उपज तथा खाद्यवस्तुको पर्याप्त उत्पादनमा सरकारको प्राथमिकता रहनु, खाद्य सुरक्षा तथा पोषण क्षेत्रसँग सम्बन्धित पोषण नीति तथा रणनीतिको विकास हुनु, तेश्रो बहुक्षेत्रीय पोषण योजना र पोषणसम्बन्धी कार्यक्रमहरूको कार्यान्वयन तथा सेवाहरूको विस्तार हुनु, दिगो विकास लक्ष्य हासिल गर्ने किसिमका विभिन्न प्रयासहरू हुनु र विभिन्न अभियानका माध्यमबाट पोषणसम्बन्धी बानी व्यहोरामा सकारात्मक परिवर्तन हुँदै जानु यस क्षेत्रका लागि अवसरको रूपमा रहेका छन् ।

प्रदेशमा खाद्यान्न उत्पादन बढाई खाद्य सुरक्षा कायम गर्नु; पोषणयुक्त आहारविहार र खानपिन आचरण सम्बन्धी नागरिक चेतना बढाउनु; खाद्यपदार्थको भण्डारणको व्यवस्था गर्नु; विपन्न तथा निम्नस्तरीय परिवारलाई खाद्य र पोषण सुरक्षा प्रदान गर्नु साथै स्वस्थ खानेपानी, खोप र स्वास्थ्य सुविधाको विकास गर्नु जस्ता चुनौतीहरु रहेका छन् ।

**(४) दीर्घकालीन सोचः** स्वस्थ प्रदेशः खाद्य सुरक्षा र पोषण ।

**(५) लक्ष्यः** सबै नागरिकलाई खाद्य सुरक्षा तथा पोषणको सुनिश्चितता प्रदान गर्ने।

**(६) उद्देश्यः** पोषणयुक्त खाद्यको उत्पादन र उपभोगमा बृद्धी गर्ने बढाउनु।

**(७) रणनीति र कार्यनीति**

**रणनीति १: बढी पोषणयुक्त खाद्यवस्तुहरूको उत्पादन बढाउने ।**

**कार्यनीतिहरू**

(१) स्थानीयस्तरमा उपलब्ध हुने रैथाने जात तथा लोपोन्मुख बालीहरूको उत्पादन र प्रयोगमा जोड दिइनेछ ।

(२) खाद्यान्न, दलहन, तेलहन, तरकारी, फलफूल तथा पशुपन्छीजन्य मासु, दुध, अण्डा आदिको उत्पादन र उत्पादकत्व बढाइनेछ ।

(३) बजारका पत्रु खाना (Junk food) को उपभोगलाईलाई निरुत्साहित गर्नका लागि जनचेतना बढाउन सरोकारवालाहरुसंग समन्वय गरिनेछ ।

**रणनीति २: खाद्यवस्तुहरूको उचित भण्डारणका साथै वितरण प्रणालीलाई व्यवस्थित गर्ने ।**

**कार्यनीतिहरू**

(१) स्थानीयस्तरमै उत्पादित वस्तुहरूको भण्डारण व्यवस्था मिलाई न्यायपूर्ण वितरणको सुनिश्चितता गरिनेछ ।

(२) खाद्य सुरक्षा तथा पोषणको हिसाबले जोखिममा रहेका समुदायमा र खाद्य संकट हुने स्थानहरूमा खाद्यवस्तु वितरणको व्यवस्था गरिनेछ ।

**रणनीति ३: लक्षित वर्गमा खाद्य तथा पोषण कार्यक्रम सञ्चालन गर्ने ।**

**कार्यनीतिहरू**

(१) सीमान्तकृत वर्ग, बालबालिका तथा विपन्न महिलाहरूलाई खाद्य सुरक्षा तथा पोषणको लागि पोषण भत्ताको व्यवस्था गरिनेछ ।

(२) खाद्य सुरक्षा तथा पोषणका हिसाबले पछि परेको वर्गको पहिचान गरी खाद्य सुरक्षा तथा पोषण सुनिश्चित गरिनेछ ।

(३) सरोकारवालाहरूसँगको सहकार्यमा कार्यक्रमहरू सञ्चालन गरी महिला, बालबालिका तथा किशोरकिशोरीहरूको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार गरिनेछ ।

(४) सर्वसाधारणमा पोषणयुक्त आहारविहार र खानपिन आचरण सम्बन्धी जानकारी गराई पोषणसम्बन्धी बानी व्यहोरामा सकारात्मक परिवर्तन ल्याउन प्रचारप्रसार गरिनेछ ।

(५) लक्षित वर्गका लागि खाद्य तथा पोषण सुरक्षासँग सम्बन्धित शिक्षा तथा तालिम कार्यक्रम सञ्चालन गरिनेछ ।

**रणनीति ४: विभिन्न सरोकारवालासँग समन्वय र सहकार्य गर्दै खाद्य सुरक्षा तथा पोषण सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने ।**

**कार्यनीतिहरू**

(१) पोषण सुरक्षाका लागि स्वास्थ्य, खानेपानी, कृषि तथा पशुपन्छीसम्बन्धी निकायहरूबिच समन्वयात्मक प्रयास गरिनेछ ।

(२) खाद्य सुरक्षा तथा पोषणको क्षेत्रमा सुधार गर्न ती क्षेत्रमा कार्य गर्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थासँग समन्वय तथा सहकार्य गरिनेछ ।

(३) खाद्य सुरक्षा तथा पोषण सम्बन्धी राम्रा अभ्यासहरूको आदान–प्रदान गर्न कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

### (८) परिमाणात्मक लक्ष्य

**तालिका ५.५ खाद्य सुरक्षा तथा पोषण (प्रतिव्यक्ति प्रतिवर्ष कृषिजन्य वस्तुको उपलब्धता)**

| क्र.सं. | परिसूचकहरू | एकाइ | आर्थिक वर्ष २०८०/८१ को अवस्था | आर्थिक वर्ष २०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| १. | आफ्नो उत्पादनले वर्षैभरि खान नपुग्ने कृषक परिवार | प्रतिशत | ५१ | ४५ |
| २. **खाद्य उपलब्धता (प्रतिव्यक्ति प्रतिवर्ष)** | | | | |
| क. | खाद्यान्न | किग्रा | २५६ | ३०० |
| ख. | फलफूल | किग्रा | २४.२९ | ३० |
| ग. | तरकारी | किग्रा | ९०.५ | ९६ |
| घ. | मासु | किग्रा | २१.७ | २४ |
| ङ. | दुध | लिटर | ११० | १२१ |
| च. | माछा | के.जी. | ३.६७ | ४.२ |

*स्रोतः कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, २०८१ ।*

# ५.२ उद्योग, वाणिज्य र पर्यटन

## ५.२.१ उद्योग

### (१) पृष्ठभूमि

नेपालको संविधानले औद्योगिकीकरणलाई प्रदेशको एकल अधिकार र संघ तथा प्रदेशको साझा अधिकारको सूचीमा राखेको छ । उद्योगसम्बन्धी नीति, कानुन, योजना, मापदण्ड कार्यान्वयन र नियमन; औद्योगिक व्यवसाय प्रवर्धन र नियमन; उद्योग दर्ता, अनुमति, नवीकरण, खारेजी र नियमन; प्रदेशस्तरको औद्योगिक क्षेत्र र विशेष आर्थिक क्षेत्रको विकास र विस्तार; औद्योगिक पूर्वाधार निर्माण; औद्योगिक विकास र प्रवर्धन तथा नियमन एवम् औद्योगिक वस्तुको निर्यात प्रवर्धन जस्ता विषयहरू प्रदेशको कार्य जिम्मेवारीमा परेका छन् । आर्थिक वृद्धि, आय र बृहत्तर रोजगारी सिर्जना गरी जीवनस्तरमा सुधार ल्याउन उद्योग क्षेत्रको अहम् भूमिका रहेको हुन्छ । साथै, रोजगारी सिर्जना गरी आय वृद्धि गर्न तथा आयात प्रतिस्थापन र निर्यात प्रवर्धन गर्न उद्योगहरूले ठूलो भूमिका खेल्छन् ।

लुम्बिनी प्रदेशमा सञ्चालन अनुमति पाएका ६९६ स्वदेशी उद्योग र विदेशी लगानी स्वीकृति पाएका १६३ उद्योग सञ्चालनबाट सिर्जना हुने प्रस्तावित रोजगारी संख्या ६९,३४५ जना रहेको छ । प्रदेशमा ठूला उद्योग ९९६; घरेलु तथा साना उद्योग १,०८,८५८ र व्यापारिक फर्म १,४८,००० रहेका छन् । त्यसैगरी, ग्यास उद्योगको संख्या ९ रहेको छ भने भण्डारण क्षमता १११६ मे. टन रहेको छ। लघु, घरेलु तथा साना गरी कुल उद्योगहरूको संख्या विस्तार हुने क्रममा रहेको छ ।प्रदेशमा सञ्चालित लघु उद्यम विकास कार्यक्रमले

ग्रामीणस्तरमा उद्यमशीलता विकासमा सहयोग पुऱ्याएको छ । लघु उद्यमलाई विस्तार गरी साना, मझौला र ठूला उद्योगमा रूपान्तरण गर्दै जानुपर्ने आवश्यकता छ ।

प्रदेशभित्र वैदेशिक लगानीमा उत्पादनमूलक, सेवामूलक र पर्यटन क्षेत्रसँग सम्बन्धित ७ वटा उद्योग सञ्चालनमा रहेका छन् । प्रदेशमा कृषि सम्बन्धी उद्योग र फरेष्ट फोडर उद्योगको सम्भावना रहेको छ । उद्योग र उद्यमशिलता विकास प्रक्रियाले ग्रामीण र सहरी क्षेत्रबिचको सम्बन्ध विकासमा सहयोग पुऱ्याउने सम्भावना रहेको छ ।

विशेष आर्थिक क्षेत्र सञ्चालनमा आउन थालेको र थप औद्योगिक क्षेत्र स्थापना गर्ने उद्देश्यले रुपन्देहीको मोतीपुर औद्योगिक क्षेत्र र बाँकेको नौवस्ता औद्योगिक क्षेत्रको जग्गा प्राप्ति तथा निर्माण कार्य अगाडि बढिरहेको छ ।जसको कारण यो प्रदेश औद्योगिक हबको रूपमा अगाडि बढ्ने क्रममा रहेको छ । बुटवल औद्योगिक क्षेत्रमा ७२ वटा र नेपालगन्ज औद्योगिक क्षेत्रमा ३५ वटा गरी जम्मा १०७ वटा उद्योगहरू सञ्चालनमा रहेका छन् । नेपालमा सञ्चालनमा रहेका ६० सिमेन्ट उद्योगहरूमध्ये लुम्बिनी प्रदेशमा ४५ वटा रहेका छन् । खानीजन्य उद्योगको रोयल्टी कम रहेका कारण यस क्षेत्रमा क्लिङ्कर तथा सिमेन्टको उत्पादनमा वृद्धि भई आयात प्रतिस्थापन हुनुका साथै निर्यात समेत बढ्न सक्ने सम्भावना रहेको छ ।

भैरहवा–लुम्बिनी करिडोर, बुटवल–भैरहवा करिडोर, भैरहवा-परासी करिडोर र परासी-भूमही करिडोर, कोहलपुर-नेपालगन्ज, चन्द्रौटा–कृष्णनगर औद्योगिक एवम् वाणिज्य करिडोरको रूपमा विकास भइरहेका छन् । बैंक तथा वित्तीय संस्थाले लुम्बिनी प्रदेशका औद्योगिक क्षेत्रमा प्रवाह गरेको कर्जा रू.१ खर्ब ३० अर्ब ३२ करोड ५६ लाख पुगेको छ ।

औद्योगिक उत्पादनको हिसाबले लुम्बिनी प्रदेशले महत्त्वपूर्ण स्थान ओगटेको छ । प्रदेशमा खानीसम्बन्धी उद्योग; कृषि, वन तथा पेय पदार्थसम्बन्धी उद्योग; गैरखाद्य वस्तु उत्पादनसम्बन्धी उद्योग; धातुका उत्पादन, मेसिनरी तथा इलेक्ट्रोनिक्स सम्बन्धी उद्योग; निर्माणसम्बन्धी उद्योग र ग्यास तथा पानीसम्बन्धी उद्योगहरू रहेका छन् । यी उद्योगबाट हुने उत्पादनमा तोरीको तेल, चामल, गहुँको पिठो, चिनी/सक्खर, पशुदाना, चाउचाउ, मदिरा, सिन्थेटिक कपडा, कागज, रोजिन, प्लाष्टिकका सामान, सिमेन्ट, कंक्रिट, फलामको छड तथा पत्ति, जिआइ तार, आल्मुनियम उत्पादन, बिजुलीका तार र केबुल आदि रहेका छन् । त्यस्ता उद्योगहरूको औसत क्षमता उपयोग ५०.१८ प्रतिशत रहेको छ ।

सन् २०३० सम्ममा कुल गार्हस्थ्य उत्पादनमा औद्योगिक क्षेत्रको योगदान १५ प्रतिशत र उत्पादनमूलक उद्योगहरूले कुल रोजगारीमा १३ प्रतिशत योगदान हुने दिगो विकासको लक्ष्य रहेको छ । यसकारण उद्योग क्षेत्रको विकासका लागि योजनाबद्धरूपमा अगाडि बढ्नुपर्ने आवश्यकता छ ।

**(२) प्रमुख समस्या**

कुल गार्हस्थ्य उत्पादन र रोजगारीमा उद्योग क्षेत्रको योगदान न्यून रहनु, औद्योगिक विकासको लागि पर्याप्त मात्रामा पूर्वाधारको व्यवस्था नहुनु, कच्चा पदार्थ सहज रूपमा उपलब्ध नहुनु, प्रतिस्पर्धात्मक क्षमताको विकास

नहुनु, उद्योग क्षेत्र हेर्ने मन्त्रालयको साङ्गठनिक संरचना कमजोर हुनु, प्रतिस्पर्धात्मक लाभका क्षेत्र पहिल्याउन नसक्नु, दक्ष श्रमशक्तिको कमी रहनु, प्रशासनिक निर्णय प्रक्रियामा ढिलासुस्ती हुनु र नवीनता एवम् संस्थागत संस्कृतिको कमी हुनु यस क्षेत्रका प्रमुख समस्याको रूपमा रहेका छन् ।

**(३) अवसर र चुनौती**

खानीजन्य उद्योगको रोयल्टी कम रहेका कारण यस क्षेत्रमा क्लिङ्कर तथा सिमेन्टको उत्पादन र निर्यात बढ्न सक्ने सम्भावना हुनु; नेपालगञ्ज भन्सार विन्दुमा एकीकृत जाँच चौकीको निर्माण कार्य सुरु हुनु; औद्योगिक उत्पादनले भारतीय बजार पाउने सम्भावना हुनु; सहरीकरण बढ्नु; उद्योगधन्दा खोल्न सहजरूपमा जग्गाको उपलब्धता हुनु; सेजको निर्माण र सञ्चालन हुनु; घरेलु, साना तथा मझौला उद्योगहरूको विस्तार हुनु; भारतसँग लामो सिमानासहितको सामिप्यता र त्यहाँका बजारको ठूलो आकारका कारण आयात निर्यात गर्न सहज स्थिति हुनु तथा खनिज लगायतका कच्चा पदार्थको उपलब्धता र ऊर्जाको आपूर्ति बढ्दै गरेको आदि कारणले गर्दा उद्योगधन्दा खोल्न र सञ्चालन गर्न सहज वातावरण हुनु प्रमुख अवसरका रूपमा रहेका छन् ।

उद्योगहरूको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गरी प्रतिस्पर्धी मूल्यमा गुणस्तरीय वस्तुको उत्पादन तथा आपूर्ति गर्नु; उत्पादनमूलक उद्योगहरूमा लगानी उल्लेख्य रूपमा बढाउनु; आयातीत भारतीय वस्तुहरूसँग प्रतिस्पर्धा गर्नु; उद्यमशीलता र व्यावसायिक संस्कृतिको विकास गर्नु; सहुलियत व्याजदरमा पर्याप्त कर्जा उपलब्ध गराउनु; युवाहरूलाई उद्योगतर्फ आकर्षित गर्नु; स्वदेशी औद्योगिक कच्चा पदार्थको आपूर्ति बढाउनु; खानीको संरक्षण, अन्वेषण र उत्खनन सम्वन्धी कार्य तीन तहका सरकारबिच विभाजित रहेकाले आवश्यक समन्वय गर्नु; तुलनात्मक लाभका औद्योगिक वस्तुहरूको पहिचान गर्नु; नेपाली औद्योगिक उत्पादनको ब्रान्डिङ गर्नु; बौद्धिक सम्पत्तिको संरक्षण गर्नु; उद्योगको लागि पर्याप्त मात्रामा उपयुक्त मूल्यमा जग्गा उपलब्ध गराउनु र औद्योगिकीकरणलाई वातावरण सन्तुलनसँग तालमेल मिलाउनु एवम् सिमेन्ट उद्योगहरूका खानी उत्खननले चुरे क्षेत्र मासिंदै जाँदा पानीका स्रोत संरक्षण र वायु प्रदूषण नियन्त्रण गर्नु जस्ता चुनौतीहरु यस क्षेत्रमा रहेका छन्।

**(४) दीर्घकालीन सोचः** प्रदेशको समृद्धिः औद्योगिक विकास

**(५) लक्ष्यः** प्रदेशको अर्थतन्त्रमा उद्योगको हिस्सा वृद्धि गर्दै आयात प्रतिस्थापन र निर्यात प्रवर्धन गर्ने ।

**(६) उद्देश्यः**

(१) औद्योगिक उत्पादन वृद्धि तथा रोजगारीको अवसर सिर्जना गर्नु ।
(२) लगानी प्रवर्धन गर्न लगानीमैत्री औद्योगिक वातावरण सिर्जना गर्नु ।

**(७) रणनीति र कार्यनीति**

**रणनीति १: औद्योगिक विकासका लागि नीतिगत तथा संस्थागत सुदृढीकरण गर्ने ।**

**कार्यनीतिहरू**

(१) प्रादेशिक औद्योगिक नीति तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।
(२) पुँजी तथा कोष प्रबन्ध, औद्योगिक क्षेत्र तथा ग्रामहरूको व्यवस्थापन र सञ्चालन एवम् औद्योगिक जनशक्ति विकासका लागि संस्थागत संरचना निर्माण गरिनेछ ।
(३) उद्योग व्यवसाय प्रारम्भ गर्न चाहनेहरूलाई उद्योग वाणिज्य महासंघसँगको समन्वयमा उद्यम व्यवसाय सञ्चालन गर्ने व्यक्ति वा फर्मसँग अनुभव र ज्ञान हासिल गर्ने अवसर प्रदान गरिनेछ ।

**रणनीति २: औद्योगिक पूर्वाधार विस्तार गर्दै उद्योगहरूको सञ्चालनमा सहजीकरण गर्ने ।**

**कार्यनीतिहरू**

(१) विद्यमान औद्योगिक क्षेत्रहरु, औद्योगिक ग्रामहरू एवम् अध्ययन गरिएका औद्योगिक कोरीडोरहरू: सुनवल, चन्द्रौटा र कृष्णनगरमा आवश्यक भौतिक पूर्वाधार निर्माण कार्यलाई तिव्रता दिइनेछ ।
(२) बाँके जिल्लामा सार्वजनिक निजी साझेदारीमा ठूला उद्योगहरू स्थापना गर्न प्रोत्साहन गरी औद्योगिक हव बनाइनेछ ।
(३) उद्योग दर्तादेखि बहिर्गमनसम्म एकीकृत, सरल र सहज ढंगले सेवा प्रवाह गर्ने व्यवस्था गरिनेछ।
(४) उद्योगहरूका लागि जग्गा प्राप्तिमा सहजीकरण तथा रजिष्ट्रेशन शुल्कमा छुट दिइनेछ ।
(५) स्थानीय कच्चा पदार्थमा आधारित निकासीजन्य उद्योगहरूको स्थापनामा विशेष छुट दिँदै कच्चा पदार्थ आपूर्तिमा सहजीकरण गरिनेछ ।
(६) उद्योग प्रतिष्ठानसम्म सडक, खानेपानी, विद्युत् र सञ्चारलगायतका पूर्वाधार पुऱ्याउनका लागि औद्योगिक पूर्वाधार विकास कार्यक्रम सञ्चालन गरिनेछ ।

**रणनीति ३: औद्योगिक उत्पादकत्व अभिवृद्धि गर्ने ।**

**कार्यनीतिहरू**

(१) प्रदेशभित्र उत्पादन गर्न सकिने तुलनात्मक लाभका वस्तुहरू पहिचान गरी ती वस्तुहरू उत्पादन गर्न निजी क्षेत्रलाई प्रोत्साहित गरिनेछ ।
(२) औद्योगिक कच्चा पदार्थहरूको सहज आपूर्ति सुनिश्चित गर्न पहल गरिनेछ ।
(३) औद्योगिक प्रतिष्ठानमा कार्यरत जनशक्तिलाई मागमा आधारित प्राविधिक तालिमको व्यवस्था गरिनेछ ।
(४) उद्योग सञ्चालन गर्न आवश्यक पर्ने विद्युत् आपूर्ति सुनिश्चित गर्न पहल गरिनेछ ।
(५) पूर्ण उत्पादन क्षमतामा सञ्चालन हुने उद्योगहरूको पहिचान गरी सम्मान, छुट तथा पुरस्कार दिने व्यवस्था गरिनेछ ।

**रणनीति ४: स्वदेशी औद्योगिक उत्पादनको आन्तरिक बजार तथा निकासी प्रवर्धन गर्ने ।**

**कार्यनीतिहरू**

(१) औद्योगिक उत्पादनहरूको आन्तरिक बजार तथा निकासी प्रवर्धन एवम् प्रचार प्रसार गर्न प्रदर्शनीस्थलको निर्माण र औद्योगिक प्रदर्शनी आयोजना गर्न सहयोग गरिनेछ ।

(२) आवश्यक नीति बनाई आन्तरिक उत्पादनको उपयोग गर्न प्रोत्साहन गरिनेछ ।

(३) स्थानीयस्तरमा उत्पादन हुने तुलनात्मक लाभका वस्तुहरूको प्रादेशिक ब्राण्ड विकास गरी आन्तरिक खपत र निकासी प्रवर्धन गरिनेछ ।

**रणनीति ५: उत्पादन लागतमा कमी ल्याई प्रतिस्पर्धी क्षमता बढाउने ।**

**कार्यनीतिहरू**

(१) स्टार्टअप उद्यमलाई बिउ पुँजी र उद्योगहरूलाई सहुलियतपूर्ण ऋण उपलब्ध हुने व्यवस्थासहित उद्यम विकास कोषको कार्यलाई फराकिलो बनाई प्रभावकारी सञ्चालन गर्नका लागि बैंक तथा वित्तीय संस्थाहरूसँग समन्वय गरिनेछ ।

(२) औद्योगिक विकासका समस्याहरूको नियमित खोजी गरी समाधानका लागि यस क्षेत्रको अध्ययन अनुसन्धान गरिनेछ ।

(३) युवा, महिला र वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिलाई व्यवस्थापकीय ज्ञानसहित उद्यमशीलता तालिम प्रदान गरिनेछ।

(४) उद्यमी जनशक्ति तथा सीप विकासका लागि सार्वजनिक निजी साझेदारीमा औद्योगिक प्राविधिक शिक्षा प्रदान गर्ने शिक्षालय तथा सूचना केन्द्रहरूको विस्तार एवम् प्रवर्धन गरिनेछ ।

**रणनीति ६: उद्यमशीलता विकास गर्दै घरेलु, साना तथा मझौला उद्योगहरूको विस्तार गर्ने ।**

**कार्यनीतिहरू**

(१) स्थानीयस्तरमा उद्योग ग्रामहरू स्थापना गरिनेछ ।

(२) हस्तकला तथा पर्यटकीय वस्तु उत्पादन गर्ने घरेलु उद्योगको विकास गर्ने तथा त्यस्ता वस्तुको बिक्री प्रवर्धन गर्न कोसेली घरहरू स्थापना र सञ्चालनमा टेवा पुर्‍याइनेछ ।

(३) मूल्य शृंखलामा जोडिने कृषिजन्य उत्पादनमा आधारित उद्योग स्थापना तथा सञ्चालन गर्न विशेष आयोजना तथा कार्यक्रम सञ्चालन गरिनेछ ।

(४) निश्चित क्षेत्रका स्टार्टअप उद्यमहरू छनोट गरी उद्यम विकास (Enterprise Development) प्रक्रिया–स्थापना, सञ्चालन, सफलता, उडान र परिपक्वता (Existence, Survival, Success, Take-off, and Resource Maturity) मा पुँजी प्रबन्ध, सहुलियत र सहजीकरण गरी अन्य स्थानहरूमा समेत अनुशरण (Replicate) गरिनेछ ।

(५) बिजनेस इन्कुवेशन सेन्टर स्थापना गरी स्टार्टअप व्यवसायलाई प्रवर्धन गरिनेछ ।

(६) उद्योग व्यवसाय सञ्चालन गर्न चाहने युवाहरूलाई उद्यमशीलता तालिमको व्यवस्था गरिनेछ ।

**रणनीति ७: स्वदेशी एवम् विदेशी लगानी आकर्षित गर्न प्रवर्द्धनात्मक कार्यक्रमहरू सञ्चालन गर्ने ।**

**कार्यनीतिहरू**

(१) गैरआवासीय नेपालीहरूको पुँजी, सीप एवम् ज्ञानलाई उद्योग क्षेत्रको विकासमा उपयोग गर्न प्रतिभा प्राप्ति (Brain Gain) कार्यक्रम सञ्चालन गरिनेछ ।

(२) उद्योग क्षेत्रको आयोजना बैंक एवम् Show Case Projects तयार गरी लगानी सम्मेलनको आयोजना मार्फत लगानी आकर्षित गरिनेछ ।

(३) उद्योग क्षेत्रका विभिन्न सरोकारवालाहरूसँग वर्षको कम्तीमा एकपटक छलफल (Industrial Dialogue) गरी भोग्नु परेका कठिनाइहरूका बारेमा समाधानका उपायहरू पहिल्याई कार्यान्वयन गरिनेछ ।

**रणनीति ८: वातावरणमैत्री दिगो, सन्तुलित र सुरक्षित औद्योगिकीकरणमा जोड दिने ।**

**कार्यनीतिहरू**

(१) उद्योगमा काम गर्ने मजदुरको दुर्घटना तथा स्वास्थ्यमा प्रतिकूल असरलाई न्यून गर्न तथा उद्योगबाट निस्कने हानिकारक फोहोरको उचित व्यवस्थापनका लागि अध्ययन गरी आवश्यक नीति एवम् प्रोटोकल/मापदण्ड बनाई कार्यान्वयन गरिनेछ ।

(२) उद्योगहरूलाई निश्चित मापदण्डसहित औद्योगिक क्षेत्र र करिडोरमा सीमित गरी मानव बस्तीहरूलाई वातावरण प्रदूषणबाट संरक्षण गरिनेछ ।

(३) उद्योगहरूको वातावरणीय प्रभाव अडिट गर्ने व्यवस्था गरिनेछ।

**(८) परिमाणात्मक लक्ष्य**

**तालिका ५.६ उद्योगसम्बन्धी परिमाणात्मक लक्ष्य**

| क्र.सं. | परिसूचकहरू | एकाइ | आर्थिक वर्ष २०८०/८१ को अवस्था | आर्थिक वर्ष २०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| १. | कुल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको योगदान | प्रतिशत | ५.५ | १५ |
| २. | उत्पादनमूलक उद्योगबाट रोजगारी | प्रतिशत | २ | ५ |
| ३. | दर्ता भएका लघु, घरेलु, साना तथा मझौला उद्योग | संख्या(हजारमा) | १०८.८ | १२०.० |
| ४. | दर्ता भएका ठूला उद्योग | संख्या | ६९६ | १००० |
| ५. | वैदेशिक लगानीका उद्योग | संख्या | ७ | ३० |
| ६. | औद्योगिक ग्राम | संख्या | ९ | ५२ |

*स्रोतः उद्योग, पर्यटन तथा यातायात मन्त्रालय, २०८१ ।*

## ५.२.२ वाणिज्य, आपूर्ति र बजार व्यवस्थापन

### (१) पृष्ठभूमि

नेपालको संविधानअनुसार प्रदेशभित्रको व्यापार प्रदेशको अधिकारभित्र पर्दछ भने संघ र प्रदेशको साझा सूचीमा आवश्यक वस्तु तथा सेवाको आपूर्ति, वितरण, मूल्य नियन्त्रण, गुणस्तर र अनुगमनका कार्यहरु पर्दछन्। लुम्बिनी प्रदेश व्यापारिक गतिविधिका हिसाबले अधिक सम्भावनायुक्त क्षेत्रको रुपमा रहेको छ । प्रदेशभित्र सडक सञ्जालको विस्तार, आन्तरिक बजार केन्द्रहरूको विकास एवम् विस्तार र सहरीकरणका कारण व्यापारिक गतिविधि बढेको छ । आन्तरिक उत्पादनको परिमाण र प्रतिस्पर्धात्मक क्षमता कमजोर भएको कारण ठूलो परिमाणका वस्तुहरूको आयात हुँदै आइरहेको छ भने निर्यातको परिमाण निकै कम रहेको छ । आन्तरिक उत्पादन वृद्धि गर्दै आन्तरिक बजार तथा बाह्य बजारमा व्यापार बढाउँदै लैजानुपर्ने आवश्यकता रहेको छ ।

प्रदेशमा करिब १ लाख ५० हजार व्यापारिक फर्म रहेका छन् भने व्यापार तथा वाणिज्य क्षेत्रले रोजगारी सिर्जनामा पनि महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ । अत्यावश्यक वस्तु आपूर्तिका हिसाबले लुम्बिनी प्रदेशमा ९ वटा ग्यास उद्योग सञ्चालनमा रहेका छन् । ग्यास उद्योगको भण्डारण क्षमता १११६ मे. टन रहेको छ भने पेट्रोलियम पदार्थको (पेट्रोल, डिजेल, मट्टितल र हवाई इन्धन) प्रादेशिक भण्डारण क्षमता ७९५८ किलोलिटर (११.५५ प्रतिशत) र बिक्री ५३४३१० किलोलिटर (२०.३२ प्रतिशत) रहेको छ । भौगोलिक विकटताका कारण प्रदेशका सबै भौगोलिक स्थानहरूमा माल वस्तुहरूको आपूर्ति समान रूपमा हुन सकिरहेको छैन । प्रदेशभित्र गुणस्तरीय वस्तुहरूको आपूर्ति र आपूर्ति शृंखलालाई नियमित गर्न आवश्यक देखिन्छ ।

### (२) प्रमुख समस्या

प्रदेशमा उत्पादित कृषिजन्य एवम् उद्योगजन्य उत्पादन आन्तरिक खपत धान्न सक्ने परिमाणमा उपलब्ध नहुनु, उत्पादित वस्तुहरूको भरपर्दो बजार उपलब्ध नहुनु, उत्पादित वस्तुहरूको प्रतिस्पर्धात्मक क्षमता आयातित वस्तुको तुलनामा कम हुनु, स्वदेशी कच्चा पदार्थको उपलब्धता कम हुनु, आयातित कच्चा पदार्थ महँगो पर्नु, खाद्यवस्तुमा मिसावट हुनु, म्याद गुज्रेका वस्तुहरू बिक्री हुनु, बजारमा गुणस्तरीय वस्तुहरू सुपथ मूल्यमा उपलब्ध नहुनु, प्रभावकारी अनुगमन नहुनु, मूल्यसूची नराखु, कालोबजारी र कार्टेलिङ हुनु, सामान बिक्री गर्दा बिल जारी नहुनु, विपद्का समयमा अत्यावश्यक वस्तुको आपूर्ति सहज हुन नसक्नु तथा पर्याप्त भण्डारण क्षमता नहुनु वाणिज्य तथा आपूर्ति क्षेत्रका प्रमुख समस्याको रूपमा रहेका छन् ।

### (३) अवसर र चुनौती

आन्तरिक व्यापारिक गतिविधि र सडक सञ्जालको विस्तारले गर्दा व्यापार तथा आपूर्ति व्यवस्थापन गर्न सहज हुँदै जानु, उपभोक्तामा सचेतना वृद्धि हुँदै जानु, उपभोक्ताको आय र उपभोग क्षमता बृद्धि हुनु, निजी क्षेत्रको लगानी विस्तार हुँदै जानु, अन्तर्राष्ट्रिय विमानस्थल निर्माण हुनु र अन्य केही ठूला आयोजना निर्माण भइरहेकाले

व्यापार गतिविधि बढ्दै जानु, स्थानीय तहमा व्यापारिक तथा बजार केन्द्र विस्तार हुनु जस्ता विषयहरू व्यापार, वाणिज्य र आपूर्तिको क्षेत्रमा अवसरको रूपमा रहेका छन् ।

प्रदेशमा उत्पादन गरिएका वस्तुहरूको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्नु, कच्चा पदार्थको सुलभ र सहज उपलब्धता सुनिश्चित गर्नु, उत्पादित वस्तुको गुणस्तर कायम गर्नु, प्रदेशका सबै स्थानहरूमा सहज रूपमा वस्तुहरू आपूर्ति गर्नु, बजारमा स्वच्छ प्रतिस्पर्धा कायम गर्नु, मानव सिर्जित तथा प्राकृतिक कारणबाट समय समयमा आपूर्तिमा आउने व्यवधान समाधान गर्नु, कृषि उपजको व्यापारमा हुने बिचौलियाहरूको बोलवाला कम गर्नु, गुणस्तरीय वस्तुहरूको उपलब्धता र उपभोक्ताहरूको हकहित संरक्षण गर्नु वाणिज्य तथा आपूर्ति क्षेत्रमा रहेका प्रमुख चुनौतीहरू हुन् ।

**(४) दीर्घकालीन सोचः** व्यापार व्यवसायको विकासः सहज आपूर्ति शृंखला विस्तार

**(५) लक्ष्यः** प्रदेशका सबै क्षेत्रमा व्यापारिक गतिविधि विस्तार गरी गुणस्तरीय वस्तुहरूको सर्वसुलभ रूपमा आपूर्तिको व्यवस्था गर्ने ।

**(६) उद्देश्यः**

(१) व्यापारिक गतिविधि वृद्धि गर्दै वस्तु तथा सेवाको आपूर्तिलाई व्यवस्थित गर्नु ।

**(७) रणनीति र कार्यनीति**

रणनीति १: व्यापार प्रवर्धनका लागि सहजीकरण गर्ने ।

**कार्यनीतिहरू**

(१) तुलनात्मक लाभको आधारमा जिल्लागत रूपमा विभिन्न वस्तुहरूको उत्पादनलाई प्रोत्साहन गरी प्रदेशभित्रको व्यापार बढाइनेछ ।

(२) परम्परागत तथा रैथाने वस्तुहरूको पहिचान गरी व्यावसायीकरण (Commercialization of Indigenous Products) गर्न सहयोग पुऱ्याइनेछ।

(३) निकासीजन्य वस्तुहरूको उत्पादन, ब्रान्डिङ र बजारीकरणमा सहयोग तथा सहजीकरण गरिनेछ ।

(४) सार्वजनिक निजी साझेदारीमा वस्तु निर्यात हुने निकासी बिन्दु खासगरी भन्सार नाका र अन्तर्राष्ट्रिय विमानस्थल केन्द्रित शीत भण्डार निर्माण गरी निकासी प्रवर्धन गरिनेछ ।

(५) जिल्लास्थित कार्यालयहरूबाट व्यवसाय दर्ता र अनुगमनलाई सहज र प्रभावकारी बनाइनेछ ।

(६) स्थानीय तहबाटै स्थायी लेखा नम्बर लिन सकिने व्यवस्थाको लागि पहल गरिनेछ ।

(७) सरकारी कार्यालयहरूमा स्वदेशी वस्तुहरूको प्रयोग गर्ने नीति लिइनेछ ।

(८) सूचना प्रविधिमा आधारित अनलाइन व्यापार तथा आपूर्ति गर्न प्रोत्साहित गरिनेछ ।

(९) निकासीजन्य स्थानीय उत्पादनलाई सहुलियत प्रदान गरिनेछ।

**रणनीति २: उपभोग्य वस्तुहरूको गुणस्तरीयता सुनिश्चित गरी उपभोक्ताहरूको मागअनुसार सर्वसुलभ आपूर्तिको व्यवस्था गर्ने ।**

**कार्यनीतिहरू**

(१) स्थानीय तह र दुर्गम ठाउँहरूमा उपभोग्य वस्तुहरूको यथेष्ट भण्डारणको व्यवस्था गरिनेछ ।

(२) उपभोग्य वस्तुहरूको कृत्रिम अभाव रोक्न मूल्यसूची र गुणस्तर कायम गर्न प्रदेशभित्र नियमित बजार अनुगमन तथा प्रयोगशाला परीक्षणको व्यवस्थासमेत गरिनेछ ।

(३) उपभोक्ता हकहित संरक्षण गर्न आवश्यक नीतिगत, कानुनी र संरचनागत व्यवस्था गरिनेछ ।

(४) व्यवसायीहरूलाई स्वच्छ प्रतिस्पर्धी, पारदर्शी र उपभोक्तामैत्री व्यापारका लागि नियमितरूपमा अभिमुखीकरण गरिनेछ ।

**रणनीति ३: आधारभूत उपभोग्य वस्तुहरूको आपूर्तिमा कालोबजारी र बिचौलियालाई निरुत्साहित गर्ने ।**

**कार्यनीतिहरू**

(१) कृषि बजारको प्रवर्धनमा सहकारीहरूको भूमिका बढाउनुका साथै कृषि बजार स्थापना र सञ्चालनमा साझेदारी गरी कृषकहरूले सहज रूपमा कृषि उपज सोझै उपभोक्तालाई बिक्री गर्न सक्ने बनाई बिचौलियाहरूको पहुँचलाई निरुत्साहित गर्दै लगिनेछ ।

(२) सहकारीहरूलाई सुपथ मूल्यका पसल सञ्चालन गर्न प्रोत्साहन स्वरूप मापदण्ड बनाई निश्चित वर्षसम्म सञ्चालन अनुदान प्रदान गरिनेछ ।

(३) कालोबजारी, एकाधिकार र कार्टेलिङलाई नियन्त्रण गर्न आवश्यक कानुनको तर्जुमा र बजार अनुगमन गरी कारबाहीको दायरामा ल्याइनेछ ।

### (८) परिमाणात्मक लक्ष्य

**तालिका ५.७ वाणिज्य तथा आपूर्तिसम्बन्धी परिमाणात्मक लक्ष्य**

| क्र.सं. | परिसूचकहरू | एकाइ | आर्थिक वर्ष २०८०/८१ को अवस्था | आर्थिक वर्ष २०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| १. | कुल गार्हस्थ्य उत्पादनमा थोक तथा खुद्रा व्यापारको योगदान | प्रतिशत | ९.७ | ११.९ |
| २. | थोक तथा खुद्रा बिक्रीमा निजी क्षेत्रको लगानी | रू. करोड | ४७९ | ११६३९ |
| ३. | दर्ता भएका व्यावसायिक फर्म | संख्या हजारमा | १४८ | १७५ |
| ४. | खाद्य तथा गुणस्तर परीक्षण प्रयोगशाला | संख्या | १ | ३ |

*स्रोतः उद्योग, पर्यटन तथा यातायात मन्त्रालय, २०८१ ।*

## ५.२.३ मूल्य शृंखला र ब्रान्डिङ

**(१) पृष्ठभूमि**

गुणस्तरीय वस्तु प्रतिस्पर्धी मूल्यमा उपभोक्तालाई व्यापारका माध्यमबाट उपलब्ध गराउनु दिगो व्यावसायीकरणको आधार हो । यसका लागि उत्पादनदेखि उपभोगसम्मका मूल्य शृंखलाका सबै कर्ताहरूले कुशलतापूर्वक मुनाफा आर्जन गरी एकअर्कासँग सहकार्य गर्दै व्यवसाय सञ्चालन गर्न आवश्यक हुन्छ । मूल्य शृंखलाको सहजता र निरन्तरताका लागि नीतिगत व्यवस्था, कर प्रणालीको उचित परिपालना, बजारको आवश्यकताबारे पूर्ण जानकारी, प्रविधिको उपयोग, निष्पक्ष तथा पारदर्शी व्यावसायिक वातावरण, कानुनी प्रकृयामा सरलीकरण, गुणस्तर कायमसम्बन्धी उपयुक्त प्रबन्ध समेत हुन जरुरी हुन्छ ।

उत्पादन हुने वस्तुको प्रवर्धनको लागि ब्रान्डिङ महत्वपूर्ण हुन्छ। यसबाट उपभोक्ताको विश्वास आर्जन गर्न, उत्पादनको विशेषता जनाउन र जवाफदेहिता अभिवृद्धि गर्न मद्दत पुग्दछ । त्यसैले भौगोलिक संकेत वा ब्रान्डिङ गर्ने, गुणस्तर परीक्षण गर्ने, ट्रेडमार्क लगाउने, प्याकेजिङ गर्ने तथा पेटेन्ट दर्ता गर्ने जस्ता कार्यले गुणस्तर कायम गर्न, उत्पादकलाई जिम्मेवार बनाउन एवम् उपभोक्तालाई उचित छनोटको अवसर प्रदान गर्न सहयोग पुग्दछ।

**(२) प्रमुख समस्या**

उत्पादकमा वस्तु तथा सेवाको ब्रान्डिङको महत्त्वबारे (Brand Value) जानकारीको कमी हुनु, प्रदेश तहमा ब्रान्डिङसम्बन्धी आवश्यक कानुनी व्यवस्था तथा संयन्त्रको स्थापना हुन नसक्नु, दक्ष जनशक्तिको कमी हुनु, उद्यमी तथा व्यवसायीको मूल्य शृंखला तथा ब्रान्डिङ सम्बन्धी क्षमतामा कमी हुनु, यस विषयमा नागरिकमा चेतनाको कमी हुनु साथै उत्पादनका क्षेत्रमा न्यून आकर्षण हुँदा परनिर्भरता बढ्दै जानु जस्ता प्रमुख समस्याहरु रहेका छन् ।

**(३) अवसर र चुनौती**

सूचना प्रविधिको प्रयोग गरी व्यापार व्यवसाय प्रवर्धन कार्य हुनु, अनलाइन पोर्टलका माध्यमबाट मूल्य र ब्राण्ड तुलना गर्ने र छनोट गर्ने उपभोक्ताको संख्या निरन्तर वृद्धि हुनु, उपभोक्तामा ब्राण्डप्रतिको चासो वृद्धि हुनु जस्ता अवसरहरु यस क्षेत्रमा रहेका छन् ।

साना तथा मझौला स्तरका उत्पादकलाई मूल्य शृंखलाबारे जानकारी प्रवाह गरी अवसरप्रति जागरूक गराउनु, मूल्य शृंखलाको लाभ प्राप्त गर्न सकिने परिमाणमा उत्पादन गर्नु, मूल्य शृंखलाका सबै कर्ताको भूमिकालाई समान रूपमा सम्मान हुने वातावरण निर्माण गर्नु एवम् प्रदेश तहबाट ब्राण्ड दर्ता हुने अवस्था निर्माण गर्नु जस्ता चुनौतीहरु रहेका छन् ।

**(४) दीर्घकालीन सोचः** मूल्य शृंखलामा आबद्धताः गुणस्तरमा सुनिश्चितता ।

**(५) लक्ष्यः** गुणस्तरीय वस्तु उत्पादन, प्रशोधन तथा ब्रान्डिङ गरी प्रवर्धन गर्ने ।

**(६) उद्देश्यः**

मूल्य शृंखलालाई वस्तु तथा सेवाको गुणस्तरमा आबद्ध गर्नु ।

**(७) रणनीति र कार्यनीति**

**रणनीति १: मूल्य शृंखला तथा ब्रान्डिङसम्बन्धी नीति तथा संरचनाको विकास गर्ने ।**

**कार्यनीतिहरू**

(१) उत्पादित बस्तुको लेबलिङ, प्याकेजिङ्ग र डिजाइनसहितको ब्रान्डको विकाससम्बन्धी आवश्यक कानुन तर्जुमा गरिनेछ ।

(२) उत्पादित वस्तुको लेबलिङ, प्याकेजिंग र डिजाइनसहितको ब्रान्डको विकास गर्ने केन्द्रका रुपमा प्रदेशमा Branding Center को स्थापना गरी कार्यान्वयनमा ल्याइनेछ ।

(३) ब्रान्डिङ गर्न सकिने सम्भाव्य औद्योगिक उत्पादन र समुदायमा आधारित उत्पादनका वस्तु तथा सेवाहरूको अध्ययन गरी पहिचान गरिनेछ।

**रणनीति २: लागत न्यूनीकरण, गुणस्तर सुनिश्चितता र प्रतिस्पर्धी क्षमता विकासका लागि पूर्वाधार विकास तथा सहजीकरण गर्ने ।**

**कार्यनीतिहरू**

(१) मूल्य शृंखलामा आबद्ध उत्पादक, प्रशोधक (मील/उद्योग) र बिक्रेता (खुद्रा, थोक, निर्यातकर्ता) लक्षित व्यावसायिक करार प्रवर्धन गरिनेछ ।

(२) कृषि तथा वनजन्य उत्पादनको स्थान विशेषको उत्पादनलाई सहकारी प्रणालीमार्फत मूल्य शृंखलामा आबद्ध गरिनेछ ।

(३) उत्पादित वस्तुको बजार विस्तारका लागि उपयुक्त स्थानहरूको पहिचान गरी हाटबजार वा व्यापारिक स्टलहरू स्थापना र विकास गरिनेछ ।

(४) स्थानीय उत्पादनको विशेषता र गुणको पहिचानसहित बिक्री केन्द्र स्थापना गर्न उद्यमीलाई सहजीकरण गरिनेछ।

(५) उत्पादित कृषिजन्य वस्तुको भण्डारणका लागि शीत भण्डार (Cold Store) वा स-साना चिस्यान केन्द्र निर्माण र व्यवस्थापनमा निजी क्षेत्र, सहकारी र समूहसँग सहकार्य गरिनेछ ।

(६) उत्पादित वस्तुको ढुवानीका लागि आवश्यकताअनुसार ढुवानी अनुदान, सवारी साधन व्यवस्थापन सहजीकरण र सुरक्षित ढुवानीमा उपयोग हुने सामग्री आदिमा सहयोग गरिनेछ ।

(७) उत्पादन क्षमता, गुणस्तर नियन्त्रण, मूल्य निर्धारण रणनीति र निर्यातसम्बन्धी नियमको अनुपालनाको लेखाजोखा गरी उद्यमीको निर्यातयोग्य क्षमताको मूल्याङ्कन र आवश्यक सहजीकरण गरिनेछ ।

**रणनीति ३: मूल्य शृंखला तथा ब्रान्डिङ सम्बन्धी क्षमता विकास गर्ने ।**

**कार्यनीतिहरू**

(१) ब्रान्डिङको महत्त्व र उत्पादन धारणा, ब्रान्ड पहिचान, घरेलु र अन्तर्राष्ट्रिय बजारहरूमा विश्वास आर्जनका लागि ब्रान्डिङको भूमिका जस्ता बिषयमा तालिम प्रदान गरिनेछ ।

(२) उद्यमीहरूलाई उनीहरूको लक्षित बजार र उद्देश्यसँग आबद्ध गर्ने विशेष ब्रान्डको विकास र निर्यातमा सहजीकरण गरिनेछ ।

(३) लक्षित निर्यात बजारहरू पहिचान गर्न, उपभोक्ता प्राथमिकताहरू बुझ्न, अन्तर्राष्ट्रिय मापदण्ड र आवश्यकता अनुरूप उत्पादनलाई अनुकूलन गर्न तथा बजार अनुसन्धान गर्न उद्यमीको क्षमता विकास तथा मार्गदर्शन गरिनेछ ।

(४) निर्यातका लागि आवश्यक कागजात (उत्पादन प्रमाणपत्र, ढुवानी कागजात, अन्तर्राष्ट्रिय व्यापार नियम र भन्सार प्रक्रिया आदि) बारे व्यापार संघसँगको समन्वयमा उद्यमीलाई तालिम तथा अभिमुखीकरण प्रदान गरिनेछ ।

**रणनीति ४: मूल्य शृंखला र ब्रान्डिङलाई प्रवर्धन गर्न अन्तरसरकार समन्वय र सहकार्य गर्ने ।**

**कार्यनीतिहरू**

(१) प्रदेशमा स्थापित संरचनाको क्षमता विकासका लागि संघ सरकारसँग समन्वय र सहकार्य गरिनेछ ।

(२) मूल्यशृंखला र ब्रान्डिङमा सहजीकरणका लागि स्थानीय तहको क्षमता विकास एवम् सहकार्य गरिनेछ ।

**(८) परिमाणात्मक लक्ष्य**

**तालिका ५.८ मूल्य शृंखला र ब्रान्डिङसम्बन्धी परिमाणात्मक लक्ष्य**

| क्र.सं. | परिसूचकहरू | एकाइ | आर्थिक वर्ष २०८०/८१ को अवस्था | आर्थिक वर्ष २०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| १. | प्रदेशमा ब्राण्डका रूपमा बजारमा उपलब्ध उत्पादन (वार्षिक थप) | संख्या | ५ | २५ |
| २. | ब्रान्डिङको सम्भावना अध्ययनबाट पहिचान भएका वस्तु | संख्या | १० | ३५ |

*स्रोतः उद्योग, पर्यटन तथा यातायात मन्त्रालय, २०८१*

## ५.२.४ खानी तथा अन्वेषण

### (१) पृष्ठभूमि

नेपालको संविधानअनुसार खानी उत्खनन तीनै तहको सरकारको साझा अधिकार सूचीमा रहको छ। जसअनुसार खानी उत्खनन संघको अधिकार क्षेत्रभित्र, खानी अन्वेषण र व्यवस्थापन प्रदेशको अधिकार क्षेत्रभित्र र खानी तथा खनिज पदार्थको संरक्षण स्थानीय तहको अधिकार क्षेत्रभित्र रहेको छ ।

नेपालको औद्योगिक विकासमा खानी तथा खनिजको महत्त्वपूर्ण भूमिका रहन्छ । नेपालको कुल गार्हस्थ्य उत्पादनमा खानी तथा अन्वेषण क्षेत्रको करिब ०.५० प्रतिशत योगदान रहेको छ। खानी तथा खनिज पदार्थको अन्वेषण, उत्खनन र समुचित प्रयोग गर्न सकेमा देशको आर्थिक समृद्धिमा सहयोग पुग्छ । लुम्बिनी प्रदेशमा नेपालको कुल खानी तथा अन्वेषणको १७.६ प्रतिशत र प्रदेशको कुल गार्हस्थ्य उत्पादनको ०.४ प्रतिशत योगदान रहेको छ । यो प्रदेश विभिन्न खानी तथा खनिज पदार्थका हिसाबले ठूलो सम्भावना बोकेको क्षेत्रको रूपमा रहेको छ ।

प्रदेशका १२ वटै जिल्लाहरूमा प्रदेश सरकारबाट गरिएको खानी तथा खनिज पदार्थसम्बन्धी सम्भाव्यता अध्ययनअनुसार यहाँ धातुजन्य खनिजहरूमा आर्सेनिक, कोबाल्ट, लिड, तामा, सुन, फलाम, चाँदी, मोलिब्डेनम, जिङ्क आदि र अधातुजन्य खनिजअन्तर्गत औद्योगिक खनिजहरूमा चुनढुङ्गा, खरीढुङ्गा, म्याग्नेसाइट, अभ्रख, क्ले खनिज, बेराइट, सिलिका स्याण्ड, डोलोमाइट, फस्फोराइट, क्वार्टजाइट, मार्बल, ग्रेनाइट आदि रहेका छन् भने निर्माणजन्य खनिजअन्तर्गत ढुंगा, गिट्टी, बालुवा, जिपसम, स्लेट, आदि रहेका छन् ।

यस प्रदेशमा १८ किसिमका धातु खनिज, १९ किसिमका अधातु खनिज, ७ किसिमका रत्न पत्थर, ३ किसिमका इन्धन खनिज, ७ किसिमका शृङ्गारिक खनिज तथा निर्माणमा प्रयोग हुने ढुङ्गागिट्टी, बालुवा र माटो रहेको पाइएको छ । भौगर्भिक संरचनाको हिसाबले यस प्रदेशको तराईमा ढुङ्गागिट्टी तथा बालुवा; चुरे क्षेत्रमा कोइला र स्याण्डस्टोन; महाभारत क्षेत्रमा चुनढुङ्गा, फलाम, कोइला, डोलोमाइट, घर छाउने स्लेट, शृगारिक ढुङ्गा तथा उच्च पहाडी क्षेत्रमा कायनाइट, गार्नेट जस्ता रत्न पत्थरहरू रहेका छन् ।

खानी तथा खनिज पदार्थका सम्भावना हुँदाहुँदै पनि सघन रूपमा खनिजहरूको उत्खनन र सदुपयोग हुन सकेको छैन । यसका लागि पहिचान भइसकेका खनिजहरूको थप अध्ययन र उत्खनन गरी खनिजमा आधारित उत्पादनमूलक तथा निर्माण उद्योगहरू सञ्चालन गर्न सकेमा आयात प्रतिस्थापन, निर्यात प्रवर्धन, रोजगारी सिर्जना, खानीजन्य कच्चा पदार्थको उपलब्धता तथा कुल गार्हस्थ्य उत्पादनमा योगदान हुन गई समृद्ध प्रदेश निर्माणमा सहयोग पुग्नेछ ।

### (२) प्रमुख समस्या

खानी तथा खनिज पदार्थ सम्बन्धमा भएका अध्ययन अनुसन्धानका बारेमा एकीकृत तथ्याङ्कको अभाव हुनु; प्रादेशिक नीति, कानुन र संस्थागत संरचना नहुनु; बालुवा, गिट्टी, ढुङ्गा गैरकानुनी उत्खनन नियन्त्रण नहुनु; व्यवस्थित ढंगबाट अन्वेषण र सञ्चालन नहुनु तथा अन्वेषणमा आवश्यक पर्ने विशेषज्ञता र उपकरणहरूको

अभाव हुनु; खानी अन्वेषण कार्य खर्चिलो हुनु; जथाभावी खानी उत्खनन गर्दा वातावरणमा नकारात्मक असर पर्नु एवम् उपलब्ध खानीको समुचित प्रयोग नहुनु यस क्षेत्रमा रहेका प्रमुख समस्याहरू हुन्।

**(३) अवसर र चुनौती**

प्रदेशमा धेरै प्रकारका खनिज पदार्थहरूको प्रचुर सम्भावना रहनु; खनिजजन्य उद्योगधन्दा विस्तार हुँदै जानु; खानी तथा खानीजन्य पदार्थको अध्ययन, अनुसन्धान, अन्वेषण, सर्वेक्षण र उत्खनन कार्यको थालनी हुनु; पूर्वाधारको विकास हुने क्रममा रहनु; खानीमा आधारित निर्माण सामग्रीहरूको माग विस्तार भइरहनु तथा खानी उत्खननका लागि लगानीमैत्री वातावरण बन्दै जानु यस क्षेत्रका अवसरहरू हुन् ।

तीन तहका सरकार बिच तादत्म्यता हुने गरी नीतिगत र कानुनी व्यवस्था गर्नु, वातावरणमैत्री ढंगले खानी तथा खनिज पदार्थ उत्खनन गर्नु, खानी उत्खननमा लाग्ने ठूलो लगानी जुटाउनु, खानी अन्वेषणको लागि दक्ष जनशक्तिको व्यवस्था गर्नु एवम् खनिज उद्योग सञ्चालनको लागि आवश्यक पूर्वाधारको विकास गर्नु यस क्षेत्रका प्रमुख चुनौतीहरू हुन् ।

**(४) दीर्घकालीन सोचः** खानी तथा खानिजजन्य उद्योगको विकासः प्रदेशको आर्थिक समृद्धि ।

**(५) लक्ष्यः** खानीजन्य अन्वेषण र उत्खनन गरी प्रदेशको अर्थतन्त्रमा योगदान गर्ने ।

**(६) उद्देश्यः** खनिज स्रोतको पहिचान, संरक्षण र दिगो उपयोग गर्नु।

**(७) रणनीति र कार्यनीति**

रणनीति १: नीतिगत तथा संस्थागत संरचना सुदृढ गर्ने ।

**कार्यनीतिहरू**

(१) प्रादेशिक खनिज नीति, कानुन र मापदण्ड बनाई खनिज क्षेत्रलाई व्यवस्थित गरिनेछ ।
(२) खानी अन्वेषण र व्यवस्थापनका लागि दक्ष जनशक्तिसहित प्रशासनिक संरचना निर्माण गरिनेछ ।
(३) रत्नपत्थरसम्बन्धी अनुसन्धान, अन्वेषण र उत्खननका लागि आवश्यक कार्यहरू अघि बढाइनेछ ।
(४) प्रदेशका उच्च शैक्षिक संस्थाहरूमा भूगर्भसम्बन्धी अध्ययन अध्यापनको थालनी गर्न सहयोग पुऱ्याइनेछ ।

**रणनीति २: प्रदेशमा उपलब्ध खनिज पदार्थहरूको लगत संकलन तथा अभिलेखाङ्कन गर्ने ।**

**कार्यनीतिहरू**

(१) भौगर्भिक अध्ययन अनुसन्धानमा विश्वविद्यालयहरूसँग सहकार्य गरिनेछ ।
(२) हालसम्म अन्वेषण भएका खानी तथा खनिज क्षेत्रको लगत संकलन र भौगोलिक सूचना प्रणालीमार्फत नक्साङ्कन गरी अभिलेख राखिनेछ ।
(३) भूवैज्ञानिक सर्वेक्षण तथा अनुसन्धान गरी प्रदेशको भौगर्भिक नक्सा तयार गरिनेछ ।

**रणनीति ३: भौतिक पूर्वाधारको निर्माण गरी खानीजन्य उद्योग स्थापना र सञ्चालनमा प्रोत्साहन गर्ने ।**

**कार्यनीतिहरू**

(१) अनुमति प्राप्त खानी तथा खनिजजन्य उद्योगको लगत तयार गरी उद्योग सञ्चालन गर्न आवश्यक सहजीकरण गरिनेछ ।

(२) सङ्घीय निकायहरूसँग समन्वय गरी खानी क्षेत्र तथा उद्योगमा पहुँच सडक निर्माण तथा विद्युत् प्रसारण लाइन विस्तार गर्न सहजीकरण गरिनेछ ।

(३) खानी उद्यमीहरूका लागि क्षमता विकास एवम् उपयुक्त प्रविधि हस्तान्तरणमा सहयोग गरिनेछ ।

(४) प्रदेशभित्र सम्भावित खनिज पदार्थहरूको अन्वेषण तथा उत्खननका लागि निजी क्षेत्रको लगानी आकर्षित गर्न आवश्यक कार्य गरिनेछ।

**रणनीति ४: खानीजन्य उद्योग सञ्चालन गर्दा वातावरणीय प्रभाव कम गर्ने ।**

**कार्यनीतिहरू**

(१) खानी उत्खननबाट मानव बस्ती, जैविक विविधता र वातावरणमा परेको प्रभावको अनुगमन गरी न्यूनीकरणका उपायहरू अबलम्बन गरिनेछ ।

(२) माटो, बालुवा र ढुङ्गा एवम् गिट्टी जस्ता निर्माण सामग्रीसम्बन्धी खनिजहरूको उत्खननलाई व्यवस्थित र वातावरणमैत्री बनाइनेछ ।

**(८) परिमाणात्मक लक्ष्य**

**तालिका ५.९ खानी तथा खनिज पदार्थसम्बन्धी परिमाणात्मक लक्ष्य**

| क्र.सं. | परिसूचकहरू | एकाइ | आर्थिक वर्ष २०८०/८१ को अवस्था | आर्थिक वर्ष २०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| १. | कुल गार्हस्थ्य उत्पादनमा खानी र खनिज क्षेत्रको योगदान | प्रतिशत | ०.४ | २ |
| २. | खनिज क्षेत्रको कुल उत्पादन | रू. अर्वमा | ३१ | १५१ |
| ३. | खानी तथा खनिज क्षेत्रबाट रोजगारी | संख्या | ९१५ | ५६१३ |
| ४. | खानीजन्य उद्योग | संख्या | ६८ | ८० |

*स्रोतः उद्योग, पर्यटन तथा यातायात मन्त्रालय, २०८१ ।*

# ५.३ पर्यटन

## (१) पृष्ठभूमि

ऐतिहासिक, पुरातात्विक, धार्मिक, सांस्कृतिक र प्राकृतिक सम्पदा लगायतका कारणले लुम्बिनी प्रदेशमा प्रचुर पर्यटकीय सम्भावना रहेको छ । विश्व सम्पदा सूचीमा रहेको गौतम बुद्धको जन्मस्थल लुम्बिनी र गौतम बुद्ध हुर्के बढेको दरबार तथा प्राचीन कपिलवस्तुको राजधानीस्थल तिलौराकोट, मावली देवदह, अस्तुधातु रहेको स्थान रामग्राम, गौतम बुद्धले बुद्धत्व प्राप्त गरिसकेपछि उपदेश दिएको स्थान कुदान, कनकमुनि बुद्धको

जन्मस्थल निग्लिहवा, ककुछन्द बुद्धको जन्मस्थल गोटीहवा, प्राचीन शाक्य गणराज्य कपिलवस्तुको पतनसँग सम्बन्धित स्थल सगरहवा यसै प्रदेशमा रहेका छन् । साथै, अन्य धार्मिक तथा सांस्कृतिक स्थलहरूमा पैसिया, बञ्जाराही, विकुली, अरौराकोट, अमौली, बभनी, सिसहनिया, कन्यामाई, बैरीमाई, बंगालाबंगाली, बर्दगोरिया, पण्डितपुर, सिद्धबाबा, भैरवस्थान, कालीगण्डकी तटको रूरू क्षेत्र, रुद्रवेणी, राम्दी, रुन्टिगढीबाट आई बसेका महाप्रभुको साधनास्थल स्वर्गद्वारी, जोसमनी सन्त परम्परासँग सम्बन्धित रेसुङ्गा, शैव मतको नाथ परम्परासँग सम्बन्धित स्थल दाङचौघेरा, जलजला, गौमुखी, सुपादेउराली, बागेश्वरी, ठाकुरद्वार, पाल्ही भगवती, मर्चवारीमाई, ऐतिहासिक स्थलको रूपमा जितगढी साथै पाणिनि तपोभूमिलगायतका पर्यटकीय स्थलहरू समेत यस प्रदेशमा रहेका छन् ।

१ करोड १० लाख वर्ष पुरानो मानव पुर्खा रामापिथेकसको दन्तावशेष फेला परेको तिनाउको तट, पाषाणकालीन मानवको बसोबास रहेको दाङको देउखुरी, थारू राजाको दरबार रहेको स्थान दंगीशरण, थारू संस्कृतिसँग जोडिएको जंगल कुटी चखौरा, १८ मगरातको सुरु भएको स्थल हुकाम मैकाम तथा राणाकालीन तानसेन दरबार र रानी महल जस्ता ऐतिहासिक एवम् पुरातात्विक सम्पदाहरुजन्य पर्यटकीय स्थलहरु यस प्रदेशका अमूल्य गहनाका रुपमा रहेका छन् ।

पर्यापर्यटन क्षेत्रका रूपमा बर्दिया र बाँके राष्ट्रिय निकुञ्ज, ढोरपाटन शिकार आरक्ष, कृष्णसार संरक्षण क्षेत्र आदि रहेका छन् । यस प्रदेशमा रहेका रामसार सूचीकृत जगदिशपुर चरा संरक्षण क्षेत्रलगायतका विभिन्न ताल तलैयाहरू, बबई तथा कर्णाली नदीका गोही तथा डल्फिन संरक्षण क्षेत्र आदि समेत पर्यटकीय क्षेत्रहरू हुन् । सिस्ने हिमाल, पुथा हिमाल तथा तातो पानीका मुहान र प्रदेशका विभिन्न जिल्लामा ताल, झरना र प्राकृतिक गुफाहरू रहेका छन्। ऐतिहासिक बाइसे चौबिसे राज्यका राजधानीका रूपमा रहेका कोट र किल्लाहरू पनि यस प्रदेशमा प्रशस्त रहेका छन् । युद्ध पर्यटनको रूपमा रोल्पाको टिला, चुनवाङ, गाम लगायतका स्थलहरू पनि पर्यटकीय आकर्षणको रूपमा रहेका छन् ।

प्रदेश सरकारले २८३ पर्यटकीय गन्तव्य पहिचान गरी पर्यटन पूर्वाधार विकास र प्रचार प्रसारको कार्य गरेको छ । सडक सञ्जाल, गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल, नेपालगन्ज विमानस्थल, दाङ टरीगाउँ विमानस्थल, गुल्मी रेसुङ्गा विमानस्थल, पर्यटकीय होटलहरू समेत यस प्रदेशका पर्यटनका मुख्य पूर्वाधार हुन् । भौगोलिक, प्राकृतिक, धार्मिक, कला र संस्कृति तथा जातिगत विविधता रहेकाले यो प्रदेशले प्रमुख पर्यटकीय गन्तव्यस्थल बन्न सक्ने प्रशस्त सम्भावना बोकेको छ ।

**(२) प्रमुख समस्या**

प्रदेशमा भ्रमण गर्ने अधिकांश पर्यटक लुम्बिनीको मात्र भ्रमण गरेर फर्किने गरेकाले पर्यटकको बसाइ अवधि छोटो हुनु, बुद्धकालीन तथा अन्य धार्मिक एवम् ऐतिहासिक पर्यटकीय स्थलसम्म सहज आवागमनका लागि सडक र यातायात सञ्जाल पूर्वाधार विकास हुन नसक्नु, प्रदेशका अन्य पर्यटकीय स्थलहरूमा पुग्ने सुलभ र सुविधा सम्पन्न यातायात सञ्चालन हुन नसक्नु, पर्यटकीय क्षेत्रको प्रचार प्रसारको कमी, प्रदेश सरकारको संस्थागत संरचना कमजोर तथा अस्थिर हुनु, पर्यटकीय विकासमा अन्तरसरकार समन्वय र सहकार्य हुन

नसक्नु, गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा अन्तर्राष्ट्रिय उडान नियमित रूपमा सुचारु हुन नसक्नु, पर्यटन पथप्रदर्शकको पर्याप्त व्यवस्था नहुनु, पर्यटकीय उपजहरूको कमी, लुम्बिनीबाहेकका प्रायः पर्यटकीय गन्तव्यको पर्यटक आगमनसम्बन्धी तथ्याङ्क व्यवस्थापन नहुनु जस्ता समस्याहरु रहेका छन् ।

**(३) अवसर र चुनौती**

लुम्बिनी एउटा पृथक ब्राण्ड र आस्थाको केन्द्र एवम् बौद्ध धामको रुपमा स्थापित हुनु; लुम्बिनी क्षेत्रमा पर्यटन प्रवर्धनका लागि होटल तथा पर्यटकीय सेवासम्बन्धी पूर्वाधार विकास उल्लेख्य रूपमा हुनु; प्रदेशमा आन्तरिक र अन्तर्राष्ट्रिय गरी ४ वटा विमानस्थल सञ्चालनमा हुनु; भैरहवा-काठमाण्डौ, भैरहवा-पोखरा आन्तरिक हवाई सेवाबाट जोडिनु; प्रदेशसँग आबद्धता हुने विभिन्न सडक स्तरोन्नतिको क्रममा हुनु; विश्वकै ठूलो जनसंख्या भएका छिमेकी भारत र चिनियाँ पर्यटकहरूको रोजाइमा प्रदेशका पर्यटकीय क्षेत्र पनि पर्नु; बेलहिया, रुपैडिया, कृष्णनगर जस्ता ठूला तथा अन्य विभिन्न भारतीय सीमा नाका रहनु सिङ्गो प्रदेशका लागि महत्वपूर्ण अवसरहरु हुन् ।

विश्व सम्पदा सूचीमा रहेको गौतम बुद्धको जन्मस्थल लुम्बिनी रहेकोमा तिलौराकोट र रामग्रामलाई पनि विश्वसम्पदा सूचीमा सूचीकृत गर्ने प्रक्रिया सुरु गरिनु; पर्यटन प्रवर्धनलाई टेवा पुग्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका कार्यक्रम आयोजना गर्ने पूर्वाधारको विकास हुनु; बृहत् लुम्बिनी पर्यटकीय सर्किटको अवधारणा विकास हुनु; प्राकृतिक, धार्मिक, सांस्कृतिक एवम् ग्रामीण पर्यटकीय क्षेत्रलाई नयाँ पर्यटकीय गन्तव्यको रुपमा विकास तथा प्रवर्धन गर्ने सूचीमा समावेश गरिनुले पनि यस प्रदेशमा फराकिलो पर्टकीय सम्भावना रहेको देखिन्छ । प्रकृतिमा आधारित पर्यटनका लागि बर्दिया र बाँके राष्ट्रिय निकुञ्ज, कृष्णसार संरक्षण क्षेत्र, शिकार पर्यापर्यटनका लागि ढोरपाटन शिकार आरक्षलगायतका विविध पर्यटकीय उपजका लागि समेत यहाँ राम्रो सम्भावना रहेको छ। नेपालगन्ज र भैरहवाका क्यासिनोमा भारतीय पर्यटकको आकर्षण बढ्नु तथा पर्यटन व्यवसायमा निजी क्षेत्र आकर्षित हुने वातावरण बन्दै जानुले यस प्रदेशमा पर्यटन क्षेत्रको विकासका लागि अवसरको ढोका खोलेको छ।

गुणस्तरिय एवम् सुविधासम्पन्न पर्यटकीय पूर्वाधारको विकास गर्नु; पर्यटनको विकासका लागि पर्याप्त सुविधा, सूचना र सुरक्षाको व्यवस्था गर्नु; पर्यटन क्षेत्रमा निजी लगानी आकर्षित गर्नु; लुम्बिनी तथा आसपासको पर्यटकीय क्षेत्रहरूमा रिक्रिएसन (मनोरञ्जन) का पर्याप्त साधन विकास गरी आन्तरिक तथा बाह्य पर्यटकको बसाइ अवधि लम्ब्याउनु; अन्तर सरकार, अन्तर प्रदेश समन्वय र सहकार्य गर्नु तथा पर्यटनलाई आन्तरिक उत्पादन तथा रोजगारीसँग जोड्नु यस क्षेत्रका प्रमुख चुनौतीका रुपमा रहेका छन् ।

**(४) दीर्घकालीन सोचः** पर्यटन प्रवर्द्धनः आर्थिक समृद्धि ।

**(५) लक्ष्यः** पर्यटन क्षेत्रको विकास, विस्तार र प्रवर्धन गरी आय तथा रोजगारी वृद्धि गर्ने ।

**(६) उद्देश्यः**

(१) प्रदेशमा भएका पर्यटकीय क्षेत्रहरूको संरक्षण, पूर्वाधार विकास, प्रवर्धन एवम् बजारीकरण गर्नु ।

(२) पर्यटनलाई आय र रोजगारीको प्रमुख क्षेत्रका रूपमा विकास गर्नु ।

**(७) रणनीति र कार्यनीति**

रणनीति १: संस्थागत संरचना सुदृढ गर्ने।

**कार्यनीतिहरू**

(१) पर्यटनको विकासको लागि आवश्यक नीति, नियम, निर्देशिकाहरूको व्यवस्था गरिनेछ ।

(२) प्रदेशको पर्यटन क्षेत्रको एकीकृत विकासको लागि प्रदेश स्तरीय दीर्घकालीन एकीकृत पर्यटन विकास योजना निर्माण गरी कार्यान्वयन गरिनेछ ।

(३) प्रदेशको पर्यटनको विकासका लागि प्रादेशिक संस्थागत संरचनाको रूपमा पर्यटन विकास परिषद्लाई प्रभावकारी परिचालन गरिनेछ । यसलाई सार्वजनिक निजी सहकार्यको विशिष्टीकृत संरचनाको रूपमा विकास गरिनेछ।

(४) पर्यटन स्थल भएका स्थानीय तहहरूमा पर्यटन सूचना इकाई स्थापना गर्ने र स्थानीय गाइडहरूको विकास गर्न समन्वय गरिनेछ ।

(५) प्रदेशको आन्तरिक पर्यटन प्रवर्धनमा स्थानीय तहसँग आवश्यक सहयोग तथा सहकार्य गरिनेछ ।

(६) गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा पर्यटकीय सूचना केन्द्रको व्यवस्था गरिनेछ ।

**रणनीति २: पर्यटकीय स्थलहरूको संरक्षण र संवर्धन गर्ने ।**

**कार्यनीतिहरू**

(१) पर्यटन उद्योगहरूलाई सहयोग पुग्ने गरी विद्यमान पर्यटन स्थल र प्रदेशस्तरीय दीर्घकालीन एकीकृत पर्यटन विकास योजनाले पहिचान गरेका नयाँ पर्यटकीय गन्तव्य स्थलहरूको भौतिक पूर्वाधारसमेतको विकास गर्दै संरक्षण र संवर्धन गरिनेछ ।

(२) लुम्बिनी आएका पर्यटकहरूलाई यस प्रदेशका अन्य पर्यटन गन्तव्य स्थानहरूमा आकर्षित गर्ने गरी पर्यटकीय स्थलहरूको विकास र प्रचार प्रसार गरिनेछ ।

(३) यस प्रदेशका सबै जिल्लाहरूमा रहेका ताल, धार्मिक क्षेत्र, तीर्थस्थल र ऐतिहासिक मठमन्दिर तथा सम्पदा, गुरिल्ला मार्ग, युद्ध सङ्ग्रहालय, यार्शा मार्ग, उद्यान, इको भिलेज समेतलाई आधार बनाएर आवश्यक पूर्वाधारहरू विकास गरी पर्यटन प्रवर्धन गरिनेछ ।

(४) हिल स्टेशनहरूको विकास र प्रवर्धन गरी आन्तरिक र बाह्य पर्यटकहरू आकर्षित गरिनेछ ।

(५) पहाडी तथा हिमाली जिल्लाहरूमा भएका तातोपानीका मुहानहरूलाई संरक्षण र संवर्धन गर्दै स्वास्थ्य पर्यटनको रूपमा विकास गरिनेछ ।

**रणनीति ३: पर्यटकीय उपजहरूको विकास गरी बसाइ अवधि बढाउने ।**

**कार्यनीतिहरू**

(१) लुम्बिनी भ्रमण गर्ने पर्यटकको भ्रमणलाई अन्य धार्मिक सांस्कृतिक कार्यक्रमहरूसंग जोडेर प्याकेजिङ गरी बसाइ अवधि बढाइनेछ।

(२) लुम्बिनी सर्किटको प्रवर्धन गर्दै वर्दिया राष्ट्रिय निकुञ्ज र मुक्तिनाथलाई समेत यसमा आबद्ध गरिनेछ।

(३) प्रदेशका सम्भाव्य ठाउँहरूमा ट्रेकिङ, बञ्जिजम्पिङ, क्यानोनिङ, ऱ्याफ्टिङ, प्याराग्लाइडिङ, जीपलाइन, साइक्लिङ, वाकथनलगायतका उपजहरूको विकास र विस्तार गरिनेछ।

(४) द्वन्द्वकालमा प्रयोग भएका ऐतिहासिक स्थल र परिघटनामा आधारित गुरिल्ला ट्रेल, युद्ध सङ्ग्रहालय समेतलाई पर्यटकीय उपजको रूपमा विकास र विस्तार गरिनेछ।

(५) क्यासिनो, हिल स्टेसनलगायतका मनोरञ्जनात्मक पर्यटकीय कार्यक्रमहरूको विकास र कार्यान्वयन गरिनेछ।

(६) प्रदेशको थारू, अवध, मगर र खस-आर्य एवम् मुस्लिम संस्कृतिलाई पर्यटकीय उपजको रूपमा ब्रान्डिङ र बजारीकरण गरिनेछ।

(७) प्रदेशमा ऐतिहासिक, धार्मिक, सांस्कृतिक, प्राकृतिक सम्पदाहरूका विषयगत (Thematic) सङ्ग्रहालयको स्थापना र स्तर वृद्धि गरी पर्यटकीय केन्द्रको रूपमा विकास गरिनेछ।

(८) प्रदेशको उच्च पहाडी र हिमाली क्षेत्रमा साहसिक पर्यटनको विकास गरिने छ।

(९) उचाइमा हुने खेलकुद (High Altitude Game) प्रतियोगिताका लागि रुकुम पूर्वको हिमाली भेगमा पूर्वाधार निमार्ण गर्न निजी क्षेत्रसंग सहकार्य गरिनेछ ।

**रणनीति ४: पर्यटकीय गन्तव्यहरू (Tourism Destinations) को प्रचारप्रसार गर्ने।**

**कार्यनीतिहरू**

(१) निजी क्षेत्रसँगको सहकार्यमा प्रत्येक दुई वर्षमा लुम्बिनी भ्रमण वर्ष आयोजना गरी पर्यटन प्रवर्धनसम्बन्धी क्रियाकलाप र कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

(२) गौतम बुद्धको जन्मस्थल लुम्बिनी, प्राचीन कपिलवस्तु, मावली देवदह, अस्तु धातु रहेको स्थान रामग्राम, नारायणी नदीको ठाडीघाटलगायत बुद्धसँग सम्बन्धित स्थलहरूलाई बुद्धिष्ट सर्किटको रूपमा विकास गरी प्रभावकारी ढंगले प्रचार प्रसार गरिनेछ ।

(३) राष्ट्रिय तथा छिमेकी देश भारत र चीनलगायत अन्तर्राष्ट्रिय स्तरमा निजी क्षेत्रको सहकार्यमा पर्यटकीय स्थल र गन्तव्यहरूको सूचना तथा प्रचारप्रसारको लागि नेटवर्किङ गरिनेछ ।

(४) पर्यटन गन्तव्य विशेष मेला तथा विभिन्न महोत्सव आयोजना गर्न सहकार्य गरिनेछ ।

(५) लुम्बिनीको पर्यटन प्रवर्धन गर्न डिजिटल प्लेटफर्मको विकास गरिनेछ ।

(६) प्रदेश भित्रिने नाकाहरूमा स्थानीय तहको सहकार्यमा पर्यटन सूचना केन्द्र स्थापना गरिनेछ ।

**रणनीति ५: पर्यटनलाई आन्तरिक उत्पादन र रोजगारीसँग जोड्ने ।**

**कार्यनीतिहरू**

(१) पर्यटन उद्योगलाई चाहिने वस्तु तथा सेवाहरू आन्तरिक रूपमा उत्पादन गर्न प्रोत्साहित गरिनेछ।

(२) अर्गानिक खाद्यान्न, तरकारी, फलफूल, दुध तथा मासु उत्पादन एवम् माछापालनमा संलग्न फर्म तथा गाउँहरूलाई होमस्टेसँग जोडी कृषि पर्यटनको रूपमा सञ्चालन गर्न निरन्तर प्रोत्साहित गर्नुका साथै थारू र मगरलगायतका विभिन्न संस्कृतिलाई प्रर्वद्धन गर्न परम्परागत आकर्षक बस्ती भएका ठाउँहरूमा स्थानीय तहसंगको सहकार्यमा होमस्टे सञ्चालन तथा पाहुना घर बनाउन सहयोग गरिनेछ ।

(३) गौतम बुद्धसँग सम्बन्धित पर्यटकीय क्षेत्रहरू जोड्ने गरी निजी क्षेत्रसँगको सहकार्यमा पर्यटकीय बस सेवा सञ्चालन गरिनेछ ।

(४) कालीगण्डकी मार्गलाई शालिग्राम मार्गको रूपमा ब्रान्डिङ गरिनेछ।

(५) माटो, धातु, काठ तथा प्रस्तरका बुद्धमूर्ति एवम् हस्तकलाका अन्य वस्तुहरू निर्माणका लागि स्थानीय युवालाई तालिम दिई उत्पादनमा सहयोग पुऱ्याइनेछ ।

(६) अन्तर्राष्ट्रियस्तरका सभा सम्मेलन, छिमेकी देशहरूमा लोकप्रिय खेलकुद र सहासिक खेल पर्यटन तथा स्वास्थ्य उपचार पर्यटनको सम्भावना पहिचान गरिनेछ।

**रणनीति ६: स्थानीय समुदायमा पर्यटन व्यवसायसम्बन्धी सीप र दक्षता अभिवृद्धि गर्ने ।**

**कार्यनीतिहरू**

(१) पर्यटन क्षेत्रका लागि चाहिने जनशक्ति उत्पादन र स्थानीय समुदायहरूलाई पर्यटनमैत्री बनाउने गरी क्षमता विकास गर्न निजी क्षेत्र तथा सामुदायिक संस्थाहरूसँग सहकार्य गर्दै आवश्यक तालिम र क्षमता अभिवृद्धि गर्ने कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

(२) प्रदेशभित्र रहेका पर्यटन व्यवस्थापनसम्बन्धी उच्च शिक्षा तथा तालिम सञ्चालन गर्ने संघसंस्थाहरूलाई प्रवर्धन तथा क्षमता विकासका लागि टेवा पुऱ्याइने छ।

**रणनीति ७: पर्यटनको विकासको लागि स्थानीय तह, प्रदेश, संघ र अन्य सरोकारवाला निकायहरूसंग सहकार्य गर्ने ।**

**कार्यनीतिहरू**

(१) पर्यटन प्रवर्धनका लागि "सँगसँगै पर्यटन" भन्ने नाराका साथ प्रदेशभित्रका पर्यटन सम्भाव्य स्थानीय तह र छिमेकी प्रदेशसँग सहकार्य गर्न Tourism Forum सञ्चालन गरिनेछ ।

(२) पर्यटन विकाससँग सम्बन्धित सरोकारवाला निकायहरूसँग समन्वय र सहकार्य गर्दै Tourism Exchange कार्यक्रम सञ्चालन गरिनेछ ।

(३) सम्भाव्य क्षेत्रीय स्तरका हवाई उडानका लागि आवश्यक पहल र समन्वय गरिनेछ ।

**(८) परिमाणात्मक लक्ष्य**

**तालिका ५.१० पर्यटनसम्बन्धी परिमाणात्मक लक्ष्य**

| क्र.सं. | परिसूचकहरू | एकाइ | आर्थिक वर्ष २०८०/८१ को अवस्था | आर्थिक वर्ष २०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| १. | कुल गार्हस्थ्य उत्पादनमा पर्यटन क्षेत्रको योगदान | प्रतिशत | ४ | ७ |
| २. | पर्यटन उद्योगको कुल उत्पादन | रू. करोड | ३१६८ | ७८५७ |
| ३. | पर्यटन क्षेत्रबाट आय | रू. करोड | १६९ | १०४४ |
| ४. | आन्तरिक तथा बाह्य पर्यटकको आगमन | संख्या हजारमा | ११६८ | २१९९ |

*स्रोतः उद्योग, पर्यटन तथा यातायात मन्त्रालय, २०८१*

## ५.४ वित्तीय समावेशिता

**(१) पृष्ठभूमि**

आर्थिक उदारीकरणसँगै वित्तीय क्षेत्रमा आएको उदारीकरणको नीतिले नेपालमा बैंक तथा वित्तीय संस्थाहरूको विस्तार उल्लेख्य मात्रामा भएको छ । लुम्बिनी प्रदेशमा बाणिज्य बैंक, विकास बैंक, वित्त कम्पनी र लघु वित्तका विभिन्न शाखाहरू सञ्चालन रहेका छन् । बैंक तथा वित्तीय संस्थाहरूको देशभरिका कुल शाखाहरूमध्ये १९ प्रतिशत यस प्रदेशमा रहेका छन् । प्रदेशका सबै स्थानीय तहमा बैंक तथा वित्तीय संस्थाको पहुँच पुगेको छ । वित्तीय संस्थाको पहुँच विस्तारले प्रदेशको अर्थतन्त्रलाई मजबुत बनाउन आधार तयार गर्दछ ।

लुम्बिनी प्रदेश वित्तीय साक्षरतामा छैटौं स्थानमा रहेको छ भने महिलाहरुको वित्तीय पहुँच ६५ प्रतिशत रहेको छ । दिगो विकास लक्ष्यमा वित्तीय समावेशीकरणलाई प्रमुख सहयोगी विषयको रूपमा पहिचान गरिएको छ। वित्तीय सेवामा बढ्दो पहुँचले धेरै वटा दिगो विकास लक्ष्यको उपलब्धिका लागि सहयोग पुगेको छ । यो सीमान्तकृत समुदायहरूलाई सशक्तीकरण गर्ने आधारभूत प्रक्रिया हो ।

**(२) प्रमुख समस्या**

औपचारिक वित्तीय सेवा दूर्गम ग्रामिण भेग तथा लक्षित वर्गसम्म पुग्न नसक्नु, लघुवित्त संस्था र सहकारी प्रति नकारात्मक धारणाको विकास हुनु, वित्तीय संस्थाको पँहुच भएका ग्रामीण क्षेत्रमा पनि पर्याप्त वित्तीय जानकारीको अभाव हुनु, वित्तीय प्रोडक्टहरूको सीमितता जस्ता प्रमुख समस्याहरु यस क्षेत्रमा रहेका छन् ।

## (३) अवसर र चुनौती

बैंक तथा वित्तीय संस्थाको शाखा विस्तार हुनु, जीवन तथा निर्जीवन बिमकको पर्याप्त उपलब्धता रहनु, डेबिट र क्रेडिट कार्ड लिनेको संख्यामा उल्लेख्य वृद्धि हुनु, विद्युतीय कारोवार बढ्दो रूपमा हुनु, सबै स्थानीय तहमा बैंक तथा वित्तीय संस्थाको शाखा बिस्तार हुनु, सहकारी संस्थाहरूले बचत तथा ऋण परिचालन गरेर ग्रामीण बस्तीहरूसम्म वित्तीय पहुँचको विस्तार गर्नु, सार्वजनिक निकायहरूबाट समेत विद्युतीय भुक्तानी प्रणालीको अवलम्बन गरिनु, सामाजिक सुरक्षा भत्ता बैंक खातामार्फत वितरण हुनु, डिजिटल नेपाल फ्रेमवर्क २०७६ मार्फत डिजिटल कारोबारलाई प्रोत्साहन गरिनु जस्ता अवसरहरु यस क्षेत्रमा रहेका छन्।

बढ्दो वित्तीय ठगीको नियन्त्रण गर्नु, बैंक तथा वित्तीय संस्थाको अनुगमन तथा नियमन प्रभावकारी बनाउनु, सहकारीको सिद्धान्तअनुसार सहकारी संस्थाहरुको परिचालन गर्नु, सहकारी संस्थाहरूको प्रभावकारी नियमन गर्नु, ग्रामीण महिला र लक्षित वर्गको बैंकिङ सेवामा पहुँच पुर्‍याउनु जस्ता चुनौतीहरु रहेका छन् । यसैगरी न्यून कर्जा प्रवाह भएका रुकुम (पूर्व), रोल्पा, प्यूठान, गुल्मी, अर्घाखाँची र पाल्पालगायतका जिल्लाहरूमा लगानी विस्तार गर्दै वित्तीय स्रोतमा समान पहुँच पुर्‍याउनु पनि यस क्षेत्रको थप चुनौतीको रूपमा रहेको छ ।

**(४) दीर्घकालीन सोचः** औपचारिक अर्थतन्त्रको विस्तारः वित्तीय सेवामा पहुँच

**(५) लक्ष्यः** प्रदेशको सबै क्षेत्रमा वित्तीय सेवा, पहुँच र क्षमताको विस्तार गर्ने ।

**(६) उद्देश्यः**

(१) सबै नागरिकसम्म वित्तीय साक्षरता बढाउनु ।

(२) वित्तीय पहुँच अभिवृद्धि गर्दै सबैलाई सुलभ वित्तीय सेवा उपलब्ध गराउनु ।

## (७) रणनीति र कार्यनीति

**रणनीति १: वित्तीय साक्षरता बढाउने।**

**कार्यनीतिहरू**

(१) स्थानीय तहलाई वित्तीय साक्षरतासम्बन्धी रणनीतिक योजना तर्जुमा गर्न सहजीकरण गरिनेछ ।

(२) वित्तीय साक्षरता दिने संघसंस्थाहरूको पहिचान गरी प्रादेशिक समन्वयको व्यवस्था मिलाउने तथा स्थानीय तहसँग सञ्जालीकरण गरिनेछ ।

(३) वैदेशिक रोजगारीमा जाने र तिनका परिवारलाई बैंक खाता खोल्न, विप्रेषण रकमलाई बैंकमार्फत कारोबार गर्न साथै विप्रेषण रकमको सदुपयोग गर्न वित्तीय साक्षरता प्रदान गरिनेछ ।

(४) स्थानीयस्तरका तालिम तथा अभिमुखीकरणमा वित्तीय साक्षरतासम्बन्धी अनुशिक्षण गर्ने व्यवस्था गरिनेछ ।

(५) वित्तीय साक्षरता बढाउन नेपाल राष्ट्र बैंक तथा बैंक र वित्तीय संस्थाहरूसँग समन्वय गरिनेछ ।

(६) औपचारिक वित्तीय कारोबार बढाउन बैंक, वित्तीय संस्था तथा स्थानीय तहमार्फत सचेतनासम्बन्धी कार्यक्रम अभियानका रूपमा सञ्चालन गरिनेछ ।

(७) डिजिटल वित्तीय कारोबारसम्बन्धी सचेतना अभिवृद्धि गरिनेछ। डिजिटल फाइनान्सियलइको सिस्टमको विकास गर्दै ग्रामीण भेगका जनताहरूलाई सहज वित्तीय पहुँचमाथिको अवसरहरू सिर्जना गर्न सहयोग र सहजीकरण गरिनेछ ।

(८) मिटर ब्याज, ढुकुटी, हुण्डी जस्ता दर्ता बिना सञ्चालन हुने वित्तीय कारोबारहरूको प्रभावकारी अनुगमन गरी कानुनबमोजिम कारबाही गर्न सहजीकरण गरिने छ ।

(९) प्रदेशभित्र उत्कृष्ट वित्तीय साक्षरता प्रदान गर्ने बैंक तथा वित्तीय संस्थाहरूलाई सम्मान एवम् पुरस्कृत गरिनेछ ।

**रणनीति २: लक्षित वर्गमा वित्तीय पहुँच अभिवृद्धि गर्ने ।**

**कार्यनीतिहरू**

(१) लक्षित वर्गका लागि संचालन गरिने प्रदेश सरकारको सहुलियत ऋण कार्यक्रममा प्रदेशस्थित विकास बैंक, फाइनान्स कम्पनी र लघु वित्त कम्पनीहरूलाई सहभागी हुन प्रेरित गरिनेछ ।

(२) प्रादेशिक विकासको लागि पहिचान भएका क्षेत्रमा लगानी गर्ने वातावरण बनाउन बैंक तथा वित्तीय संस्थाहरूसंग सहकार्य गरिनेछ।

(३) वित्तीय सेवामा महिलाहरूको पहुँच अभिवृद्धि गर्न आवश्यक स्रोत व्यक्ति (प्रशिक्षक, सहजकर्ता, डिजिटल च्याम्पियन आदि) तयार गर्दै बैंक खाता खोल्न प्रोत्साहन गरिनेछ ।

**रणनीति ३: वित्तीय सेवाको पहुँच विस्तार गर्ने।**

**कार्यनीतिहरू**

(१) वित्तीय सेवाको पहुँच नभएका क्षेत्रमा शाखारहित बैंक, डिजिटल बैंक तथा बैंक एजेन्ट जस्ता बैकल्पिक उपायद्वारा वित्तीय सेवा प्रवाह गर्न बैंकहरूसँग सहकार्य गरिनेछ ।

(२) एक घर एक बैंक खाता खोल्ने अभियानलाई प्रवर्धन गरिनेछ।

**रणनीति ४: बिमा सेवाको पहुँच विस्तार गर्न सहजीकरण गर्ने ।**

**कार्यनीतिहरू**

(१) स्वास्थ्य बिमा, बाली तथा पशुपन्छी बिमा एवम् जीवन बिमामा आबद्ध हुन अभिप्रेरित गरिनेछ ।

(२) बिमा शिक्षा कार्यक्रम सञ्चालन गर्न बिमा कम्पनीहरूसँग सहकार्य गरिनेछ ।

**(८) परिमाणात्मक लक्ष्य**

**तालिका ५.११ वित्तीय समावेशितासम्बन्धी परिमाणात्मक लक्ष्य**

| क्र.सं. | परिसूचकहरू | एकाइ | आर्थिक वर्ष २०८०/८१ को अवस्था | आर्थिक वर्ष २०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| १. | कम्तीमा एक जनाको बैङ्कमा खाता हुने परिवार | संख्या | ६१.५२ | ९० |
| २. | वित्तीय साक्षरता | प्रतिशत | ६३.०३ | ८५ |

| | | | | |
|---|---|---|---|---|
| ३. | कुल निक्षेप रकम | रू.अर्बमा | ५०६.९६ | १००६.९६ |
| ४. | कुल कर्जा प्रवाह रकम | रू.अर्बमा | ५५८.८९ | ९०८.८९ |
| ५. | बिमा सेवा पुगेको जनसंख्या | प्रतिशत | १७.७५ | २५ |

*स्रोतः नेपाल राष्ट्र बैंक, २०८१*

## ५.५ सहकारी

### (१) पृष्ठभूमि

सहकारी क्षेत्र संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार सूचीमा रहेको छ । सहकारीको नियमन संघको अधिकारभित्र र एकभन्दा बढी स्थानीय तहलाई समेट्ने सहकारी संस्था प्रदेशको तथा एउटै स्थानीय तहभित्र रहने सहकारी संस्था स्थानीय तहको अधिकारभित्र रहेका छन् । नेपालको संविधानले अर्थतन्त्रका तीनमध्ये एउटा खम्बाको रूपमा सहकारी क्षेत्रलाई मानेको छ । सहकारी संस्था संगठित सदस्यहरूको सहकार्यबाट चल्ने संस्था भएकाले यसले समावेशी र समन्यायिक विकास; मुलुकको आर्थिक, सामाजिक र सांस्कृतिक रूपान्तरणका साथै समाजवाद उन्मुख अर्थतन्त्र निर्माणमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने बिश्वास लिइएको छ।

लुम्बिनी प्रदेशमा रहेका ३ हजार ७५५ सहकारी संस्थाहरूमा ८ लाख ९८ हजार ६११ सदस्य आबद्ध रहेका छन् । सहकारी संस्थाहरूको कुल शेयर पुँजी करिब रू. ४ अर्ब ८९ करोड रहेको छ । सहकारी क्षेत्रले छरिएर रहेको सीप, श्रम, प्रविधि र पुँजीलाई एकीकृत गर्दै उत्पादन, उत्पादकत्व र रोजगारी वृद्धि गरी प्रदेशको आर्थिक विकासमा महत्वपूर्ण योगदान पुऱ्याउन सक्तछ। सहकारी क्षेत्रले कोरोनाबाट प्रभावित व्यवसायका लागि प्रदान गरेको सहुलियतपूर्ण कर्जा असुल गर्न नसक्दा यस क्षेत्रको उत्पादनमुखी कर्जा लगानीमा नकारात्मक प्रभाव परेको छ । त्यसैगरी, संस्थागत सुशासन एवम् प्रभावकारी अनुगमनको कमीका कारण केही सहकारीबाट बचत रकमको दुरुपयोग हुँदा सुशासन कायम गरेका सहकारीमा समेत यसको नकारात्मक असर परेको छ । सहकारी संस्थाहरूबिच सदस्य बढाउने अस्वस्थ प्रतिस्पर्धा र अन्तर सहकारी समन्वयको अभावले एउटै व्यक्ति विभिन्न सहकारीमा सदस्य हुने र धेरैबाट ऋण उपयोग गर्ने प्रवृत्तिले ऋण असुलीमा समस्या उत्पन्न भएको छ ।

### (२) प्रमुख समस्या

प्रदेशको समग्र अर्थतन्त्रमा सहकारी क्षेत्रको योगदान न्यून रहनु; सहकारीको सिद्धान्त तथा मर्म, मूल्य र मान्यता अनुसार सहकारीहरु संचालन नहुनु; सदस्यहरूमा सहकारी शिक्षाको कमी हुनु; व्यावसायिक सीप र क्षमताको कमी हुनु; संस्थागत सुशासन र स्वनियमनको कमी हुनु; सञ्चालनमा पारदर्शिताको अभाव रहनु; प्रभावकारी नियमनमा प्रश्न उठ्नु; उत्पादनशील क्षेत्रमा सहकारीको लगानी न्यून हुनु जस्ता समस्याहरू यस क्षेत्रमा रहेका छन् ।

**(३) अवसर र चुनौती**

नेपालको संविधानमा सहकारीलाई मुलुकको अर्थतन्त्रको तेस्रो खम्बाका रूपमा स्वीकारिनु; सहकारी संस्थामार्फत धेरै संख्यामा सदस्यहरू संगठित हुनु; संख्यात्मक रूपमा सहकारी संस्थाको प्रदेशभर नै उपस्थिति रहनु; ससाना बचतबाट एकीकृत पुँजीको संकलन र लगानी निर्माण हुने अवसर हुनु साथै उत्पादन वृद्धि, रोजगारी सिर्जना एवम् गरिबी न्यूनीकरण र समाजवाद उन्मुख अर्थतन्त्र निर्माणका लागि सहकारी क्षेत्र महत्त्वपूर्ण माध्यम हुन सक्ने अवसर रहेको छ ।

सहकारीको प्रभावकारी अनुगमन तथा नियमन गर्नु, सहकारीको लगानी उत्पादनशील र गरिबी न्यूनीकरणको क्षेत्रमा परिचालन गर्नु, सहकारीबाट हुने ठगी नियन्त्रण गर्नु, सहकारीहरूको क्षमता अभिवृद्धि गर्नु, स्थानीय तहको सहकारीसम्बन्धी जनशक्तिको क्षमता विकास गर्नु साथै नागरिकहरूमा वित्तीय साक्षरतामा वृद्धि गर्नु जस्ता कार्यहरु प्रमुख चुनौतीका रूपमा रहेका छन्।

**(४) दीर्घकालीन सोचः** सहकारीको विकासः समाजवाद उन्मुख अर्थतन्त्र निर्माण ।

**(५) लक्ष्यः** सहकारीको सिद्धान्त, मूल्य र मान्यता अनुरूप सहकारी संस्थाहरूको सञ्चालन गर्ने।

**(६) उद्देश्यः**

(१) सहकारी संघ–संस्थाहरूको व्यावसायिकता अभिवृद्धि गर्न सहयोग पुऱ्याउनु ।

(२) सहकारीको प्रभावकारी अनुगमन र नियमन गर्नु ।

**(७) रणनीति र कार्यनीति**

**रणनीति १: नीतिगत तथा संस्थागत सुदृढीकरण गर्ने ।**

**कार्यनीतिहरू**

(१) सहकारी संस्थाहरूको प्रवर्द्धन, प्रभावकारी नियमन र सञ्चालनका लागि आवश्यक नियम, कानुन तथा संस्थागत व्यवस्था गरिनेछ।

(२) सहकारी बहुआयामिक क्षेत्र भएका कारणले उद्योग, कृषि, शिक्षा, स्वास्थ्य, पर्यटन, यातायात, श्रम आदिसँग सम्बन्धित विषयगत कानुन सहकारीमैत्री बनाउने प्रयास गरिनेछ ।

(३) प्रदेश सहकारी विकास बोर्ड र सहकारी प्रवर्धन कोषको सञ्चालन कार्यविधि तयार गरी प्रभावकारी रूपमा सञ्चालन गरिनेछ ।

(४) प्रादेशिक सहकारीमा देखिएका समग्र समस्याहरूको अध्ययन गर्न कार्यदल गठन गरी प्राप्त सुझावहरूको प्रभावकारी कार्यान्वयन गरिनेछ ।

(५) सहकारी संघ-संस्थाका लागि भ्रमण, प्रोत्साहन तथा जनचेतना अभिवृद्धि एवम् सहकारी शिक्षा र तालिमलगायतका क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ ।

(६) सहकारी संघ–संस्थाहरूको पूर्वाधार विकास गर्न सहयोग प्रदान गरिनेछ ।

(७) सहकारी संस्था, स्थानीय तह र नियामक निकायको क्षमता अभिवृद्धिका लागि सहकारी तालिम केन्द्रलाई परिचालन गरिनेछ।

**रणनीति २: सहकारीको अनुगमन तथा नियमनलाई प्रभावकारी बनाउने।**

**कार्यनीतिहरू**

(१) सहकारी संघ एवम् विषयगत संघहरूलाई आफ्ना सदस्य संस्थाले उद्देश्य अनुरूप कार्य गरे नगरेको अनुगमन गरेर स्थानीय तह र प्रदेश सरकारका निकायमा प्रतिवेदन दिनुपर्ने नीतिगत व्यवस्था गरी कडाइका साथ कार्यान्वयन गरिनेछ ।

(२) सहकारी संघसंस्थाहरूको अनुगमन तथा नियमन गर्न प्रदेश तह र स्थानीय तहको संरचनाको क्षमता वृद्धि गरिनेछ ।

(३) समस्याग्रस्त सहकारी सम्बन्धमा सम्बद्ध सबै पक्षहरूसँग समन्वय गरी समाधानको प्रक्रिया अघि बढाइनेछ ।

(४) सहकारीको मर्म अनुरूप संचालन नभएका, ठगीमा संलग्न भएका र विधानको पालना नगरेका सहकारीहरूलाई कानुनअनुसार तत्काल कारबाही गर्ने व्यवस्था गरिनेछ ।

(५) प्रदेशस्तरीय सफ्टवेयरको व्यवस्था गरी प्रदेशमा रहेका सबै सहकारी संघ संस्थाहरूको आधारभूत विवरण अद्यावधिक गरिनेछ ।

**रणनीति ३: विशेष प्रकृतिका सहकारीलाई प्रोत्साहन तथा प्रवर्धन गर्ने ।**

**कार्यनीतिहरू**

(१) महिलाहरूका लागि बिशेष प्राथमिकतासहित सहकारी उत्पादन र बजारीकरणमा आधारित प्रोत्साहन अनुदानको व्यवस्था गरिनेछ ।

(२) सहकारीमार्फत समावेशी ढंगले उद्यमशीलताको विकास गरी आय-आर्जन वृद्धि गर्न प्रोत्साहित गरिनेछ ।

(३) निश्चितसीमाभन्दा बढी संख्यालाई रोजगारी उपलब्ध गराउने सहकारी संस्थालाई विशेष सहुलियत उपलब्ध गराइनेछ ।

(४) सहकारी विकास कोषबाट सहुलियत दरको कर्जा एवम् अनुदान प्रदान गरी सहकारी व्यवसायको प्रवर्धन गरिनेछ ।

(५) सहकारी बजारको अवधारणा अनुसार सुपथ कृषि बजार केन्द्रको स्थापना र सञ्चालन गर्न अनुदानको व्यवस्था गरिनेछ।

(८) परिमाणात्मक लक्ष्य

**तालिका ५.१२ सहकारीसम्बन्धी परिमाणात्मक लक्ष्य**

| क्र.सं. | परिसूचकहरू | एकाइ | आर्थिक वर्ष २०८०/८१ को अवस्था | आर्थिक वर्ष २०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| १. | सहकारीमा आबद्ध जनसंख्या | प्रतिशत | १७.५४ | २० |
| २. | सहकारीमार्फत बचत परिचालन | अर्बमा | ३१.०६ | ४० |
| ३. | सहकारीमा रोजगारी | संख्या | ६९८९ | ९००० |

*स्रोतः सहकारी रजिष्ट्रारको कार्यालय, लुम्बिनी प्रदेश,२०८१*

# परिच्छेद छः सामाजिक क्षेत्र

## ६.१ स्वास्थ्य

### (१) पृष्ठभूमि

स्वस्थ जीवन मानव विकासको महत्त्वपूर्ण पक्ष हो । मानव विकास सूचकाङ्कमा स्वास्थ्यलाई प्रमुख सूचकका रूपमा लिइएको छ । नेपालको संविधानले मौलिक हकअन्तर्गत स्वास्थ्यसम्बन्धी हकलाई पनि समावेश गरी प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने, स्वास्थ्य सेवामा समान पहुँच प्राप्त हुने तथा नागरिकलाई आकस्मिक स्वास्थ्य सेवावाट वञ्चित नगरिने व्यवस्था गरेको छ। प्रदेश सरकारको एकल अधिकारमा स्वास्थ्य सेवा रहेको छ भने संघ र प्रदेशको साझा अधिकारमा औषधि, परिवार योजना र जनसंख्या व्यवस्थापन, चिकित्सा, आयुर्वेद चिकित्सा र आम्चीसम्बन्धी व्यवस्था रहेको छ । साथै, तीन तहको साझा अधिकारमा स्वास्थ्य उल्लेख रहेको छ । दिगो विकास लक्ष्यले सबै उमेर समूहका व्यक्तिको स्वस्थता सुनिश्चित गर्दै समृद्ध जीवन प्रवर्धन गर्ने लक्ष्य लिएको छ । यसरी राज्यले गुणस्तरीय स्वास्थ्य सेवामा सबैको सहज, सुलभ र समान पहुँच पुऱ्याई स्वस्थ जीवन सुनिश्चित गर्नुपर्ने दायित्व पनि संविधानले निर्देशित गरेको छ।

स्वास्थ्य सेवालाई व्यवस्थित गर्न प्रदेश सरकारबाट विभिन्न नीति, कानुन तथा योजना तर्जुमा भएका छन् । आर्थिक वर्ष २०८०/८१ सम्ममा यस प्रदेशमा ३ सङ्घीय अस्पताल, १४ प्रादेशिक अस्पताल, १९ आधारभूत अस्पताल, २८ प्राथमिक स्वास्थ्य केन्द्र, ५६३ स्वास्थ्य चौकी, ४६ आयुर्वेद औषधालय, १३ आयुर्वेद स्वास्थ्य केन्द्र, ४४९ बर्थिङ सेन्टर, २ हजार ९६५ खोप क्लिनिक, १ हजार ९४० गाउँघर क्लिनिक, १६७ सामुदायिक स्वास्थ्य एकाइ र ३०४ वटा आधारभूत स्वास्थ्य केन्द्र रहेका छन् ।

### (२) प्रमुख समस्या

विशिष्टीकृत स्वास्थ्य सेवा पूर्ण रूपमा उपलब्ध हुन नसक्नु, आवश्यकताबमोजिम जनशक्तिको व्यवस्थापन र परिचालन हुन नसक्नु, पर्याप्त स्वास्थ्य पूर्वाधार नहुनु, स्वास्थ्यसम्बन्धी जनचेतनाको कमी, निःशुल्क औषधिका लागि आवश्यक बजेट विनियोजन र समयमा खरिद हुन नसक्नु, पूर्वपश्चिम राजमार्ग क्षेत्रमा बुटवल र कोहलपुरको बिचमा सडक लगायतका दुर्घटनामा परेका घाइतेलाई स्रोत साधन सम्पन्न आकस्मिक उपचारस्थल नहुनु, तीन तहका सरकार बिचको समन्वय र सहकार्य कमजोर रहनु, निजी स्वास्थ्य सेवाप्रदायकबाट प्रवाह भएको सेवासमेतको सूचना व्यवस्थापन प्रणालीको अभाव रहनु, जनशक्तिको वृत्ति विकास र उत्प्रेरणाको कमी, स्थानीय तहमा स्वास्थ्यका संस्थागत क्षमता अपर्याप्त हुनु, आवधिक योजना र वार्षिक कार्यक्रमबिच कमजोर तादात्म्यता, निजी क्षेत्रबाट प्रवाह हुने स्वास्थ्य सेवाको शुल्क विपन्न वर्गले बहन गर्न नसक्नु, नसर्ने रोगको प्रकोप बढ्दै जानु यस क्षेत्रका प्रमुख समस्याका रूपमा रहेका छन् ।

**(३) अवसर र चुनौती**

संघ, प्रदेश र स्थानीय तह स्तरीय स्वास्थ्य सेवा प्रदायक निकायहरूको उल्लेखनीय उपस्थिति हुनु; मेडिकल कलेजहरू, सघंअन्तर्गतका अस्पतालहरु तथा बुटवल र तुल्सीपुरमा प्रादेशिक अस्पताल रहनु; सबै जिल्लामा जिल्लास्तरीय अस्पताल तथा स्वास्थ्य कार्यालय रहनु; आयुर्वेद तथा वैकल्पिक चिकित्सा पद्धतिका चिकित्सालय, स्वास्थ्य केन्द्र, औषधालय तथा नागरिक आरोग्य केन्द्रहरूलगायत आधारभूत स्वास्थ्य सेवाका एकाइहरूसहितको प्रदेशव्यापी सञ्जाल जनताको नजिकसम्म विस्तारित हुनु; बजारमा दक्ष जनशक्ति र आधुनिक प्रविधिको उपलब्धता हुनु; गुणस्तर कायम गर्न प्रदेशस्तरबाट मापदण्ड निर्धारण र नियमन गर्न सक्ने कानुनी व्यवस्था रहनु; प्रदेशस्तरमा नै स्वास्थ्य क्षेत्रका जनशक्तिको उत्पादनमा वृद्धि हुनु यस क्षेत्रका प्रमुख अवसरहरु हुन् ।

गुणस्तरीय स्वास्थ्य सेवा मितव्ययी रूपमा प्रदान गर्न तीन तहका सरकारबिच समन्वय र सहकार्य गर्नु, अद्यावधिक विधि र प्रविधि तथा दक्ष जनशक्ति व्यवस्थापन गर्नु, गुणस्तरीय स्वास्थ्य सेवाको सुनिश्चितता गर्नु, दुर्गम क्षेत्र तथा लक्षित समुदायसम्म स्वास्थ्य सेवाको सहज पहुँच पुर्‍याउनु, दिगो र विशिष्टीकृत स्वास्थ्य सेवासमेतका लागि प्रदेशवासीको विश्वास जित्दै स्वास्थ्य उपचारका लागि प्रदेश बाहिर जान नपर्ने अवस्थाको सिर्जना गर्नु, स्वास्थ्य बिमाको दायरा बिस्तार गर्नु र बिमा प्रक्रियालाई सरलीकृत गर्नु जस्ता विषयहरु यस क्षेत्रको चुनौतीको रुपमा रहेका छन् ।

**(४) दीर्घकालीन सोचः** स्वस्थ मानव पुँजीयुक्त समृद्ध प्रदेश (Prosperous Province with Healthy Human Capital)

**(५) लक्ष्यः** सुदृढ स्वास्थ्य प्रणालीको माध्यमबाट समतामूलक र गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच पुर्‍याई प्रदेशबासीको स्वास्थ्य तथा आरोग्यता प्रवर्धन गर्ने ।

**(६) उद्देश्यः**

(१) प्रभावकारी स्वास्थ्य प्रणाली विकास गरी गुणस्तरीय स्वास्थ्य सेवामा समतामूलक पहुँच अभिवृद्धि गर्नु ।

(२) स्वास्थ्य क्षेत्रमा सुशासन कायम गर्दै स्वस्थ जीवनशैलीको प्रवर्धन र सेवा प्राप्तिका लागि व्यक्तिगत आर्थिक भार कम गर्नु ।

(३) विपद् तथा आपतकालीन अवस्थामा समेत अविछिन्न स्वास्थ्य सेवाको सुनिश्चिता र गुणस्तर अभिवृद्धिका लागि बहुपक्षीय सहकार्य गर्नु ।

(४) बहुक्षेत्रको सहकार्यबाट स्वास्थ्यका निर्धारकहरूलाई सम्बोधनका लागि अन्तरसम्बन्धित क्षेत्रगत नीतिमार्फत स्वास्थ्यको प्रवर्धन गर्नु ।

(७) रणनीति र कार्यनीति

**रणनीति १: प्रदेशमा स्वास्थ्यसम्बन्धी नीतिगत तथा संस्थागत सुधार गर्ने ।**

**कार्यनीतिहरू**

(१) प्रदेश मातहतमा रहेका स्वास्थ्य संस्थाहरूलाई नक्सांकनका आधारमा सेवा विस्तार तथा स्तरोन्नति गरी जनतालाई नजिकबाट गुणस्तरीय स्वास्थ्य सेवा प्राप्त हुने व्यवस्था मिलाइनेछ ।

(२) प्रदेशका सबै स्वास्थ्य संस्थाहरूमा न्यूनतम सेवा मापदण्ड निर्धारण गरी सहज, सुलभ र गुणस्तरीय सेवा प्रदानको कार्यढाँचा कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ ।

(३) निजी, सामुदायिक, सहकारी र गैरनाफामूलक स्वास्थ्य संस्थाबाट प्रदान गरिने सेवाको प्रभावकारी नियमन गर्न स्वास्थ्य संस्थाहरूमा एकीकृत सूचना प्रणालीलाई व्यवस्थित गरिनेछ ।

(४) सरकारी, सामुदायिक तथा निजी स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मीको क्षमता अभिवृद्धि गरिनेछ ।

(५) विपन्न, असहाय, अशक्त, यौनिक तथा लैङ्गिक अल्पसंख्यक लगायतका नागरिकमैत्री नीतिमार्फत स्वास्थ्य सेवामा समतामूलक पँहुच बढाइनेछ ।

(६) स्वास्थ्य प्रणालीको सबलीकरण तथा सुदृढीकरणका लागि आवश्यकताका आधारमा समय सापेक्ष नीतिहरूको निर्माण गरिनेछ ।

(७) बालबालिका र किशोरकिशोरी मानसिक स्वास्थ्यसम्बन्धी नीति तथा रणनीति तयार गरिनेछ ।

**रणनीति २: प्रदेशस्तरमा स्वास्थ्य पूर्वाधार विकास तथा सुधार गर्ने ।**

**कार्यनीतिहरू**

(१) प्रदेश मातहतका स्वास्थ्य पूर्वाधार क्रमशः विकास गरिनेछ ।

(२) प्रदेश मातहतका स्वास्थ्य संस्थाहरूबाट प्रदान गरिने सेवाको गुणस्तर सुधार गर्न आधुनिक प्रविधिका औजार उपकरणको व्यवस्थापन गरिनेछ ।

(३) वार्षिक रूपमा औजार उपकरणको परीक्षण गरी नियमित मर्मतसम्भारको लेखाजोखा र आवश्यक मर्मत सम्भारका लागि संस्थागत मानव स्रोत व्यवस्था गरिनेछ ।

(४) एम्बुलेन्स सञ्चालनलाई प्रभावकारी बनाउन विद्यमान जिपिएस प्रणालीलाई स्तरोन्नति गरी अस्पताल, एम्बुलेन्स र सेवाग्राही बिच आबद्धता हुने प्रणाली सुदृढ गरिनेछ ।

**रणनीति ३: स्वास्थ्य संस्थामा दक्ष जनशक्ति व्यवस्थापन गर्ने।**

**कार्यनीतिहरू**

(१) प्रदेश मातहतका स्वास्थ्य संस्थाहरूको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी स्वास्थ्य संस्थाहरूमा आवश्यक जनशक्ति परिचालन गरिनेछ ।

(२) जनसांख्यिक र रोग भारको आधारमा स्वास्थ्यकर्मीहरूको प्रक्षेपण र व्यवस्थापन गरिनेछ ।

(३) जनशक्तिको वृत्ति विकास र प्रोत्साहनको व्यवस्थालाई सुदृढ गरिनेछ ।

(४) स्वास्थ्य क्षेत्रमा भएका नयाँ विकास (उपचार पद्धति, प्रविधि, रोग आदि) सम्बन्धी अध्ययन, अनुसन्धान गरी सुसूचित गर्ने प्रणाली विकास गरिनेछ ।

(५) प्रदेशमा दक्ष जनशक्ति उत्पादन तथा विकासको वातावरण निर्माण गरिनेछ ।

**रणनीति ४: प्रदेशको स्वास्थ्य सेवा प्रवाहमा प्रभावकारिता वृद्धि गर्ने ।**

**कार्यनीतिहरू**

(१) प्रदेश मातहतका संस्थाबाट उपलब्ध हुने सेवालाई छिटो, छरितो र गुणस्तरीय बनाइनेछ ।

(२) स्वास्थ्य संस्थामा सफा शौचालय, स्वच्छ खानेपानी, विरामी कुरूवा प्रतीक्षालय लगायतका सेवाग्राहीका लागि आवश्यक संरचनाको व्यवस्था साथै नियमित मर्मत सम्भार गरिनेछ ।

(३) स्वास्थ्य संस्थाहरूको सरसफाइ र अस्पतालजन्य फोहरको उचित व्यवस्थापन गरिनेछ ।

(४) स्थानीय तहबाट प्रदान गर्ने स्वास्थ्य सेवालाई प्रभावकारी र गुणस्तरीय बनाउन सहजीकरण गरिनेछ ।

(५) निर्धारित मापदण्ड पूरा गरी पूर्ण संस्थागत प्रसूति सेवायुक्त स्थानीय तह, जिल्ला र प्रदेश घोषणा गरिनेछ ।

(६) दुर्गम क्षेत्रमा मेडिकल कलेज तथा निजी स्वास्थ्य संस्थाहरूबाट समेत सेवा प्रदान गर्ने व्यवस्था गरिनेछ ।

**रणनीति ५: गुणस्तरीय तथा विशिष्टीकृत स्वास्थ्य सेवा प्रदान गर्ने ।**

**कार्यनीतिहरू**

(१) बिरामीको चापका आधारमा विशेषज्ञ अस्पतालहरूलाई विशिष्टीकृत अस्पतालमा स्तरोन्नति गर्दै सेवा विस्तार गरिनेछ ।

(२) अस्पतालहरूमा प्रशामक (प्यालियटिभ) विरामीहरूका लागि व्यवस्थित कक्षहरूको व्यवस्था गरिनेछ ।

(३) ब्लड बैंकको सेवा विस्तार र निःशुल्क रगत उपलब्ध गराउने प्रबन्धलाई व्यवस्थित गरिनेछ।

(४) मृगौला बिरामीको चापका आधारमा डाइलासिस सेवालाई विस्तार गरिनेछ ।

(५) नेपालगंज, लमही र बर्दघाटस्थित ट्रमा सेन्टर को निर्माण कार्य सम्पन्न गरी सेवा प्रदान गरिनेछ।

(६) विशिष्टीकृत सेवा विस्तार गरी स्वास्थ्य उपचार पर्यटन (मेडिकल टुरिजम) को सम्भावना पहिचान र उपयोग गरिनेछ।

(७) नसर्ने रोग एवम् मानसिक समस्याको पहिचान (Screening) गरी विरामीलाई उपचारको दायरामा ल्याइनेछ ।

**रणनीति ६: वैकल्पिक तथा आयुर्वेद स्वास्थ्य उपचार पद्धतिको प्रवर्धन गर्ने ।**

**कार्यनीतिहरू**

(१) योग, ध्यान र प्राकृतिक चिकित्सा पद्धतिको प्रवर्धन गरिनेछ।

(२) आयुर्वेद पद्धतिको प्रभावकारी कार्यान्वयनका लागि संरचनागत सुदृढीकरण गरिनेछ ।

(३) गुणस्तरीय आयुर्वेदिक औषधि उत्पादनलाई प्रवर्धन गर्न नियमन र सहजीकरण गरिनेछ ।

(४) प्रदेशमा स्थापित आयुर्वेदिक औषधि उत्पादन केन्द्रलाई आवश्यक पर्ने कच्चा पदार्थ उपलब्ध हुने व्यवस्थाका लागि सहजीकरण गरिनेछ।

(५) स्थानीयस्तरमा उपलब्ध हुने जडीबुटी र सोको परम्परागत उपयोगसम्बन्धी ज्ञान व्यवस्थापन र सम्प्रेषण गरिनेछ ।

(६) होमियोप्याथी, युनानी, प्राकृतिक चिकित्सा प्रणाली तथा अन्य पूरक चिकित्सा प्रणालीको संरक्षण, विकास तथा विस्तार गरिनेछ।

**रणनीति ७: स्वास्थ्य सेवामा व्यक्तिगत आर्थिक भार न्यूनीकरण गर्ने ।**

**कार्यनीतिहरू**

(१) निःशुल्क रूपमा वितरण हुने औषधिको गुणस्तर सुनिश्चितता र नियमित आपूर्तिको व्यवस्था मिलाइनेछ ।

(२) आर्थिक स्रोतको अभावमा स्वास्थ्य उपचार नपाउने अवस्था आउन नदिन विपन्न नागरिक कोषमार्फत सेवा प्रदान गर्ने व्यवस्थालाई प्रभावकारी बनाइनेछ ।

(३) लक्षित समुदायको स्वास्थ्य बिमा कार्यक्रममा पहुँच बढाई बिमाबाट लाभ लिने वातावरण निर्माण तथा बिमा सेवाको प्रवर्धन गरिनेछ ।

(४) प्रदेशमा सिकलसेल एनिमिया, थालेसेमिया, हेमोफिलिया र अन्य यस्तै प्रकारका रोग प्रभावित क्षेत्रको नक्सांकन गरी निःशुल्क जाँच, उपचार र सचेतना अभिवृद्धि गरिनेछ ।

(५) घातक रोग लागेका विपन्न नागरिकको उपचारका लागि आवश्यक सहयोग प्रदान गरिनेछ ।

(६) प्रदेश मातहतका विरामीको उच्च चाप भएका अस्पतालहरूमा आफ्नै फार्मेसी सञ्चालन गरिनेछ ।

(७) गर्भवती तथा सुत्केरी महिलालाई प्रेषण गर्दा निःशुल्क एम्बुलेन्स सेवा तथा दुर्गम क्षेत्रमा जोखिममा रहेका गर्भवती तथा सुत्केरी महिलालाई निःशुल्क हवाई उद्धारको व्यवस्थालाई निरन्तरता दिइनेछ ।

(८) प्रदेशअन्तर्गत सडक दुर्घटनामा परेका घाइतेहरूको निःशुल्क उपचार व्यवस्था गर्न दुर्घटना उपचार कोषको व्यवस्था गरी निर्धारित अस्पतालबाट सेवा प्रदान गर्ने व्यवस्था मिलाइनेछ।

**रणनीति ८: सरुवा रोग तथा महामारी नियन्त्रण र आपतकालीन स्वास्थ्य सेवा प्रदान गर्ने ।**

**कार्यनीतिहरू**

(१) विपद् तथा आपतकालीन अवस्थामा अविछिन्न अत्यावश्यक स्वास्थ्य सेवा उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।

(२) महामारी, सरुवा रोग लगायतको उपचारका लागि पूर्वतयारी योजना तर्जुमा तथा प्रतिकार्यलाई व्यवस्थित गर्न प्रदेश स्वास्थ्य आपतकालीन कार्यसञ्चालन केन्द्रलाई सबलीकरण गरिनेछ।

(३) महामारी, सरुवा रोगलगायतका उष्णप्रदेशीय उपेक्षित रोग नियन्त्रणका लागि प्राविधिक जनशक्तिका साथै स्वयंसेवकहरू पहिचान र सूचीकृत गरी क्षमता विकास गरिनेछ ।

(४) सरुवा रोग तथा महामारी नियन्त्रणका क्रममा लक्षित समुदायको विशेष आवश्यकता र संवेदनशीलतालाई मध्यनजर गरी सेवा प्रदान गरिनेछ ।

(५) महामारी तथा सरुवा रोगबाट बच्ने उपायबारेमा विभिन्न माध्यमबाट नियमित सचेतना अभियान सञ्चालन गरिनेछ।

**रणनीति ९: प्रवर्धनात्मक तथा निवारणात्मक स्वास्थ्य पद्धति अवलम्वन गर्दै नसर्ने रोग रोकथाम तथा नियन्त्रण गर्ने ।**

**कार्यनीतिहरू**

(१) स्वस्थ रहनका लागि आवश्यक पर्ने मानसिक अवस्था, आहार, निद्रा, स्वच्छता र शारीरिक सक्रियतालगायतका विषयमा विभिन्न माध्यमबाट स्वास्थ्य सचेतना अभियान सञ्चालन गरिनेछ ।

(२) धूमपान तथा सुर्तीजन्य पदार्थ, मद्यपान, लागु औषध प्रयोग र पत्रु खाना उपभोग न्यूनीकरणका लागि जनचेतना, नियमन र नियन्त्रणका कार्यक्रम सञ्चालन गरिनेछ।

(३) सुदृढ स्वास्थ्यको प्रमुख आधारको रुपमा रहेको स्वच्छ एवम् पोषणयुक्त भोजनको उपभोगलाई प्रवर्धन गर्न अन्य सरोकारवाला निकायहरुसंग सहकार्य गरिनेछ ।

(४) वातावरण प्रदूषण, कीटनाशक तथा विषादी नियन्त्रण, प्रतिजैविक प्रतिरोधलगायतका मानव स्वास्थ्यमा प्रभाव पार्ने कारक तत्त्वहरूको नियन्त्रण तथा नियमनका लागि जनचेतना अभिवृद्धि एवम् सरोकारवालाहरूसँग सहकार्य गरी कार्यक्रम संचालन गरिनेछ ।

**रणनीति १०: जनस्वास्थ्य सेवा तथा स्वास्थ्य आपूर्ति व्यवस्थापन, नियमन र सहजीकरण गर्ने।**

**कार्यनीतिहरू**

(१) स्थानीय स्वास्थ्य संस्थाहरूलाई खोप, अत्यावश्यक एवम् आपतकालीन औषधि र स्वास्थ्य सामग्री भण्डारण तथा वितरणमा समन्वय र सहयोग गरिनेछ ।

(२) जनस्वास्थ्य तथा भेक्टर सर्भिलेंन्स र विपद् महामारी व्यवस्थापनमा स्थानीय तहलाई सहजीकरण र समन्वय गरिनेछ।

(३) स्वास्थ्य सूचनाको एकीकरण, विश्लेषण, अध्ययन र योजना निर्माण गरिनेछ ।

(४) सार्वजनिक, निजी तथा सहकारी एवम् समुदायद्वारा सञ्चालित स्वास्थ्य संस्थाहरूको सुपरिवेक्षण, अनुगमन, नियमन तथा गुणस्तर सुनिश्चितता गरिनेछ ।

(५) रोग नियन्त्रण, परिवार योजना, मातृ/शिशु स्वास्थ्य, विशेषज्ञ स्वास्थ्य शिविर, पोषण एवम् खोपलगायत अन्य विशेष कार्यक्रमहरूको सञ्चालन, समन्वय र सहजीकरण गरिनेछ ।

(६) वातावरणीय स्वास्थ्य, खानेपानी तथा सरसफाइ र पेसागत स्वास्थ्य प्रवर्धन एवम् व्यवस्थापन गरिनेछ ।

(७) बालबालिका, सुत्केरी तथा गर्भवती महिलालाई पोषणयुक्त आहार, खोप र सरसफाइसम्बन्धी जानकारी प्रदान गरिनेछ ।

(८) जनसंख्या व्यवस्थापनसम्बन्धी कार्य गरिनेछ ।

**रणनीति ११: समन्वय, सहकार्य र अन्तरसम्बन्ध सुदृढ गर्ने ।**

**कार्यनीतिहरू**

(१) संघ, स्थानीय तह र स्वास्थ्यसम्बन्धी निकायहरूबिच समन्वय गरिनेछ ।

(२) स्वास्थ्यमा असर गर्ने निर्धारक तत्त्वहरू न्यूनीकरणका लागि अन्तरमन्त्रालय नीतिगत समन्वय र सहकार्य गरिनेछ ।

(३) अस्पताल विकास समिति तथा स्वास्थ्यसँग सम्बन्धित संघसंस्थालाई सक्षम, जवाफदेही र प्रभावकारी बनाइनेछ ।

(४) स्वास्थ्य सेवा प्रदान गर्ने गैरनाफामूलक तथा परोपकारी संस्थालाई प्रोत्साहन गर्दै प्रभावकारी समन्वयका लागि व्यवस्थापन समितिमा सम्बन्धित तहको सरकारको प्रतिनिधित्व हुने व्यवस्था गरिनेछ ।

(५) संघ सरकारका सम्बन्धित निकाय तथा छिमेकी प्रदेशसँग समन्वय तथा अन्तरसम्बन्ध कायम गरी स्वास्थ्य सूचना र आपतकालीन सहयोग आदानप्रदान हुने वातावरण निर्माण गरिनेछ।

(६) स्वास्थ्य साझेदार संघसंस्थाहरूसँग समन्वय तथा सहकार्यलाई सुदृढ गरिनेछ ।

(७) विपद् प्रभावित जनसंख्याको आवश्यकतालाई सम्बोधन गर्न प्रभावित जनसंख्याप्रति उत्तरदायी संयन्त्र निर्माण गर्ने ।

**(८) परिमाणात्मक लक्ष्य**

**तालिका ६.१ स्वास्थ्यसम्बन्धी परिमाणात्मक लक्ष्य**

| क्र.सं. | परिसूचकहरू | एकाइ | आर्थिक वर्ष २०८०/८१को अवस्था | आर्थिक वर्ष २०८५/८६को लक्ष्य |
|---|---|---|---|---|
| १ | औसत आयु | वर्ष | ६९.५ | ७३ |
| २ | घरबाट ३० मिनेट वा सोभन्दा कम समयमा स्वास्थ्य संस्थामा पुग्ने जनसंख्या | प्रतिशत | ७८ | १०० |
| ३ | मातृमृत्यु दर (प्रतिलाख जीवित जन्म) | संख्या | २०७ | ८० |
| ४ | बालमृत्यु दर (५ वर्षमुनिका प्रतिहजार जीवित जन्म) | संख्या | ४१ | २२ |
| ५ | कुल स्वास्थ्य खर्चमा व्यक्तिगत तहमा हुने खर्च (प्रति व्यक्ति प्रति वर्ष) | प्रतिशत | ५८.५ | ३८ |
| ६ | १५ महिनाभित्रका पूर्ण खोप प्राप्त बालबालिका | प्रतिशत | ८४ | ९५ |
| ७ | स्वास्थ्य बिमा भएका व्यक्ति | प्रतिशत | २३ | ९० |

*स्रोत: स्वास्थ्य मन्त्रालय, २०८१*

## ६.२ पोषण

### (१) पृष्ठभूमिः

नेपालको संविधानले स्वास्थ्य र खाद्य सुरक्षासम्बन्धी हकलाई मौलिक हकको रूपमा व्यवस्था गरेको छ। साथै, नेपालको दिगो विकास लक्ष्य मार्गचित्र (सन् २०१६-२०३०) ले पनि पोषणलाई विकासको मुख्य आयामको रूपमा समावेश गरेको छ। लुम्बिनी प्रदेशले पनि आर्थिक, सामाजिक र मानव पुँजी विकासको अवरोधको रूपमा रहेको कुपोषणको न्यूनीकरणको लागि निरन्तर प्रयास गर्दै आइरहेको छ। विश्वव्यापी रूपमा पाँच वर्षमुनिका बालबालिकाको मृत्युको विभिन्न कारणमध्ये ४५ प्रतिशत मृत्युको कारण प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा कुपोषण रहेको छ। कुपोषणको समस्याले व्यक्तिको शारीरिक, मानसिक तथा संवेगात्मक विकासमा बाधा पुऱ्याउनुका साथै विरामी भैरहने र रोग उत्थानशीलता समेत कमजोर हुन्छ। यसले नवजात शिशु, बालबालिका र गर्भवती महिलाहरुलाई थप जोखिममा पार्दछ र अल्पायुमै मृत्यु हुने जोखिममा वृद्धि हुन्छ भने जीवित रहेकाहरूको समेत सर्वाङ्गिण क्षमताको क्षय हुन्छ। कुपोषणले देशको समग्र सामाजिक, आर्थिक तथा मानवीय विकासमा प्रतिकूल प्रभाव पारेको छ। नेपालमा प्रतिहजार जीवित जन्ममा नवजात शिशुको मृत्युदर उच्च रहेको छ।

प्रदेशमा पाँच वर्षमुनिका बालबालिकामा पुड्कोपनको दर २५ प्रतिशत रहेको छ। साथै, ख्याउटेपन दर १६ प्रतिशत, कम तौलको दर १९ प्रतिशत रहेको छ । त्यसैगरी, पाँच वर्षमुनिका बालबालिकामा अधिक तौल र मोटोपनको दर १ प्रतिशत रहेको छ । ६ देखि ५९ महिना उमेर समूहका बालबालिकामा रक्तअल्पताको दर ४९ प्रतिशत रहेको छ भने प्रजनन उमेर समूहका महिलामा भएको रक्तअल्पताको दर ४४ प्रतिशत रहेको छ। लुम्बिनी प्रदेशमा हाल १९१ कडा शीघ्र कुपोषण बहिरंग उपचार केन्द्र, ३ वटा अन्तरङ्ग उपचार केन्द्र र ३ वटा पोषण पुर्नस्थापना केन्द्र रहेका छन्।

### (२) प्रमुख समस्या

प्रदेशका पाँच वर्षमुनिका बालबालिकामा पुड्कोपन र ख्याउटेपनको दर उल्लेख्य रहनु साथै कम तौल, अधिक तौल र रक्त अल्पताको मात्रा अद्यापि कायम रहनु; प्रजनन उमेर समूहका महिलामा समेत रक्तअल्पताको दर उच्च रहनु यस क्षेत्रका प्रमुख समस्याहरु हुन् ।

### (३) चुनौती र अवसर

लुम्बिनी प्रदेशमा रहेको उच्च गरिबीको दरलाई न्यूनीकरण गरी पोषण स्थितिमा सुधार गर्नु, पूर्ण रूपमा स्तनपान गराउने बानीको विकास गर्नु, झाडापखाला तथा श्वासप्रश्वास सम्बन्धी सङ्क्रमण नियन्त्रण गर्नु, बालबालिकामा खाद्य आहार विविधता सुनिश्चित गर्नु, व्यक्तिगत सरसफाइ तथा स्वच्छतामा सुधार ल्याउनु जस्ता कार्य मुख्य चुनौतीको रूपमा रहेका छन्। यसैगरी, बालविवाह, किशोर अवस्थामा गर्भवती हुने उच्च दर, उमेर नपुग्दै बच्चा जन्माउनेलगायत अन्य गलत/हानिकारक परम्परागत अभ्यासको अन्त्य गर्नु; सुरक्षित, स्वस्थ तथा पोषणयुक्त खानामा पर्याप्त पहुँच वृद्धि गर्नु; स्वच्छ खानेपानीको व्यवस्था गर्नु साथै समाजमा विद्यमान लैङ्गिक विभेद र सामाजिक वञ्चितीकरणको अन्त्य गर्नु जस्ता कार्यहरु समेत यस क्षेत्रका चुनौतीका रूपमा रहेका छन्।

प्रदेश/स्थानीय स्तरमा सरोकारवाला निकायहरूमा पोषण स्थिति सुधारका लागि प्रतिबद्धता तथा लगानी बढ्दै जानु; बहुक्षेत्रीय पोषण योजना तेस्रो कार्यान्वयनमा रहनु साथै कडा शीघ्र कुपोषण बहिरंग उपचार केन्द्र, अन्तरङ्ग उपचार केन्द्र र पोषण पुनःस्थापना केन्द्र अवस्थित रहनु यस क्षेत्रका अवसरका रूपमा रहेका छन्।

(४) **दीर्घकालीन सोचः** कुपोषणको अन्त्य, स्वस्थ र सक्षम नागरिक निर्माण।

(५) **लक्ष्यः** गुणस्तरीय पोषण तथा खाद्य सुरक्षाको सुनिश्चितता गर्दै पोषणमैत्री समाज निर्माण गर्ने र दिगो विकास लक्ष्य हासिल गर्ने।

(६) **उद्देश्यः**

(१) पोषण विशिष्ट र पोषण संवेदनशील सेवाहरूमा पहुँच वृद्धि गरी शिशु, साना बच्चा, किशोर किशोरी र महिलाको पोषण स्थितिमा सुधार गर्नु ।

(२) पोषण विशिष्ट र पोषण संवेदनशील हस्तक्षेपको कार्यक्रममा गुणस्तर सुधार गर्नु ।

(३) जीवन पथमा आधारित रही सबै उमेर समूह तथा लिङ्गको पोषण प्रवर्धन गर्नु तथा नसर्ने रोगको दर घटाउनु।

(४) सामाजिक व्यबहार परिवर्तनका माध्यमबाट असल पोषण व्यवहारलाई बढावा दिनु र हानिकारक व्यवहार रोक्नु।

**(७) रणनीति र कार्यनीति**

**रणनीति १ः पोषणसम्बन्धी नीतिगत तथा संस्थागत सुधार गर्ने।**

**कार्यनीतिहरू**

(१) प्रादेशिक अस्पतालमा स्तनपान व्यवस्थापन एकाइ र समुदाय स्तरका प्रत्येक बर्थिङ सेन्टरमा स्तनपान व्यवस्थापन सहायता एकाइसहित मातृ-शिशुमैत्री स्वास्थ्य संस्थाको विस्तार गरी सुरक्षित मातृत्व तथा प्रजनन अधिकार सुनिश्चित गरिनेछ ।

(२) आमाको दुधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्रीवितरण नियन्त्रण) ऐन २०४९ को कार्यान्वयनको सुनिश्चितता गरिनेछ ।

(३) प्रदेश मातहतका स्वास्थ्य संस्थाहरूमा नक्सांकनका आधारमा शीघ्र कुपोषणको एकीकृत व्यवस्थापन सेवाको विस्तार तथा सुदृढीकरण गरी जनतालाई नजिकबाट अधिकतम सेवा प्राप्त हुने व्यवस्था मिलाइनेछ ।

(४) पोषणमैत्री सेवा मापदण्ड निर्धारण गरी प्रदेशका सबै स्वास्थ्य संस्थाहरूबाट सहज, सुलभ र गुणस्तरीय सेवा प्रदान गर्ने व्यवस्था मिलाइनेछ।

**रणनीति २ः पोषणमैत्री पूर्वाधार विकास गरी सेवा प्रवाहमा सुधार ल्याउने।**

**कार्यनीतिहरू**

(१) प्रदेश मातहतका अस्पताल, स्वास्थ्य संस्थालगायतमा पोषणमैत्री सेवाको गुणस्तर सुधार गर्न आधुनिक प्रविधि, औजार र उपकरणको व्यवस्थापन गरिनेछ ।

(२) निर्धारित मापदण्ड पूरा गरेका स्वास्थ्य संस्था तथा स्थानीय तहलाई पोषणमैत्री स्थानीय तह/स्वास्थ्य संस्था घोषणा गरिनेछ।

(३) समुदाय स्तरमा ०-५९ महिनाका बालबालिकाको पोषण अवस्था लेखाजोखा, वृद्धि अनुगमन र प्रवर्धन तथा परामर्श सेवालगायतका कार्यक्रम सुदृढ गरिनेछ ।

(४) पोषण तथा खाद्य सुरक्षाको दृष्टिले अति जोखिममा रहेका क्षेत्र, वर्ग र समुदायलाई प्राथमिकतामा राखिनेछ।

**रणनीति ३ः प्रदेश र स्थानीय तहमा पोषण सेवा प्रदायकको क्षमता विकास गर्न दक्ष जनशक्ति व्यवस्थापन गर्ने।**

**कार्यनीतिहरू**

(१) पोषण विशेष (स्वास्थ्य) र पोषण संवेदनशील सेवा (स्वास्थ्य, शिक्षा, कृषि, पशुपन्छी, खानेपानी तथा सरसफाइ, महिला तथा बालबालिका र शासकीय प्रबन्ध) प्रवाह गर्न प्रदेश र स्थानीय सरकारको क्षमता अभिवृद्धि गरिनेछ ।

(२) पोषण कार्यक्रम कार्यान्वयनमा संलग्न हुने जनशक्ति (Planners and Implementers) लाई तथ्याङ्कमा आधारित योजना तर्जुमा, अनुगमन तथा प्रतिवेदनका विषयमा क्षमता विकास गरिनेछ।

**रणनीति ४ः विपद् सिर्जित आपतकालीन अवस्थामा हुने पोषणको आवश्यकतालाई सम्बोधन गर्न प्रदेश र स्थानीय सरकारको उत्थानशीलता सुदृढ गर्ने।**

**कार्यनीतिहरू**

(१) अत्यावश्यक पोषण सेवाको उपलब्धता र खाद्य सुरक्षा सुनिश्चित हुने गरी आवश्यक प्रबन्ध मिलाइनेछ।

(२) पोषण सेवाको सुनिश्चितताको लागि प्रदेश र स्थानीय तहको पूर्वतयारी तथा प्रतिकार्यसम्बन्धी क्षमता सुदृढ गरिनेछ ।

(३) खाद्य तथा पोषण सामग्रीको मौज्दात व्यवस्था गरिनेछ ।

**रणनीति ५ः स्वास्थ्य र पोषणमा सुधारका लागि स्थानीय तहलगायत अन्य सरोकारवालासँग समन्वय र सहकार्य गर्ने।**

**कार्यनीतिहरू**

(१) पोषण तथा स्वास्थ्यसम्बन्धी हानिकारक सामाजिक तथा सांस्कृतिक मूल्यमान्यता र प्रथा-परम्परा सम्बोधन गर्न सामाजिक व्यवहार परिवर्तन प्रवर्धन गरिनेछ ।

(२) स्थानीयस्तरमा उपलब्ध हुने पोषणयुक्त रैथाने खाद्यको विविधीकरण, उत्पादन र उपभोग लाई प्रवर्धन गर्नुका साथै सूक्ष्म पौष्टिक तत्त्वको कमीलाई न्यूनीकरण गर्न विशेष परिस्थितिमा पौष्टिक तत्त्व स्तरोन्नति गरिएको खाद्य पदार्थ (फर्टिफाइड फुड) को प्रयोग गर्ने व्यवस्था मिलाइनेछ ।

(३) नागरिक स्वास्थ्यमा प्रतिकूल असर पुऱ्याउने अस्वस्थ्यकर खाद्य/पेय पदार्थको विज्ञापन तथा बजार प्रवर्धनलाई निरुत्साहन गरिनेछ ।

(४) घर तथा विद्यालय करेसाबारी कार्यक्रमलाई प्रोत्साहन गरिनेछ ।

(५) समुदायमा रहेका पारम्परिक असल पोषणसम्बन्धी ज्ञान, सीप, अवधारणा र व्यवहारहरू प्रवर्धन गरिनेछ ।

(६) प्रदेशस्तरीय/गाउँ तथा नगरपालिकास्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समिति तथा शासकीय संरचना सक्रिय/क्रियाशील गरिनेछ।

(७) स्वास्थ्य, शिक्षा, कृषि, पशुपन्छी, खानेपानी तथा सरसफाइ, महिला तथा बालबालिका र शासकीय प्रबन्ध क्षेत्रसँग समन्वय तथा अन्तरसम्बन्ध कायम गरी पोषण विशेष (स्वास्थ्य) र पोषण संवेदनशील सेवा/सूचना/आपतकालीन सहयोग आदान प्रदान हुने वातावरण निर्माण गरिनेछ।

(८) अर्थ, उद्योग, वाणिज्य तथा आपूर्ति, सूचना तथा सञ्चार, नागरिक समाज, निजी क्षेत्र तथा अन्य सरोकारवालासँगको समन्वय र संलग्नता सुदृढ गरिनेछ ।

**रणनीति ७ः अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन प्रणाली सुदृढ गर्ने।**

**कार्यनीतिहरू**

(१) स्वास्थ्य तथा पोषणको विषयगत सूचना एकीकरण, विश्लेषण, अध्ययन र योजना निर्माण गरिनेछ।

(२) क्षेत्रगत सूचना प्रणालीमा पोषणका प्रमुख सूचकलाई समावेश गरी सूचना प्रणालीलाई सुदृढीकरण गरिनेछ ।

(३) पोषण विशेष र पोषण संवेदनशील कार्यक्रमहरूको सुपरिवेक्षण, अनुगमन, नियमन तथा गुणस्तर सुनिश्चित गर्न प्रदेशस्तरीय/पालिकास्तरीय विषयगत क्षेत्रको क्षमता विकास गरिनेछ।

**(८) परिमाणात्मक लक्ष्य**

**तालिका ६.२ पोषणसम्बन्धी परिमाणात्मक लक्ष्य**

| क्र.सं. | परिसूचकहरू | एकाइ | आर्थिक वर्ष २०८०/८१ को अवस्था | आर्थिक वर्ष २०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| १ | पाँच वर्षमुनिका बालबालिकाहरूमा ख्याउटेपन (उचाइअनुसार तौल)को दर | प्रतिशत | १६ | ४ |
| २ | पाँच वर्षमुनिका बालबालिकामा कम तौल (उमेरअनुसारको तौल) को दर | प्रतिशत | १९ | १० |
| ३ | प्रजनन् उमेर (१५-४९ वर्ष) का महिलाहरूमा हुने अधिक तौल / मोटोपनको दर | प्रतिशत | २८ | २० |
| ४ | पाँच वर्षमुनिका बालबालिकामा रहेको रक्तअल्पताको स्थिति (प्रतिशत) | प्रतिशत | ४९ | १५ |

| क्र.सं. | परिसूचकहरू | एकाइ | आर्थिक वर्ष २०८०/८१ को अवस्था | आर्थिक वर्ष २०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| ५ | पोषणमैत्री घोषणा गरिएका स्थानीय तह | प्रतिशत | ५ | १०० |

*स्रोत: नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण र नेपाल बहुसूचक सर्वेक्षण*

# ६.३ शिक्षा

## (१) पृष्ठभूमि

देश विकासका निमित्त शिक्षा पूर्वाधारको पनि पूर्वाधार हो । शिक्षाले व्यक्तिको सर्वाङ्गीण विकास गरी असल, योग्य, सक्षम, प्रतिस्पर्धी र उत्पादनमूलक जनशक्तिको रुपमा व्यक्तिलाई रुपान्तरण गर्दछ । संविधानमा शिक्षालाई मौलिक हकको रूपमा व्यवस्था गर्नुका साथै सङ्घीय, प्रादेशिक र स्थानीय गरी तीनै तहका सरकारको एकल तथा साझा अधिकार सूचीमा समावेश गरिएको छ । शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीपमूलक, रोजगारमूलक एवम् जनमुखी बनाउने राष्ट्रिय नीति लिइएको छ । दिगो विकास लक्ष्यमा सबैका लागि समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने तथा जीवनपर्यन्त सिकाइका लागि अवसर प्रदान गर्ने विषय रहेको छ ।

लुम्बिनी प्रदेशको साक्षरता दर ७८.०८ प्रतिशत रहेको छ । जसमा पुरुष साक्षरता दर ८५.१८ प्रतिशत र महिला साक्षरता दर ७१.६६ प्रतिशत रहेको छ । प्रदेशमा सबभन्दा बढी साक्षरता भएको जिल्ला पाल्पा रहेको छ भने सबभन्दा कम साक्षरता भएको जिल्ला रुकुम पूर्व रहेको छ । स्थानीय तहमा सबैभन्दा बढी साक्षरता भएको बुटवल उपमहानगरपालिका रहेको छ भने सबैभन्दा कम साक्षरता भएको नरैनापुर गाउँपालिका रहेको छ । विद्यालय छोड्ने दर आधारभूत तहमा ३.९ प्रतिशत र माध्यमिक तहमा ६.७ प्रतिशत रहेको छ ।

## (२) प्रमुख समस्या

शिक्षामा व्यावहारिक ज्ञान र खोजमूलक सिकाइको कमी हुनु, एक वा एकभन्दा बढी किसिमको अपाङ्गता भएका व्यक्तिलाई विशेष शिक्षाको उचित व्यवस्था नहुनु, उच्च शिक्षाको नियमन कमजोर हुनु, साक्षरता दरमा महिला र पुरुषबिच तथा स्थानीय तहबिच व्यापक अन्तर रहनु, शिक्षासम्बन्धी गुणस्तरीय पूर्वाधारको कमी हुनु साथै विषयगत शिक्षकको पदपूर्ति समयमा हुन नसक्नु मुख्य समस्याका रुपमा रहेका छन्।

## (३) अवसर र चुनौती

संवैधानिक र कानूनी व्यवस्थामार्फत शिक्षालाई महत्त्वपूर्ण स्थान दिइनु, तीनै तहका सरकारको शिक्षा विकासमा चासो रहनु, दिगो विकासको लक्ष्यमा शिक्षालाई उच्च महत्त्व दिइनु, प्रदेश सरकारबाट विश्वविद्यालय लगायतका शिक्षा सम्बन्धी विभिन्न नीति तथा कानुनहरूको तर्जुमा गरिनु, प्राविधिक शिक्षालयहरूमा भौतिक एवम् शैक्षिक पूर्वाधारको व्यवस्था हुनु, लक्षित वर्गका छात्रालाई उच्च शिक्षा र विज्ञान विषयमा छात्रवृत्तिको

व्यवस्था गरिनु, वैदेशिक रोजगारीवाट फर्किएका युवाको लागि सीप विकास तालिम सञ्चालन हुनु, विद्यालयको भौतिक तथा खेल पूर्वाधारको विकास हुँदै जानु, मदरसाहरूको पूर्वाधार विकास तथा मदरसा समन्वय समितिको गठन र सञ्चालन हुनु तथा शिक्षामा निजी क्षेत्रको उल्लेखनीय लगानी हुनु यस क्षेत्रका अवसरका रूपमा रहेका छन् ।

शिक्षण सिकाइ दर वृद्धि गर्नु, प्राविधिक धारका विद्यालयहरूको विकास तथा गुणस्तर सुधार गर्नु, मापदण्डबमोजिम कक्षाकोठा-विद्यार्थी र शिक्षक-विद्यार्थीको अनुपात मिलाउनु, विद्यालय छोड्ने दर घटाउनु, सबै विद्यालयमा शैक्षिक तथा भौतिक पूर्वाधारको विकास गर्नु, प्रदेश विश्वविद्यालयको गुणस्तर अभिवृद्धि गर्नु, संस्थागत विद्यालय र सामुदायिक विद्यालयबिचको सिकाइ असमानता कम गर्नु, मदरसा तथा गुम्बा शिक्षामा सरकारी पाठ्यक्रम र शिक्षकको व्यवस्था गर्नु साथै सबै बालबालिकालाई विद्यालय शिक्षाको दायरामा ल्याउनु जस्ता चुनौतिहरु यस क्षेत्रमा रहेका छन् ।

**(४) दीर्घकालीन सोचः** गुणस्तरीय शिक्षाः दक्ष मानव पुँजीसहितको प्रदेश ।

**(५) लक्ष्यः** सुसंस्कृत, शिक्षित र प्रतिस्पर्धी मानव पुँजीको विकास गर्ने ।

**(६) उद्देश्य**

(१) उच्च शिक्षालाई सिर्जनात्मक, अनुसन्धानमूलक, समयानुकूल तथा प्रतिस्पर्धी बनाउनु ।

(२) प्रदेशको आवश्यकताअनुसारको व्यावसायिक तथा प्राविधिक ज्ञान र सीपयुक्त मानव संसाधन विकास गर्नु ।

(३) माध्यमिक तहमा गुणस्तरीय शिक्षा अभिवृद्धि गर्न स्थानीय तहलाई सहजीकरण गर्नु ।

**(७) रणनीति र कार्यनीति**

**रणनीति १ः उच्च शिक्षालाई अनुसन्धानमूलक बनाउने ।**

**कार्यनीतिहरू**

(१) उच्च शिक्षाको पाठ्यक्रमलाई परिमार्जन गरी सैद्धान्तिक ज्ञानका साथै व्यावहारिक र अनुसन्धानमूलक बनाइनेछ ।

(२) उच्च शिक्षामा विद्यार्थीको सिर्जनशील क्षमताको प्रष्फुटन गराउन अनुसन्धान, व्यावहारिक अभ्यास, परियोजना कार्य, अतिरिक्त क्रियाकलाप जस्ता कुराहरूलाई पाठ्यक्रम र सिकाइ मापनको अङ्ग बनाइनेछ ।

**रणनीति २: शैक्षिक गुणस्तर सुधारका लागि नीतिगत व्यवस्था र नियमन गर्ने।**

**कार्यनीतिहरू**

(१) शैक्षिक गुणस्तर सुधारका लागि नीति, कानुन र योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

(२) प्रदेश विश्वविद्यालय प्राज्ञिक र स्वतन्त्र विज्ञ सम्मिलित परिषद्बाट सञ्चालन हुने व्यवस्था मिलाइनेछ ।

(३) शैक्षिक गुणस्तर सुधारका लागि उच्च शिक्षामा आवश्यक भौतिक तथा शैक्षिक पूर्वाधार विकास गरिनेछ ।

(४) उच्च शिक्षा दिने संस्थाहरूको नियमित अनुगमन तथा नियमन गरिनेछ ।

**रणनीति ३: प्राज्ञिक अध्ययन, अनुसन्धान, खोज र आविष्कारलाई प्रवर्धन गर्ने ।**

**कार्यनीतिहरू**

(१) प्रदेशलाई आवश्यक विषयमा प्राज्ञिक अनुसन्धानका लागि शैक्षिक संस्थासँग सहकार्य गरी विकासलाई अनुसन्धानसँग आबद्ध गर्ने व्यवस्था मिलाइनेछ ।

(२) प्रदेशको प्राथमिकता वा आवश्यकताका विषयमा अनुसन्धान गर्न विद्यार्थी तथा प्राज्ञहरूलाई अनुसन्धान वृत्ति प्रदान गरिनेछ ।

(३) नवीन अवधारणा, खोज र आविष्कार प्रवर्धनका लागि भौतिक संरचना, सामग्री र प्रशिक्षकको व्यवस्थाका साथै शैक्षिक पाठ्यक्रमसँग आबद्ध गरिनेछ ।

(४) शिक्षा क्षेत्रका विशेषज्ञ समूहसँग सहकार्य गरी प्रदेशको शैक्षिक गुणस्तर अभिवृद्धि गरिनेछ ।

**रणनीति ४: उच्च शिक्षाको शैक्षिक पूर्वाधार विकास गर्ने ।**

**कार्यनीतिहरू**

(१) उच्च शिक्षा प्रदान गर्ने संस्थाहरूमा भौतिक तथा शैक्षिक (पुस्तकालय, प्रयोगशाला तथा सिकाइ केन्द्रहरू र वृत्ति मार्गनिर्देशन सेवा केन्द्र) पूर्वाधारहरूको विकास गरिनेछ।

(२) प्रदेश विश्वविद्यालयमा विकट, दुर्गम क्षेत्र तथा विपन्न र सीमान्तकृत समुदायका छात्राहरूका लागि छात्रावासको व्यवस्था गरिनेछ ।

**रणनीति ५: बजारको माग तथा आवश्यकता अनुरूपको गुणस्तरीय उच्च शिक्षा प्रदान गर्ने ।**

**कार्यनीतिहरू**

(१) प्रदेशका उच्च शिक्षा प्रदायक संस्थाको आवश्यक क्षमता विकास र नियमित अनुगमन तथा सुपरिवेक्षण गरी शैक्षिक गुणस्तरमा सुधार गरिनेछ ।

(२) बजारको माग र आवश्यकताबारे अध्ययन गरी जनशक्ति आवश्यकताको प्रक्षेपण गरिनेछ ।

(३) बजार मागअनुसारका जनशक्ति विकासका लागि प्राविधिक र व्यावहारिक ज्ञान प्रदान गर्ने विद्यालय खोल्न प्राथमिकता दिइनेछ।

(४) स्थानीय तहसँगको समन्वयमा प्राथमिक तहको शिक्षाको पाठ्यक्रममा परिमार्जन गरी जीवनोपयोगी र व्यवहारिक सीप दिने पाठ्यक्रम विकास गरिनेछ ।

**रणनीति ६: लुम्बिनी प्राविधिक विश्वविद्यालयलाई प्रभावकारी रूपमा सञ्चालन गर्ने ।**

**कार्यनीतिहरू**

(१) लुम्बिनी प्राविधिक विश्वविद्यालयलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा मान्यता र पहिचान दिलाउन समन्वय तथा सम्बन्ध विकास गरिनेछ ।

(२) प्रदेशका अन्य स्थानहरूमा विश्वविद्यालय मातहतका कलेज विस्तार गरिनेछ ।

(३) प्रदेशको प्राविधिक जनशक्तिको आवश्यकता अनुरूपको गुणस्तरीय पाठ्यक्रम विकास गरिनेछ ।

(४) विश्वविद्यालयका लागि शैक्षिक तथा भौतिक पूर्वाधारको विकास गरिनेछ।

(५) विश्वविद्यालयबाट उत्पादित जनशक्तिलाई उद्यमशीलता विकास, स्वरोजगार सिर्जना तथा रोजगारीमा आबद्ध गर्न पेसा छनोटका लागि परामर्श तथा सहजीकरण गरिनेछ ।

(६) विश्वविद्यालयबाट दीक्षित विद्यार्थीको सञ्जाल निर्माणका लागि व्यवस्थापन सूचना प्रणालीको विकास र अद्यावधिक गरिनेछ ।

**रणनीति ७: प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्राप्त गर्न तथा सीप परीक्षण गर्न सहजीकरण गर्ने ।**

**कार्यनीतिहरू**

(१) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमसम्बन्धी प्रादेशिक नीति तथा मापदण्ड तर्जुमा गरिनेछ ।

(२) प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमलाई उत्पादनसँग जोड्न औद्योगिक प्रशिक्षार्थी कार्यक्रम (Apprenticeship) सञ्चालन गरिनेछ ।

(३) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको प्रादेशिक नीति तर्जुमा, पाठ्यक्रम र पाठ्यसामग्री तयारीका लागि सहजीकरण गरिनेछ।

(४) प्रदेशका युवालाई प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको प्रबन्ध गरी रोजगारीका अवसरमा पहुँच वृद्धि गरिनेछ।

(५) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् र सोसंग आबद्ध संस्थाहरुबाट शिक्षा तथा तालिम प्राप्त जनशक्तिको सीप परीक्षण गर्न समन्वय र सहजीकरण गरिनेछ ।

**रणनीति ८: छात्रवृत्तिको व्यवस्था गरी अध्ययन गर्न प्रोत्साहित गर्ने ।**

**कार्यनीतिहरू**

(१) प्रदेशको माग अनुरूपका विषयमा अध्ययन गर्ने छात्रछात्रा वा व्यावसायिक तालिम प्राप्त गर्ने व्यक्तिलाई मापदण्डका आधारमा छात्रवृत्ति प्रदान गरिनेछ ।

(२) प्रदेशका विपन्न वर्ग, सीमान्तकृत समुदाय तथा जेहेन्दार छात्रछात्रालाई छात्रवृत्ति प्रदान गरी उच्च शिक्षा हासिल गर्न प्रोत्साहन गरिनेछ ।

**रणनीति ९: विशेष शिक्षाका कार्यक्रम सञ्चालन गर्न समन्वय गर्ने ।**

**कार्यनीतिहरू**

(१) अपाङ्गता भएका, अटिजमलगायतका फरक क्षमतायुक्त बालबालिकाहरूका लागि विशेष शिक्षासम्बन्धी नीति, कानुन र योजना तर्जुमा गरिनेछ ।

(२) स्थानीय तहहरूसँगको सहलगानीमा औचित्यकाआधारमा अपाङ्गता, अटिजम लगायत फरक क्षमता भएका विद्यार्थीलाई अध्यापन गराउने विशिष्टीकृत आवासीय विद्यालयहरू विकास गरी सञ्चालनका लागि समन्वय तथा सहजीकरण गरिनेछ ।

(३) फरक क्षमताको प्रकृति अनुसार अभिभावकसँगै बस्नुपर्ने बालबालिकाका अभिभावकलाई सीप विकास एवम् दक्षता अभिवृद्धि गरी रोजगारीका लागि सहजीकरण गरिनेछ ।

**रणनीति १०: माध्यमिक शिक्षाको गुणस्तर अभिवृद्धि गर्ने ।**

**कार्यनीतिहरू**

(१) राष्ट्रिय परीक्षा बोर्डले तोकेको मापदण्डका आधारमा प्रदेशस्तरमा कक्षा १० (SEE) को परीक्षालाई व्यवस्थित बनाउन आवश्यक प्रबन्ध गरिनेछ ।

(२) माध्यमिक तहको प्रादेशिक शैक्षिक लक्ष्य तथा मापदण्ड हासिल गर्न स्थानीय तहलाई सहयोग गरिनेछ ।

(३) नमुना विद्यालयलाई स्रोत विद्यालयका रूपमा विकास गर्न स्थानीय तहलाई सहजीकरण गरिनेछ ।

(४) माध्यमिक तहको शिक्षण सिकाइ उपलब्धि मापनसम्बन्धी मापदण्ड कार्यान्वयनका लागि स्थानीय तहसँग साझेदारी गरिनेछ।

(५) शिक्षण सिकाइमा नवीन प्रविधि र शिक्षण विधि अवलम्बन गर्न स्थानीय तहलाई सहयोग गरिनेछ।

(६) लोपोन्मुख, अल्पसंख्यक तथा पछाडि परेका समुदायलाई माध्यमिक तहको शिक्षा प्रदान गर्न स्थानीय तहसँग सहकार्य गरिनेछ ।

(७) विद्यालयस्तरमा वृत्ति तथा पेसासम्बन्धी परामर्श लगायतका अतिरिक्त क्रियाकलाप सञ्चालन गर्न स्थानीय तहलाई सहयोग गरिनेछ ।

(८) माध्यमिक तहको शिक्षाको सुधारका लागि स्थानीय तह र संघ सरकारबिचको समन्वयकर्ता तथा सहजकर्ताका रूपमा भूमिका निर्वाह गरिनेछ ।

(९) नैतिक एवम् मानवीय मूल्य र मान्यतामा आधारित बौद्धलगायत अन्य शिक्षा लागु गर्न स्थानीय तहसंग समन्वय गरिनेछ ।

**(८) परिमाणात्मक लक्ष्य**

**तालिका ६.३ शिक्षासम्बन्धी परिमाणात्मक लक्ष्य**

| क्र.सं. | परिसूचकहरू | एकाइ | आर्थिक वर्ष २०८०/८१ को अवस्था | आर्थिक वर्ष २०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| १. | शिक्षा क्षेत्रको कुल गार्हस्थ्य उत्पादनमा योगदान | प्रतिशत | १०.५० | ११ |
| २. | प्राविधिक विषयमा कक्षा ९-१२ मा भर्ना हुने विद्यार्थी | संख्या हजारमा | २३ | ३५ |
| ३. | साक्षरता दर (१५-५९ वर्ष) | प्रतिशत | ७८.०८ | ९८ |
| ४. | उच्च शिक्षामा प्राविधिक धारको विद्यार्थी अनुपात | प्रतिशत | १७.३ | २० |
| ५. | नमुना विद्यालय | संख्या | २४ | ४८ |
| ६. | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम | संख्या | ५०० | २००० |

*स्रोतः सामाजिक विकास मन्त्रालय, २०८१*

## ६.४ युवा तथा खेलकुद

### (१) पृष्ठभूमि

राष्ट्रिय विकासमा युवा सहभागिता अभिवृद्धि तथा युवाहरूको सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, रोजगारीलगायतमा विशेष अवसर प्रदान गर्ने विषय राज्यको सामाजिक न्याय र समावेशीकरणसम्बन्धी नीतिमा रहेको छ । दिगो विकास लक्ष्यमा युवा शिक्षा, तालिम र रोजगारीका विषयहरू समावेश रहेका छन् । साथै, संविधानको साझा अधिकार सूचीमा खेलकुदलाई समावेश गरिएको छ । खेलकुद मानिसको शरीरलाई तन्दुरुस्त राख्न, संवेगात्मक सन्तुलन कायम गर्न, सिर्जनात्मक क्षमता विकास गर्न अति आवश्यक पक्ष हो

राष्ट्रिय परिवर्तनका संवाहक युवा शक्तिलाई नैतिक, सुसंस्कृत, सबल, सक्षम, प्रतिस्पर्धी र आत्मनिर्भर बनाउँदै राज्यका हरेक अङ्गमा सार्थक सहभागिता र संलग्नताको सुनिश्चितता गरी मुलुकको विकासमा परिचालन गर्नु पर्नेछ । प्रदेशलाई आधुनिक, न्यायपूर्ण र समृद्ध बनाउन युवालाई गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवा उपलब्ध गराउनुका साथै रोजगारीका अवसर सिर्जना गर्न जरुरी छ ।

जनगणना २०७८ अनुसार प्रदेशमा युवा उमेर (१६-४०) समूहको जनसंख्या २२,०८,०५३ रहेको छ जुन कुल जनसंख्याको ४३.११ प्रतिशत हो । श्रममा उच्चतम् योगदान गर्न सक्ने उमेर (१५-५९ वर्ष) समूहको जनसंख्या यस प्रदेशमा ६१.९२ प्रतिशत रहेको छ । यो उमेर समुहको जनसंख्या अझै केही वर्ष बढ्ने हुनाले हाल कमाउने उमेर समूहको बाहुल्यता भएको अवस्था वा जनसांख्यिक लाभ (Demographic Dividend) लिने समय रहेको छ । त्यसैले युवाहरूमा लगानी गरी मानसिक रूपमा सिर्जनात्मक, आर्थिक रूपमा सबल र भविष्यको सक्षम नेतृत्वकर्ताका रूपमा विकास गर्नु जरुरी छ ।

### (२) प्रमुख समस्या

बैदेशिक रोजगार तथा अन्य अवसरका कारण मुलुक बाहिर रहने युवाको संख्या उच्च रहनु, युवा लक्षित कार्यक्रम प्रभावकारी हुन नसक्नु, शिक्षा क्षेत्रको गुणस्तर खस्किँदै जानु, स्वरोजगारीको न्यून उपलब्धता रहनु, कृषि क्षेत्रको रोजगारीमा आकर्षण नरहनु तथा बर्षैंभरी रोजगारीको सिर्जना गर्ने कार्यक्रमहरु पर्याप्त नहुनु साथै लागु पदार्थ लगायतका दुर्व्यसनमा वृद्धि हुनु जस्ता समस्याहरु यस क्षेत्रमा रहेका छन् ।

सार्वजनिक तथा निजी क्षेत्रको न्यून प्राथमिकतामा खेलकुद क्षेत्र पर्नु; दीर्घकालीन नीति निर्माण, कार्यक्रम र पूर्वाधारको पर्याप्त विकास हुन नसक्नु; खेलकुद क्षेत्र अपेक्षित रुपमा व्यावसायिक हुन नसक्नु; प्रतिभा पहिचान र विकासको न्यून अवसर रहनु; एवम् खेलकुदलाई पर्यटन तथा अन्य आर्थिक गतिविधिसँग आबद्ध गरेर लगानी गर्ने अभ्यासको कमी हुनु जस्ता समस्याहरु यस क्षेत्रमा रहेका छन् ।

### (३) अवसर र चुनौती

प्रदेशमा आर्थिक रूपले सक्रिय जनसंख्याको ठूलो हिस्सा रहेकोले मानव पुँजी उपयोगको प्रचुर सम्भावना रहनु; राजनीतिमा युवाहरूको सशक्त उपस्थिति रहनु; वैदेशिक रोजगारीबाट फर्केका युवाहरूले जानेको सीप, ज्ञान र

उद्यमशीलता उपयोगको अवसर प्राप्त हुदै जानु; तथा युवा साक्षरताको स्थिति अपेक्षाकृत राम्रो हुनु प्रमुख अवसरका रुपमा रहेका छन् ।

संघ, प्रदेश र स्थानीय तहबाट खेल पूर्वाधारमा लगानी बढ्दै जानु; एक स्थानीय तह एक खेलकुद संरचना निर्माणको कार्यक्रम सञ्चालनमा रहनु; युवाहरूमा खेलप्रतिको रुचिमा वृद्धि हुनु; क्रिकेट, फुटबल लगायतका खेलहरुमा प्रदेशका खेलाडीहरुको राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा सहभागिता बढ्दै जानु एवम् निजी क्षेत्रबाट क्रिकेट रंगशालामा लगानी गरी खेलकुद अर्थतन्त्रको सुरुवात हुनुलगायतका अवसरहरु रहेका छन् ।

युवा जनशक्तिको विदेश पलायन रोक्नु र विदेशिएका युवा जनशक्तिलाई देशमा फर्काउनु, नेपालमा श्रम गर्ने संस्कृतिको विकास गर्नु, जनसांख्यिक लाभको उच्चतम उपयोग गर्नु तथा प्रदेशको उच्च बेरोजगारी दर (८.१ प्रतिशत) हटाउनु जस्ता चुनौतीहरू रहेका छन् । साथै, खेल पूर्वाधारको विकास गर्नु, उदीयमान खेलाडीहरूलाई देशमै टिकाइराख्नु, विद्यालयस्तरदेखि नै विभिन्न विधाका प्रतिभावान खेलाडी पहिचान गरी व्यावसायिक रुपमा विकास गर्नु एवम् खेलकुदलाई आर्थिक क्रियाकलाप वृद्धिको महत्त्वपूर्ण आधारका रूपमा विकास गर्नु जस्ता कार्यहरु प्रमुख चुनौतीका रुपमा रहेका छन् ।

**(४) दीर्घकालीन सोचः** प्रदेशको समृद्धिः युवाको परिचालन

**(५) लक्ष्यः** विकासमा युवाहरूको सहभागिता बढाई प्रदेशको आर्थिक समृद्धि हासिल गर्ने ।

**(६) उद्देश्यः**

(१) गुणस्तरीय शिक्षा र स्वास्थ्यमा युवाहरूको पहुँच अभिवृद्धि गर्दै रोजगारी बढाउनु ।
(२) खेलकुद क्षेत्रको विकास गर्नु ।

**(७) रणनीति र कार्यनीति**

**रणनीति १: गुणस्तरीय शिक्षा तथा स्वास्थ्यमा युवाहरूको पहुँच अभिवृद्धि गरी दक्ष मानव पुँजीको रूपमा विकास गर्ने।**

**कार्यनीतिहरू**

(१) बजारको माग अनुसारको प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रदान गरिनेछ ।
(२) युवाहरूमा बौद्धिक विकास, अनुशासन, असल आचरण र स्वयंसेवी भावनाको विकास गर्न युवा संस्था, गैरसरकारी संस्था तथा स्वयंसेवी संस्थालाई परिचालन गरिनेछ ।
(३) विद्यालय तथा महाविद्यालयहरूमा सिर्जनात्मक प्रतियोगिता आयोजना गरी युवामा भएको प्रतिभा प्रष्फुटन हुने वातावरण निर्माण गरिनेछ ।
(४) लागु पदार्थलगायतका दुर्व्यसनमा लाग्न नदिई स्वस्थ मानव पुँजी विकास गर्न गैरसरकारी संस्थालाई समेत परिचालन गरी सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

**रणनीति २: बजारको माग अनुसारको सीप तथा दक्षता विकास गरी युवालाई रोजगारी र स्वरोजगारीको अवसर प्रदान गर्ने ।**

**कार्यनीतिहरू**

(१) श्रमशक्तिको आवश्यकता सम्बन्धमा बजार सर्वेक्षण गरिनेछ ।

(२) सीप विकास तालिम दिने संघसंस्थाको क्षमता विकास गरिनेछ ।

(३) युवा केन्द्रित उद्यमशीलता विकास र नवीन खोजका लागि प्राविधिक शिक्षालय तथा गैरसरकारी संस्थासँग सहकार्य गरिनेछ ।

(४) युवाहरूलाई स्वरोजगारतर्फ उन्मुख गराउन बहुआयामिक अनुसन्धान केन्द्र स्थापनासम्बन्धी अध्ययन गरिनेछ ।

**रणनीति ३: खेलकुद क्षेत्रको विकास र प्रवर्धन गर्ने ।**

**कार्यनीतिहरू**

(१) प्रदेश खेलकुद परिषद्को क्षमता विकास गरिनेछ।

(२) प्रदेशका प्रतिस्पर्धी खेलको सम्भावनाका आधारमा आवश्यक नीतिगत व्यवस्था गरी खेल अर्थतन्त्र प्रवर्धन गरिनेछ ।

(३) उच्च सम्भावना भएका खेलको पूर्वाधार विकास गर्न संघ तथा स्थानीय तहसँग सहकार्य गरिनेछ।

(४) विद्यालयस्तरदेखि नै विद्यार्थीमा रहेको खेलप्रतिको रुचि र क्षमताअनुसार खेलकुदमा संलग्न हुने अवसर प्रदान गरिनेछ।

(५) प्रदेशस्तरमा विभिन्न विधाका खेलकुद प्रतियोगिताको तालिका बनाई नियमित रूपमा प्रतियोगिताको आयोजना गरिनेछ ।

(६) खेलकुद पूर्वाधारको विकासमा निजी क्षेत्रको सहभागितालाई प्रोत्साहन गरिनेछ ।

(७) नेपालमा व्यावसायिक रूपमा विकास हुँदै गएको क्रिकेट खेललाई प्राथमिकता दिई प्रतियोगिताको आयोजना गरिनेछ ।

(८) प्रदेशमा सम्भावना भएका विभिन्न विधाका खेल प्रशिक्षकको व्यवस्था गरी व्यावसायिक खेलाडी उत्पादनका लागि पहल गरिनेछ ।

(९) राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका खेलाडी उत्पादनका लागि विशेष प्रशिक्षण कार्यक्रमको व्यवस्था गरिनेछ ।

(१०) राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका पदक विजेता खेलाडीहरूलाई प्रोत्साहनको व्यवस्था गरिनेछ ।

(११) खेलकुदको प्रायोजन र व्यवसायको सामाजिक उत्तरदायित्वमार्फत निजी क्षेत्रको लगानी आकर्षित गरी व्यावसायिक खेलको प्रबर्धन गरिनेछ ।

(१२) आत्मनिर्भर खेलकुद विकास कोष स्थापनामार्फत मापदण्डका आधारमा मासिक जीवनयापन भत्ता, बिमा लगायतको व्यवस्था गरी क्रमशः व्यावसायिक खेलाडी उत्पादनको थालनी गरिनेछ ।

### (८) परिमाणात्मक लक्ष्य

तालिका ६.४ युवा तथा खेलकुदसम्बन्धी परिमाणात्मक लक्ष्य

| क्र.सं. | परिसूचकहरू | एकाइ | आर्थिक वर्ष २०८०/८१ को अवस्था | आर्थिक वर्ष २०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| १. | युवा रोजगारी | दर | ५७ | ८० |
| २. | युवा उद्यमशीलता कार्यक्रमबाट लाभ प्राप्त गर्ने | संख्या | १०० | ५०० |
| ३. | राष्ट्रिय स्तरका खेलाडी | संख्या | २०० | ३०० |
| ४. | अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागी खेलाडी | संख्या | १२ | ४० |

*स्रोत: सामाजिक विकास मन्त्रालय, २०८१*

## ६.५ विज्ञान तथा प्रविधि

### (१) पृष्ठभूमि

विज्ञान तथा प्रविधिको प्रयोगले विकासको आयाम, गति र आधुनिकीकरणमा उल्लेख्य परिवर्तन ल्याएको छ । विज्ञान तथा प्रविधिले सबै क्षेत्रलाई प्रभाव पार्ने भएकाले समृद्ध प्रदेशको परिकल्पना पुरा गर्न यसको उचित विकास र प्रयोग गर्ने क्षमता अभिवृद्धि गर्नु अपरिहार्य छ । संविधानले पनि संघ र प्रदेशको साझा सूचीअन्तर्गत वैज्ञानिक अनुसन्धान र विज्ञान प्रविधिलाई समेटेको छ । साथै, राज्यका नीतिहरू अन्तर्गत विकासको नीतिमा वैज्ञानिक अध्ययन अनुसन्धान गर्ने एवम् विज्ञान तथा प्रविधिको आविष्कार, उन्नयन र विकासमा लगानी अभिवृद्धि गर्ने साथै वैज्ञानिक, प्राविधिक, बौद्धिक र विशिष्ट प्रतिभाहरूको संरक्षण गर्ने विषय रहेको छ । प्रदेशमा सूचना तथा सञ्चार प्रविधि प्रतिष्ठान ऐन २०७६ कार्यान्वयनमा आई प्रतिष्ठान सञ्चालनमा रहेको छ ।

### (२) प्रमुख समस्या

प्रदेशमा विज्ञान तथा प्रविधि क्षेत्रको विकासमा लगानी न्यून हुनु; विज्ञान विषय अध्ययन गरेका जनशक्तिको कमी हुँदा नवप्रवर्तन, अनुसन्धान र प्राविधिक साक्षरता लगायतका विज्ञान तथा प्रविधि विकासका कार्य सञ्चालन गर्न कठिनाइ हुनु; इन्क्युवेशन सेन्टरहरूको विकास नहुनु; विज्ञान प्रविधिको विकास र अनुसन्धानमा लगानीकर्ता आकर्षित नहुनु; अनुसन्धानशाला र प्रतिष्ठान स्थापना गरी तिनलाई विषयगत विशिष्ट केन्द्र (Centre of Excellence) को रूपमा विकास गर्न नसकिनु; अनुसन्धान प्रतिष्ठान, विश्वविद्यालय र औद्योगिक संस्थाहरूबिच समन्वयको अभाव; उच्च शिक्षामा विज्ञान तथा प्रविधि विषय शिक्षण गराउने संस्था र विद्यार्थी संख्या सीमित हुनु साथै वैज्ञानिक अध्ययन, अनुसन्धानमा संलग्न हुन आवश्यक प्रोत्साहनको व्यवस्था अभाव रहनुलगायतका समस्याहरु यस क्षेत्रमा रहेका छन् ।

**(३) अवसर र चुनौती**

अन्तर्राष्ट्रियस्तरमा ख्याति प्राप्त नेपाली युवा वैज्ञानिकहरूलाई नेपालमा ज्ञान तथा सीप विकासमा परिचालन गर्न भाषा तथा परिवेशको बुझाइका कारणले सजिलो हुनु, सूचना प्रविधिको विस्तार र सस्तो जनशक्तिको उपलब्धता हुनु, प्रदेश सरकारबाट माध्यमिक तह तथा उच्च शिक्षामा विज्ञान विषय लक्षित प्रोत्साहनका नीति तथा कार्यक्रम संचालनमा रहनु जस्ता पक्षहरु यस क्षेत्रका अवसरका रूपमा रहेका छन् ।

विज्ञान विषय अध्ययन गरेका गुणस्तरीय जनशक्तिलाई प्रदेशमा टिकाइ राख्नु; कृषि, उद्योग, सूचना प्रविधि, नवीकरणीय ऊर्जा, पूर्वाधार विकास, वातावरण संरक्षण र शैक्षिक विकासलगायतका विज्ञान प्रविधि विकासको व्यापक क्षेत्रलाई आवश्यक ठूलो र दिगो लगानी व्यवस्थापन गर्नु; सूचना प्रविधिजस्तो उदीयमान क्षेत्रमा अन्तर्राष्ट्रियस्तरमा समेत प्रतिस्पर्धा गर्न सक्षम बनाउनु; नवीन प्रविधिको तत्काल उपयोगको वातावरणका लागि लगानी जुटाउनु; साइबर सुरक्षामार्फत सूचना प्रविधिमा विश्वस्त हुने वातावरणको निर्माण गर्नु तथा प्रविधिको प्रयोग गरी हुने नयाँ स्वरूपका अपराधका बढ्दो घटनाको अनुसन्धान तहकिकात गर्नु जस्ता चुनौतीहरू विद्यमान छन् ।

**(४) दीर्घकालीन सोचः** आधुनिक विज्ञान तथा नवीनतम प्रविधिको दिगो विकास र अधिकतम उपयोग

**(५) लक्ष्यः** नवप्रवर्तन; विज्ञान तथा प्रविधिको दिगो विकास र आर्थिक, सामाजिक तथा पूर्वाधार विकासमा यसको उपयोग गर्दै आर्थिक वृद्धिमा योगदान गर्ने ।

**(६) उद्देश्यः**

(१) वैज्ञानिक अनुसन्धान र नवप्रवर्तनका साथसाथै आवश्यक प्रविधिको दिगो विकास गर्नु ।

(२) विज्ञान तथा प्रविधिको दिगो उपयोगमार्फत उत्पादन, उत्पादकत्व र गुणस्तर वृद्धि गरी प्रदेशवासीको आयआर्जन बढाउनु।

(३) विज्ञान तथा प्रविधिको प्रयोग गरी सार्वजनिक सेवा प्रवाहमा सुधार गर्नु ।

**(७) रणनीति र कार्यनीति**

**रणनीति १: विज्ञान तथा सूचना प्रविधिको विकाससम्बन्धी प्रादेशिक नीति तथा योजना तर्जुमा गर्ने ।**

**कार्यनीतिहरू**

(१) विज्ञान प्रविधि विकाससम्बन्धी आवश्यक कानुन तर्जुमा र विज्ञान तथा सूचना प्रविधिसम्बन्धी अनुसन्धानका लागि कोष स्थापना गरिनेछ ।

(२) अध्ययन अनुसन्धानमा प्रोत्साहन, सहजीकरण र नियमन गरी विज्ञान तथा प्रविधिको द्रुत विकास गरिनेछ ।

(३) प्रदेश सूचना तथा सञ्चार प्रविधि प्रतिष्ठानलाई सूचना प्रविधि विकास र व्यवस्थापनको केन्द्रका रूपमा विकास गर्न गुरुयोजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

(४) विद्युतीय सुशासन प्रवर्धनका लागि आवश्यक प्रणालीको विकास र सञ्चालन गरिनेछ ।

(५) सूचना तथा सञ्चार प्रविधिको पहुँच विस्तार तथा उपयोग वृद्धि गरिनेछ ।

(६) विज्ञान तथा सूचना प्रविधिको विकास, प्रवर्धन र व्यवस्थापनका लागि निजी तथा शैक्षिक क्षेत्रलाई सहजीकरण र नियमन गरिनेछ ।

**रणनीति २: विज्ञान तथा प्रविधिसम्बन्धी अध्ययन तथा अनुसन्धानलाई माध्यमिक तथा उच्च शिक्षा तहमा प्रवर्धन गर्ने ।**

**कार्यनीतिहरू**

(१) लुम्बिनी प्राविधिक विश्वविद्यालयमा विज्ञान तथा प्रविधि सम्बन्धी अध्ययन, अनुसन्धान तथा विकासका लागि स्रोत साधनको व्यवस्था गरिनेछ ।

(२) प्रादेशिक तथा राष्ट्रिय प्राथमिकताका विषयमा अध्ययन तथा अनुसन्धान गर्न विश्वविद्यालय तथा शैक्षिक संस्थालाई प्रोत्साहित गरिनेछ ।

(३) प्रदेशमा आविष्कार तथा नवप्रवर्तनलाई प्रवर्धन गर्न विउपुँजी कोष स्थापना, सहुलियतपूर्ण ऋण तथा अनुसन्धान निर्वाह भत्ताको व्यवस्था गरिनेछ ।

(४) जिल्लास्तरमा घुम्ती विज्ञान कार्यशालाको आयोजना र सहभागितामूलक कार्यक्रम सञ्चालन गरी विज्ञान प्रविधिको स्थानीय तहसम्म विस्तार गरिनेछ ।

**रणनीति ३: वैज्ञानिक आविष्कार तथा नवप्रवर्तनलाई प्रवर्धन गर्ने ।**

**कार्यनीतिहरू**

(१) प्रदेशका क्षमतावान युवा जनशक्तिलाई वैज्ञानिक आविष्कार तथा नवप्रवर्तनसम्बन्धी कार्य गर्न प्रोत्साहन गरिनेछ ।

(२) प्रदेशस्तरीय सुविधा सम्पन्न विज्ञान प्रविधि अनुसन्धानशाला स्थापना गरी विषयगत विशिष्ट केन्द्र (Center of Excellence) को रूपमा विकास गरिनेछ ।

(३) निजी क्षेत्र तथा स्थानीय तहसँगको सहकार्यमा विज्ञान, आविष्कार र नवप्रवर्तन प्रवर्धन गर्न विज्ञान पार्क, विज्ञान सहर, प्रविधि पार्क, आविष्कार केन्द्र, मेकर्स स्पेस, नवप्रवर्तनशाला, एक्सेलरेटर सेन्टर, इन्कुवेसन सेन्टर, स्टार्टअप हब तथा अन्तर सरकार डाटा सेन्टर जस्ता संरचना स्थापना गरिनेछ ।

(४) अनुसन्धान केन्द्रलाई निजी तथा सार्वजनिक औद्योगिक प्रतिष्ठानसँग आबद्ध गरी लागत साझेदारी गर्न र सफल आविष्कारलाई व्यवसायीकरण गर्न सहजीकरण गरिनेछ ।

(५) युवाहरूलाई विश्व बजारमा बढ्दो स्वरूप ग्रहण गरिरहेको गिग अर्थतन्त्र (Gig Economy) बारे साक्षर गराई लाभ लिने वातावरण निर्माण गरिनेछ ।

(६) नेपाली वैज्ञानिकहरूले आविष्कार गरेका वस्तु र प्रविधिलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रदर्शनी र प्रतिस्पर्धामा सहभागी हुन प्रोत्साहित गरिनेछ ।

**(८) परिमाणात्मक लक्ष्य**

**तालिका ६.५ विज्ञान प्रविधिसम्बन्धी परिमाणात्मक लक्ष्य**

| क्र.सं. | परिसूचकहरू | एकाइ | आर्थिक वर्ष २०८०/८१ को अवस्था | आर्थिक वर्ष २०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| १. | नवप्रवर्तन केन्द्र | संख्या | ० | २४ |
| २. | उच्च शिक्षामा विज्ञान विषय पढाइ हुने शैक्षिक संस्थामा विज्ञान प्रयोगशाला | प्रतिशत | ४० | १०० |

*स्रोत: सामाजिक विकास मन्त्रालय, २०८१*

## ६.६ भाषा, साहित्य, कला र संस्कृति

### (१) पृष्ठभूमि

लुम्बिनी प्रदेश विभिन्न जातजाति, भाषाभाषी, धर्म र संस्कृतिले सम्पन्न स्थल हो । संविधानमा प्रदेश सरकारको एकल अधिकार अन्तर्गत भाषा, लिपि, संस्कृति, ललितकला र धर्मको संरक्षण तथा प्रयोगको विषय समावेश भएको छ । साथै, स्थानीय तहको एकल अधिकारमा पनि भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास रहेको छ ।

लुम्बिनी प्रदेशको कुल जनसंख्यामध्ये सबैभन्दा वढी ५०.८५ प्रतिशतले नेपालीलाई मातृभाषाको रूपमा प्रयोग गर्दछन् । त्यसैगरी १६.७० प्रतिशतले अवधी, । १३.५९ ले थारु, १०.९७ प्रतिशतले भोजपुरी, , ३.८१ प्रतिशतले मगर ढुट र १.१५ प्रतिशतले मगर खामलाई मातृभाषाका रुपमा प्रयोग गर्दछन् । साथै, केही संख्यामा उर्दु, हिन्दी, नेपाल र गुरुङ भाषाभाषी बोल्ने जनसंख्या समेत रहेको छ । थारु, मगर, अवधी, भोजपुरी, मुस्लिम लगायतका विभिन्न संस्कृतिको सम्मिश्रण एवम् मौलिकतामा यो प्रदेश सम्पन्न रहेको छ ।

यस प्रदेशमा विभिन्न साँस्कृतिक तथा ऐतिहासिक सङ्ग्रहालयहरू जस्तैः थारु सङ्ग्रहालय, लोकसाँस्कृतिक सङ्ग्रहालय, युद्ध सङ्ग्रहालय, दरवार सङ्ग्रहालय आदि रहेका छन् । त्यसैगरी, मूर्त संस्कृतिका रूपमा धार्मिक, सांस्कृतिक, पुरातात्विक क्षेत्रहरू: लुम्बिनी, तिलौराकोट, रामग्राम, स्वर्गद्वारी, रूरूक्षेत्र आदि रहेका छन् भने अमूर्त सम्पदाका रूपमा इतिहासका विभिन्न कालखण्डदेखि सिर्जना र प्रचलनमा रहेका विभिन्न जाति एवम् समुदायका परम्परागत नाच, गान, संस्कृति, कला तथा भेषभूषा रहेका छन् । साथै, गौतम बुद्धको जन्मस्थल लुम्बिनी विश्व सम्पदा सूचीमा सूचीकृत छ भने अन्य सम्पदाहरू पनि सूचीकृत हुने प्रक्रियामा रहेका छन्।

**(२) प्रमुख समस्या**

भाषा, साहित्य, कला र संस्कृतिप्रति नयाँ पुस्ताको आकर्षण घट्दै जानु; युवा पुस्तामा बाह्य संस्कृतिको प्रभाव बढ्नु; स्थानीय कला, संस्कृति लोप हुँदै जानु तथा मातृभाषामा शिक्षा दिने व्यवस्था प्रभावकारी रूपमा कार्यान्वयन हुन नसक्नु प्रमुख समस्याका रुपमा रहेका छन् ।

**(३) अवसर र चुनौती**

लोक कला, साहित्य तथा संस्कृति व्यावसायीकरणको उच्च सम्भावना रहनु; सांस्कृतिक पर्यटनको प्रचुर सम्भावना हुनु एवम् कला र संस्कृति संरक्षणका क्रियाकलापहरूमा वृद्धि हुनै जानु जस्ता अवसरहरु यस क्षेत्रमा रहेका छन् ।

संस्कृति तथा सम्पदाको मौलिक स्वरूपलाई जोगाउनु; बाह्य संस्कृतिको प्रभाव नियन्त्रण गर्नु; नेपाली कला, साहित्य र संस्कृतिको सम्मान र प्रवर्धन गर्ने भावनाको विकास गर्नु तथा प्रदेशमा बोलिने मातृभाषाहरूको संरक्षण गर्नु जस्ता कार्यहरु चुनौतीका रूपमा रहेका छन् ।

**(४) दीर्घकालीन सोचः** बहुसांस्कृतिक सम्पदाको जगेर्नाः सांस्कृतिक पहिचानयुक्त प्रदेश

**(५) लक्ष्यः** सांस्कृतिक सम्पदाको संरक्षण र व्यवस्थापन गरी प्रादेशिक पहिचान र गौरव अभिवृद्धि गर्ने ।

**(६) उद्देश्यः** मौलिक कला, संस्कृति, भाषा र साहित्यको संरक्षण, विकास तथा प्रवर्धन गर्नु ।

**(७) रणनीति र कार्यनीति**

**रणनीति १: भाषा र साहित्यको संरक्षण र प्रवर्धन गर्ने।**
**कार्यनीतिहरू**

(१) विभिन्न जातजाति र समुदायको लिखित तथा अलिखित भाषा र साहित्यको संरक्षण, विकास र प्रवर्धन गर्न आवश्यक कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।
(२) लोपोन्मुख समुदायको भाषा तथा साहित्यको पहिचान गरी संरक्षण र प्रवर्धन गरिनेछ ।
(३) स्थानीय पाठ्यक्रममा सम्बन्धित क्षेत्रका साहित्य समावेश गर्न स्थानीय तहलाई सहजीकरण गरिनेछ ।
(४) आधारभूत तहमा नेपाली र अंग्रेजी विषय बाहेकको शिक्षा मातृभाषामा प्राप्त गर्न चाहने बालबालिकालाई अवसर प्रदान गर्न स्थानीय तहलाई सहजीकरण गरिनेछ ।

**रणनीति २: पहिचान बोकेका कला र संस्कृतिको संरक्षण, प्रवर्धन, विकास र उपयोग गर्ने ।**

**कार्यनीतिहरू**

(१) विभिन्न जातजाति र भौगोलिक क्षेत्रमा प्रचलनमा रहेका वास्तुकला, हस्तकला, परम्परागत सीप जस्ता सम्पदाको संरक्षण, प्रवर्धन र व्यवसायीकरण गर्दै आयआर्जन र रोजगारीको माध्यम बनाउन आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

(२) प्रदर्शनयोग्य लोककलाहरूको माध्यमबाट पर्यटन व्यवसायमा टेवा पुऱ्याइनेछ ।

(३) प्रचलनमा रहेका चाडपर्व विशेष कला, संस्कृति, बाजा, नृत्य, रैथाने खाद्य तथा पेय पदार्थ जस्ता सम्पदाको अभ्यासलाई दीगो बनाउन तिनीहरुको संरक्षण, विकास, प्रवर्धन र व्यवसायीकरण गरी आयआर्जनसँग जोड्न प्रोत्साहन गरिनेछ ।

(४) सम्बन्धित क्षेत्रका मौलिक परम्परा, संस्कृति, मेला, पर्व, चाडपर्व विशेष खाद्य तथा पेय पदार्थ जस्ता विषय स्थानीय पाठ्यक्रम एवम् माध्यामिक र उच्च शिक्षाको अतिरिक्त क्रियाकलापमा समावेश गर्न समन्वय र सहजीकरण गरिनेछ ।

(५) लोक संस्कृतिको संरक्षणका लागि विभिन्न भाषा संस्कृति सम्बन्धी गीत संगीतको रेकर्ड गरी प्रवर्धन गरिनेछ ।

(६) सांस्कृतिक चलचित्र, डकुमेन्ट्री आदि छायाङ्कन गरी संरक्षण र प्रचार प्रसार गरिनेछ ।

(७) विभिन्न जातीय सङ्ग्रहालयहरूको स्थापना, संरक्षण र प्रवर्धन गरिनेछ ।

**(८) परिमाणात्मक लक्ष्य**

**तालिका ६.६ भाषा, साहित्य, कला र संस्कृतिसम्बन्धी परिमाणात्मक लक्ष्य**

| क्र.सं. | परिसूचकहरू | एकाइ | आर्थिक वर्ष २०८०/८१ को अवस्था | आर्थिक वर्ष २०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| १. | संरक्षण गरिएका साँस्कृतिक एवम् पुरातात्विक सम्पदा | संख्या | १० | १५ |
| २. | संरक्षण तथा प्रवर्धन भएका जात्रा तथा पर्वहरू | संख्या | ५० | ७५ |
| ३. | संरक्षण भएका लोपोन्मुख भाषा, कला तथा लिपिहरू | संख्या | - | ५ |

*स्रोत: उद्योग, पर्यटन तथा यातायात मन्त्रालय, २०८१*

## ६.७ लैङ्गिक समानता, महिला तथा बालबालिका

### (१) पृष्ठभूमि

नेपालको संविधानले लैङ्गिक समानताका लागि महिला तथा बालबालिकाको अधिकार सुनिश्चित गरी विभेदरहित सामाजिक न्यायसहितको समतामूलक समाजको निर्माण र जवाफदेही शासन प्रणाली अवलम्बन गर्ने सङ्कल्प लिएको छ । संविधानले समावेशी सहभागिता, महिलाको हक र बालबालिकाको हकको सुनिश्चत गरी तीनै

तहका सरकारको अधिकार सूचीमा यस विषयलाई समेटेको छ । महिला तथा बालबालिकाको हक अधिकार सम्बन्धमा अन्तर्राष्ट्रिय महासन्धिहरू र दिगो विकास लक्ष्यमा नेपालको प्रतिबद्धता रहेको छ ।

जनगणना २०७८ अनुसार प्रदेशको कुल जनसंख्या ५१,२२,०७८ मध्ये महिला ५२.०८ प्रतिशत र १८ वर्षभन्दा कम उमेर समूहका बालबालिका ३४.८१ प्रतिशत रहेका छन् । यस प्रदेशको ५ वर्षभन्दा माथिका जनसंख्यामा महिला साक्षरता ७१.७० प्रतिशत रहेको छ । १५ देखि ४९ वर्ष उमेर समूहका ३१ प्रतिशत महिलाले कुनै पनि औपचारिक शिक्षा प्राप्त गरेका छैनन् भने २२.५ प्रतिशत महिलाले मात्र माध्यामिक तहभन्दा माथिको शिक्षा लिएका छन्।

**(२) प्रमुख समस्या**

लैङ्गिक हिंसा र लैङ्गिकतामा आधारित विभेद कायम रहनु; केही स्थान र समुह विशेषमा बालविवाह जस्ता परम्परागत रुपमा रहेका हानिकारक सामाजिक अभ्यास रहिरहनु; बालश्रम, मानव बेचबिखन र महिला अधिकार हननमा अपेक्षित सुधार हुन नसक्नु; लैङ्गिक अवस्था जनाउने खण्डीकृत तथ्याङ्कको अभाव हुनु; नीति योजना तथा कार्यक्रममा लैङ्गिक मूलप्रवाहीकरण हुन नसक्नु; लैङ्गिक उत्तरदायी बजेटको कार्यान्वयन कमजोर हुनु साथै नीति निर्माण र निर्णय प्रकृयामा सीमान्तकृतसमुदायका महिलाहरूको अर्थपूर्ण सहभागिता हुन नसक्नु यस क्षेत्रका प्रमुख समस्याहरु हुन् ।

**(३) अवसर र चुनौती**

महिला र बालबालिकाको हक अधिकार सम्बन्धमा नीति, कानुन तर्जुमा भई कार्यक्रमहरू कार्यान्वयनमा आउनु; लुम्बिनी प्रदेश लैङ्गिक समानता नीति र वाल विवाह अन्त्यका लागि लुम्बिनी प्रदेशको रणनीति कार्यान्वयनमा रहनु; बालवालिकाहरूको उद्धार र संरक्षणका लागि वाल कोषको स्थापना हुनु; उत्कृष्ट महिला सहकारी छनोटसम्बन्धी मापदण्ड, लैङ्गिक सम्पर्क व्यक्तिको व्यवस्था र परिचालन कार्यविधि, प्रदेश दिवा शिशु स्याहार केन्द्र स्थापना र सञ्चालन कार्यविधि लगायतका नीतिगत तथा कानुनी ब्यबस्था हुनु; महिला तथा बालबालिकाको क्षेत्र विश्वव्यापी प्राथमिकतामा पर्नु र दिगो विकास लक्ष्यमा समेटिनु जस्ता अवसरहरु यस क्षेत्रमा रहेका छन् ।

महिलाको आर्थिक योगदानको सम्मान गर्ने संस्कृतिको विकास गर्नु; लैङ्गिक तथा घरेलु हिंसा अन्त्य गर्दै न्याय प्राप्तिलाई सहज, सुलभ र पहुँचयोग्य बनाउनु; परिवर्तित स्वरूपका लैङ्गिक हिंसा, मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण गर्नु; विपन्न एवम् सीमान्तकृत महिलाहरूको आर्थिक अवस्थामा सुधार ल्याउनु; बालबालिका तथा किशोरकिशोरीहरुको आधारभूत अधिकार उपभोग गर्न सक्ने वातावरण सिर्जना गर्नु; दाइजो, गौना-थौना जस्ता परम्परागत कुप्रथा हटाउनु; सबै किसिमका बाल अधिकार हनन तथा बालविवाहको अन्त्य गर्नु; उच्च शिक्षामा महिलाको पहुँच अभिवृद्धि गर्नु; सामाजिक, आर्थिक र राजनीतिक क्षेत्रमा व्याप्त लैङ्गिकतासम्बन्धी नकारात्मक सोचको अन्त्य गर्नु;लैङ्गिक संवेदनशील र लैङ्गिक उत्तरदायी सोचलाई व्यवहारमा उतार्नु; लैङ्गिक समावेशितालाई विकासको अभिन्न अङ्गका रूपमा हेर्ने राजनीतिक प्रतिबद्धता र इच्छा शक्तिको

सुनिश्चितता गरी सबै सार्वजनिक निकायहरूमा लैङ्गिक मूलप्रवाहीकरण गर्ने सोचको विकास गर्नु साथै नेतृत्व तहमा महिलाको समावेशी तथा समानुपातिक प्रतिनिधित्व बढाउनु समेतका प्रमुख चुनौतीहरु रहेका छन् ।

**(४) दीर्घकालीन सोचः** सामाजिक न्याय र समतामा आधारित लैङ्गिक समानता र सशक्तीकरणयुक्त प्रदेश

**(५) लक्ष्यः** महिला र बालबालिकाको अधिकार संरक्षण गर्दै आर्थिक सामाजिक विकासमा मूलप्रवाहीकरण गरी प्रदेशको समुन्नतिमा उल्लेखनीय योगदान पुऱ्याउने ।

**(६) उद्देश्यः**

(१) महिलाहरूको आर्थिक, सामाजिक तथा राजनीतिक सशक्तीकरण गर्नु ।
(२) महिला अधिकार सुनिश्चित गर्दै सहभागिता अभिवृद्धि गर्नु ।
(३) बालअधिकारको संरक्षण तथा प्रवर्धन गर्नु ।

**(७) रणनीति र कार्यनीति**

**रणनीति १: अवसरमा लैङ्गिक मूलप्रवाहीकरण गर्ने ।**

**कार्यनीतिहरू**

(१) लैङ्गिक समानता, अपाङ्गता र सामाजिक समावेशीकरण (लैसअसास) लाई मूलप्रवाहीकरण हुने गरी प्रदेशको नीति, रणनीति, योजना, संरचना, कार्यक्रम र बजेट तर्जुमा गरिनेछ ।
(२) "कोही नछुटुन" भन्ने दिगो विकासको अवधारणामा आधारित रही वार्षिक कार्यक्रम तथा बजेटलाई लैङ्गिक उत्तरदायी बनाइनेछ ।
(३) प्रदेशका मन्त्रालय र तहमा लैङ्गिक सम्पर्क इकाइको स्थापना गरी संस्थागत क्षमता सुदृढ गरिनेछ ।
(४) लैङ्गिक समानता, अपाङ्गता र सामाजिक समावेशीकरण परीक्षण (GEDSI Audit) लाई योजना र कार्यक्रमको अभिन्न अङ्गको रूपमा अङ्गीकार गरिनेछ ।
(५) निजी क्षेत्रको नेतृत्व तह तथा रोजगारीका अवसरमा महिला सहभागितालाई प्राथमिकता दिन प्रोत्साहित गरिनेछ।
(६) लैसअसास सूचकहरू तयार गरी अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई प्रभावकारी बनाइनेछ।

**रणनीति २: सामाजिक जीवनका सबै क्षेत्रमा महिलाहरूको अर्थपूर्ण सहभागिता वृद्धि गर्ने।**

**कार्यनीतिहरू**

(१) लैङ्गिक सचेतना अभिवृद्धि तथा सशक्तीकरणका माध्यमबाट राजनीतिक, आर्थिक र सामाजिक क्षेत्रमा महिला सहभागिता अभिवृद्धि गरिनेछ ।
(२) प्रदेशका राजनीतिक नियुक्तिमा महिलाहरूको समानुपातिक समावेशी प्रतिनिधित्व अनिवार्य गराइनेछ ।

(३) स्थानीय तहमा लैसअसास रणनीति तर्जुमा र अभिलेख व्यवस्थापनमा सहजीकरण एवम् साझेदारी गरिनेछ ।

(४) प्रदेश र स्थानीय तहबिच लैङ्गिक मूलप्रवाहीकरण गर्न संयुक्त रूपमा पहल गरिनेछ ।

(५) सञ्चार माध्यमसँग सहकार्य गरी लैङ्गिक समानतासम्बन्धी जनचेतना अभिवृद्धि गरिनेछ ।

(६) सार्वजनिक निकायलाई लैङ्गिक संवेदनशील तुल्याउन नीतिगत व्यवस्था गरिनेछ ।

(७) लैङ्गिक समता प्राप्तिका लागि पुरुषको सक्रिय सहभागिता सुनिश्चित गरिनेछ।

**रणनीति ३: महिलाहरूको क्षमता अभिवृद्धि गर्ने।**

**कार्यनीतिहरू**

(१) बजारको मागअनुसार महिलाहरूको सीप र क्षमता अभिवृद्धिका लागि कार्यक्रम सञ्चालन गरिनेछ।

(२) सीप तथा क्षमता भएका महिलाहरूलाई आयआर्जन र स्वरोजगारमूलक व्यवसायमा संलग्नताका लागि प्रोत्साहित गरिनेछ ।

**रणनीति ४: महिला हिंसा नियन्त्रण एवम् संरक्षण गर्ने ।**

**कार्यनीतिहरू**

(१) प्रदेश सुरक्षा निकायमा महिला सेलको व्यवस्था गरी कानुनी सेवामा सहज पहुँचको व्यवस्था गरिनेछ ।

(२) मानव बेचबिखन तथा ओसारपसार; महिलामाथि हुने सबै प्रकारका हिंसा, भेदभाव तथा सामाजिक कुरीति नियन्त्रणका लागि कानुनको प्रभावकारी कार्यान्वयन र चेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

(३) हिंसा पीडित, अपाङ्गता भएका, ज्येष्ठ नागरिक, अशक्त वा सहयोगापेक्षी महिलाको संरक्षणका लागि स्थानीय तह, समुदाय, परोपकारी संघ संस्थाहरूसँग सहकार्य गरिनेछ ।

(४) सहयोग आवश्यक हुने हिंसा पीडित, अपाङ्गता भएका, ज्येष्ठ नागरिक तथा विपन्न महिला लगायतलाई स्वास्थ्य उपचार तथा कानुनी उपचारको व्यवस्था मिलाइनेछ ।

**रणनीति ५: बाल अधिकारको संरक्षण गर्ने ।**

**कार्यनीतिहरू**

(१) बाल श्रमिक र सडक बालबालिकाहरूको उद्धार र संरक्षणका लागि आवश्यक नीति र कार्यक्रमको व्यवस्था गरिनेछ ।

(२) बालबालिका तथा किशोरकिशोरीहरूमाथि हुने सबै प्रकारको दुर्व्यवहार, हिंसा, शोषण र भेदभाव अन्त्यको लागि स्थानीय तह, समुदाय, विद्यालय, निजी क्षेत्र, सञ्चार जगत र बालअधिकारका क्षेत्रमा क्रियाशील संस्थाहरूसँग सहकार्य गरिनेछ ।

(३) अनाथ, असहाय, बेवारिसे, अशक्त, अपाङ्गता भएका र विशेष संरक्षणको आवश्यकता भएका बालबालिका तथा किशोर किशोरीहरूको संरक्षण तथा व्यवस्थापन गरिनेछ ।

(४) कानुनी विवादमा परेका बालबालिकाको संरक्षण र वाल सुधार गृहको लागि आवश्यक व्यवस्था मिलाइनेछ।

(५) बालबालिकासम्बन्धी नीति तथा योजना तर्जुमामा बाल सहभागिता सुनिश्चित गरिनेछ ।

**रणनीति ६: वालविवाह न्यूनीकरण गर्दै पिडितहरुको संरक्षण गर्ने ।**

**कार्यनीतिहरु**

(१) वाल विवाहको जोखिमको बारेमा सचेतना र प्रशिक्षण पारिवारिक भेट र परामर्शजस्ता कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

(२) मदरसा, गुम्बा, विद्यालयका साथसाथै बाहिर रहेका किशोरकिशोरीहरुलाई प्राविधिक शिक्षा, सीप, तालिम र प्रशिक्षणको माध्यमबाट सशक्तीकरण गरिनेछ ।

(३) समुदाय अगुवा, शिक्षक, अभिभावक, धर्मगुरु लगायतका व्यक्तिहरु एवम् स्थानीय तह र यस क्षेत्रमा काम गर्ने गैर-सरकारी संस्थाहरुसँग सहकार्य र समन्वय गरिनेछ ।

(४) किशोरकिशोरीहरुलाई नै अभियन्ताको रुपमा परिचालन गरिनेछ ।

(५) बालबिवाहका कारण व्यक्तिको स्वास्थ्य, परिवार, समाज र आर्थिक अवस्थामा पर्ने नकारात्मक प्रभाव र कानूनी रुपमा हुने दण्ड सजायका बारेमा विद्यालयस्तरको पाठ्यक्रममा समावेश गर्न स्थानीय तहसँग सहजीकरण गरिनेछ ।

(६) बालबिवाह न्यूनीकरणमैत्री कार्यक्रम तर्जुमा र संस्थागत सुदृढीकरण गर्दै आवश्यक पर्ने स्रोत परिचालन गरिनेछ ।

(७) बालबिवाहको जोखिममा रहेका र पिडितहरुको आवश्यकता अनुसार संरक्षण, उपचार र सशक्तीकरण गर्दै आयआर्जन गर्ने कार्यमा टेवा पुर्याइनेछ ।

**रणनीति ७: सबै सार्वजनिक निकायलाई महिला र बालमैत्री बनाउने ।**

**कार्यनीतिहरू**

(१) प्रदेशका सबै स्थानीय तह तथा सार्वजनिक निकायलाई महिला र बालमैत्री बनाउने नीति लिइनेछ।

(२) बाल क्लब, बाल समूह, किशोरकिशोरी समूहजस्ता सञ्जाल विस्तार तथा सशक्तीकरण गरी उनीहरूको अर्थपूर्ण सहभागिता बढाइनेछ ।

**(८) परिमाणात्मक लक्ष्य**

**तालिका ६.७ लैङ्गिक समावेशिता, महिला तथा बालबालिकासम्बन्धी परिमाणात्मक लक्ष्य**

| क्र.सं. | परिसूचकहरू | एकाइ | आर्थिक वर्ष २०८०/८१को अवस्था | आर्थिक वर्ष २०८५/८६को लक्ष्य |
|---|---|---|---|---|
| १ | लैङ्गिक विकास सूचकाङ्क | प्रतिशत | ०.८८६ | ०.९०१ |

| | | | | |
|---|---|---|---|---|
| २ | महिला श्रम सहभागिता दर | प्रतिशत | २६.३ | ३५ |
| ३ | लैङ्गिक असमानता न्यूनीकरण सूचकाङ्क | सूचकाङ्क | ०.५६३ | ०.७०० |
| ४ | लैङ्गिक सशक्तीकरण मापन सूचकाङ्क | प्रतिशत | ०.४६ | ०.५९ |
| ५ | महिला साक्षरता | प्रतिशत | ७१.७० | ८५ |
| ६ | औपचारिक क्षेत्रको रोजगारीमा महिलाको हिस्सा | प्रतिशत | ३५.२९ | ४० |
| ७ | बालश्रम | प्रतिशत | १५.८ | १० |

*स्रोत: सामाजिक विकास मन्त्रालय, २०८१*

## ६.८ सामाजिक सुरक्षा र संरक्षण

### (१) पृष्ठभूमि

अन्तर्राष्ट्रिय मानव अधिकारको स्थापित मान्यताअनुसार प्रत्येक नागरिकलाई आत्मसम्मानका साथ बाँच्न पाउने र सामाजिक सुरक्षाको अधिकार रहेको हुन्छ । यसलाई राज्यको नागरिकप्रतिको दायित्वको रूपमा लिने गरिन्छ । संविधानमा सामाजिक सुरक्षा तथा संरक्षण प्रदान गर्न मौलिक हकअन्तर्गत विभिन्न व्यवस्थाहरू रहेका छन् ।

आर्थिक रूपले विपन्न तथा लोपोन्मुख समुदायका नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण र विकासका लागि विभिन्न सार्वजनिक सेवामा विशेष अवसर र लाभ पाउने हक हुने व्यवस्था छ । साथै, अपाङ्गता भएका नागरिकहरूलाई मर्यादा, आत्मसम्मान तथा सार्वजनिक सेवा सुविधामा समान पहुँचको हक हुने उल्लेख छ । त्यसैगरी, नेपालको संविधानले आर्थिक रूपले विपन्न वर्ग, असक्त, असहाय, एकल महिला, अपाङ्गता भएका, दलित तथा अनाथ बालबालिका एवम् लोपोन्मुख समुदायका व्यक्तिलाई कानुनबमोजिम सामाजिक सुरक्षाको हक हुने व्यवस्था गरेको छ ।

राज्यले सामाजिक सुरक्षा ऐन कार्यान्वयन गर्नुका साथै सामाजिक सुरक्षाका विभिन्न व्यवस्थाहरू पनि गरेको छ। प्रदेश बालबालिकासम्बन्धी ऐन, सेवा केन्द्र तथा पुनर्स्थापना केन्द्रको स्थापना तथा सञ्चालन र सेवा तथा पुनर्स्थापना कोष सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, बाल विवाह अन्त्यका लागि लुम्बिनी प्रदेशको रणनीति, लैङ्गिक समानता सम्बन्धी लुम्बिनी प्रदेशको नीति, प्रदेश दिवा शिशु स्याहार केन्द्र स्थापना र सञ्चालन कार्यबिधि, अपाङ्गता भएका व्यक्तिहरूका लागि समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम सञ्चालन कार्यविधि तथा प्रदेश बालकोष समेतका नीति, कानुन, कार्यविधि, योजना र कार्यक्रम तर्जुमा भएका छन् ।

### (२) प्रमुख समस्या

नेपालमा औसत आयुको वृद्धिसँगै ज्येष्ठ नागरिकलाई प्रदान गरिने सामाजिक सुरक्षाको दायित्व बढ्दै जानु; संयुक्त परिवार एकल परिवारतर्फ रुपान्तर हुँदै जानु; रोजगारीका लागि युवा जनशक्ति अनुपस्थित हुने क्रम बढ्दै जाँदा ज्येष्ठ नागरिकको जीवन कष्टकर हुँदै जानु; सीमान्तकृत व्यक्तिहरू गरिबी र जोखिममा हुनु; महिला र बालिकाहरूलाई अपेक्षित स्तरमा सशक्तीकरण गर्न नसकिनु; भूमिहीन, मुक्त कमैया तथा विपन्न

वर्गको जीविकोपार्जनमा सुधार हुन नसक्नु; धनी र गरिबका बिच आयमा व्यापक असमानता हुनु; प्रदेशका पहाडी तथा हिमाली जिल्लामा खाद्य सुरक्षाको उच्च जोखिम रहनु; लक्षित वर्ग रोजगारीको अवसरबाट वञ्चित रहनु तथा आर्थिक सङ्कटको मारमा पर्ने स्थिति रहनु; अपाङ्गता भएका व्यक्तिका समस्या प्राथमिकतामा नसमेटिनु; सामाजिक सुरक्षा र संरक्षण आवश्यक हुने नागरिकको तथ्याङ्क अद्यावधिक गरी विश्लेषण गर्ने पद्धति संस्थागत हुन नसक्नु; सामाजिक सुरक्षा तथा संरक्षणका कार्यक्रमको विश्लेषण नगरिँदा खर्च अनुरूप प्रतिफल प्राप्त हुन नसक्ने जोखिम रहनु साथै तीन तहका सरकारहरूबाट समान प्रकृतिका कार्य हुँदा पहुँचवालाले दोहोरो सुविधा लिई विपन्न वर्ग वञ्चित हुने सम्भावना हुनु जस्ता समस्याहरु रहेका छन् ।

**(३) अवसर र चुनौती**

सामाजिक सुरक्षा र संरक्षण सरकारको उच्च प्राथमिकतामा पर्नु; मुलुकमा जनसंख्याको ठूलो हिस्सा (महिला, यौनिक अल्पसंख्यक, बालबालिका, बेरोजगार, ज्येष्ठ नागरिक, अपाङ्गता भएका, गर्भवती महिला, शिशु, असाध्य रोगी, कार्यस्थलमा चोटपटक लागेका र गरिब तथा सङ्कट ग्रस्त/कमजोर वर्ग) सामाजिक सुरक्षा र संरक्षण कार्यक्रमबाट लाभान्वित हुनु एवम् विभिन्न परोपकारी संघसंस्थाहरूले सामाजिक सुरक्षा र संरक्षणमा लगानी तथा सहयोग गर्ने क्रम वृद्धि हुनु अवसरका रूपमा रहेका छन् ।

सामाजिक सुरक्षा सम्बन्धमा साझा बुझाइको विकास गर्नु; सामाजिक सुरक्षा प्रणालीमा लक्षित वर्ग सबैलाई आबद्ध गर्नु; सामाजिक सुरक्षासम्बन्धी कार्यक्रमलाई वित्तीय रूपमा दिगो बनाउनु; छरिएर रहेका सामाजिक सुरक्षाका कार्यक्रमलाई एकीकृत गर्नु; प्राण घातक तथा असाध्य रोगहरू (मृगौला, मुटु रोग, क्यान्सर) बढ्नुले उपचार सहयोगमा दायित्वको वृद्धिलाई दिगो रुपमा संबोधन गर्नु साथै दम, ब्रोङ्काइटिस, सिकल सेल एनिमिया, थालेसेमिया, निःशुल्क रक्त उपलब्ध गराउनेलगायतका उपचार सहयोगमा बढ्दो खर्च धान्नु यस क्षेत्रका प्रमुख चुनौतीहरु हुन् ।

**(४) दीर्घकालीन सोचः** सामाजिक सुरक्षाको प्रत्याभूतिः मर्यादित जीवन र विभेदमुक्त समाज

**(५) लक्ष्यः** लक्षित वर्गलाई न्यूनतम सामाजिक सुरक्षाको प्रत्याभूति गर्ने ।

**(६) उद्देश्यः**

(१) सामाजिक सुरक्षाका प्रादेशिक कार्यक्रमलाई एकीकृत ढाँचामा सञ्चालन गर्नु ।

(२) समाजका विपन्न, कमजोर, सीमान्तकृत वा जोखिममा रहेका व्यक्तिहरूलाई सामाजिक सुरक्षा तथा संरक्षण प्रदान गरी गरिबी र जोखिम न्यूनीकरण गर्नु।

**(७) रणनीति र कार्यनीति**

**रणनीति १: सामाजिक सुरक्षा तथा संरक्षण प्रभावकारी बनाउने ।**
**कार्यनीतिहरू**

(१) अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, दलित तथा अनाथ बालबालिका, यौनिक अल्पसंख्यक, हिंसापीडित लगायतका समाजका सहयोगापेक्षी वर्गको तथ्याङ्क संकलन, अद्यावधिक र एकीकरण गरी तीनै तहका सरकारले उपयोग गर्ने व्यवस्था गर्न समन्वय र सहकार्य गरिनेछ ।

(२) अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, दलित तथा अनाथ बालबालिका, यौनिक अल्पसंख्यक, हिंसापीडित लगायतका समाजका सहयोगापेक्षी वर्गलाई प्रदेश मातहतका अस्पतालमार्फत निःशुल्क औषधि उपचार गरिनेछ।

(३) हिंसापीडित महिला, अनाथ, असक्तलाई आवास र हेरचाह लगायतका कार्यका लागि हेरचाह केन्द्र सञ्चालन गर्न संघ, स्थानीय तह र परोपकारी संघसंस्थाहरूसँग सहकार्य गरिनेछ।

(४) सामाजिक सुरक्षा सम्बन्धी सुविधामा दोहोरोपना हटाउन एकीकृत सूचना प्रणालीको उपयोग गरिनेछ ।

(५) लक्षित वर्गको सामाजिक सुरक्षाका लागि रोजगारमूलक कार्यमक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

(६) सामाजिक सुरक्षा र संरक्षणका कार्यक्रमको सञ्चालन र सूचना व्यवस्थापमा स्थानीय तहहरूसँग समन्वय गरिनेछ ।

(७) विपन्न वा एकल महिला, दलित, बालबालिका, अल्पसंख्यक, आदिवासी जनजाति तथा आर्थिक सामाजिक रूपमा पछि परेका समुदायको क्षमता विकास, आयआर्जनका अवसर सिर्जना लगायत आर्थिक समाजिक सशक्तीकरणका कार्यक्रम सञ्चालन गरी गरिबीको कुचक्रबाट बाहिर ल्याउन पहल गरिनेछ ।

(८) सहयोगापेक्षी सडक मानवमुक्त प्रदेश निर्माणका लागि सम्बन्धित पक्षसँग समन्वय र सहकार्य गरी पुनस्थापना केन्द्र सञ्चालन गर्न सहयोग गरिनेछ ।

(९) ज्येष्ठ नागरिक, जोखिममा परेका महिला, अपाङ्गता भएका व्यक्ति, यौनिक अल्पसंख्यक लगायतका समुदायको प्रतिनिधित्व गर्ने हितकारी संघ संस्थाहरूको संस्थागत क्षमता विकासमा सहयोग गरिनेछ ।

**रणनीति २: ज्येष्ठ नागरिकहरूलाई सम्मानपूर्वक बाँच्ने अधिकारको संरक्षण गर्ने ।**

**कार्यनीतिहरू**

(१) रिडी, त्रिवेणी धाम, स्वर्गद्वारी, धारापानी लगायतका धार्मिक स्थल र परोपकारी संस्थाहरूमा बृद्धाश्रम तथा सुरक्षित आश्रमको व्यवस्था गर्न आवश्यक पूर्वाधार निर्माण गरिनेछ ।

(२) ज्येष्ठ नागरिक आश्रम स्थापना, खानपान व्यवस्था र स्वास्थ्य उपचार लगायतका सहयोग गरिनेछ।

(३) ज्येष्ठ नागरिकमैत्री प्रदेश स्थापनाका लागि सूचक तयार गरी कार्यान्वयन गरिनेछ ।

(४) ज्येष्ठ नागरिकका अनुभव पुस्तान्तरण गर्न किशोर किशोरी, युवा र ज्येष्ठ नागरिकबिच संवादको कार्यक्रम गरिनेछ ।

(५) ज्येष्ठ नागरिकसँग भएको वाद्यवादन, गायन, हस्तकला जस्ता परम्परागत ज्ञान र सीप नयाँ पुस्तालाई हस्तान्तरण गर्न उनीहरुलाई स्रोतव्यक्तिका रूपमा परिचालन गर्ने वातावरण निर्माण गरिनेछ।

**रणनीति ३: अपाङ्गता भएका व्यक्तिको क्षमता विकास र उपयोग गर्ने ।**

**कार्यनीतिहरू**

(१) फरक क्षमता भएका व्यक्तिको शैक्षिक स्तर, सीप तथा दक्षता अभिवृद्धि गरी रोजगार तथा स्वरोजगारका अवसर सिर्जना गरिनेछ ।

(२) सार्वजनिक निकायमा अपाङ्गतामैत्री पूर्वाधार विकास गरी सार्वजनिक सेवामा सहज पहुँच पुऱ्याउनुका साथै अपाङ्गमैत्री प्रदेश निर्माण गर्न पहल गरिनेछ ।

(३) पूर्ण अशक्त/अपाङ्गता भएका व्यक्तिहरूलाई आश्रयस्थलमा संरक्षण गर्ने व्यवस्था गरिनेछ ।

**रणनीति ४: पछाडि परेका वर्गको आर्थिक सामाजिक सशक्तीकरण गर्ने ।**

**कार्यनीतिहरू**

**(१)** विपन्न महिला तथा समुदायको क्षमता विकास गरी आयआर्जन र रोजगारीमा संलग्न गरिनेछ ।

**(२)** विपन्न महिला तथा समुदाय लक्षित वित्तीय साक्षरता र वित्तीय समावेशितासम्बन्धी क्षमता विकास कार्यक्रम संचालन गरी आर्थिक सशक्तीकरण गरिनेछ ।

**(३)** महिला अधिकार, कानुनी व्यवस्थाको ज्ञान र अभिव्यक्ति सम्बन्धी क्षमता विकासका माध्यमबाट विपन्न महिला तथा समुदायको सामाजिक सशक्तीकरण गरिनेछ ।

**रणनीति ५: सबै किसिमका सामाजिक भेदभावको अन्त्य गर्ने ।**

**कार्यनीतिहरू**

**(१)** समाजमा कुनै पनि किसिमको भेदभाव हुन नदिन जनचेतना अभिवृद्धिका लागि स्थानीय तह तथा सरोकारवाला संघसंस्थासँग सहकार्य गरिनेछ ।

**(२)** सबै किसिमको भेदभाव विरुद्धको दण्ड सजायको व्यवस्था प्रभावकारी रूपमा कार्यान्वयन गरी भेदभावको अन्त्यका लागि पहल गरिनेछ ।

**रणनीति ६: यौनिक अल्पसंख्यक समुदायलाई सामाजिक सम्मान र सहभागिताको वातावरण निर्माण गर्ने ।**

**कार्यनीतिहरू**

**(१)** समलिङ्गी, तेस्रोलिङ्गीलगायतका यौनिक अल्पसंख्यक समुदायलाई समाजिक हिंसा नहुने अवस्था सिर्जनाका लागि जनचेतना अभिवृद्धि गरिनेछ ।

**(२)** शिक्षा, स्वास्थ्य तथा रोजगारीका अवसरमा यौनिक अल्पसंख्यकलाई विभेद नहुने वातावरण निर्माण गर्नुका साथै विभेद गर्नेलाई कानुनी कारवाही गरिनेछ ।

### (८) परिमाणात्मक लक्ष्य

**तालिका ६.८ सामाजिक सुरक्षासम्बन्धी परिमाणात्मक लक्ष्य**

| क्र.सं. | परिसूचकहरू | एकाइ | आर्थिक वर्ष २०८०/८१को अवस्था | आर्थिक वर्ष २०८५/८६को लक्ष्य |
|---|---|---|---|---|
| १. | सामाजिक सुरक्षा प्रणालीहरूद्वारा समेटिएको लक्षित जनसंख्याको अनुपात | प्रतिशत | ४१.७ | ८० |
| २. | वार्षिक बजेटमा सामाजिक सुरक्षा खर्च | प्रतिशत | ०.९ | १.८ |
| ३. | एकद्वार संकट व्यवस्थापन केन्द्रमार्फत सहयोग प्राप्त गरेका लैंगिक हिंसामा प्रभावित व्यक्तिको संख्या | संख्या | ३३७८ | २९०० |
| ४. | घरमै पुगेर स्वास्थ्य सेवा प्रदान गरिएका ८० वर्ष माथिका ज्येष्ठ नागरिक | प्रतिशतमा | ६७ | ९० |

*स्रोतः सामाजिक विकास मन्त्रालय, २०८१*

## ६.९ समावेशीकरण, सामाजिक न्याय र समता

### (१) पृष्ठभूमि

नेपालको संविधानले समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने सङ्कल्प गरेको छ । सामाजिक न्यायको हक तथा राज्यको निर्देशक सिद्धान्त अन्तर्गतको सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीतिमा पछाडि परेका सबै समुदाय तथा वर्गलाई मूलप्रवाहीकरण गर्ने र अधिकार सम्पन्न गराउने व्यवस्था रहेको छ ।

विकासको मूलधारमा समावेश हुन नसकेका जातजाति, धर्म, वर्ण, लिङ्ग, भाषाभाषी, भौगोलिक क्षेत्र, फरक क्षमता भएका व्यक्ति लगायतको आर्थिक तथा सामाजिक सशक्तीकरण र क्षमताको विकास गर्दै विकासको मूलधारमा समावेश गरी शक्ति, स्रोत र अवसरमा उनीहरुको न्यायोचित साझेदारी सुनिश्चित गर्नु आवश्यक हुन्छ । जातीय, भाषिक, धार्मिक, लैङ्गिक, आर्थिक, सामाजिक, राजनीतिक आधारमा हुने समावेशीकरणबाट सार्वजनिक स्रोत, अवसर तथा शक्तिमा न्यायोचित साझेदारी भई समाजमा सामाजिक न्याय र समता स्थापित हुन्छ ।

प्रदेशमा रहेका १०९ स्थानीय तहका कुल ४,९१४ जनप्रतिनिधिमध्ये महिलाको संख्या १,९६६ (४० प्रतिशत) रहेको छ । जसमा नगरपालिकाको प्रमुख १ जना, गाउँपालिकाको अध्यक्ष १ जना र दलित महिला सदस्यको संख्या ९८३ रहेको छ । त्यसैगरी, प्रदेशसभाको कुल सदस्य संख्या ८७ मध्ये महिलाको संख्या ३३ (३८ प्रतिशत) रहेको छ ।

**(२) प्रमुख समस्या**

सबै जातजाति, धर्म, वर्ण, लिङ्ग, भाषाभाषी, भौगोलिक क्षेत्र तथा फरक क्षमता भएका व्यक्तिको आर्थिक अधिकार र न्यायमा समान पहुँच पुग्न नसक्नु; राज्य व्यवस्थामा समान सहभागिता, अवसरको न्यायोचित वितरण तथा राज्यका स्रोत साधनबाट समतामूलक लाभ प्राप्त गर्न नसक्नु; समाजको एउटा हिस्सा अझै पनि आर्थिक, सामाजिक, राजनीतिक रूपमा वञ्चितीकरणको अवस्थामा रहनु प्रमुख समस्याको रूपमा रहेका छन् ।

**(३) अवसर र चुनौती**

लामो समयदेखि बञ्चितीकरणमा परेका समुदाय तथा वर्गलाई सकारात्मक विभेदमार्फत मूलधारमा ल्याउन पहल हुनु; संविधानको प्रस्तावना, मौलिक हक, राज्यका निर्देशक सिद्धान्त, राजनीतिक प्रतिनिधित्व लगायतको विषयमा समावेशीकरणलाई प्राथमिकता दिइनु; राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनको तर्जुमा तथा पालना गर्न सरकार प्रतिबद्ध हुनु; बजेट विनियोजनमा समावेशी सिद्धान्तलाई आत्मसात गरिनु समेत अवसरका रूपमा रहेका छन् ।

सामाजिक समावेशीकरणको अवधारणामा सरोकारवालाहरूबिच साझा दृष्टिकोण बनाउनु; समावेशिता सम्बन्धी नीति तथा कानुनको कार्यान्वयन गर्नु; पछाडि परेका तथा पारिएका वर्ग, समुदायको क्षमता अभिवृद्धि गर्नु; पछडि परेका बर्ग, क्षेत्र, जातजातिलाई स्रोत, साधन, अवसर तथा लाभको समन्यायिक र समानुपातिक वितरण गर्नु; विभिन्न समुदाय तथा वर्गबिच रहेको आर्थिक, समाजिक, शैक्षिक विभेदको अन्तर कम गर्न संस्थागत संरचनामा लक्षित समुदायको प्रतिनिधित्व सुनिश्चित गर्नु जस्ता मुख्य चुनौतीहरु रहेका छन् ।

**(४) दीर्घकालीन सोचः** समतामूलक र समृद्ध समाजः सामाजिक समावेशी प्रणाली

**(५) लक्ष्यः** सामाजिक न्याय र समावेशीकरणलाई प्रदेशका सबै अवयवहरूमा मूलप्रवाहीकरण तथा आन्तरिकीकरण गर्दै संस्थागत सुदृढीकरण गर्ने ।

**(६) उद्देश्यः**

(१) सामाजिक रूपमा बहिष्करणमा परेका वा पारिएका वर्ग समुदायलाई विशेष संरक्षण प्रदान गर्दै मूलप्रवाहीकरण गर्नु ।

(२) सामाजिक आर्थिक तथा राजनीतिक रूपले विकास प्रक्रियामा पछाडि परेका वर्ग वा समुदायको स्रोत, साधन, सेवा तथा सुविधामा पहुँच सुनिश्चित गर्नु ।

**(७) रणनीति र कार्यनीति**

**रणनीति १: पछाडि परेका वा पारिएका वर्ग, सम्प्रदाय वा समूहको आर्थिक सामाजिक अवस्थामा सुधार गर्ने।**

**कार्यनीतिहरू**

**(१)** लोपोन्मुख, अल्पसंख्यक र सीमान्तकृत समुदायका व्यक्ति तथा बहिष्करणमा पारिएका वर्ग, समुदायलाई लक्षित गरी मौलिक पेसागत सीप र क्षमतामा आधारित कार्यक्रम सञ्चालन गरिनेछ।

(२) सामाजिक र सांस्कृतिक भेदभाव अन्त्य गर्न बनेका कानुनबारे जानकारी गराउन तथा पालना हुने वातावरण निर्माण गर्न आवश्यक व्यवस्था गरिनेछ ।

(३) वहिष्करणमा पारिएका वर्ग लक्षित प्राविधिक, व्यावसायिक तथा सीपमूलक शिक्षाको व्यवस्था गरी उपलब्ध अवसरको उपयोग गर्न सक्ने क्षमताको विकास गरिनेछ ।

**रणनीति २: समावेशितालाई प्रवर्धन गर्ने ।**

**कार्यनीतिहरू**

(१) प्रदेशका नीति तथा कानुनको समावेशी अवधारणा अनुरूप पुनरावलोकन गरी सुधार गरिनेछ ।

(२) लोपोन्मुख, अल्पसंख्यक र सीमान्तकृत समुदायका व्यक्ति तथा बहिष्करणमा पारिएका वर्गलाई सकारात्मक विभेदमार्फत प्रदेशका सार्वजनिक सेवा एवम् रोजगारीका अवसरमा विशेष प्राथमिकता प्रदान गर्ने नीति लिइनेछ ।

(३) लोपोन्मुख, अल्पसंख्यक र सीमान्तकृत समुदायका व्यक्ति तथा बहिष्करणमा पारिएका वर्गलाई लक्षित गरी विशेष कार्यक्रम कार्यान्वयन गरिनेछ ।

(४) सामाजिक न्याय स्थापित गर्न निःशुल्क कानुनी सहायतामा पहुँच अभिवृद्धिका लागि स्थानीय तहसँगको सहकार्यमा सहजीकरण गरिनेछ ।

**(८) परिमाणात्मक लक्ष्य**

**तालिका ६.९ समावेशीकरण, सामाजिक न्याय र समतासम्बन्धी परिमाणात्मक लक्ष्य**

| क्र.सं. | परिसूचकहरू | एकाइ | आर्थिक वर्ष २०८०/८१ को अवस्था | आर्थिक वर्ष २०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| १. | निजामती सेवामा लोक सेवा आयोगबाट समावेशी सिफारिस | प्रतिशत | ३७.४१ | ४० |
| २. | स्थानीय तहमा समावेशी प्रतिनिधित्व | प्रतिशत | ४२.६८ | ५० |
| ३. | वृद्धाश्रम भएका वडाहरू | प्रतिशत | ७.३ | १० |

*स्रोतः सामाजिक विकास मन्त्रालय, २०८१*

# परिच्छेद सातः पूर्वाधार विकास

## ७.१ यातायात पूर्वाधार

### (१) पृष्ठभूमि

आर्थिक तथा सामाजिक विकासको महत्त्वपूर्ण आधार यातायात पूर्वाधार हो । यस प्रदेशमा मुख्य यातायात पूर्वाधारका रुपमा सडक मार्ग र हवाई सेवा रहेका छन् भने केही पर्यटकीय/धार्मिक स्थलहरुसम्मको पहुँचका लागि केबलकारको प्रयोग पनि भएको छ । सिद्धबाबा सुरुङमार्ग निर्माणाधीन अवस्थामा छ । साथै, यहाँको समथर क्षेत्रमा रेलवे तथा उच्च पहाडी भेगमा सामान ढुवानीका लागि ग्राभिटी रोपवेको सम्भावना रहेको छ । संविधानले प्रदेश लोकमार्ग, प्रदेश सडक र यातायातलाई प्रदेशको एकल अधिकारभित्र राखेको छ । प्रदेश सडक ऐन, २०७७ मा प्रदेश सरकारले विकास गर्ने सडकको वर्गीकरण भएको छ । प्रदेशको सडक सवारी, यातायात तथा परिवहन ऐन, २०७६ ले सार्वजनिक यातायात र मालबाहक साधनको दर्ता, नवीकरण, सवारी सञ्चालन, इजाजत निर्धारण लगायतका विषयमा कानुनी व्यवस्था गरेको छ ।

प्रदेशमा राष्ट्रिय राजमार्ग २,४०७ कि.मि., प्रादेशिक सडक ८,७४३ कि.मि. र स्थानीय तहबाट निर्माण भएका बाहेक ग्रामीण सडक १५४१ कि.मि. गरी कुल १२,६९१ कि.मि. सडक सञ्जाल रहेको छ । निर्मित सडकमध्ये कालोपत्रे/ढलान २७.२० प्रतिशत, खण्डस्मिथ (ग्राभेल) ३१.५६ प्रतिशत र कच्ची सडक ४१.२२ प्रतिशत रहेको छ । प्रदेशभित्र मोटरेवल सडक पुल १४० (प्रदेशबाट निर्माण भएका मात्र) र झोलुङ्गे पुलको संख्या १३९५ छ।

### (२) प्रमुख समस्या

सडक पूर्वाधारको विकासमा तहगत सरकारबिच जिम्मेवारीमा अस्पष्टता र कार्यान्वयनमा कमजोरी हुनु, प्राथमिकता विनाका ससाना टुक्रे आयोजनाको बाहुल्यताले प्रादेशिक लोकमार्ग तथा प्रदेश सडकमा आवश्यक पर्याप्त बजेट विनियोजन हुन नसक्नु, सडक निर्माणमा सडक सुरक्षालाई पर्याप्त ध्यान नपुग्दा सडक सुरक्षा जोखिम कायम रहनु जस्ता समस्याहरु रहेका छन् ।

### (३) अवसर र चुनौती

प्रदेशको झण्डै एक तिहाइ जनसंख्या ३० मिनेटको पक्की सडकको दूरीभित्रको पहुँचमा हुनु, प्रादेशिक लोकमार्ग प्रदेशको अधिकार क्षेत्रमा रहनु, प्रदेशका एउटा बाहेक सबै स्थानीय तहमा सर्वयाम यातायातको पहुँच हुनु, सडक पुलको पहुँच टाढा भएका स्थानमा झोलुङ्गे पुलको व्यवस्था हुनु, सडक पूर्वाधारलाई प्रदेश समृद्धिको आधार बनाइनु, पूर्वपश्चिम रेलको अध्ययन सम्पन्न हुनु प्रमुख अवसरहरु हुन् ।

प्रदेशका सडकहरूलाई सर्वयाम सडकको रूपमा स्तरोन्नति गर्नु, सडक सञ्जाल गुरुयोजनामा समावेश भएका सडक निर्माणका लागि वित्तीय स्रोतको व्यवस्था गर्नु, सडकको नियमित मर्मतसम्भार गर्नु, विपद्का कारणले सडक पूर्वाधारमा पुग्ने क्षतिको समयमै पुनर्स्थापना गर्नु, सडक पुलहरूको निर्माण तथा मर्मतसम्भार गर्नु,

सडक सुरक्षा सुधार गरी सडक दुर्घटना न्यूनीकरण गर्नु, ३० मिनेटको फेरोभन्दा बढी दुरी नहुने गरी झोलुङ्गे पुलको सुविधा पुऱ्याउनु, यातायात पूर्वाधार विकासमा निजी क्षेत्रलाई आकर्षित गर्नु साथै सडक निर्माणमा सुरुङलगायतका अन्य नवीन प्रविधिहरूको उपयोग र निर्माणका लागि स्रोत तथा दक्ष जनशक्ति व्यवस्थापन गर्नु जस्ता कार्यहरु अझै पनि वित्तीय स्रोत र क्षमताका कारण चुनौतीका रुपमा रहेका छन् ।

**(४) दीर्घकालीन सोचः** दिगो यातायात प्रणालीः समृद्ध अर्थतन्त्र ।

**(५) लक्ष्यः** सुरक्षित यातायात सञ्जालको विस्तार गरी आर्थिक विकास गर्ने ।

**(६) उद्देश्य**

(१) यातायात पूर्वाधारको विकासमार्फत अन्तरआबद्धता विस्तार गर्नु ।
(२) सुरक्षित र भरपर्दो यातायात सेवा प्रदान गर्नु ।

**(७) रणनीति र कार्यनीति**

**रणनीति १: प्रादेशिक लोकमार्ग तथा प्रदेश सडक निर्माण एवम् स्तरोन्नति गर्ने ।**

**कार्यनीतिहरू**

(१) प्रदेश गौरवका सडक निर्माण र संघबाट हस्तान्तरण भएका सडक निर्माण तथा स्तरोन्नति गर्न प्राथमिकता दिइनेछ ।
(२) प्रदेशभित्रका सुरक्षाको पर्याप्त प्रबन्ध भएका मुख्य छोटी भन्सार नाकासम्मको पहुँच सडक स्तरोन्नति गरिनेछ ।
(३) छिमेकी प्रदेशसँग व्यवसाय प्रवर्धन गर्ने सडक विस्तार तथा स्तरोन्नति गरिनेछ ।
(४) राष्ट्रिय लोकमार्गदेखि उत्तर र दक्षिणमा रहेका व्यावसायिक केन्द्रसम्मको पहुँच सहज बनाइनेछ।
(५) प्रदेशबाट निर्माण भएका सडकको प्रादेशिक पहिचान खुल्ने गरी सडकको नामकरण गरिनेछ ।

**रणनीति २: सडक सुरक्षा र सौन्दर्यीकरण गर्ने।**

**कार्यनीतिहरू**

(१) कानुनबमोजिम प्रदेश सडकको सिमा (राइट अफ वे) निर्धारण गरी संरक्षण गरिनेछ ।
(२) सडकको मेडियन तथा किनारामा स्थानीय तहसँगको सहकार्यमा सौन्दर्यीकरण गरिनेछ ।
(३) प्रदेशको एकीकृत सडक सुरक्षा मापदण्ड बनाई कार्यान्वयन गरिनेछ।
(४) प्रदेशका सडकमा अपाङ्गतामैत्री सडकपेटी, साइकल लेन, बाटो काट्ने स्थानको निर्धारण जस्ता सहयोगी पूर्वाधारको व्यवस्था गर्दै लगिनेछ ।
(५) सडक पूर्वाधारलाई व्यवस्थित तथा सुरक्षित बनाउन आवश्यकताअनुसार फ्लाईओभर, अण्डरपास र वन्यजन्तु पुल वा सुरुङ जस्ता संरचनाको निर्माण गर्न संघसंग समन्वय गरिनेछ ।
(६) ट्राफिक व्यवस्थालाई प्रविधिमैत्री बनाइनेछ । दुर्घटना जोखिम क्षेत्रमा संकेत तथा सिसी क्यामेरा जडान गरिनेछ ।

**रणनीति ३: पर्यटकीय क्षेत्र जोड्ने सडक र परिपथ निर्माण तथा स्तरोन्नति गर्ने ।**

**कार्यनीतिहरू**

(१) थारु, अवध, मगर एवम् खस आर्य सांस्कृतिक पर्यटकीय परिपथ (सर्किट) को विकास गरिनेछ।

(२) तिलौराकोट, निग्लिहवा, कुदान, लुम्बिनी, देवदह र रामग्राम लगायतका बुद्धसँग सम्बन्धित सम्पदा जोड्ने बुद्ध परिपथलाई मर्मत सम्भार तथा आवश्यकता अनुसार स्तरोन्नति गरिनेछ ।

(३) रुरु क्षेत्र, स्वर्गद्वारी, सुपादेउरालीलगायतका धार्मिक स्थललाई छोटो दूरीबाट जोड्न सकिने गरी सडक सञ्जालको विकास गरिनेछ ।

(४) रोल्पा, रुकुमपूर्व हुँदै म्याग्दी जोड्ने गुरिल्ला ट्रेलको आवश्यक पूर्वाधार विस्तार गरिनेछ ।

(५) पूर्वी रुकुम मध्यपहाडी लोकमार्गदेखि ढोरपाटन शिकार आरक्ष क्षेत्रसम्मको पर्यटकीय मार्ग निर्माण तथा स्तरोन्नति गरिनेछ ।

**रणनीति ४: कृषि, उद्योग, जलविद्युत् र खानी क्षेत्रको पहुँच सडक निर्माण गर्ने।**

**कार्यनीतिहरू**

(१) कृषि, पशुपन्छी, मत्स्य, कृषि वन, प्राङ्गारिक कृषि उत्पादनलगायतका पकेट क्षेत्रलाई बजारसँग पहुँच विस्तार गर्ने मार्ग प्राथमिकताको आधारमा निर्माण तथा स्तरोन्नति गरिनेछ ।

(२) प्रदेशका उद्योग तथा व्यावसायिक करिडोर र कच्चा पदार्थ उत्पादन स्थल जोड्ने सडक प्राथमिकताको आधारमा निर्माण एवम् स्तरोन्नति गरिनेछ ।

(३) जलविद्युत् उत्पादन स्थलसम्म सडक पहुँच विस्तारका लागि सहजीकरण गरिनेछ ।

(४) कोइला, चुनढुंगालगायतका खानी उत्खनन क्षेत्रमा सडक पहुँच विस्तारका लागि सहजीकरण गरिनेछ ।

**रणनीति ५: स्थानीय तहको केन्द्र जोड्ने पक्की सडक निर्माण गर्ने ।**

**कार्यनीतिहरू**

(१) पुथा उत्तरगंगा गाउँपालिकालगायतका अन्य पक्की सडकले नजोडिएका स्थानीय तहका केन्द्र जोड्ने सडक स्तरोन्नति तथा कालोपत्रे गरिनेछ ।

(२) जनघनत्व र उच्च आर्थिक गतिविधिको सम्भावनाका क्षेत्रमा एकभन्दा बढी स्थानीय तह जोड्ने सडक सञ्जाल निर्माण गरिनेछ ।

(३) वडा केन्द्र जोड्ने सडक निर्माणमा प्राथमिकता दिइनेछ।

**रणनीति ६: सडकहरूको स्तरोन्नति, सुधार तथा मर्मत सम्भार गर्ने ।**

**कार्यनीतिहरू**

(१) धुले सडकहरूलाई ग्राभेल सडक र ग्राभेल सडकहरूलाई पक्की सडकमा स्तरोन्नति गरिनेछ ।

(२) जीर्ण सडकहरूलाई मर्मत सम्भार तथा सुधार गरिनेछ ।

(३) सडक मर्मत सम्भार कोषलाई दिगो बनाउन प्रदेशबाट निर्मित पूर्वाधारमा सेवा शुल्कको सम्भावना पहिचान गरिनेछ ।

**रणनीति ७: झोलुङ्गे पुल तथा सडक पुल निर्माण एवम् मर्मत सम्भार गर्ने ।**

**कार्यनीतिहरू**

(१) दुर्गम तथा पहाडी क्षेत्रमा सहज आवतजावतका लागि झोलुङ्गे पुल निर्माण गरिनेछ ।

(२) प्रदेशमा रहेका झोलुङ्गे पुलहरूको अभिलेख अद्यावधिक गर्ने तथा नियमित मर्मत सम्भारको व्यवस्था गरिनेछ ।

(३) प्रादेशिक सडकहरुलाई सर्वयामी बनाउन नदी, खोला, खोल्सीहरूमा पुल निर्माण गरिनेछ ।

**रणनीति ८: यातायात व्यवस्थापन प्रणालीलाई सुदृढ गर्ने ।**

**कार्यनीतिहरू**

(१) विद्युतीय सवारी दर्ता प्रणाली (भि.एस.आर.टि.) अवलम्बन गरी सवारी साधनको अभिलेखलाई व्यवस्थित गरिनेछ ।

(२) सवारी नवीकरण, रुट परमिट, सवारी चालक अनुमतिपत्र, राजस्व भुक्तानी लगायतका सेवालाई विद्युतीय प्रणालीमा आबद्ध गरिनेछ ।

(३) स्वचालित एस.एम.एस लगायतका माध्यममार्फत सवारी कर तिर्नुपर्ने अवधिबारे पूर्वसूचना दिने प्रणाली कार्यान्वयनमा ल्याइनेछ ।

**रणनीति ९: वैकल्पिक यातायात पूर्वाधारको व्यवस्था गर्ने ।**

**कार्यनीतिहरू**

(१) मुख्य सहर तथा अधिक यात्रु चाप भएका क्षेत्रमा सार्वजनिक निजी साझेदारीको अवधारणाअनुसार मोनोरेल जस्ता बैकल्पिक यातायात सञ्चालनको सम्भाव्यता अध्ययनका लागि निजी क्षेत्रलाई सहजीकरण गरिनेछ ।

(२) मोनोरेल लगायतका बैकल्पिक यातायात सञ्चालन गर्न तहगत सरकारबिच समन्वय तथा सहकार्य गरिनेछ ।

(३) प्रदेश राजधानीसँग जोड्ने तुलसीपुर हवाई मैदानको स्तरोन्नति गरी नियमित उडान सञ्चालन गर्न नागरिक उड्डयन प्राधिकरणसँग समन्वय गरिनेछ ।

**रणनीति १०: यातायात पूर्वाधार विकासमा निजी क्षेत्रसँग सहकार्य गर्ने ।**

**कार्यनीतिहरू**

(१) यातायातका पूर्वाधार विकासमा निजी क्षेत्रलाई आकर्षित गर्न सार्वजनिक निजी साझेदारी प्रवर्धन सम्बन्धी कानुनी व्यवस्था गरिनेछ ।

(२) दुर्घटना जोखिम न्यूनीकरण गर्न एवम् ढुवानी लागत घटाउने लगायतका तुलनात्मक लाभ विश्लेषणका आधारमा सार्वजनिक निजी साझेदारीका सम्भावित सडक (सुरूङ, पुल आदि समेत) का आयोजना पहिचान गरी लगानीका लागि निजी क्षेत्रसँग समन्वय तथा सहकार्य गरिनेछ ।

(३) यातायातको उच्च घनत्व भएका स्थानमा यातायातका साधन मर्मत केन्द्र (अटोभिलेज) को व्यवस्था गर्न निजी क्षेत्रसँग सहकार्य गरिनेछ ।

**रणनीति ११: सहज तथा सुरक्षित सडक आवागमन प्रवर्धन गर्ने ।**

**कार्यनीतिहरू**

(१) रुट परमिट; भाडा अनुगमन एवम् यातायात सेवालाई व्यवस्थित, सुरक्षित तथा सेवाग्राहीमैत्री बनाउने सम्बन्धमा मापदण्ड बनाई लागु गरिनेछ ।

(२) यात्रुबाहक सार्बजनिक सवारी साधनमा जिपिएस जडान गरी सेवा प्रवाह, सडक सुरक्षा तथा ट्राफिक नियमको पालना र प्रवर्धन गर्न यातायात व्यवसायीसँग सहकार्य गरिनेछ ।

(३) सार्वजनिक यातायातको सुरक्षा, गुणस्तर र प्रविधिसम्बन्धी अध्ययन, अनुसन्धान र विकासका कार्यक्रम सञ्चालन गरिनेछ ।

(४) यात्रुबाहक सवारी साधनका चालक तथा सहचालकलाई नियमित अभिमुखीकरण र निर्धारित पोशाक अनिवार्य व्यवस्थाका लागि सहजीकरण गरिनेछ ।

(५) सार्वजनिक यातायातमा विद्युतीय माध्यमबाट बुकिङ, भाडा भुक्तानी र गुनासो सुन्ने व्यवस्था गरिनेछ ।

(६) सवारी दुर्घटना न्यूनीकरण तथा सचेतना अभिवृद्धि गर्न ट्राफिक प्रहरी र विद्यालयका बीचको सहकार्य बढाइनेछ।

**(८) परिमाणात्मक लक्ष्य**

**तालिका ७.१ यातायात पूर्वाधारसम्बन्धी परिमाणात्मक लक्ष्य**

| क्र.सं. | परिसूचकहरू | एकाइ | आर्थिक वर्ष २०८०/८१ को अवस्था | आर्थिक वर्ष २०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| १. | ३० मिनेटको दूरीमा पक्की सडकमा पहुँच भएको जनसंख्या | प्रतिशत | ६५ | ८० |
| २. | सडक घनत्व (राष्ट्रिय र प्रादेशिक सडक) | प्रति १०० वर्ग किमि | ५७ | ६० |
| ३. | स्थानीय तहको केन्द्रसम्म सर्वयाम सडकको पहुँच भएको | संख्या | १०८ | १०९ |
| ४. | कालोपत्रे/ढलान सडक ( स्थानीय तहबाट निर्माण भएको बाहेकका राष्ट्रिय, प्रादेशिक र ग्रामीण सडक) | कि.मी | ३४५३ | ४४०० |
| ५. | सडक पुल निर्माण (प्रदेशबाट निर्माण) | संख्या | १४० | २६५ |
| ६. | झोलुङ्गे पुल (स्थानीय तहबाट निर्माण भएको समेत) | सङ्ख्या | १३९५ | १५२० |
| ७. | विद्युतीय यातायात सेवा | सङ्ख्या | - | ५ |

*स्रोतः भौतिक पूर्वाधार विकास मन्त्रालय, २०८१*

## ७.२ सिंचाइ

### (१) पृष्ठभूमि

प्रदेशको प्रमुख प्राथमिकतामा रहेको कृषि क्षेत्रको विस्तार र उत्पादन वृद्धि गर्न दिगो तथा भरपर्दो सिंचाइको विकास र विस्तार प्रमुख आधार मध्ये एक हो। नेपालको संविधानमा प्रदेशको एकल अधिकार अन्तर्गत सिंचाइ रहनुका साथै संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार अन्तर्गत पनि सिंचाइलाई राखिएको छ । लुम्बिनी प्रदेशको कुल ६,५५,००० हे. सिंचाइयोग्य भूमिमध्ये करिव ३,५५,१८२ हे. (५४.२२ प्रतिशत) मा सिंचाई सुविधा पुगेको छ। सिंचाई सुविधा पुगेको जमिनमध्ये करिव ३५ प्रतिशत जमिनमा मात्र बार्है महिना सिंचाई सुविधा उपलब्ध हुन्छ। सिंचाइयोग्य जमिन सबैभन्दा बढी रुपन्देही जिल्लामा र सबैभन्दा कम रुकुम पूर्वमा रहेको छ।

### (२) प्रमुख समस्या

विगतमा निर्माण सम्पन्न भएका सिंचाइ प्रणालीहरू स्तरोन्नति नहुँदा प्रभावकारी नहर सञ्चालन हुन नसक्नु, प्रदेशमा सुक्खा मौसममा सिंचाइका लागि आवश्यक पानीको स्रोतको कमी हुनु, ठुला आयोजना लामो अवधिसम्म निर्माण सम्पन्न हुन नसक्नु, आधुनिक सिँचाइ प्रविधि र अभ्यासहरूको अवलम्बन गरी उपलब्ध स्रोतको उचित प्रयोग हुन नसक्नु, ड्रिप र स्प्रिंकलर प्रणाली जस्ता प्रविधिहरूको पर्याप्त प्रवर्धन र उपयोग हुन नसक्नु, प्राविधिक जनशक्तिको कमी, सिंचाइ सम्बन्धी स्पष्ट नीतिगत व्यवस्था नहुनु जस्ता मूलभूत समस्याहरू रहेका छन् ।

### (३) अवसर र चुनौती

प्रदेशभित्र राष्ट्रिय गौरवका आयोजनाहरूः सिक्टा सिंचाइ आयोजना, ववई सिंचाइ आयोजना, भेरी ववई वहुउद्देश्शीय डाइभर्सन आयोजना कार्यान्यवनमा हुनु तथा महत्वपूर्ण आयोजनाको रूपमा गण्डक सिंचाइ प्रणाली, भैरहवा लुम्विनी जल परियोजना, प्रगन्ना तथा बडकापथ सिंचाइ आयोजना, राजापुर सिंचाइ प्रणाली, वाणगंगा सिंचाइ प्रणाली, श्रृङ्गिघाट सिंचाइ आयोजना, तिनाउ सिंचाइ, सोह्रछत्तीस मौजा सिंचाइ प्रणाली, माडी सिंचाइ लगायतका योजना तथा स-साना परम्परागत सिंचाइ आयोजनाहरू सञ्चालनमा रहनु प्रदेशका लागि सकारात्मक पक्ष हुन् । निर्माणाधीन भेरी ववई वहुउद्देश्यीय डाइभर्सन आयोजनावाट भेरी नदीको पानी ववइ नदीमा पथान्तर गरी ४६.७ मेगावाट विद्युत् उत्पादन गर्न तथा वांके र वर्दिया जिल्लाका ५१,००० हे. कृषियोग्य भूमिमा वार्हैं महिना सिंचाइ सुविधा उपलव्ध गराउन सकिन्छ । माडी नदीको पानी पथान्तर गरी दाङ उपत्यकामा सिंचाइ गर्ने, रूकुम पूर्वमा अवस्थित उत्तरगंगाको पानी कालीगण्डकी नदीमा पथान्तर गरी सिँचाइ गर्ने सम्भावना रहेको छ । त्यस्तै कालीगण्डकी तिनाउ बहुउद्देश्यीय आयोजना कार्यान्वयन प्रकृया अगाडी बढेको अवस्था छ, जसबाट कालीगण्डकी नदीको पानी तिनाउँ नदीमा पथान्तर गरी रूपन्देही र कपिलवस्तुमा सिंचाइ गर्ने सम्भावना रहेको छ।

विगतमा सिंचाइ विभागमार्फत निर्माण सम्पन्न भएका प्रदेश भित्रका ठूला आयोजनाहरू स्तरोन्नतिका लागि पर्याप्त वजेट विनियोजन हुन नसक्नु प्रदेशको सिंचाइ क्षेत्रको मुख्य चुनौती हो । निर्माण सम्पन्न भएका सिंचाइ प्रणालीहरूको मर्मत सम्भार गर्ने कार्यलाई प्राथमिकतामा राख्न चुनौती छ । प्रदेशका पहाडी र हिमाली जिल्लामा सिंचाइ सुविधा पुऱ्याउन भौगोलिक विकटता र स्रोतको व्यवस्थापन चुनौतीपूर्ण छ । कृषियोग्य जमिनको खण्डिकरण गर्ने क्रम वढ्नु, कृषियोग्य जमिन घर घडेरी लगायत अन्य भौतिक पूर्वाधार निर्माणमा प्रयोग हुने क्रम बढ्नु जस्ता कारणले सिंचाइ योजना निर्माण, संचालन र व्यवस्थापनमा जटिलता थपिएको छ। जलवायु परिवर्तन र मानव निर्मित संरचनाका कारण सिंचाइका स्रोत दिन प्रतिदिन संकुचित हुँदै जानु, जमिन बाँझो राख्ने प्रवृत्ति बढ्दै जाँदा सिंचाइमा हुने लगानीको प्रतिफल सुनिश्चित गर्ने कार्य चुनौतीपूर्ण बन्दै गएको छ। सिंचाइको स्रोत उपयोग सम्बन्धमा अन्तर तह समन्वय कार्य चुनौतीपूर्ण रहेको छ ।

**(४) दीर्घकालीन सोचः** सिंचाइ सुविधा र पूर्वाधारः कृषि उत्पादन वृद्धिको मुख्य आधार

**(५) लक्ष्यः** कृषियोग्य भूमिमा दिगो सिंचाइ प्रणाली र पूर्वाधारको व्यवस्था गरी आर्थिक विकासमा योगदान पुऱ्याउने ।

**(६) उद्देश्यः** सिंचाइयोग्य कृषि भूमिमा उपयुक्त विधिमार्फत दिगो सिँचाइ सुविधा पुऱ्याई कृषि विस्तार एवम् उत्पादन र उत्पादकत्वमा वृद्धि गरी रोजगारी सिर्जना र आर्थिक वृद्धिमा योगदान पुऱ्याउनु ।

**(७) रणनीति र कार्यनीति**

**रणनीति १: जलस्रोतको बहुउपयोगमार्फत सिंचाइ सुविधा पुऱ्याउने ।**

**कार्यनीतिहरू**

(१) विद्युत् आयोजना निर्माण गर्दा उपलब्ध हुने पानीलाई सिंचाइमा उपयोग गर्न पहल गरिनेछ ।

(२) स्थानीय तहसँगको सहकार्यमा सुख्खा क्षेत्रमा खानेपानीलाई सिंचाइसँग एकीकृत गरी जलस्रोतको बहुउपयोग गर्ने आयोजनालाई प्राथमिकता दिइनेछ।

(३) वर्षाको पानी, साना स्रोतका पानी तथा लिफ्ट गर्ने पानी संकलन गर्न परम्परागत संकलन प्रविधिको उपयोग गरी सिंचाइ सुविधा विस्तार गरिनेछ ।

(४) महाभारत तथा चुरेको तल्लो तटीय क्षेत्रहरुमा सिंचाइ साना तथा मझौला ड्यामहरू विस्तार गरिनेछ ।

**रणनीति २: सिंचाइ प्रणालीको मर्मत सुधार तथा स्तरोन्नति गर्ने ।**

**कार्यनीतिहरू**

(१) सञ्चालनमा नरहेका पुराना सिंचाइ प्रणालीलाई पुनर्स्थापना गर्न आवश्यक व्यवस्था गरिनेछ ।

(२) परम्परागत तथा प्रदेश जिम्मेवारीका सिंचाइ प्रणालीको बाँध, मूल र शाखा नहर वा कुलो मर्मत सुधार तथा स्तरोन्नति गरी चुहावट नियन्त्रण गरिनेछ ।

(३) नयाँ सतह सिंचाइका संरचना निर्माण गरी सिञ्चित क्षेत्र विस्तार गरिनेछ।

(४) परम्परागत सिंचाइ प्रणालीको ज्ञान र अनुभवसम्बन्धी अध्ययन, अभिलेखीकरण तथा प्रयोग विस्तार गरिनेछ ।

**रणनीति ३: भूमिगत जलस्रोतलाई सिंचाइ प्रणालीमार्फत उपयोग गर्ने ।**

**कार्यनीतिहरू**

(१) सञ्चालनमा नरहेका पुराना भूमिगत सिंचाइ प्रणालीका आयोजनालाई पुनर्स्थापना गरी सञ्चालनमा ल्याइनेछ।

(२) सम्भाव्यताका आधारमा २५ हेक्टरभन्दा ठूला क्लष्टरमा नयाँ भूमिगत सिंचाइ आयोजनाहरू निर्माण गरी कृषि उत्पादन तथा आयआर्जन वृद्धि गरिनेछ ।

**रणनीति ४: कम उचाइमा रहेको पानीको स्रोतबाट लिफ्ट सिंचाइ प्रणाली अवलम्बन गर्ने ।**

**कार्यनीतिहरू**

(१) सिंचाइविहीन टारहरूमा विद्युत् तथा सौर्य ऊर्जामा आधारित लिफ्ट सिंचाइको व्यवस्था गरिनेछ ।

(२) डिप बोरिङ, स्यालो ट्युबवेल तथा लिफ्ट सिंचाइका लागि प्रयोग हुने विद्युत् महसुलमा सहुलियत प्रदान गरी उत्पादन लागत कम गर्न पहल गरिनेछ ।

**रणनीति ५: उपयुक्त सिंचाइ प्रविधिको प्रयोग गरी पानीको अधिकतम सदुपयोग गर्ने।**

**कार्यनीतिहरू**

(१) सुक्खा क्षेत्रमा खानीपानीको बहुउपयोग गरी करेसाबारीमा उपयोग गर्न प्रोत्साहन गरिनेछ ।

(२) थोपा सिंचाइ, स्प्रिङकल सिंचाइ जस्ता प्रविधिहरूको प्रवर्धन गरिनेछ।

**रणनीति ६: अन्तरसरकार समन्वय तथा सहकार्य गर्ने।**

**कार्यनीतिहरू**

(१) गण्डक नहरबाट प्राप्त हुनुपर्ने परिमाणको पानी उपयोगसम्बन्धी समस्या र सवाललाई समयमै सम्बोधनका लागि आवश्यक समन्वय गरिनेछ।

(२) सिंचाइ, जलविद्युत्, पर्यटन, जलाधार संरक्षण जस्ता बहुउपयोग हुने नदी पथान्तरणका सम्भाव्य आयोजना पहिचान र निर्माणका लागि समन्वय र सहजीकरण गरिनेछ।

(३) भेरी बबई बहुउद्देश्यीय डाइभर्सन, प्रगन्ना, सिक्टा, बबई जस्ता ठूला सिंचाइ आयोजनाको अधिकतम उपयोगका लागि समन्वय तथा सहजीकरण गरिनेछ।

**रणनीति ७: सिंचाइका स्रोत, विधि र प्रविधिको उचित प्रयोगसम्बन्धी चेतना अभिवृद्धि गर्ने ।**

**कार्यनीतिहरू**

(१) सिंचाइका स्रोतको संरक्षण, संवर्धन र उचित प्रयोगका लागि आवश्यक प्रचार प्रसार गरिनेछ।

(२) सिंचाइका नयाँ प्रविधिसम्बन्धी अध्ययन, अनुसन्धान र प्रसारण गरिनेछ।

(३) सिंचाइ पूर्वाधार विकास र संरक्षण लक्षित दक्ष जनशक्ति उत्पादन गर्न सहजीकरण गरिनेछ।

### (८) परिमाणात्मक सूचकहरू

**तालिका ७.२ सिंचाइसम्बन्धी परिमाणात्मक लक्ष्य**

| क्र.सं. | परिसूचकहरू | एकाइ | आर्थिक वर्ष २०८०/८१ को अवस्था | आर्थिक वर्ष २०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| १. | बाह्रै महिना सिंचाइ उपलब्ध सिञ्चित भूमि | प्रतिशत | ३५ | ५० |
| २. | सिंचाइ पुगेको कृषि भूमि | प्रतिशत | ५४.२२ | ७० |
| ३. | नयाँ सिंचाइ नहर (मूल तथा शाखा) निर्माण | किमि | ८२३ | १,३५० |
| ४. | थप भएको सिञ्चित क्षेत्र | हेक्टर | २०,७८२ | ३७,७८२ |
| ५. | डीप ट्युववेल निर्माण | वटा | २३२ | ३८० |

*स्रोतः ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय र प्रदेश प्रदेश आर्थिक सर्वेक्षण, २०८१ ।*

## ७.३ जलउत्पन्न प्रकोप व्यवस्थापन

### (१) पृष्ठभूमि

प्रदेशको भूबनोट, कमजोर भौगर्भिक अवस्था, अनियमित मौसमी वर्षा, अव्यवस्थित पूर्वाधार विकास, असंवेदनशील विकास निर्माण कार्य र जलवायु परिवर्तन आदिका कारण नदीनाला र जलाधार क्षेत्रमा पहिरो, भूक्षय, डुवान आदि बढ्न गई प्रत्येक वर्ष ठूलो धनजनको क्षति हुने गरेको छ । पूर्वमा कालीगण्डकी, पश्चिममा कर्णाली जस्ता प्रमुख नदीको बिचमा रहेको बडीघाट, तिनाउखोला, वाणगंगा, सुराई खोला, पश्चिम राप्ती, झरही, खजुरा, माडी, लुङ्ग्री, बबई जस्ता मध्यस्तरका र अन्य साना खोलाहरू यस प्रदेशका जलाधार क्षेत्र हुन्। केही ठूला नदी तटीय क्षेत्रमा सङ्घीय स्तर र प्रदेशबाट नदी व्यवस्थापन सम्बन्धी कार्य भएका छन् भने अन्य साना तथा मध्यम स्तरका नदी तथा खोलामा व्यवस्थित रूपमा काम अगाडि बढ्न नसकेको अवस्था छ। नदी तथा जलाधार क्षेत्रको एकीकृत संरक्षण र व्यवस्थापन गर्न ढिला भएमा आगामी २०-३० वर्षभित्रै पानीको अभाव हुने, मुहान सुक्ने, नदी तटीय क्षेत्रमा कटान तथा पटानको समस्या हुने, पहाडी क्षेत्रमा पहिरो तथा तराईमा डुबानले विकराल रुप लिन सक्ने सम्भावना देखिन्छ ।

### (२) प्रमुख समस्या

नदी तथा जलाधार क्षेत्रको एकीकृत व्यवस्थापनको लागि पर्याप्त अध्ययन नहुनु, अव्यवस्थित मानव वस्ती विकासले नदीको वहाव क्षेत्रमा संकुचन आई तटीय भेगमा कटान बढ्नु, नदीजन्य पदार्थको अव्यवस्थित दोहनले नदीको प्राकृतिक वहावमा परिवर्तन आउनु, स्थानीय सडक जस्ता पूर्वाधारको निर्माण इन्जिनियरिङ मापदण्ड बमोजिम नहुँदा पहिरोको जोखिम बढ्दै जानु, भएका मुहानमा समेत पानीको परिमाणमा कमी आउनु, तराईमा डुवान तथा गेग्रानको कारण नदी सतहमा बढोत्तरी भई वर्षायाममा पानी बस्तीतिर छिर्नु जस्ता प्रमुख समस्याहरु रहेका छन् ।

**(३) अवसर र चुनौती**

जल उत्पन्न प्रकोप व्यवस्थापनमा सकारात्मक सोंच विकास हुनु, प्रदेश र स्थानीय तहमा विपद् व्यवस्थापन समिति र कोषको व्यवस्था हुनु, नदी किनारमा तटबन्धसहितको सडक निर्माण हुँदै जानु एवम् जल उत्पन्न सामना गर्न संस्थागत तथा कानुनी व्यवस्था रहनु जस्ता प्रमुख अवसरहरु यस क्षेत्रमा रहेका छन् ।

नदी तथा जलाधार क्षेत्रको एकीकृत व्यवस्थापन कार्ययोजना बनाई कार्यान्वयन गर्नु, नदी कटान क्षेत्र र पहिरोजन्य जोखिम क्षेत्रको नक्साङ्कन गर्नु, नदी नियन्त्रण कार्यलाई समुदायमा आधारित आय र रोजगारीसँग आबद्ध गर्नु, बाढी पूर्वसूचना प्रणाली विकास गर्नु, स्थानीय तह र समुदायलाई बाढी पहिरो विरुद्ध लड्न सक्ने क्षमता अभिवृद्धि गर्नु साथै नदी कटान क्षेत्रको पुनर्स्थापना गर्नु जस्ता प्रमुख चुनौतीहरु रहेका छन् ।

**(४) दीर्घकालीन सोचः** जल उत्पन्न प्रकोपको न्यूनीकरणः सुरक्षित प्रदेश ।

**(५) लक्ष्यः** जल उत्पन्न प्रकोपबाट हुने मानवीय, भौतिक तथा आर्थिक क्षति न्यूनीकरण गर्ने।

**(६) उद्देश्यः** जल उत्पन्न प्रकोपबाट हुने जोखिम कम गर्नु ।

**(७) रणनीति र कार्यनीति**

**रणनीति १: नदी व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउने ।**

**कार्यनीतिहरू**

(१) पहिरो र नदी कटान, डुबान तथा पटान जोखिम क्षेत्रको नक्सांकन गरिनेछ।

(२) नक्सांकनका आधारमा नदी जलाधार क्षेत्रको एकीकृत योजना बनाई कार्यान्वयन गरिनेछ ।

(३) जोखिममा रहेका वस्ती तथा खेतीयोग्य जमिन संरक्षण तथा उकासका लागि नदीहरुको व्यवस्थापन कार्यलाई प्रदेश गौरवको आयोजनाको रूपमा संचालन गर्न सम्भाव्यता अध्ययन गरी निर्माण कार्य अगाडि बढाइनेछ ।

(४) जल उत्पन्न प्रकोपबाट प्रभावित क्षेत्रलाई जोखिमका आधारमा वर्गीकरण गरी प्रकोप न्यूनीकरण गरिनेछ ।

(५) जल उत्पन्न प्रकोप व्यवस्थापन कार्यमा रैथाने तथा नयाँ प्रविधिको पहिचान, विकास तथा विस्तार गरिनेछ ।

**रणनीति २: जलउत्पन्न प्रकोप व्यवस्थापनमा सरोकारवाला निकायहरूबिच समन्वय र सहकार्य गर्ने ।**

**कार्यनीतिहरू**

(१) जल उत्पन्न प्रकोप, व्यवस्थापनमा तीनै तहका सरकार, समुदाय र सरोकारवालाहरुबिच समन्वय र सहकार्य गरिनेछ ।

(२) प्रकोप प्रभावितलाई उद्धार गर्न स्वयंसेवी संस्था, रेडक्रस, सुरक्षा निकाय र स्वयंसेवकहरू परिचालन गरिनेछ ।

(३) प्रकोप न्यूनीकरण कार्यक्रमको तर्जुमा तथा व्यवस्थापनमा स्थानीय तह र प्रकोप प्रभावित व्यक्ति तथा समुदायसँग प्रभावकारी समन्वय गरिनेछ ।

**(८) परिमाणात्मक सूचकहरू**

**तालिका ७.३ जल उत्पन्न प्रकोप व्यवस्थापनसम्बन्धी परिमाणात्मक लक्ष्य**

| क्र.सं. | परिसूचकहरू | एकाइ | आर्थिक वर्ष २०८०/८१ को अवस्था | आर्थिक वर्ष २०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| १. | तटबन्ध निर्माण | कि.मी. | १८३.३ | ३३० |
| २. | नदी नियन्त्रण | कि.मी. | १५१ | २५० |
| ३. | नदी तथा पहिरो नियन्त्रणबाट सुरक्षित भएका घर | घर संख्या | १६१९२ | २६१९२ |
| ४. | नदी नियन्त्रणवाट उकास भएको जमिन | हे. | २५८१ | ४६५४ |

*स्रोत: ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय, २०८१।*

## ७.४ खानेपानी तथा सरसफाइ

### (१) पृष्ठभूमि

खानेपानी तथा सरसफाइ मानव जीवनको अपरिहार्य आवश्यकता हो । नेपालको संविधानले खानेपानी तथा सरसफाइलाई प्रदेशको एकल तथा साझा अधिकारमा समावेश गरेको छ । संविधानको स्वास्थ्यसम्बन्धी मौलिक हकमा पनि स्वच्छ खानेपानी र सरसफाइमा प्रत्येक नागरिकको पहुँचको हक सुनिश्चित गरिएको छ। साथै, दिगो विकास लक्ष्यले सबैका लागि स्वच्छ खानेपानी र सरसफाइको उपलब्धता सुनिश्चित गर्ने उद्देश्य लिएको छ ।

प्रदेशमा आधारभूत खानेपानीमा पहुँच पुगेको घरपरिवार ९२.८ प्रतिशत रहेको छ । प्रदेशका ९४.४ प्रतिशत घरधुरीमा आधारभूत शौचालय सुविधा पुगेको छ भने ५८.६ प्रतिशत शौचालयहरू सेप्टिक टंकी वा ढलमा जोडिएको छ । १५ वटा स्थानीय तहहरूमा ३० प्रतिशतभन्दा कम घरधुरीमा मात्र फ्लस शौचालयको सुविधा रहेको छ भने ५.६ प्रतिशत परिवारहरू अझै पनि शौचालयको पहुँचमा पुग्न सकेका छैनन्। प्रदेश राजधानी राप्ती उपत्यका लगायत सहर बजार क्षेत्रबाट ठूलो परिमाणमा निस्कने फोहरको उचित व्यवस्थापन गर्नु पर्नेछ ।

### (२) प्रमुख समस्या

पानीका मुहानहरू सुक्दै जानु, भूकम्प र अन्य प्राकृतिक प्रकोपबाट खानेपानी तथा सरसफाइका संरचनाहरू जोखिममा पर्नु, तराई क्षेत्रमा आर्सेनिकयुक्त खानेपानीको विकल्प दिने कार्य चुनौतीपूर्ण बन्दै जानु, खुला दिशामुक्त जिल्ला घोषणा भए तापनि केही ठाउँमा शौचालय प्रयोग गर्ने बानीको विकास हुन नसक्नु, दिसाजन्य लेदोको व्यवस्थापन नगर्दा मानव स्वास्थ्यका लागि जोखिम बढ्नु, सहरी क्षेत्रमा प्रशोधनसहितको ढल

प्रणालीको व्यवस्थापन हुन नसक्नु एवम् ढल प्रणालीको नियमित मर्मत तथा सञ्चालन नहुनु जस्ता समस्याहरु यस क्षेत्रमा विद्यमान छन् ।

### (३) अवसर र चुनौती

खानेपानी तथा सरसफाइ मौलिक हकको रूपमा रहनु, सबैलाई स्वच्छ खानेपानी र सरसफाइ पुऱ्याउने गरी दिगो विकास लक्ष्य निर्धारण गरिनु, खानेपानी तथा सरसफाइ प्रदेश सरकारको प्राथमिकता र नागरिकको चासोको विषय रहनु, प्रदेशका अधिकांश घरपरिवारमा आधारभूत खानेपानी र सरसफाइको विस्तार हुनु, खानेपानी वितरणका लागि भूमिगत र सतह स्रोत उपलब्ध हुनु, सबै स्थानीय तहको खानेपानी तथा सरसफाइसम्बन्धी भूसूचना प्रणालीमा आधारित प्रोफाइल र खानेपानी तथा स्वच्छता (वास) योजना तयारीको क्रममा रहनु, प्रदेश सरकारले कपिलवस्तुमा पानी परीक्षण प्रयोगशाला सञ्चालनमा ल्याउनु, तराई क्षेत्रमा डिप बोरिङबाट भूमिगत पानी संकलन गरी प्रत्येक घरमा धारा वितरण गर्ने सम्भावना रहनुजस्ता अवसरहरु यस क्षेत्रमा रहेका छन्।

पहाडी तथा हिमाली क्षेत्रका छरिएका बस्तीमा खानेपानी सुविधा पुऱ्याउनु, अधुरा खानेपानी आयोजना सम्पन्न गर्नु, सबै घरपरिवारलाई सुरक्षित खानेपानी पुऱ्याउनु, सबै घरपरिवारमा फ्लसयुक्त शौचालय सुविधा उपलब्ध हुनु साथै सहर बजार क्षेत्रमा फोहरमैला व्यवस्थापनका लागि जनसहभागिता, जग्गा व्यवस्थापन र अन्तर सरकार समन्वय गर्नु चुनौतीका रूपमा रहेका छन् ।

**(४) दीर्घकालीन सोचः** गुणस्तरीय खानेपानी तथा सरसफाइ: स्वच्छ प्रदेश ।

**(५) लक्ष्यः** सबै नागरिकलाई सुरक्षित खानेपानी तथा सरसफाइ सुविधा सुनिश्चित गर्ने ।

**(६) उद्देश्यः**

(१) गुणस्तरिय तथा आधारभूत स्तरको खानेपानी तथा सरसफाइमा पहुँच विस्तार गर्नु ।
(२) ढल निकास तथा फोहरमैला व्यवस्थापनको उचित प्रबन्ध गर्नु ।

### (७) रणनीति र कार्यनीति

**रणनीति १: आधारभूत खानेपानीको पहुँच विस्तार गर्ने ।**
**कार्यनीतिहरू**

(१) प्रदेश खानेपानी तथा सरसफाइ गुरुयोजना तयार गरिनेछ ।
(२) आधारभूत खानेपानी पहुँच शत प्रतिशत पुऱ्याइनेछ ।
(३) निर्माणाधीन अधुरा खानेपानी आयोजनाको निर्माण कार्य सम्पन्न गरिनेछ ।
(४) खानेपानी आयोजनाहरूको सेवा स्तरोन्नतिका कार्यक्रम सञ्चालन गरिनेछ ।
(५) खानेपानीको दिगो सञ्चालन र व्यवस्थापनका लागि सरकारका तीन तहबीच समन्वय र सहकार्य गरिनेछ ।

(६) खानेपानीका स्रोतहरूको संरक्षण गर्ने व्यवस्था गरिनेछ ।

**रणनीति २: सुरक्षित खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्धन गर्ने ।**

**कार्यनीतिहरू**

(१) तीन तहका सरकारको सहकार्यमा सुरक्षित खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ ।

(२) सुरक्षित खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी मापदण्ड पालनाको अनुगमन तथा सहजीकरण गरिनेछ ।

(३) पानीको गुणस्तर परीक्षणको लागि प्रयोगशाला विस्तार गरिनेछ ।

(४) उच्च तथा मध्यम स्तरको खानेपानीमा नागरिकको पहुँच विस्तारका लागि कार्यक्रम संचालन गरिनेछ ।

(५) आधारभूत स्तरको सरसफाइ सुविधा वृद्धि गर्न स्थानीय तहसँग समन्वय तथा सहकार्य गरिनेछ ।

(६) बढी मानिसको चहलपहल एवम् आवतजावत हुने स्थानमा स्वच्छ पिउने पानी तथा शौचालयको व्यवस्था गर्न निजी क्षेत्र, परोपकारी संस्था तथा स्थानीय तहसँग समन्वय गरिनेछ ।

(७) मुख्य राजमार्ग तथा सडक छेउ सफा राख्न जनचेतना अभिवृद्धि तथा सरोकारवालासँग समन्वय र सहकार्य गरिनेछ ।

**(८) परिमाणात्मक लक्ष्य**

**तालिका ७.४ खानेपानी तथा सरसफाइसम्बन्धी परिमाणात्मक लक्ष्य**

| क्र.सं. | परिसूचकहरू | इकाइ | आर्थिक वर्ष २०८०/८१ को अवस्था | आर्थिक वर्ष २०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| १. | आधारभूत खानेपानी पहुँच पुगेका घरपरिवार | प्रतिशत | ९२.८ | १०० |
| २. | मध्यम तथा उच्चस्तरको खानेपानीको पहुँच पुगेका घरपरिवार | प्रतिशत | २.६ | १५ |
| ३. | शौचालयमा पहुँच भएका घरधुरी | प्रतिशत | ९४.४ | १०० |
| ४. | सेफ्टीक टंकीमा जोडिएका शौचालय | प्रतिशत | ५८.६ | ७५ |

*स्रोत: सहरी विकास तथा खानेपानी मन्त्रालय, २०८१*

## ७.५ ऊर्जा

### (१) पृष्ठभूमि

आर्थिक तथा सामाजिक विकासका लागि ऊर्जा एक महत्त्वपूर्ण साधन हो । नेपालको संविधानमा विद्युत्लाई प्रदेशको एकल अधिकार र तीनै तहका सरकारको साझा अधिकार सूचीमा समेटिएको छ । साथै, दिगो विकास लक्ष्यले पनि स्वच्छ ऊर्जाको उपयोगको विषय प्राथमिकतामा राखेको छ । राष्ट्रिय जनगणना २०७८

अनुसार प्रदेशमा बत्तीका लागि ९३.७ प्रतिशत घरधुरीले जलविद्युत् र ४.७ प्रतिशतले सौर्य ऊर्जाको प्रयोग गर्दछन् । खाना पकाउने इन्धनका रूपमा प्रदेशका ५३.६ प्रतिशत घरपरिवारले दाउरा, ४२.१ प्रतिशतले एलपी ग्यासको प्रयोग गर्ने गरेका छन् भने बिजुलीबाट खाना पकाउने परिवारको हिस्सा ०.४ प्रतिशत रहेको छ । यहाँ गुइँठा र बायोग्यासबाट खाना पकाउने घरपरिवार करिब ३.९ प्रतिशत रहेका छन् ।

प्रदेशमा सञ्चालनमा रहेका जलविद्युत् आयोजनाहरूबाट ४१.४५ मेगावाट विद्युत् उत्पादन भइरहेको छ भने ७ मेगावाट क्षमताको दरमखोला र ४८ मेगावाटको भेरी-बबई बहुउद्देश्यीय परियोजना निर्माणाधीन छन्।त्यसैगरी, २४५ मेगावाटको नौमुरे तथा १०४ मेगावाटको कालीगण्डकी पथान्तरण आयोजना पहिचान भएका छन् । सीमा नदी उत्तरगंगाबाट कर्णाली र गण्डकी प्रदेशसँगको संयुक्त प्रयासमा ६०० मेगावाट जलविद्युत् उत्पादनको सम्भावना छ । कालीगण्डकी, माडी, झिम्रुक, नदीमा करिब १००० मेगावाटको जलाशययुक्त आयोजना विकास गर्न सकिने सम्भावना रहेको छ । प्रदेशमा सौर्य ऊर्जाको घरायसी प्रयोजन र व्यावसायिक उत्पादन उत्पादन सुरु भई २०.५ मेगावाट सौर्य ऊर्जा राष्ट्रिय विद्युत् प्रणालीमा जडान भइसकेको छ ।

**(२) प्रमुख समस्या**

१३३ के.भी. को प्रसारण लाइन र सीमित सब-स्टेशनले गर्दा भरपर्दो ऊर्जाको वितरण हुन नसक्नु; आन्तरिक विद्युत् प्रसारण लाइनको निर्माण सुरक्षित, सन्तुलित र भरपर्दो नहुनु; जलविद्युत् उत्पादनमा निजी तथा विदेशी लगानी पर्याप्त नहुनु; विद्युत्को नियमित आपूर्ति नहुनु; विद्युत् आयोजनाहरू तोकिएको बजेट र समयमा सम्पन्न नहुनु; वन क्षेत्रको जग्गा उपयोग तथा रूख कटानको निर्णय लामो समय लाग्नु एवम् खाना पकाउने प्रयोजनको लागि भरपर्दो विद्युत् सेवा र सहुलियतपूर्ण महसुलको व्यवस्था नहुनु जस्ता समस्याहरु रहेका छन् ।

**(३) अवसर र चुनौती**

प्रदेशभित्र करिब ३००० मेगावाट जलविद्युत् उत्पादनको सम्भावना पहिचान हुनु; बिजुली निर्यातका लागि बुटवल - गोरखपुर अन्तरदेशीय प्रशासन लाइन निर्माणाधीन हुनु; बुटवल - भैरहवा औद्योगिक करिडोर, कोहलपुर - नेपालगन्ज औद्योगिक करिडोर तथा भैरहवा विशेष आर्थिक क्षेत्र र नयाँ विकास हुने क्रममा रहेका मोतीपुर तथा नौवस्ता औद्योगिक क्षेत्रका साथै उद्योग ग्रामहरूमा विद्युत् मागको सम्भावना हुनु; सौर्य ऊर्जा उत्पादनको अधिक सम्भावना हुनु साथै हरित ऊर्जाको उपयुक्त विकल्पका रूपमा देखिएको हाइड्रोजन ग्यास उत्पादन र वितरण गरी सुपथ मूल्यमा प्रदेशको ऊर्जा आवश्यकता पूरा गर्ने सम्भावना हुनु जस्ता यस क्षेत्रका अवसरहरु हुन् ।

परम्परागत तथा खनिज ऊर्जा खपतलाई विद्युतीय ऊर्जाले प्रतिस्थापन गर्नु, विद्युत् क्षेत्रमा लगानी आकर्षित गर्नु, प्रदेशमा उत्पादित ससाना परिमाणका सौर्य ऊर्जालाई राष्ट्रिय प्रशारण लाइनमा जोड्नु, विद्युत् चुहावट नियन्त्रण गर्नु, छरिएका बस्तीमा विद्युत् सुविधा पुऱ्याउनु जस्ता चुनौतीहरु रहेका छन् ।

**(४) दीर्घकालीन सोचः** स्वच्छ ऊर्जाको उत्पादनः समृद्ध र उज्यालो प्रदेश ।

**(५) लक्ष्यः** स्वच्छ ऊर्जा उत्पादन र गुणस्तरीय ऊर्जाको पहुँच विस्तार गर्ने ।

**(६) उद्देश्यः**

(१) परम्परागत ऊर्जाको खपतलाई जलविद्युत् लगायतका नवीकरणीय ऊर्जाले प्रतिस्थापन गर्नु ।
(२) जलविद्युत् तथा सौर्य ऊर्जा उत्पादन वृद्धि र व्यवस्थित गर्नु ।

**(७) रणनीति र कार्यनीति**

**रणनीति १: ऊर्जासम्बन्धी नीतिगत व्यवस्था गर्ने ।**

**कार्यनीतिहरू**

(१) सङ्घीय कानुनमा प्रदेशको भूमिका स्पष्ट हुने गरी ऊर्जासम्बन्धी व्यवस्था गर्न समन्वय गरिनेछ।
(२) ऊर्जासम्बन्धी प्रादेशिक नीति तथा कानुनको तर्जुमा गरी विद्युत् आयोजना विकास गर्न पहल गरिनेछ ।
(३) नवीकरणीय तथा स्वच्छ ऊर्जासम्बन्धी परियोजनालाई कार्वन व्यापारसँग आबद्ध गर्न समन्वय गरिनेछ ।

**रणनीति २: विद्युतीकरण सेवा विस्तार तथा स्तरोन्नति गर्ने ।**

**कार्यनीतिहरू**

(१) बहुउद्देश्यीय आयोजनालाई प्राथमिकता दिइने छ।
(२) विद्युत् सुविधा नपुगेका बस्तीहरूमा विद्युतीकरणका लागि समन्वय र सहकार्य गरिनेछ ।
(३) औद्योगिक तथा कृषि प्रयोजनका लागि उच्च क्षमताको विद्युत् प्रसारण लाइन विस्तार गरिनेछ ।
(४) विद्युत् प्रसारण लाइन विस्तारका लागि सहजीकरण गरिनेछ।

**रणनीति ३: ऊर्जाका रुपमा विद्युत् खपत वृद्धि गर्ने ।**

**कार्यनीतिहरू**

(१) विद्युतीय चुल्हो तथा विद्युतीय सवारी साधन जस्ता विद्युत् खपत बढाउने साधन तथा औजार, उपकरणको प्रवर्धन गरिनेछ ।
(२) खाना पकाउन प्रयोग गरिने परम्परागत ऊर्जालाई विद्युत् ऊर्जाले प्रतिस्थापन गर्न पहल गरिनेछ।
(३) प्रदेशका सबै मुख्य लोकमार्ग र बजार केन्द्रहरूमा विद्युतीय चार्जिङ स्टेसन विस्तार गरिनेछ ।
(४) सडक बत्ती तथा घरायसी उपयोगमा पानी तान्ने प्रयोजनका लागि सौर्य ऊर्जा जडान गर्न स्थानीय तहहरूलाई प्रोत्साहन गरिनेछ ।
(५) प्रदेश राजधानीमा निर्मित प्रशासकीय भवनमा सौर्य प्रणालीबाट ऊर्जा आपूर्ति गरिनेछ ।

**रणनीति ४: स्वच्छ तथा नवीकरणीय ऊर्जा उत्पादनलाई प्राथमिकता दिने ।**

**कार्यनीतिहरू**

(१) सम्भाव्य आयोजनाबाट विद्युत् उत्पादन गर्न सहजीकरण गरिनेछ ।
(२) व्यावसायिक प्रयोजनका सौर्य ऊर्जा उत्पादन गर्न सहजीकरण गरिनेछ ।

(३) व्यावसायिक रूपमा उत्पादित सौर्य ऊर्जालाई राष्ट्रिय प्रसारणमा जोड्न समन्वय गरिनेछ ।

(४) लघु तथा साना जलविद्युत्, सौर्य ऊर्जा, हरित ऊर्जा जस्ता वातावरणमैत्री ऊर्जा आयोजनाको प्रवर्धन र विकास गरिनेछ ।

(५) हाइड्रोजनजस्ता नवीन हरित ऊर्जा उत्पादन र उपयोगको सम्भाव्यता अध्ययन गरिनेछ ।

(६) बायो ब्रिकेट, प्रशोधित दाउरालगायतका ऊर्जाको उत्पादन गरिनेछ ।

(७) जैविक/बायो ऊर्जा (ज्याट्रोपालगायतका इन्धन) को सम्भाव्यता अध्ययन गरिनेछ ।

**रणनीति ५: ऊर्जाको विकासमा निजी क्षेत्रसँग सहकार्य गर्ने ।**

**कार्यनीतिहरू**

(१) लगानीयोग्य आयोजनाको विकास गरिनेछ ।

(२) सार्वजनिक, निजी साझेदारीमा सञ्चालन गरिने आयोजनाहरूको लगानीको खाका तयार गरिनेछ ।

(३) ऊर्जा क्षेत्रमा बैंक तथा वित्तीय संस्थाहरूको ऋण लगानी जुटाउने तथा प्रारम्भिक सार्वजनिक निष्काशन (IPO) मार्फत जनताको सहभागिता गराइने नीति अवलम्बन गरिनेछ ।

**(८) परिमाणात्मक लक्ष्य**

**तालिका ७.५ ऊर्जासम्बन्धी परिमाणात्मक लक्ष्य**

| क्र.सं. | परिसूचकहरू | इकाइ | आर्थिक वर्ष २०८०/८१को अवस्था | आर्थिक वर्ष २०८५/८६को लक्ष्य |
|---|---|---|---|---|
| १. | विद्युत्मा पहुँच पुगेका घरधुरी (सौर्य उर्जा समेत) | प्रतिशत | ९८.१७ | १०० |
| २. | जलविद्युत् उत्पादन | मे.वा. | ४१.४५ | ७० |
| ३. | खाना पकाउन परम्परागत इन्धन प्रयोग गर्ने घरपरिवार | प्रतिशत | ५३.७ | ४० |

*स्रोतः ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय, २०८१*

## ७.६ सूचना तथा सञ्चार

### (१) पृष्ठभूमि

स्वतन्त्र, उत्तरदायी र जिम्मेवार आम सञ्चार माध्यमले लोकतान्त्रिक राज्य व्यवस्थामा नागरिकको सुसूचित हुन पाउने र अभिव्यक्त गर्न पाउने अधिकारको प्रत्याभूत गरी सरकारलाई खुला, जनमुखी, पारदर्शी र जवाफदेही बनाउने भूमिका निर्वाह गर्दछ । साथै, सञ्चार जगतले सूचना तथा समाचारबारे तत्काल जानकारी गराई सुसूचित समाज निर्माणमा योगदान गर्दछ ।

**(२) प्रमुख समस्या**

गुणस्तरीय आम सञ्चारमा दुर्गम क्षेत्रका जनताको पहुँच कमजोर हुनु; दुर्गम तथा ग्रामीण क्षेत्रमा इन्टनेट, मोबाइल फोन जस्ता सञ्चारका माध्यम भरपर्दो नहुनु; रेडियो, एफ.एम., विद्युतीय छापा जस्ता सञ्चार माध्यमको परिमाणात्मक वृद्धि भएता पनि गुणस्तर वृद्धि तथा आत्मनिर्भर हुन नसक्नु तथा कतिपय सञ्चार माध्यमबारे निष्पक्षता र विश्वसनीयतामा प्रश्न उठ्ने वातावरण सिर्जना हुनु लगायतका समस्याहरु रहेका छन् ।

**(३) अवसर र चुनौती**

संविधानमा पूर्ण प्रेस स्वतन्त्रता, स्वतन्त्रताको हक एवम् सञ्चार तथा सूचनाको हकको प्रत्याभूति हुनु; प्रदेशको एकल अधिकारमा रेडियो, एफ.एम., टेलिभिजन सञ्चालनसम्बन्धी तथा संघ र प्रदेशको साझा अधिकारमा सञ्चार माध्यमसम्बन्धी व्यवस्था हुनु; प्रदेश सरकारबाट प्रदेश सञ्चार नीति २०७५, प्रदेश प्रसारण ऐन २०७५, प्रदेश प्रसारण नियमावली २०७६ जस्ता नीति तथा कानुन तर्जुमा हुनु; डिजिटल नेपालको अवधारणाले महत्व पाउनु; प्रदेशमा सूचना तथा सञ्चार प्रविधि प्रतिष्ठानको स्थापना हुनु; सूचना तथा सञ्चारमा आम युवाको आकर्षण बढ्नु; इन्टरनेट र स्मार्ट फोनको प्रयोगकर्ताको संख्यामा उल्लेख्य बृद्धि हुनु; सूचना तथा सञ्चार क्षेत्रको लगानीमा निजी क्षेत्र आकर्षित हुनु जस्ता अवसरहरु यस क्षेत्रमा रहेका छन् ।

सूचना तथा सञ्चारलाई प्रदेशका सबै भूभागका आर्थिक विकासमा अधिकतम उपयोग गरी लाभ लिन सक्ने बनाउनु, ज्येष्ठ नागरिकहरूलाई सूचना र सञ्चारका नयाँ विकसित प्रविधि उपयोग गरी फाइदा लिन सक्ने बनाउनु, सूचना तथा सञ्चारका माध्यमबाट हुने नकारात्मकता विस्तार र गलत तथा भ्रामक सूचनाको आम सर्वसाधारणमा पर्ने प्रभावलाई नियन्त्रण गर्नु जस्ता चुनौतीहरु रहेका छन् ।

**(४) दीर्घकालीन सोचः** नागरिकप्रति स्वतन्त्र, उत्तरदायी र जिम्मेवार तथा आत्मनिर्भर आम सञ्चार

**(५) लक्ष्यः** प्रदेशमा अभिव्यक्ति स्वतन्त्रताको संरक्षण र स्वतन्त्र सञ्चारको प्रवर्धन गर्दै आम नागरिकलाई सुसूचित गर्ने ।

**(६) उद्देश्यः** सञ्चार माध्यम र सञ्चारकर्मीको स्वतन्त्रता संरक्षण गर्दै नागरिकको सुसूचित हुन र अभिव्यक्त गर्न पाउने अधिकारको प्रवर्धन गर्नु ।

**(७) रणनीति र कार्यनीति**

**रणनीति १ः सूचना तथा सञ्चार माध्यमलाई व्यवस्थित गर्ने ।**

**कार्यनीतिहरू**

(१) प्रदेश सञ्चार नीति २०७५ को असर र प्रभावको मूल्याङ्कन गरी आवश्यक पुनरावलोकन गरिनेछ।

(२) प्रदेश मामिला सूचना तथा सञ्चार केन्द्र सञ्चालनमा ल्याइनेछ ।

(३) प्रदेश सरकारका गतिविधिको सूचना प्रवाहका लागि सञ्चार माध्यमसँग समन्वय गरिनेछ ।

(४) प्रदेशको विविधतालाई समेट्दै विभिन्न भाषाभाषी तथा समुदाय स्तरसम्म सञ्चार सेवा विस्तारका लागि सञ्चार माध्यमलाई सहजीकरण गरिनेछ ।

(५) सञ्चारका नवीनतम माध्यमको विकास र विस्तार गर्दै सुसूचित समाज निर्माणलाई प्रवर्धन गरिनेछ।

**रणनीति २: रेडियो र टेलिभिजन दर्ता, नवीकरण तथा नियमन गर्ने ।**

**कार्यनीतिहरू**

(१) एफ.एम.रेडियो सञ्चालन इजाजत प्रदान गर्ने कार्यलाई अनलाइन प्रणालीमा आधारित र व्यवस्थित गरिनेछ ।

(२) एफ.एम. रेडियोलाई व्यावसायिक तथा आत्मनिर्भर हुन प्रोत्साहन गरिनेछ ।

(३) प्रदेशबाट प्रसारण हुने टेलिभिजनलाई व्यवस्थित गरिनेछ ।

**रणनीति ३: छापा तथा अनलाईन पत्रपत्रिका, सामाजिक सञ्जाल तथा अन्य विद्युतीय सञ्चार माध्यमलाई व्यवस्थित गर्ने ।**

**कार्यनीतिहरू**

(१) संप्रेषण हुने सूचनाका कारण राष्ट्र, राष्ट्रियता, सामाजिक सद्भाव, शान्ति सुरक्षा जस्ता विषयमा पर्ने दूरगामी नकारात्मक प्रभावप्रति संवेदनशील हुन स्वनियमनका लागि छापा तथा विभिन्न विद्युतीय सञ्चार माध्यमलाई सहजीकरण गरिनेछ ।

(२) विद्युतीय सञ्चार माध्यमलाई स्रोत पुष्टि भएका र सामाजिक हित हुने सूचना तथा समाचार प्रकाशन तथा प्रसारण गर्न समन्वय गरिनेछ ।

(३) कानुनबमोजिम सामाजिक सञ्जालको व्यवस्थित उपयोगका लागि सुसूचित गराउन कानुनी सचेतना कार्यक्रम संचालन गरिनेछ ।

**रणनीति ४: मोबाइल फोन तथा इन्टरनेट सेवालाई व्यवस्थित र भरपर्दो बनाउने ।**

**कार्यनीतिहरू**

(१) प्रदेशका मोबाइल फोन सुविधा नपुगेका तथा सेवाको गुणस्तर कमजोर भएका क्षेत्रमा गुणस्तरीय सेवा पुऱ्याउन सहजीकरण गरिनेछ।

(२) प्रदेशमा गुणस्तरीय इन्टरनेट सेवाको पहुँच सुनिश्चित गर्न समन्वय तथा सहकार्य गरिनेछ ।

**रणनीति ५: विज्ञापन र चलचित्र तथा अन्य दृश्य सामग्री छायाङ्कन तथा उत्पादनलाई व्यवस्थित गर्ने ।**

**कार्यनीतिहरू**

(१) प्रदेशबाट वितरण हुने लोककल्याणकारी विज्ञापनलाई प्रदेशमा सञ्चालन भएका सञ्चार माध्यमलाई मापदण्डका आधारमा समानुपातिक वितरण गर्ने व्यवस्था मिलाइनेछ ।

(२) सबै प्रकारका विज्ञापनलाई विज्ञापन एजेन्सी तथा स्थानीय तहसँग समन्वय गरी व्यवस्थित गरिनेछ।

(३) प्रदेशका प्राकृतिक, धार्मिक, ऐतिहासिक, सांस्कृतिक सम्पदा सम्बन्धमा व्यावसायिक चलचित्र तथा दृष्य सामग्रीका लागि छायाङ्कन गर्दा प्रदेश सरकारसँग अनुमति लिने र छायाङ्कन गर्दा अपनाउनुपर्ने सावधानीसम्बन्धी व्यवस्था गरिनेछ ।

**(८) परिमाणात्मक लक्ष्य**

**तालिका ७.६ सूचना तथा सञ्चारसम्बन्धी परिमाणात्मक लक्ष्य**

| क्र.सं. | परिसूचकहरू | इकाइ | आर्थिक वर्ष २०८०/८१ को अवस्था | आर्थिक वर्ष २०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| १. | वेबसाइटमा सार्वजनिक महत्त्वका जानकारी प्रकाशन गर्ने सार्वजनिक निकाय | प्रतिशत | २७.८ | १०० |
| २. | त्रैमासिक रूपमा सूचना अद्यावधिक गरी स्वतः प्रकाशन गर्ने सार्वजनिक निकाय | प्रतिशत | १५ | १०० |
| ३. | १५ देखि ४९ वर्ष उमेर समुहमा इन्टरनेटको पहुँच | प्रतिशत | ७५.५ | ९५ |
| ४. | एकीकृत कार्यालय व्यवस्थापन सूचना प्रणालीमा आबद्ध कार्यालय | संख्या | १५ | १९८ |

*स्रोतः मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, आन्तरिक मामिला तथा कानुन मन्त्रालय, २०८१।*

## ७.७ ग्रामीण तथा सहरी विकास

### (१) पृष्ठभूमि

नेपालको संविधानमा आवासको हकलाई मौलिक हकको रूपमा उल्लेख गर्दै आर्थिक रूपले विपन्न तथा लोपोन्मुख समुदाय र आवासविहीन दलित समुदायलाई कानुनबमोजिम आवासको व्यवस्था गर्ने नीति रहेको छ। साथै, अव्यवस्थित बसोबासलाई व्यवस्थापन गर्न योजनाबद्ध बस्ती विकास गर्ने नीति समेत रहेको छ । प्रदेश सरकारबाट भवन, आवास, बस्ती विकासका विषयमा विभिन्न कानुनहरू: प्रदेश भवन ऐन, प्रदेश भवन नियमावली, पूर्वाधार विकास प्राधिकरण ऐन, जनता आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, विपद् प्रभावित क्षेत्रमा पूर्वाधार विकास तथा एकीकृत बस्ती विकास कार्यक्रम कार्यविधि र फुटपाथ निर्माण कार्यविधि तर्जुमा भई कार्यान्वयनमा रहेका छन् ।

लुम्बिनी प्रदेशको कुल जनसंख्या ५१,२२,०७८ मध्ये ५५.१८ प्रतिशत नगरपालिका र ४४.८२ प्रतिशत गाउँपालिकामा बसोबास गर्दछन् । यस प्रदेशमा क्षेत्रफलको हिसाबले ६२.६ प्रतिशत भूभाग गाउँपालिकामा पर्दछ भने ३७.४ प्रतिशत नगरपालिकामा पर्दछ । नगरपालिका तथा सहरी क्षेत्रमा बसोबास गर्ने जनसंख्या बढ्दो क्रममा रहेकाले सोको उचित व्यवस्थापन गर्न ग्रामीण तथा सहरी विकास प्रदेश सरकारको

प्राथमिकताको विषय रहेको छ। पूर्वाधार विकासका साथै सहरोन्मुख बस्तीहरूमा आर्थिक गतिविधि बढाई आयआर्जन र रोजगारीमा टेवा पुऱ्याउने कार्य हुँदै आएको छ।

**(२) प्रमुख समस्या**

अव्यवस्थित सहरीकरण बढ्दै जानु, विपद् उत्थानशील पूर्वाधार तथा संरचना सीमित हुनु, पहाडबाट तराई र ग्रामीण क्षेत्रबाट सहरी क्षेत्रमा बसाइँसराइ तीव्र हुनु, जमिनको खण्डीकरण हुनु तथा कृषियोग्य भूमि आवासका लागि प्रयोग हुँदा उब्जाउ जमिनको नाश हुनु, अवसरको खोजीमा सहर केन्द्रित बसाइँसराइको कारण आवासविहीन परिवारको संख्या बढ्दै जानु, व्यवस्थित सहर तथा बस्ती विकासका लागि योजना तथा कार्यक्रमको कार्यान्वयन प्रभावकारी नहुनु जस्ता समस्याहरु रहेका छन् ।

**(३) अवसर र चुनौती**

सडक सञ्जालको विकाससँगै पहाडी, हिमाली र तराई क्षेत्रका घनाबस्ती भएका ठाउँमा नयाँ सहर वा स-साना बजार केन्द्र विकास हुदैं जानु; सहरी सौन्दर्यकरण र विस्तारित सहर (सेटलाइट सिटी) को सोचको विकास हुनु; सहरी विकास, भवन निर्माण तथा भूउपयोगसम्बन्धी नीति तथा कानुनको तर्जुमा हुनु; प्रदेशको राजधानी क्षेत्रलाई नयाँ सहरको रूपमा विकास गर्ने गुरूयोजना तयार भई तद्अनुरुपको कार्य सुरुवात हुनु जस्ता अवसरहरु रहेका छन्।

सहरी क्षेत्रमा सामाजिक तथा आर्थिक पूर्वाधारको विकास गर्नु, ग्रामीण पूर्वाधारको विकास गर्नु, पूर्वाधारसहितको एकीकृत बस्ती विकास गर्नु, आवास तथा बस्ती विकासमा निजी क्षेत्रको लगानी आकर्षित गर्नु, सहरी क्षेत्रमा हुने तीव्र बसाँसराइका कारणले बढ्दो जनसंख्या अनुरुप सहरी पूर्वाधार विकास गर्नु जस्ता चुनौतीहरु रहेका छन् ।

**(४)** **दीर्घकालीन सोचः** सुरक्षित, सुविधायुक्त र व्यवस्थित बसोबासः सामाजिक, आर्थिक पूर्वाधारयुक्त प्रदेशको विकास ।

**(५)** **लक्ष्यः** स्थानीय रोजगारी सिर्जना गर्दै व्यवस्थित पूर्वाधारसहितको बस्ती विकास तथा सहरीकरण गर्ने।

**(६)** **उद्देश्यः**

(१) ग्रामीण क्षेत्रमा एकीकृत बस्ती तथा पूर्वाधार विकास गरी रोजगारीका अवसरहरू सिर्जना गर्दै बसाइँसराइ कम गर्नु ।

(२) योजनाबद्ध सहर र पूर्वाधार विकास गरी नागरिकलाई सुरक्षित, सुविधा सम्पन्न र व्यवस्थित बसोबासको व्यवस्था गर्नु ।

(३) आवासविहीन परिवारलाई सुरक्षित आवासको व्यवस्था गर्नु ।

**(७)** **रणनीति र कार्यनीति**

**रणनीति १: भवन निर्माण कानुन तथा मापदण्डको पालना गर्ने ।**

**कार्यनीतिहरू**

(१) राष्ट्रिय भवन संहिता र भवन निर्माण मापदण्ड तथा प्रदेश भवन ऐनमा भएका व्यवस्थालाई कार्यान्वयन गरी विपद् जोखिम उत्थानशील भवन निर्माणलाई प्रवर्धन गरिनेछ ।

(२) राष्ट्रिय भवन संहिता र भवन निर्माण मापदण्डमा आधारित निर्माण कार्यमा संलग्न हुने जनशक्तिलाई तालिम प्रदान गर्न सहजीकरण गरिनेछ ।

(३) भवन निर्माण संहिता र भवन निर्माण मापदण्ड सम्बन्धमा स्थानीय तहको क्षमता विकास गरी निर्माण हुने घरहरूलाई भूकम्पीय क्षति न्यून हुने गरी विपद् उत्थानशील बनाउन सहजीकरण गरिनेछ ।

**रणनीति २: विपद् जोखिमयुक्त र छरिएको बस्तीलाई व्यवस्थित गर्ने ।**

**कार्यनीतिहरू**

(१) बाढी, पहिरोलगायतका विपद जोखिममा रहेका बस्ती सुरक्षित स्थानमा स्थानान्तरण गर्न अन्तरसरकार समन्वय गरिनेछ ।

(२) जोखिमयुक्त बस्तीमा जोखिम न्यूनीकरणका कार्यक्रम सञ्चालन गरिनेछ ।

(३) प्रयोगविहीन सार्वजनिक विद्यालय तथा अन्य भवनलाई बहुउपयोगी भवनका रूपमा विकास गरी आपतकालीन आश्रयस्थल, साझा सुविधा केन्द्र, सामुदायिक भवन, सांस्कृतिक डबली जस्ता बहुप्रयोगमा उपयोग गर्न सहजीकरण गरिनेछ ।

(४) विपद् जोखिम न्यूनीकरणका लागि बस्तीमा खुला क्षेत्र, पहुँच मार्ग र विपद् पूर्वतयारीका संरचना निर्माणमा जोड दिइनेछ ।

**रणनीति ३: परम्परागत वास्तुकला र शैलीको प्रवर्धन गर्ने ।**

**कार्यनीतिहरू**

(१) ऐतिहासिक र पुराना बस्तीहरूको परम्परागत वास्तुकलाको अध्ययन गरी अभिलेख तयार गरिनेछ।

(२) लुम्बिनी प्राविधिक विश्वविद्यालय, सीप विकास तालिम केन्द्रहरूको पाठ्यक्रममा परम्परागत निर्माण प्रविधि र वास्तुकलासम्बन्धी विषय समावेश गरिनेछ ।

(३) परम्परागत बस्तीहरूको संरक्षण, प्रवर्धन र विस्तार गरिनेछ ।

(४) मौलिक कला र संस्कृति झल्काउने रैथाने सीप तथा प्रविधियुक्त संरचना निर्माणलाई प्रोत्साहन गरिनेछ ।

**रणनीति ४: ग्रामीण जनजीवनलाई सहज, सुविधा सम्पन्न र सुरक्षित बनाउने ।**

**कार्यनीतिहरू**

(१) ग्रामीण क्षेत्रमा आधारभूत सेवा सुविधासहितको एकीकृत नमूना बस्ती विकासका लागि स्थानीय तहसँग सहकार्य र प्रोत्साहन गरिनेछ ।

(२) विपद् जोखिमयुक्त बस्तीहरूलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्न एकीकृत बस्ती विकासको अवधारणाअनुसार कार्य गरिनेछ ।

(३) ग्रामीण बजार केन्द्रहरूमा आवश्यक पूर्वाधारको विकास गरी बसाइँसराइ न्यूनीकरणका लागि पहल गरिनेछ ।

**रणनीति ५: घनाबस्ती उन्मुख क्षेत्रमा एकीकृत सहरी पूर्वाधार विकास गर्ने ।**

**कार्यनीतिहरू**

(१) प्रदेशको सहरी विकास गुरुयोजना तर्जुमा गरी नयाँ सहरहरूको विकास गरिनेछ ।

(२) तराइका खेतीयोग्य जमिनमा बसोबास हुन नदिने गरी व्यवस्थित सहरी पूर्वाधार विकास गरिनेछ।

(३) प्रदेशको भू-उपयोग ऐन तथा योजना तर्जुमा गरी भूमिको उपयोगलाई व्यवस्थित गरिनेछ ।

(४) उत्तर दक्षिण राजमार्ग, हुलाकी सडक, प्रादेशिक लोकमार्ग र मध्यपहाडी लोकमार्गका सहरोन्मुख क्षेत्रमा सहरी पूर्वाधार विकास गरिनेछ।

(५) बुटवल-भैरहवा, भालुवाङ-लमही, घोराही-तुलसीपुर, कोहलपुर-नेपालगञ्जलाई प्रदेशका मुख्य सहरका रूपमा विकास गरिनेछ ।

(६) ठूला सहरमा रहेको जनसंख्याको चापलाई न्यूनीकरण गर्न त्यसका आसपासमा विस्तारित सहर (सेटलाइट सिटी) को विकास गरिनेछ।

**रणनीति ६: एकीकृत सहर तथा ग्रामीण बस्ती विकास गर्ने ।**

**कार्यनीतिहरू**

(१) एकीकृत सुविधासहितको सहर वा ग्रामीण बस्ती विकासका लागि उपयुक्त स्थान छनोट गरी योजना तयार गरिनेछ ।

(२) एकीकृत सहर तथा ग्रामीण बस्ती विकासका लागि उपयुक्त जग्गा विकासको विधि (निर्देशित जग्गा विकास कार्यक्रम वा जग्गा एकीकरण कार्यक्रम वा घडेरी तथा सेवा सुविधा कार्यक्रम लगायत) अवलम्बन गरिनेछ ।

(३) सहर तथा ग्रामीण क्षेत्रमा एकीकृत बस्ती विकास गर्दा परम्परागत पेसा तथा रोजगारीका अवसरलाई संरक्षण गर्ने गरी विकास गरिनेछ ।

**रणनीति ७: प्रदेश राजधानीलाई एकीकृत पूर्वाधारसहितको सहरका रूपमा विकास गर्ने ।**

**कार्यनीतिहरू**

(१) राजधानीलाई नदी सभ्यतामा आधारित एकीकृत सुविधायुक्त सुन्दर सहरका रूपमा विकास गरिनेछ ।

(२) एकीकृत सुविधासहितको सहरी विकासका लागि जग्गा एकीकरण कार्य अगाडि बढाइनेछ ।

**रणनीति ८: अव्यवस्थित बसोबासलाई व्यवस्थित गर्ने ।**

**कार्यनीतिहरू**

(१) भूमिहीन, सुकुम्वासी, मुक्त कमैयालगायतका अव्यवस्थित वसोवासको समस्या समाधान गर्न अन्तरसरकार समन्वय र सहकार्य गरिनेछ ।

(२) घरवार विहीन तथा भूमिहीन अति विपन्न नागरिकको पहिचान गरी स्थानीय तहसँगको सहकार्यमा विपन्न आवास सहयोग कार्यक्रम सञ्चालन गरिनेछ ।

(३) जग्गा कम भएका क्षेत्रमा एकीकृत आवास निर्माणको सम्भावना पहिचान गरी कार्यान्वयन गरिनेछ।

**रणनीति ९: सार्वजनिक भवनलाई बहुउपयोगी तथा समावेशी बनाउने ।**

**कार्यनीतिहरू**

(१) प्रदेश सरकारले निर्माण गर्ने सार्वजनिक भवनहरूलाई जेष्ठ नागरिक, लैंगिक, बालबालिका तथा अपाङ्गतामैत्री हुने गरी निर्माण गरिनेछ ।

(२) स्रोत साधनको अधिकतम सदुपयोगका लागि सामुदायिक/सार्वजनिक भवन बहुउपयोगमा ल्याइनेछ।

**(८) परिमाणात्मक लक्ष्य**

**तालिका ७.७ ग्रामीण तथा सहरी विकाससम्बन्धी परिमाणात्मक लक्ष्य**

| क्र.सं. | परिसूचकहरू | इकाइ | आर्थिक वर्ष २०८०/८१ को अवस्था | आर्थिक वर्ष २०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| १. | एकीकृत पूर्वाधार विकास भएका सहर | सङ्ख्या | ६ | १२ |
| २. | वस्तीहरूमा एकीकृत पूर्वाधार विकास | संख्या | १०० | १५० |
| ३. | नयाँ आवास (जनता आवास) | संख्या | ७०१४ | १२००० |

*स्रोतः सहरी विकास तथा खानेपानी मन्त्रालय, २०८१*

# परिच्छेद आठः वन तथा वातावरण क्षेत्र

## ८.१ हरित अर्थतन्त्र

### (१) पृष्ठभूमि

वातावरण र विकासबिच सन्तुलन कायम राख्दै आर्थिक गतिविधि संचालन गर्नु नै हरित अर्थतन्त्र हो । यसमा कृषि वनको विकास, जलस्रोतको समुचित प्रयोग, भूमि उपयोग व्यवस्थापन, नवीकरणीय ऊर्जा तथा हरित प्रविधिको उपयोगलाई बढाएर प्रकृतिमैत्री कृषि र वनजन्य उत्पादन एवम् रोजगारी वृद्धि गर्दै न्यून कार्वन उत्सर्जन, जनघनत्व सन्तुलन, समावेशी विकास तथा वातावरणमा पर्ने जोखिम न्यूनीकरणका कार्यहरु गरिन्छ। हरित अर्थतन्त्र समस्त प्राणी–वनस्पति र चराचरको सुनिश्चित भविष्य र दिगो मानव सभ्यताको आधार भएकोले वातावरणीय संवेदनशीलता र आर्थिक उत्पादनबिच सन्तुलन कायम गरेर आधुनिक अर्थतन्त्रलाई हरित अर्थतन्त्र (ग्रीन इकोनोमी) मा बदल्न अपरिहार्य रहेको छ ।

### (२) प्रमुख समस्या

हरित अर्थतन्त्र विकास नयाँ अभ्यास भएको हुनाले पर्याप्त नीतिगत व्यवस्था नहुनु, यस क्षेत्रमा दक्षता र ज्ञानको कमी, सरकार तथा निजी क्षेत्रको प्राथमिकतामा नपर्नु तथा न्यून लगानी जस्ता मुख्य समस्याका रूपमा रहेका छन् ।

### (३) अवसर र चुनौती

प्रकृतिको महत्त्वबारे जनचेतना बढ्नु, विकासका क्षेत्रमा उदीयमान सवालका रूपमा हरित अर्थतन्त्रको अवधारणाको विकास हुनु, प्रकृतिको संरक्षण र दिगो उपयोगलाई विकासको सन्तुलनका रूपमा हेरिनु जस्ता अवसरहरु यस क्षेत्रमा रहेका छन् ।

जलवायु परिवर्तनका असर न्यूनीकरणका लागि हरित विकासको अवधारणा अवलम्बन गर्नु, वातावरणीय जोखिम तथा असन्तुलन न्यूनीकरण गर्नु, हरित अर्थतन्त्रको विकासमा मौलिक प्रविधि र ज्ञानका उपयोग गर्नु, स्वच्छ ऊर्जाको उपयोग गर्नु, बातावरणमैत्री पूर्वाधारको विकास गर्नुजस्ता प्रमुख चुनौतीहरु रहेका छन् ।

**(४) दीर्घकालीन सोचः** हरित अर्थतन्त्रः प्राकृतिक सम्पदाको दिगो उपयोग

**(५) लक्ष्यः** प्राकृतिक स्रोत साधनको विवेकपूर्ण उपयोग गरी हरित अर्थतन्त्रको विकास गर्ने ।

### (६) उद्देश्य

१. मानवीय आवश्यकता पूरा गर्न जमिन, जल, जंगललगायतका प्राकृतिक स्रोतको दिगो उपयोग गर्नु ।
२. हरित अर्थतन्त्रको मानवीय अभ्यासलाई आयआर्जन र रोजगारीसँग आबद्ध गर्नु ।

**(७) रणनीति र कार्यनीति**

**रणनीति १: स्रोतको दिगो उपयोगका लागि हरित प्रविधि उपयोग र पूर्वाधार विकास गर्ने ।**

**कार्यनीतिहरू**

(१) पहिरो सम्भावित क्षेत्रमा गरिने बायो इन्जिनियरिङबाट प्राप्त हुने कच्चा पदार्थको दिगो उपयोग गरिनेछ ।

(२) ग्रामीण सडकलाई हरित सडकका रूपमा निर्माण गर्नुपर्ने गरी नीति निर्माण गरिनेछ ।

(३) स-साना सार्वजनिक यातायातका साधनको सट्टा ठूला यात्रुवाहक सवारी साधन सञ्चालन गर्ने नीति तर्जुमा गर्न पहल गरिनेछ ।

**रणनीति २: नवीकरणीय तथा हरित ऊर्जा प्रयोगलाई प्रवर्धन गर्ने ।**

**कार्यनीतिहरू**

(१) ऊर्जा आवश्यकता परिपूर्तिका लागि नवीकरणीय ऊर्जाको उपयोगमा जोड दिइनेछ ।

(२) सार्वजनिक तथा निजी भवनमा हरित ऊर्जा उपयोग गर्न प्रोत्साहन गरिनेछ ।

**रणनीति ३: हरित कृषिका माध्यमबाट आयआर्जन गर्ने ।**

**कार्यनीतिहरू**

(१) प्रकृति एवम् स्वास्थ्यमैत्री कृषि प्रणालीको अभ्यासलाई प्राथमिकता दिइनेछ ।

(२) बाँझो तथा खेर गएको जमिनमा कृषि वनको विकास गरी आयआर्जन गर्न सहयोग गरिनेछ ।

(३) फलफूल वगैचा, चिया, कफी, अलैंची जस्ता बहुवर्षीय बाली प्रवर्धन गर्न सहयोग गरिनेछ ।

(४) बहुबाली प्रवर्धन गरी दोहोरो लाभ लिने वातावरण निर्माण गरिनेछ ।

(५) बस्ती नजिकका सडकको किनारा (राइट अफ वे) मा फलफूलका बिरुवा हुर्काई हरियाली तथा आयआर्जनको माध्यम बनाउने नीति लिइनेछ ।

**रणनीति ४: फोहरमैलाको उचित व्यवस्थापन गर्दै आयआर्जनसँग आबद्ध गर्ने ।**

**कार्यनीतिहरू**

(१) संकलित फोहरलाई स्रोतका रूपमा उपयोग र व्यवस्थापन गरी आम्दानी गर्न स्थानीय तहलाई सहयोग गरिनेछ ।

(२) फोहरमैलाको वातावरणमैत्री व्यवस्थापनका लागि हरित प्रविधि उपयोगमा स्थानीय तहलाई सहयोग गरिनेछ ।

**रणनीति ५: जल र जमिनको वातावरणमैत्री उपयोग र आयआर्जन गर्ने ।**

**कार्यनीतिहरू**

(१) जमिन संरक्षणका लागि एकीकृत बस्ती तथा बहुपरिवार आवास (बहुतले आवासीय भवन) लाई प्राथमिकता दिने नीति लिइनेछ ।

(२) उर्वर जमिनको संरक्षण तथा पुनर्स्थापना गरिनेछ ।

(३) माटोको उर्वरा शक्तिमा ह्रास आउन नदिन प्राङ्गारिक तथा जैविक मलको उपयोग र माटो उपचारलाई प्रोत्साहन गरिनेछ ।

(४) पानीका स्रोतको संरक्षण, प्रदूषण नियन्त्रण र दिगो उपयोग जस्ता कार्यलाई यथासंभव आयआर्जनसंग जोडिनेछ ।

**(८) परिमाणात्मक लक्ष्य**

**तालिका ८.१ हरित अर्थतन्त्रसम्बन्धी परिमाणात्मक लक्ष्य**

| क्र.सं. | परिसूचकहरू | इकाइ | आर्थिक वर्ष २०८०/८१ को अवस्था | आर्थिक वर्ष २०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| १. | फलफूल तथा आयमूलक बिरुवा उत्पादन, वितरण र रोपण (हजारमा) | गोटा | १२० | ४०० |
| २. | निजी/कृषि वन विकास | हे. | ७७४ | १००० |
| ३. | सडक किनारा वृक्षारोपण | कि.मी. | २०० | ५०० |

*स्रोत: वन तथा वातावरण मन्त्रालय २०८१*

## ८.२ वन व्यवस्थापन

### (१) पृष्ठभूमि

वातावरणीय सन्तुलन कायम गर्दै सामाजिक-आर्थिक विकास गरी रोजगारीका अवसरको सिर्जना गर्न वन सम्पदाको महत्त्वपूर्ण भूमिका रहेको छ । संरक्षण र दिगो उपयोगको महत्त्वलाई दृष्टिगत गरी संविधानमा प्रदेशको एकल अधिकार र साझा अधिकारमा वनक्षेत्रलाई राखिएको छ । दिगो विकासको लक्ष्यमा पनि वनलाई समेटिएको छ ।

नेपालको कुल वन क्षेत्र (१,४७,५१,६०० हेक्टर) मध्ये लुम्बिनी प्रदेशले १६.२ प्रतिशत हिस्सा (९,९६,९४१ हेक्टर) ओगटेको छ । यस प्रदेशको कुल भूभागको ५१.६४ प्रतिशत वन क्षेत्रले ढाकेको छ। यस प्रदेशमा २ राष्ट्रिय निकुञ्ज र सोका मध्यवर्ती क्षेत्र, १ शिकार आरक्ष रहनुका साथै ४,०३७ सामुदायिक वन, ८ साझेदारी वन, ४०६ कवुलियती वन, ९३२ निजी वन, ३० धार्मिक वन र २ चक्ला वन तथा ६ वन संरक्षण क्षेत्र गरी कुल वन क्षेत्रको संख्या ५,४२१ रहेको छ । साथै, प्रदेशमा ४ लाख ५० हजार ७१२ हेक्टर सरकारद्वारा व्यवस्थित वन तथा ४ लाख २९ हजार ४२६ हेक्टर सामुदायिक वन र बाँकी अन्य वनले ओगटेको छ । सामुदायिक वनमा आबद्ध घरपरिवार संख्या ७ लाख ९३ हजार रहेको छ। यहाँ वनजन्य उद्योग १०६४, स:मिल ३४९ र फर्निचर उद्योग ७१५ वटा रहेका छन् ।

यस प्रदेशका राजपुर गाउँपालिका, दाङ र राप्ती सोनारी गाउँपालिका, बाँकेमा करिब ८३ प्रतिशत र शितगंगा गाउँपालिका, अर्घाखाँचीमा करिब ७७ प्रतिशत वन क्षेत्र रहेको छ । त्यसैगरी, विभिन्न जिल्लाका स्थानीय तहहरू क्रमशः बाँके जिल्लाका जानकी, खजुरा र नेपालगन्ज; कपिलवस्तु जिल्लाका मायादेवी, शुद्धोधन,

यशोधरा, कृष्णनगर, महाराजगञ्ज; नवलपरासी पश्चिमका पाल्हीनन्दन, प्रतापपुर र रामग्राम तथा रुपन्देही जिल्लाका कोटहीमाई, मर्चवारी, मायादेवी, ओमसतीया, रोहिणी, सम्मरीमाई र शुद्धोधनमा ० देखि २ प्रतिशत मात्र वन क्षेत्र रहेका छन् ।

**(२) प्रमुख समस्या**

तहगत सरकारहरूबिच अधिकार क्षेत्रमा प्रष्टता नहुनु, तहगत सरकारका अधिकारसम्बन्धी कानुनहरू बाझिनु, वन क्षेत्रको अतिक्रमण हुनु, वन डढेलो, खुला चरिचरन, चोरी निकासी प्रमुख समस्याका रूपमा रहेका छन् ।

**(३) अवसर र चुनौती**

यस प्रदेशमा वनले ढाकेको क्षेत्र उल्लेख्य रूपमा रहनु; वनस्पति, वन्यजन्तु, जलाधार, संरक्षित क्षेत्र र जैविक विविधताको प्रचुरता रहनु; वनजन्य उद्योगका माध्यमबाट आयआर्जन र रोजगारीका प्रशस्त अवसर हुनु; पर्यापर्यटनको उच्च सम्भावना रहनु; प्रदेशमा सामुदायिक वन, साझेदारी वन, चक्ला वन, कवुलियती वन, निजी वन एवम् धार्मिक वनहरूको व्यवस्थापनबाट जीविकोपार्जनमा सहयोग पुग्नु साथै कार्वन व्यापार र जलवायु हरित कोषमार्फत फाइदा लिन सकिने अवसरहरु समेत रहेका छन् ।

वन विकासलाई जीविकोपार्जन, आयआर्जन र रोजगारीसँग आबद्ध गर्नु; विकास र वातावरणबिच सन्तुलन कायम गर्नु;  चोरी निकासी, बन डढेलो आदिबाट वन क्षेत्रमा हुने क्षति घटाउनु; वन सम्पदाको व्यावसायिक उपयोग गर्नु; वन अतिक्रमण नियन्त्रण गर्नु जस्ता चुनौतीहरु रहेका छन् ।

**(४) दीर्घकालीन सोचः** वन क्षेत्रको दिगो उपयोगः हरित अर्थतन्त्रको विकास

**(५) लक्ष्यः** वनको संरक्षण र दिगो उपयोग गरी आर्थिक, सामाजिक र पर्यावरणीय विकासमा योगदान गर्ने ।

**(६) उद्देश्यः** दिगो व्यवस्थापन गरी वन क्षेत्रलाई आयआर्जन र रोजगारीसँग आबद्ध गर्नु ।

**(७) रणनीति र कार्यनीति**

**रणनीति १: निजी तथा समुदायमा आधारित वनको प्रभावकारी व्यवस्थापन गर्ने ।**

**कार्यनीतिहरू**

(१) सामुदायिक वन उपभोक्ता समूह तथा साझेदारी वन उपभोक्ता समूहको क्षमता विकास गरी वन व्यवस्थापनलाई प्रभावकारी बनाइनेछ ।

(२) कवुलियती वनलाई कृषि वनका रूपमा विकास गरी अधिकतम लाभ लिन सक्ने बनाउन समुदायको क्षमता विकास गरिनेछ ।

(३) सहरी तथा सार्वजनिक जग्गामा वन विकास गर्न स्थानीय तहलाई सहजीकरण गरिनेछ ।

(४) वन क्षेत्र नभएको वा ५ प्रतिशतभन्दा कम भएको स्थानीय तहलाई सहरी वन तथा सार्वजनिक जग्गामा वन विकास वा हरियाली प्रवर्धन गर्न सहयोग गरिनेछ ।

(५) खाली तथा नाङ्गो रहेको वन क्षेत्रमा कृषि वन प्रवर्धन गर्दै यसलाई जीविकोपार्जनमा उपयोग गर्न सहजीकरण गरिनेछ ।

(६) वन क्षेत्र नभएको स्थानीय तहलाई निजी वन विकास गर्न सहयोग गरिनेछ ।

**रणनीति २: वन संरक्षण र यसको प्रभावकारी व्यवस्थापन गर्ने ।**

**कार्यनीतिहरू**

(१) वन डढेलो नियन्त्रणका लागि मौसमी हेरालुको व्यवस्था, औजार उपकरणको व्यवस्था तथा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

(२) वन पैदावार चोरी निकासी तथा तस्करी नियन्त्रणका लागि प्रोत्साहन र दण्डसहित सामुदायिक सहभागिता बढाइनेछ ।

(३) वन क्षेत्रको अतिक्रमण नियन्त्रण गरिनेछ ।

(४) खुल्ला चरिचरनलाई व्यवस्थित गरिनेछ ।

(५) वन संरक्षणका लागि निर्मित संरचनाको मर्मत सम्भार गरिनेछ ।

(६) वन क्षेत्रमा देखिएका जलवायु परिवर्तनका असर न्यूनीकरणका लागि अनुकूलनका कार्यक्रम सञ्चालन गरिनेछ ।

(७) हैसियत बिग्रिएका वन क्षेत्र पहिचान गरी समुदायसँगको साझेदारीमा कृषि वन विकास गर्दै यसलाई हरियाली प्रवर्धन, भूक्षय नियन्त्रण र आयआर्जनको माध्यमका रूपमा उपयोग गरिनेछ ।

**रणनीति ३: व्यावसायिक वन विकास कार्यक्रम सञ्चालन गर्ने ।**

**कार्यनीतिहरू**

(१) बाँझो जमिनमा हावापानी सुहाउँदो उच्च मूल्यका जडीबुटी खेती गर्न सहयोग गरिनेछ ।

(२) खाली रहेको नदी उकास, सार्वजनिक पर्ति जमिनमा समुदायको सहभागितामा वृक्षारोपण कार्यक्रम सञ्चालन गर्न प्रोत्साहन गरिनेछ ।

(३) भौतिक संरचना निर्माणका लागि हटाउनु पर्ने रूख विरुवालाई स्थानान्तरण गरी रोप्नका लागि उपकरणको व्यवस्था गरिनेछ ।

(४) सार्वजनिक निजी साझेदारीमार्फत खाली रहेको नदी उकास, सार्वजनिक पर्ति जमिनमा व्यावसायिक वन विकास गर्न निजी क्षेत्रसँग साझेदारी गरिनेछ ।

(५) सरोकारवालाहरूको सहभागितामा वनजन्य उद्यममैत्री नीति तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

(६) वनमा आधारित उद्यम विकास गर्न सार्वजनिक, निजी, सामुदायिक साझेदारी (PPCP) का क्षेत्र पहिचान र प्रवर्धन गरिनेछ ।

(७) वन पैदावारजन्य तयारी वस्तु निकासी प्रवर्धन तथा सहजीकरण गरिनेछ ।

**रणनीति ४: संवर्धन प्रणालीमा आधारित वन व्यवस्थापन गरी वनलाई उत्पादनमूलक स्रोतका रूपमा उपयोग गर्ने ।**

**कार्यनीतिहरू**

(१) प्रदेशको वन स्रोतलाई उत्पादनशील बालीचक्र अनुरूप संवर्धन प्रणालीमा आधारित वन व्यवस्थापन गर्न वनको वर्गीकरण र दीर्घकालीन योजना तयार गरिनेछ ।

(२) संवर्धन प्रणालीमा आधारित वन व्यवस्थापन योजना अनुरूप साझेदारी तथा सामुदायिक, चक्ला वन लगायतबाट काष्ठजन्य वन पैदावार आपूर्ति गरिनेछ ।

(३) वन व्यवस्थापन कार्यक्रममार्फत बुढा तथा रोगी रूखहरू उपयोगमा ल्याई आयात प्रतिस्थापन गरिनेछ ।

(४) वनलाई खेतीका रूपमा विकास तथा दिगो उपयोग गरी वन स्रोतलाई प्रदेशको दिगो आयस्रोतको आधार बनाइनेछ ।

**रणनीति ५: वनजन्य उद्यम व्यवसायको प्रवर्धन गर्ने ।**

**कार्यनीतिहरू**

(१) जडीबुटी प्रशोधन तथा भण्डारण; काष्ठजन्य वन पैदावारको प्रशोधन वा सिजनिङ्ग; दुनाटपरी; सिकर्मी; अल्लो, लोक्ता, तेजपात तथा दालचिनी प्रशोधन; टिमुर; जंगली फलफूलका पेयपदार्थ उत्पादन साथै हस्तकला जस्ता वनजन्य उद्यम व्यवसाय सञ्चालनका लागि सीप तथा तालिम प्रदान गर्दै आर्थिक लगानी, कच्चा पदार्थमा पहुँच र बजारीकरणमा सहजीकरण गरिनेछ ।

(२) स:मिल, काष्ठ प्रशोधन, फर्निचर उद्योग, प्लाइउड फ्याक्ट्री जस्ता वनजन्य उद्योग व्यवसाय सञ्चालन गरी आयआर्जन तथा रोजगारी सिर्जना गरिनेछ ।

**रणनीति ६: पर्यापर्यटनको विकास तथा प्रवर्धन गर्ने ।**

**कार्यनीतिहरू**

(१) बर्दिया र बाँके राष्ट्रिय निकुञ्ज, ढोरपाटन शिकार आरक्ष, कृष्णसार संरक्षित क्षेत्र, घडियाल गोही संरक्षण क्षेत्रमा संघ र स्थानीय तहसँग समन्वय गरी पर्यापर्यटन प्रवर्धन गरिनेछ ।

(२) प्रदेशमा डल्फिन, गिद्ध जस्ता लोपोन्मुख प्राणीको संरक्षण क्षेत्र विकास गर्न समन्वय गरिनेछ ।

(३) जगदिशपुर ताल क्षेत्रको प्रवर्धन र विकासमा जोड दिँदै चरा संरक्षण क्षेत्र (बर्ड स्याङ्चुअरी) कार्ययोजनाको कार्यान्वयन गरिनेछ ।

(४) सामुदायिक वन क्षेत्रमा पर्यापर्यटन प्रवर्धन गरी वन उपभोक्ता समूहको जीविकोपार्जनमा योगदान पुऱ्याइनेछ ।

**(८) परिमाणात्मक लक्ष्य**

**तालिका ८.२ वन व्यवस्थापनसम्बन्धी परिमाणात्मक लक्ष्य**

| क्र.सं. | परिसूचकहरू | इकाइ | आर्थिक वर्ष २०८०/८१ को अवस्था | आर्थिक वर्ष २०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| १. | वनक्षेत्रले ढाकेको क्षेत्रफल | प्रतिशत | ५१.६४ | ५२ |
| २. | संवर्धन प्रणालीमा आधारित वनको क्षेत्रफल | हेक्टर हजारमा | ७२ | ९० |
| ३. | वन क्षेत्रबाट सिर्जना हुने रोजगारी | श्रम दिन लाखमा | ४२५६ | १०००० |
| ४. | राष्ट्रिय वन (सामुदायिक, साझेदारी, चक्लासमेत)बाट काठ उत्पादन | लाख क्यु. फिट | २० | ३५ |
| ५. | आवादी, निजी वनबाट काठ उत्पादन | लाख क्यु. फिट | १६ | २० |

*स्रोतः वन तथा वातावरण मन्त्रालय, २०८१*

## ८.३ वातावरण र जैविक विविधता संरक्षण

### (१) पृष्ठभूमि

वातावरण र जैविक विविधता संरक्षण मानवीय आवश्यकता परिपूर्ति र आर्थिक-सामाजिक विकासको महत्त्वपूर्ण आधार हो । नेपालको संविधानमा वातावरण तथा जैविक विविधता संरक्षण गर्न स्वच्छ वातावरणको हकलाई मौलिक हकको रूपमा स्थापित गरिएको छ । साथै, राज्यका नीतिहरूमा वातावरण र जैविक विविधता संरक्षणलाई महत्त्वका साथ उल्लेख गरिएको छ । दिगो विकासको लक्ष्यमा पनि यस विषयलाई समेटिएको छ ।

नेपाल भौगोलिक रुपमा सानो भए तापनि विश्वमा पाइने वनस्पति प्रजातिको ३.२ प्रतिशत र प्राणी प्रजातिको १.१ प्रतिशत पाइने भएकाले जैविक विविधतामा धनी देश मानिन्छ । लुम्बिनी प्रदेशमा जैविक विविधता संरक्षण गरी वातावरणीय सन्तुलन कायम गर्न विभिन्न संरक्षण क्षेत्रको विकास गरिएको छ । यस प्रदेशमा बर्दिया राष्ट्रिय निकुञ्ज ९६८ वर्ग कि.मि. तथा मध्यवर्ती क्षेत्र ५०७ वर्ग कि.मि., बाँके राष्ट्रिय निकुञ्ज ५५० वर्ग कि.मि. (कर्णाली प्रदेशको भाग समेत), ढोरपाटन शिकार आरक्ष १,३२५ वर्ग कि.मि. (गण्डकी प्रदेशको भागसमेत) र कृष्णसार संरक्षण क्षेत्र १६.९५ वर्ग कि.मि. भूभागमा फैलिएको छ ।यसका अतिरिक्त मानवीय क्रियाकलाप गर्दा वातावरणमा ह्रास वा जैविक विविधतामा क्षति पुग्न नदिई पारिस्थितिकीय प्रणालीमा असर पर्न नदिन विभिन्न कार्यक्रम सञ्चालन गरिएको छ ।

### (२) प्रमुख समस्या

वातावरणीय विनाशमा वायु, ध्वनि, जल तथा जमिन प्रदूषणको मात्रा बढ्दै जानु; वन अतिक्रमण बढ्नु; गैरकानुनी रूपमा प्राकृतिक स्रोत प्रयोग हुनु; वन्यजन्तु र चराचुरूङ्गीका बासस्थान नाश हुनु तथा टुक्रिनु; बाह्य

मिचाहा प्रजातिले प्रवेश पाउनु; जलवायु परिवर्तन हुनु; सहरीकरण बढ्नु; पूर्वाधार विकास अव्यवस्थित हुनु; गैरकानुनी शिकार; प्राकृतिक स्रोतको अत्यधिक दोहन हुनु; आगलागीका घटना, मानव र वन्यजन्तुको द्वन्द्व बढ्नु यस क्षेत्रका प्रमुख समस्याहरु हुन् ।

**(३) अवसर र चुनौती**

वातावरण तथा जैविक विविधता संरक्षणका लागि विभिन्न नीतिगत तथा कानुनी व्यवस्था हुनु; वातावरण र जैविक विविधता संरक्षणसम्बन्धी कार्य गर्ने विभिन्न संरचनाहरू रहनु; संरक्षण क्षेत्रको स्थापना, विकास र विस्तार हुनु साथै जनचेतना स्तर बढ्दै जानु यस क्षेत्रका अवसरहरु हुन् ।

विकास र वातावरणबिच सन्तुलन कायम गर्नु, सन्तुलित पारिस्थितिकीय प्रणाली कायम गर्नु, लोपोन्मुख प्रजातिको संरक्षण गर्नु, रामसार तथा सिमसार क्षेत्रको संरक्षण गर्नु, चोरी शिकारी रोक्नु, वातावरण र जैविक विविधता संरक्षणसम्बन्धी जनचेतना अभिवृद्धि गर्नु जस्ता कार्यहरु प्रमुख चुनौतीका रूपमा रहेका छन् ।

**(४) दीर्घकालीन सोचः** स्वच्छ वातावरण र जैविक विविधतायुक्त प्रदेश

**(५) लक्ष्यः** वातावरण तथा जैविक विविधता संरक्षण गर्ने ।

**(६) उद्देश्यः** वातावरण तथा जैविक विविधताको संरक्षणका लागि वनजंगल तथा सिमसार क्षेत्रको व्यवस्थापन गर्नु ।

**(७) रणनीति र कार्यनीति**

**रणनीति १: वातावरण संरक्षण गर्ने ।**

**कार्यनीतिहरू**

(१) वातावरण संरक्षणसम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

(२) उच्च शिक्षा र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रदान गर्ने संस्थाहरूलाई वातावरण संरक्षणका कार्यक्रम सञ्चालन गर्न प्रोत्साहन गरिनेछ ।

(३) विस्फोटक पदार्थ, विषादी र विद्युत्को प्रयोग गरी माछा मार्ने जस्ता कार्यलाई नियन्त्रण गरिनेछ।

(४) दिसाजन्य लेदो, फोहर पानी, ढल, फोहरमैला जस्ता पदार्थ नदी, खोला, खोल्सीमा मिसाउने कार्य नियन्त्रण गरिनेछ ।

(५) खोला तथा खोल्सीबाट ढुंगा गिटी जस्ता बस्तु वातावरणीय अध्ययन प्रतिवेदनका आधारमा निकाल्ने व्यवस्था गरिनेछ ।

(६) वातावरणीय परीक्षण प्रतिवेदनबमोजिमका प्रदुषण नियन्त्रण सम्बन्धी मापदण्डबारे स्थानीय तहका जनप्रतिनिधि र जनसमुदायलाई जानकारी गराइनेछ ।

(७) वातावरणीय परीक्षण प्रतिवेदनबमोजिमका प्रदूषण नियन्त्रणसम्बन्धी मापदण्ड पालना भए नभएको अनुगमन गरिनेछ ।

(८) खानी उत्खनन क्षेत्रका जनतालाई लाभ पुग्ने आयोजना कार्यान्वयन गरिनेछ ।

**रणनीति २: जैविक विविधिता संरक्षण गर्ने ।**

**कार्यनीतिहरू**

(१) राष्ट्रिय निकुञ्ज, शिकार आरक्ष तथा संरक्षण क्षेत्रसँग समन्वय गरी जैविक विविधताको संरक्षण गर्दै प्रदेशको आर्थिक गतिविधि प्रवर्धन गरिनेछ ।

(२) पोखरी, ताल तथा सिमसार क्षेत्रको संरक्षण र विकास गरी यसको वातावरणमैत्री उपयोग गरिनेछ।

(३) जैविक विविधता संरक्षणका लागि वन, वनस्पति तथा वन्यजन्तु चोरी सिकारी तथा अतिक्रमण नियन्त्रण गरिनेछ ।

(४) जंगलमा उपलब्ध हुने फलफूलको संरक्षण तथा विस्तार गरिनेछ ।

(५) पारिस्थितिकीय प्रणाली जोगाउन संरक्षित वन क्षेत्रको विकास र प्रवर्धन गरिनेछ ।

(६) लोपोन्मुख प्रजातिका वन्यजन्तु तथा वनस्पतिको संरक्षणका लागि सचेतना अभिवृद्धि गरिनेछ ।

(७) रैथाने प्रजातिका जलचर तथा थलचरहरूको संरक्षण गरिनेछ ।

**(८) परिमाणात्मक लक्ष्य**

**तालिका ८.३ वातावरण र जैविक विविधता संरक्षणसम्बन्धी परिमाणात्मक लक्ष्य**

| क्र.सं. | परिसूचकहरू | इकाइ | आर्थिक वर्ष २०८०/८१ को अवस्था | आर्थिक वर्ष २०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| १. | वायु प्रदूषण मापन केन्द्र स्थापना | वटा | ० | १ |
| २. | लोपोन्मुख प्रजातिका वन्यजन्तु तथा वनस्पतिको संरक्षण कार्यक्रम | संख्या | १० | १५ |
| ३. | सचेतना कार्यक्रम सञ्चालन गरिने विद्यालय | संख्या | ० | १५० |
| ४. | वातावरणीय प्रयोगशाला | संख्या | ० | १ |

*स्रोतः वन तथा वातावरण मन्त्रालय, २०८१*

## ८.४ जलाधार क्षेत्र संरक्षण

### (१) पृष्ठभूमि

पानीको स्रोतको रूपमा रहेको जलाधार सम्पूर्ण वनस्पति र प्राणी जगत्को जीवन प्रणालीको आधार हो। त्यसैले जलाधार क्षेत्रको संरक्षण र उचित व्यवस्थापनबिना जलस्रोतको उपलब्धता र उपयोग सम्भव छैन। यस प्रदेशमा ३२ वटा मुख्य जलाधार प्रणाली रहेका छन् । यी जलाधार प्रणालीमा १९५५ कि.मि. लामो बहाव क्षेत्र भएका ४४ वटा नदी तथा खोलाहरू रहेका छन् । सबैभन्दा लामा नदीहरू राप्ती नदी (२०७.७ कि.मि.), ववई (१६८.८ कि.मि.) र माडी खोला (११५.७ कि.मि.) हुन् । प्रदेशमा रहेका ८ वटा जलाधार क्षेत्रहरुमध्ये सबैभन्दा ठूलो पश्चिम राप्ती (३५.५३ प्रतिशत) हो भने दोस्रो ठूलोमा वाणगंगा तिनाउ (२२.५१

प्रतिशत) र तेस्रो ठूलोमा मानखोला बबई (१७.०८ प्रतिशत) रहेका छन् । प्रदेशको पूर्वी सिमाना दाउन्नेदेखि पश्चिम सीमाना कर्णाली नदीसम्म फैलिएर रहेको चुरे पहाड तराई क्षेत्रको महत्त्वपूर्ण जलाधार हो । अन्य सव वेसिनहरूमा नारायणी, कालीगण्डकी, सानी भेरी र तल्लो कर्णाली लगायत रहेका छन् ।

जलाधारको जिल्लागत अवस्थाका आधारमा कपिलवस्तु र बर्दियालाई राम्रो; नवलपरासी, रुपन्देही, रोल्पा र बाँकेलाई मध्यम; पाल्पा, रुकुम पूर्व र प्यूठानलाई सीमान्त; गुल्मी र अर्घाखाँचीलाई कमजोर तथा दाङ जिल्लालाई अति कमजोर अवस्थामा वर्गीकरण गरिएको छ ।

**(२) प्रमुख समस्या**

भू-क्षयका दृष्टिले अति जोखिमयुक्त चुरे पहाड क्षेत्र प्रदेशभरि फैलिएर रहनु, जलवायु परिवर्तनका कारण वर्षामा देखिएको परिवर्तनले जमिन कटान तथा भू-क्षयका घटनामा वृद्धि हुनु, घट्दो तथा सुक्दो पानीको स्रोतका कारण जीवजन्तु एवम् मानवीय क्रियाकलापलगायतमा असर पर्नु, सुख्खा तथा खडेरीका कारणले डढेलो बढ्दै जानु, नदी कटान भई धनजन तथा पूर्वाधारमा क्षति पुग्नु यस क्षेत्रका प्रमुख समस्याहरु हुन् ।

**(३) अवसर र चुनौती**

प्रदेशको पूर्वदेखि पश्चिमसम्म महाभारत तथा चुरे शृंखलाको जलाधार क्षेत्र अवस्थित हुनु; प्रदेशमा प्रशस्त जलाधार प्रणालीहरू रहनु; चुरे क्षेत्र संरक्षण कार्यक्रम सञ्चालनमा रहनु; बर्दिया राष्ट्रिय निकुञ्ज, बाँके राष्ट्रिय निकुञ्ज र ढोरपाटन शिकार आरक्ष अवस्थित रहनु; भू तथा जलाधार संरक्षणका संस्थागत संरचनाहरू रहनु; सिमसार, रामसार तथा पोखरी र ताल तलैया एवम् पानीका मूलहरू प्रचुर मात्रामा रहनु साथै प्रदेश सरकार तथा स्थानीय सरकारको जलाधार संरक्षणमा चासो र लगानी बढ्नु यस क्षेत्रका प्रमुख अवसरहरु हुन् ।

वनजंगल र जलाधार क्षेत्रको संरक्षण गर्नु, सिमसार तथा रामसारको संरक्षण गर्नु, परम्परागत पोखरी र मूलहरूको संरक्षण गर्नु, भूमिगत जलस्रोतको अनियन्त्रित दोहन रोक्नु, जलाधार क्षेत्रको विनाश नहुने गरी विकास कार्य सञ्चालन गर्नु तथा जलाधार क्षेत्रमा मानवीय अतिक्रमण रोक्नु जस्ता कार्यहरु प्रमुख चुनौतीका रूपमा रहेका छन् ।

**(४) दीर्घकालीन सोचः** जलस्रोतको भण्डारः व्यवस्थित जलाधार

**(५) लक्ष्यः** जलाधार क्षेत्रहरूको दिगो संरक्षण गर्ने ।

**(६) उद्देश्यः** प्रदेशका जलाधार क्षेत्रको व्यवस्थापन गरी जलस्रोतको दिगो संरक्षण गर्नु।

**(७) रणनीति र कार्यनीति**

**रणनीति १: पानीका स्रोतहरूको संरक्षण गर्ने ।**

**कार्यनीतिहरू**

(१) प्रदेश अन्तर्गत रहेका जलाधार क्षेत्रहरूको नक्शांकन र प्राथमिकीकरण गरी एकीकृत संरक्षण कार्यक्रम कार्यान्वयन गरिनेछ ।

(२) जलाधार क्षेत्रलाई क्षति नपुग्ने गरी भौतिक संरचना निर्माण गरिनेछ ।

(३) जलाधारको संरक्षण गर्न मौलिक प्रविधि, बायोइन्जिनियरिङ, वातावरणमैत्री संरचना निर्माण जस्ता विधि अवलम्बन गरिनेछ ।

(४) वन तथा वनस्पतिको संरक्षण, व्यवस्थापन र दिगो उपयोग गरी जलाधार क्षेत्रको संरक्षण गरिनेछ।

(५) बाँकी रहेका भिरालो नाङ्गा क्षेत्रमा अम्रिसो, बनकस जस्ता बहुउपयोगी बिरुवा रोपी जलाधार क्षेत्रको संरक्षण गरिनेछ ।

(६) वातावरणीय सेवाका लागि भुक्तानी (Payment for Environment Service – PES) प्रणाली प्रवर्धन गरी जलाधार क्षेत्रको संरक्षण गर्न समुदायलाई प्रोत्साहन गरिनेछ ।

(७) जलाधार संरक्षणमैत्री खेती प्रणाली प्रवर्धन गर्न समन्वय र सहकार्य गरिनेछ ।

(८) भूमिगत पानीका स्रोतहरूको अत्यधिक दोहनलाई नियन्त्रण गर्ने कार्यक्रम कार्यान्वयनमा ल्याइनेछ।

(९) भूमिगत पानीको पुनर्भरणका लागि खासगरी सहरी क्षेत्रमा आकाशे पानी संकलन प्रणाली वा इनार (Soak-pit) निर्माण प्रवर्धन गरिनेछ ।

(१०) स्थानीय सरकारसँगको सहकार्यमा बाढीको रोकथाम गर्न स्थानीय निर्माण सामग्री प्रयोग गरी पहाडका खोंचहरूमा ब्यापक रूपमा ताल तलैया र जलासय निर्माण गरिनेछ ।

**रणनीति २: जलाधार संरक्षणलाई समुदायको आयआर्जन र रोजगारीसँग आबद्ध गर्ने ।**

**कार्यनीतिहरू**

(१) प्राकृतिक रूपमा रहेका नदी, ताल, पोखरी, सिमसार, रामसार क्षेत्रमा सामुहिकतामा आधारित माछा पालन, पर्यापर्यटन जस्ता आयआर्जनका क्रियाकलाप सञ्चालन गर्नुका साथै यस्ता क्रियाकलापमा समुदायलाई प्रोत्साहित गरिनेछ ।

(२) खोला, खोल्सीमा आधारित ताल, पोखरी निर्माण गरी माछा, घोगी, सिपी, गंगटा जस्ता जलचर पालन गर्न प्रोत्साहन गरिनेछ ।

(३) मौलिक ज्ञान र प्रविधिलाई जलाधार संरक्षणमा उपयोग गरिनेछ ।

(४) राष्ट्रिय निकुञ्ज, शिकार आरक्ष, संरक्षित एवम् मध्यवर्ती क्षेत्रमा जलाधार संरक्षण हुने गरी पर्यटकीय क्रियाकलापहरू वृद्धि गरिनेछ ।

**(८) परिमाणात्मक लक्ष्य**

**तालिका ८.४ जलाधार क्षेत्र संरक्षणसम्बन्धी परिमाणात्मक लक्ष्य**

| क्र.सं. | परिसूचकहरू | इकाइ | आर्थिक वर्ष २०८०/८१ को अवस्था | आर्थिक वर्ष २०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| १. | संरक्षण गरिएका जलाधार क्षेत्र | संख्या | ६० | १५० |
| २. | पुनर्भरण पोखरी निर्माण | वटा | ७१ | १५० |
| ३. | व्यवस्थापन गरिएका सिमसार क्षेत्र | वटा | ४० | ७५ |
| ४. | संरक्षण भएका पानी मुहान | स्थान | ४१ | २०० |

*स्रोतः वन तथा वातावरण मन्त्रालय, २०८१*

# ८.५ जडीबुटी र कृषि वन

**(१) पृष्ठभूमि**

जडीबुटी तथा गैरकाष्ठजन्य वन पैदावारसँग सम्बन्धित वानस्पतिक प्रजातिहरूले मानव स्वास्थ्यमा महत्त्वपूर्ण भूमिका खेलेका छन् । औषधि लगायत सौन्दर्य प्रसाधनका कार्यमा उपयोग हुने सुगन्धित वनस्पतिहरूको उच्च आर्थिक महत्त्व छ । जडीबुटी तथा वनस्पतिहरूको व्यवस्थित एवम् व्यावसायिक रूपमा खेती विस्तार गरी खेर गइरहेको जमिनको उपयोगबाट आयआर्जन तथा वातावरणीय संरक्षणमा मद्दत पुग्ने ठूलो सम्भावना छ । साथै, यसबाट गरिब तथा सीमान्तकृत वर्गको आर्थिक स्थितिमा सुधार ल्याउन सहयोग पुग्दछ ।

प्रदेशमा करिब ४४ प्रतिशत वन क्षेत्रमा जडीबुटीको प्रचुर सम्भावना रहेको छ । विशेषगरी, रुकुम पूर्व र रोल्पामा पाखनवेद, सतुवा, सेतकचीनी, पाँचऔले, पाल्पामा तेजपत्ता, चिउरी, टिमुर; अर्घाखाँची र गुल्मीमा तेजपत्ता, खयर, टिमुर; बाँकेमा सिट्रोनेला, लेमनग्रास, पामारोजा आदि जडिवुटीहरु पाइन्छन् । यसैगरी तराईका जिल्लामा विजयसाल, सतीसाल, हर्रो, बर्रो जस्ता वनस्पति रहेका छन् । नेपालमा जडीबुटी खेतीको विकास र विस्तारबाट रोजगारीको सिर्जना भई आयआर्जन र आर्थिक वृद्धिको उच्च सम्भावना रहेको छ । जडीबुटी एवम् गैरकाष्ठ वन पैदावारको उत्पादनलाई प्रशोधन, प्याकेजिङ, ब्रान्डिङ मार्फत मूल्य शृंखलामा आबद्ध गरी बढी लाभ लिन सकिन्छ ।

**(२) प्रमुख समस्या**

संगठित रूपमा उत्पादन नहुँदा बजार पाउन गाह्रो हुनु, कच्चा पदार्थको रुपमा बिक्री हुने जडिबुटीले उचित मूल्य पाउन नसक्नु, जडीबुटी एवम् गैरकाष्ठजन्य उत्पादन मूल्य शृंखलामा आबद्ध हुन नसक्नु, जडीबुटी एवम् कृषि वन खेतीसम्बन्धी उपयुक्त सीप तथा दक्षताको कमी रहनु, व्यावसायिक खेती विस्तारका लागि लगानीको कमी हुनु, जडीबुटीको अध्ययन अनुसन्धानको कमी, जडीबुटी उत्पादन र प्रयोगसम्बन्धी ज्ञान पुस्तान्तरणको

कमी, प्रदेश तथा स्थानीय सरकारको प्राथमिकता क्षेत्रमा यो विषय नपर्नु जस्ता पक्षहरु समस्याका रूपमा रहेका छन् ।

**(३) अवसर र चुनौती**

प्रदेशको वन क्षेत्रले ढाकेको ठूलो भू-भागमा जडीबुटीको पर्याप्त सम्भावना रहनु, जडीबुटीका लागि प्राकृतिक तथा भौगोलिक अनुकूलता रहनु, सामुदायिक तथा कवुलियती वनको ठूलो परिमाणमा विस्तार हुनु, कृषि वनका लागि पर्याप्त खाली जमिन उपलब्ध हुनु, जडीबुटीको उपयोगप्रति समाजको सकारात्मक धारणा रहनु, अन्तर्राष्ट्रिय क्षेत्रमा मागमा वृद्धि हुनु जस्ता विषय यस क्षेत्रका अवसरहरु हुन् ।

जडीबुटी खेती संगठित र व्यावसायिक रूपमा उत्पादन गरी मूल्य शृंखलामा आबद्ध गर्नु; जडीबुटीमा आधारित उद्योग स्थापना गर्नु; युवा जनशक्तिलाई जडीबुटीप्रति आकर्षित गर्नु; उच्च पहाडी र हिमाली (मुख्य जडीबुटी उत्पादन) क्षेत्रबाट बढ्दो बसाइँसराइ रोक्नु; लोपोन्मुख विजयसाल, सतीसाल, चाँप, हर्रो, बर्रो जस्ता वनस्पतिको संरक्षण गर्नुसाथै जडीबुटीको बजार प्रवर्धन गर्नु जस्ता चुनौतीहरू यस क्षेत्रमा रहेका छन् ।

**(४) दीर्घकालीन सोचः** जडीबुटी तथा गैरकाष्ठजन्य वन पैदावारको उत्पादनः अर्थतन्त्रको सुदृढीकरणमा योगदान

**(५) लक्ष्यः** उच्च मूल्यका जडीबुटी तथा गैरकाष्ठजन्य वन पैदावारको उत्पादन गरी आय र रोजगारीमा वृद्धि गर्ने।

**(६) उद्देश्यः**

(१) जडीबुटी तथा गैरकाष्ठजन्य उत्पादन वृद्धि गरी मूल्य शृंखलामा आबद्ध गर्नु ।
(२) समूह सहभागितामा आधारित उत्पादन प्रणाली विकास गर्नु ।

**(७) रणनीति र कार्यनीति**

**रणनीति १: जडीबुटी संरक्षण र सदुपयोग गर्ने ।**

**कार्यनीतिहरू**

(१) जडीबुटी एवम् गैरकाष्ठ वन पैदावारजस्ता प्राकृतिक स्रोतको सर्वेक्षण गरी जडीबुटी पार्श्वचित्र तयार गरिनेछ ।

(२) जडीबुटी एवम् गैरकाष्ठ वन पैदावारको संरक्षण, विकास, विस्तार एवम् सदुपयोग सम्बन्धी गुरुयोजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

(३) लोपोन्मुख र उच्च मूल्यका जडीबुटीहरूको पहिचान तथा संरक्षण गरिनेछ ।

(४) जडीबुटी एवम् गैरकाष्ठ वन पैदावारको उपलब्धता अनुसार एक निश्चित भूभागलाई जडीबुटी क्षेत्र तोकी विकास, व्यवस्थापन, संरक्षण र उपयोग गरिनेछ ।

(५) जडीबुटी खेती प्रवर्धन गर्न नर्सरी स्थापना र तालिमको व्यवस्था गरिनेछ ।

(६) जडीबुटीको दिगो संकलनका लागि नियमनको प्रभावकारी व्यवस्था गरिनेछ ।

(७) जडीबुटी एवम् गैरकाष्ठ वन पैदावारको बजार व्यवस्थापनका लागि उत्पादक, संकलनकर्ता तथा बिक्रीकर्ताहरूको सञ्जाल स्थापना गरिनेछ ।

(८) जडीबुटी प्रशोधनसम्बन्धी उद्योग स्थापना गर्न सहकारी तथा निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ ।

(९) उत्पादित जडीबुटीको बजारीकरण गर्न सहजीकरण गरिनेछ ।

**रणनीति २: कृषि वनको विकास र व्यवस्थापन गर्ने ।**

**कार्यनीतिहरू**

(१) अन्तरबाली प्रणालीअन्तर्गत कृषि बालीका साथसाथै जडीबुटी खेती गर्ने कार्यमा कृषकलाई प्रोत्साहन गर्नुका साथै ज्ञान र प्राविधिक सहयोग उपलब्ध गराइनेछ ।

(२) जडीबुटी एवम् गैरकाष्ठ वन पैदावारको नर्सरी स्थापना गर्न स्थानीय तह र कृषकलाई प्रोत्साहन गरिनेछ ।

(३) खाली जमिनमा डालेघाँस, तेजपत्ता, हर्रो, बर्रो, अमला, टिमुर, नीम, तितेपाती, सिस्नो, बोझो, बेसार, चिउरी, महुवा, ओखर. पिकान जस्ता जडीबुटी; काष्ठ र गैरकाष्ठजन्य एवम् मसला प्रजातिका विरुवाहरूको रोपण तथा खेती गरिनेछ ।

(४) विपन्न समुदाय तथा मुक्त कमैयालाई आय र रोजगारीसँग आबद्ध गर्न खाली जमिनमा अम्रिसो, वनकस भुई घाँस, चिया, कफी, लेमनग्रास, बेसार, अदुवा, पिडालु जस्ता कृषि वनको उत्पादनका लागि स्थानीय तहसँग सहकार्य गरिनेछ ।

**रणनीति ३: जडीबुटीको विकासमा समुदायको सहभागिता वृद्धि गर्ने ।**

**कार्यनीतिहरू**

(१) जडीबुटी र गैरकाष्ठ वन पैदावारको खेती, दिगो संकलन, सुरक्षित भण्डारण र यसका फाइदाका वारेमा स्थानीय तह र सरोकारवाला संस्थाहरूसँगको सहकार्यमा समुदाय तहमा सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।

(२) जडीबुटी तथा गैरकाष्ठजन्य वस्तुहरूको उत्पादन, संरक्षण र संकलन कार्यमा समुदायलाई सहभागी गराई उनीहरुको आयआर्जन र रोजगारीमा वृद्धि गरिनेछ ।

(३) सामुदायिक वन, कवुलियती वन, निजी जमिनलगायतमा व्यावसायिक जडीबुटी खेती प्रवर्धन गरिनेछ ।

(४) जडीबुटी एवम् गैरकाष्ठ वन पैदावारको उत्पादन, प्रवर्धन र बजारीकरणमा समुदाय र स्थानीय तहको क्षमता अभिवृद्धि गरिनेछ ।

(८) परिमाणात्मक लक्ष्य

तालिका ८.५ जडीबुटी र कृषि वनसम्बन्धी परिमाणात्मक लक्ष्य

| क्र.सं. | परिसूचकहरू | इकाइ | आर्थिक वर्ष २०८०/८१ को अवस्था | आर्थिक वर्ष २०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| १. | जडीबुटी खेती बिस्तार | हेक्टर | ११० | ५०० |
| २. | जडीबुटी उद्यान, वनस्पति उद्यान सञ्चालन | वटा | १० | २० |
| ३. | जडीबुटी प्रशोधन केन्द्र स्थापना र सञ्चालन | वटा | ० | १ |

*स्रोतः वन तथा वातावरण मन्त्रालय, २०८१*

## ८.६ जलवायु परिवर्तन

### (१) पृष्ठभूमि

मानवीय क्रियाकलापले गर्दा भएको वातावरणीय ह्रास, औद्योगिक क्रियाकलाप र आधुनिक जीवनयापनका कारणले हरितगृह प्रभावको फलस्वरूप तापक्रम र वर्षामा आएको निरन्तर फेरबदलले प्रकृति र मानव जीवनमा ठूलो असर परिरहेको छ ।

दिगो विकास लक्ष्यमा जलवायु परिवर्तन र यसको असरसँग जुझ्न तत्काल पहल गर्ने विषयलाई समेटिएको छ । साथै, प्रदेशको बजेट तर्जुमा गर्दा जलवायु बजेट साङ्केतीकरण गर्ने अभ्यास संघ र प्रदेश तहमा सुरु भएको छ भने स्थानीय तहले समेत मध्मकालीन खर्च संरचना तर्जुमा गर्दा यसको अभ्यास शुरू गरेका छन्।

### (२) प्रमुख समस्या

जलवायु परिवर्तनले अर्थतन्त्र र जनजीवनका धेरै क्षेत्रहरूमा नकारात्मक प्रभाव पार्नु; जलवायु परिवर्तनका विषयमा अन्तरक्षेत्रगत निकायहरूका बिच बुझाइमा एकरूपताको अभाव हुनु; जलवायु परिवर्तन वारेको जनचेतना कमजोर हुनु; जलवायु परिवर्तनबाट परेको र पर्ने असरबारे अध्ययन अनुसन्धानको अभाव हुनु; जलवायु परिवर्तनको प्रभाव तथा हुने क्षतिका सम्बन्धमा आधारभूत तथ्याङ्कको कमी हुनु; जलवायु परिवर्तनका असर सम्बोधनका लागि संस्थागत क्षमता, स्रोत, प्रविधि र ज्ञानको कमी हुनु; बजेटमा जलवायु साङ्केतीकरणको अभ्यास सिकाइकै क्रममा रहनु जस्ता सवालहरु प्रमुख समस्याका रुपमा रहेका छन् ।

### (३) अवसर र चुनौती

जलवायु परिवर्तनबारे राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चासो बढ्नु; विकास सहायतामा जलवायु अनुकूलनसम्बन्धी कार्यक्रममा सहायता बढ्दै जानु; हरित जलवायु कोष, जलवायु क्षतिपूर्ति कोष, जलवायु वित्त कोष जस्ता अन्तर्राष्ट्रिय कोषको उपयोगको प्रशस्त सम्भावना रहनु; प्रदेश र स्थानीय सरकार जलवायु परिवर्तनप्रति

सम्वेदनशील हुँदै जानु; जलवायु परिवर्तनको विषय दिगो विकास लक्ष्यमा उच्च प्राथमिकतामा पर्नु जस्ता मुख्य अवसरहरु रहेका छन् ।

जलवायु परिवर्तनका विषय समग्र विकास प्रक्रियामा मूलप्रवाहीकरण गर्नु, जलवायु परिवर्तनका असरसँग जुध्न तथा उत्थानशीलता विकास गर्न आवश्यक पर्ने लगानी जुटाउनु, जलवायु परिवर्तन सम्बन्धित विश्वव्यापी कोषमा पहुँच पुऱ्याई स्रोत हासिल गर्नु, समुदाय स्तरसम्म जनचेतना अभिवृद्धि गर्नु, जलवायु परिवर्तनका मुद्दाहरूलाई तीनै तहका सरकारका नीति तथा कार्यक्रममा एकीकृत गर्नु साथै जलवायु परिवर्तनका असर सम्बोधनका लागि संस्थागत क्षमता विकास गर्नु समेतका चुनौतीहरू रहेका छन् ।

**(४) दीर्घकालीन सोचः** जलवायु उत्थानशील समाजः समृद्ध प्रदेश ।

**(५) लक्ष्यः** जलवायु उत्थानशीलता अभिवृद्धि गर्ने ।

**(६) उद्देश्यः** जलवायु परिवर्तनका असरको न्यूनीकरण र अनुकूलनका उपाय अवलम्बन गर्दै जलवायु परिवर्तनका असरलाई सामना गर्ने क्षमता विकास गर्नु ।

**(७) रणनीति र कार्यनिती**

**रणनीति १ः जलवायु परिवर्तन अनुकूलनका कार्यक्रम कार्यान्वयन गर्ने ।**

**कार्यनीतिहरू**

(१) जलवायु परिवर्तनका असरको लेखाजोखा गरी असरका क्षेत्रहरू र सो असरलाई सामना गर्ने उपायबारे समुदाय स्तरसम्म सचेतना अभिवृद्धि गरिनेछ ।

(२) प्रादेशिक तथा स्थानीय स्तरमा जलवायु परिवर्तन अनुकूलन योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

(३) जलवायु परिवर्तनमैत्री बाली प्रजाति र खेती पद्धतिबारे स्थानीय तहको क्षमता विकास गरिनेछ ।

(४) जलवायु परिवर्तन अनुकूलनसम्बन्धी स्थानीय मौलिक ज्ञान, सीप, प्रविधिको प्रवर्धन, उपयोग र पुस्तान्तरण गरिनेछ ।

(५) जलवायु परिवर्तनको विषयलाई विकास प्रक्रियामा मूलप्रवाहीकरण गरी उत्थानशील क्षमता विकास गरिनेछ ।

(६) जलवायु र प्रकोप जोखिम सूचना तथा तथ्याङ्क व्यवस्थापन गरिनेछ ।

**रणनीति २ः जलवायु परिवर्तन न्यूनीकरणका लागि योगदान गर्ने ।**

**कार्यनीतिहरू**

(१) शून्य वा न्यून कार्वन उत्सर्जन गर्ने उद्योग, यातायातका साधन प्रवर्धन, खेती प्रणाली अवलम्बन, फोहर व्यवस्थापन र वन क्षेत्रको विस्तारलगायतका कार्य प्रवर्धन गरिनेछ ।

(२) नवीकरणीय ऊर्जा उत्पादन र उपयोगका लागि प्रोत्साहन गरिनेछ ।

(३) जलवायु परिवर्तनका असरलाई सहज रूपमा सामना गर्न सक्ने क्षमता विकास गर्न आवश्यक योजना तर्जुमा गरी लगानी गरिनेछ ।

**रणनीति ३: जलवायु सम्बन्धी विश्वव्यापी कोषमा प्रदेशको पहुँच वृद्धि गर्ने ।**

**कार्यनीतिहरू**

(१) जलवायु कोषमा पहुँच वृद्धिका लागि प्रदेश सरकारको क्षमता विकास गर्नुका साथै संघ सरकारसँग समन्वय तथा सहकार्य गरिनेछ ।

(२) जलवायु परिवर्तन न्यूनीकरण गर्न प्रदेशको योगदानका आधारमा कोषबाट लाभ लिन आवश्यक तयारी गरिनेछ ।

(३) कार्वन व्यापारबाट नेपालले प्राप्त गर्ने स्रोतमा प्रदेशको पहुँचका लागि पहल गरिनेछ ।

**रणनीति ४: जलवायु परिवर्तन सम्बन्धमा समन्वय र सहकार्य गर्ने ।**

**कार्यनीतिहरू**

(१) जलवायु परिवर्तनका असरसँग जुध्न तहगत सरकार, अन्तर प्रदेश र अन्य सरोकारवाला निकायहरूबिच समन्वय र सहकार्य गरिनेछ ।

(२) जलवायु परिवर्तनका असरसँग जुध्न समुदायको क्षमता विकासका लागि स्थानीय तहसँग समन्वय तथा सहकार्य गरिनेछ ।

(३) जलवायु अनुकूलनसम्बन्धी स्थानीय कार्ययोजना र प्रदेश योजनाबिच अन्तरसम्बन्ध कायम गरिनेछ।

**(८) परिमाणात्मक लक्ष्य**

**तालिका ८.६ जलवायु परिवर्तनसम्बन्धी परिमाणात्मक लक्ष्य**

| क्र.सं. | परिसूचकहरू | इकाइ | आर्थिक वर्ष २०८०/८१ को अवस्था | आर्थिक वर्ष २०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| १. | जलवायु परिवर्तन अनुकूलन सचेतना कार्यक्रम भएका स्थानीय तह (वार्षिक) | संख्या | ६५ | १०९ |
| २. | जलवायु परिवर्तन अनुकूलन योजना बनाएका स्थानीय तह | संख्या | ० | १०९ |
| ३. | नवीकरणीय ऊर्जा उपयोग गर्ने घरधुरी | संख्या | ५.९ | १० |
| ४. | सौर्य ऊर्जा उत्पादन | मे.वा. | २०.५ | ७० |

*स्रोतः वन तथा वातावरण मन्त्रालय एवम् उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय, २०८१*

## ८.७ मानव वन्यजन्तु द्वन्द्व तथा छाडा चौपाया व्यवस्थापन

### (१) पृष्ठभूमि

एक आपसको आवश्यकता परिपूर्ति गर्ने क्रममा मानव वन्यजन्तु द्वन्द्व बढ्दै गएको छ । यसरी द्वन्द्व बढ्दै जाँदा मानव र वन्यजन्तुको जीवन प्रणालीमा नकारात्मक असर परेको छ । वन्यजन्तुबाट मानव तथा घरपालुवा वस्तुभाउलाई क्षति पुग्ने एवम् बालीनाली नष्ट हुने जस्ता कार्य भएका छन् । क्षति गर्ने वन्यजन्तुहरूमा गैंडा, हात्ती, बँदेल, मृग, नीलगाई, दुम्सी, चराहरू, मुसा, बाँदर जस्ता शाकाहारी रहेका छन् भने बाघ, चितुवा, भालु, स्याल, अजिङ्गर, बिरालो, निरबिराला, मलसाप्रो जस्ता मांसाहारी जनावरहरू रहेका छन् । साथै, वन्यजन्तुको शिकार र चोरीनिकासी जस्ता घटनाहरू पनि हुने गरेका छन् । यस प्रदेशमा बर्दिया राष्ट्रिय निकुञ्ज, बाँके राष्ट्रिय निकुञ्ज, ढोरपाटन शिकार आरक्षको अधिकांश भूभाग पर्ने र घना वनजंगल क्षेत्र भएकाले वन्यजन्तुको बाक्लो उपस्थिति हुँदा यसको संवेदनशीलता झन बढेको छ । प्रदेशमा मानव वन्यजन्तु द्वन्द्व व्यवस्थापन सहयोग सञ्चालन कार्यविधि र वन्यजन्तुबाट भएको क्षतिको राहत वितरण निर्देशिका कार्यान्वयनमा रहेका छन् ।

### (२) प्रमुख समस्या

मानव वन्यजन्तु द्वन्द्व व्यवस्थापनमा कानुनी र नीतिगत व्यवस्था पर्याप्त नहुनु, जंगली जनावरको बासस्थानको विनाश र अतिक्रमण हुनु, वन क्षेत्रमा वन्यजन्तुको लागि आवश्य पर्ने खानेकुराको पर्याप्तता नहुनु, छाडा चौपायाहरुको संख्यामा अत्याधिक वृद्धि हुनु, पर्याप्त पूर्वाधार र स्रोतको अभाव रहनु, वन्यजन्तुको आनीबानी र आक्रमणबाट बच्ने उपाय लगायत द्वन्द्व व्यवस्थापनसम्बन्धी चेतनाको कमी हुनु, द्वन्द्व व्यवस्थापनमा स्थानीय समुदायको न्यून सहभागिता रहनु साथै वन्यजन्तुमा हुने अस्वस्थता, असक्षमता र अपाङ्गताका कारण प्राकृतिक भोजन प्राप्त गर्न नसक्नु जस्ता प्रमुख समस्याहरु रहेका छन् ।

### (३) अवसर र चुनौती

मानव वन्यजन्तु द्वन्द्व व्यवस्थापनप्रति सरकार र स्थानीय समुदायको चासो बढ्दै जानु, मानव वन्यजन्तु द्वन्द्व व्यवस्थापन सम्बन्धी कार्यविधि र निर्देशिका कार्यान्वयनमा ल्याइनु, राष्ट्रिय निकुञ्ज तथा संरक्षण क्षेत्र वरिपरी तारबारलगायतका पूर्वाधार विकास हुनु, आरक्षण क्षेत्रभित्र वन्यजन्तुको आहाराको व्यवस्था हुनु, वन्यजन्तुले क्षति नपुऱ्याउने खेती प्रणाली विकास हुँदै जानु जस्ता पक्षहरु यस क्षेत्रमा अवसरका रूपमा रहेका छन् ।

वन क्षेत्रमा वन्यजन्तुले मन पराउने आहार अनुरूपको वृक्षरोपण गर्नु; सबै वन क्षेत्रलाई घेराबार गरी संरक्षण गर्नु; बाँदर, दुम्सी, बँदेललगायतको अतिक्रमण रोक्नु; वन्यजन्तुको आनीबानीमा भएको परिवर्तनसँग जुध्ने क्षमताको विकास गर्नु; वन्यजन्तुको चोरी शिकारी रोक्नु; वन्यजन्तु व्यवस्थापनका वैज्ञानिक विधिको

अवलम्बन गर्नु; छाडा चौपाया तथा अलपत्र गोरु र गाईहरूको व्यवस्थापन गर्नु; वनको क्षमताअनुसार वन्यजन्तुको संख्या व्यवस्थित गर्नु समेतका कार्यहरु प्रमुख चुनौती हुन् ।

**(४) दीर्घकालीन सोचः** मानव र वन्यजन्तुबिच सहअस्तित्वः द्वन्द्व र क्षतिमा न्यूनीकरण

**(५) लक्ष्यः** मानव वन्यजन्तु द्वन्द्व तथा क्षति न्यूनीकरण गर्दै पारिस्थितिकीय प्रणालीमा सन्तुलन कायम गर्नु ।

**(६) उद्देश्यः** वन्यजन्तुको वासस्थानको समुचित व्यवस्थापन गरी वन्यजन्तुबाट हुने क्षतिलाई न्यूनीकरण गर्नु।

**(७) रणनीति र कार्यनीति**

**रणनीति १: मानव वन्यजन्तु द्वन्द्व व्यवस्थापनसम्बन्धी सचेतना अभिवृद्धि गर्ने ।**

**कार्यनीतिहरू**

(१) वन्यजन्तुको वासस्थान, बानी व्यहोरा, जोगिने उपाय आदिबारे जनचेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ । साथै, यस सम्बन्धी विषय विद्यालय पाठ्यक्रममा समावेश गर्न स्थानीय तहसँग सहकार्य गरिनेछ ।

(२) मानव वन्यजन्तु द्वन्द्व भएका स्थानमा पूर्वसूचना प्रणाली जडानका लागि समुदायलाई सहयोग गर्न स्थानीय तहलाई सहजीकरण गरिनेछ ।

(३) मानव वन्यजन्तु द्वन्द्व व्यवस्थापनसम्बन्धी अध्ययनका सिफारिसलाई क्रमशः कार्यान्वयन गरिनेछ।

(४) वन्यजन्तुको वासस्थान, बानी व्यहोरामा हुने परिवर्तनसम्बन्धी अध्ययन तथा अभिमुखीकरण गरिनेछ ।

(५) वन्यजन्तु तथा वासस्थानमा हुने नियमित परिवर्तनसम्बन्धी नीतिगत व्यवस्थाका लागि तहगत सरकारबिच समन्वय गरिनेछ ।

**रणनीति २: मानव वन्यजन्तु द्वन्द्व न्यूनीकरण सम्बन्धी पूर्वाधार निर्माण गर्ने ।**

**कार्यनीतिहरू**

(१) सम्भावित मानव वन्यजन्तु द्वन्द्व न्यूनीकरणका लागि पर्खाल, विद्युतीय तार, काँडेतार, जैविक बार, कुलेसो (Trench) बनाउने तथा अन्य बारबन्देज गरिनेछ ।

(२) घरपालुवा पशुपन्छी र मानव बासस्थान सुरक्षित बनाउन सहयोग गरिनेछ ।

(३) वन्यजन्तुले बाटो काट्ने स्थानमा उनीहरुका लागि बाटो काट्ने पुल तथा सुरुङलगायतका उपयुक्त पूर्वाधार निर्माण गरिनेछ ।

**रणनीति ३: वन्यजन्तुले क्षति नपुऱ्याउने कृषि कार्य छनोट गर्ने ।**

**कार्यनीतिहरू**

(१) स्थान विशेषअनुसार वन्यजन्तुले मन नपराउने वाली लगाउन, माछा पालन, मौरी पालन गर्न तथा अमिलो जातका फलफूल खेती गर्न स्थानीय तहसँग सहकार्य गरिनेछ ।

**रणनीति ४: आहार तथा वासस्थान संरक्षण गरी वन्यजन्तु गाउँ नपस्ने वातावरण सिर्जना गरिनेछ ।**

**कार्यनीतिहरू**

(१) वन क्षेत्रको अतिक्रमण रोकथाम गरी वासस्थानको संरक्षण गरिनेछ ।

(२) निश्चित वनस्पति तथा वन्यजन्तुको परिमाणमा भएको घटबढका कारणले मानव वन्यजन्तु द्वन्द्वको स्थिति सिर्जना भए नभएकोबारे पारिस्थितिकीय प्रणालीको अध्ययनमार्फत पहिचान भएका समाधानका उपायको कार्यान्वयन गर्न समन्वय तथा सहकार्य गरिनेछ ।

(३) वन्यजन्तुको आहाराजन्य घाँस, बोटबिरुवा, फलफूल, चरन क्षेत्र आदि जंगल क्षेत्रमा विस्तार गर्न स्थानीय तहलगायत अन्य सरोकारवालासँग समन्वय र सहकार्य गरिनेछ ।

(४) वन्यजन्तुको वासस्थान भएको सुक्खा क्षेत्रमा पानीको व्यवस्था गरिनेछ ।

(५) वन डढेलो नियन्त्रण गरिनेछ ।

(६) घाइते तथा असहाय वन्यजन्तुका लागि उपचार व्यवस्था तथा उद्धार केन्द्र स्थापना र स्तरोन्नति गरिनेछ ।

(७) चोरी निकासी र वन्यजन्तुको अवैध व्यापारलाई कडाइका साथ नियन्त्रण गरिनेछ ।

(८) वन नजिकका बस्तीहरूमा वन्यजन्तुको प्रवेशले किसानका बालीनाली नोक्सानी पुर्‍याउने कार्यको रोकथामका लागि सबैखाले वनजंगलमा वन्यजन्तुले खाने वन्य फलफूलका बोटहरू व्यापक रूपमा लगाउने कार्यलाई स्थानीय सरकारसँगको सहकार्यमा प्रवर्धन गरिनेछ ।

**रणनीति ५: : हानीकारक वन्यजन्तुहरु (Problematic Animal) को उचित व्यवस्थापन र वन्यजन्तुबाट भएको क्षति न्यूनिकरण गर्ने।**

**कार्यनीतिहरू**

(१) हानीकारक वन्यजन्तु पहिचान गरी नियन्त्रणमा राख्ने व्यवस्थाका लागि सम्बन्धित निकायसँग सहकार्य गरिनेछ ।

(२) जनधनमा क्षति पुर्‍याउने अधिक संख्यामा रहेका वन्यजन्तुको नियन्त्रणका लागि सरोकारवालासंग समन्वय गर्दै अध्ययन अनुसन्धानका लागि प्रयोग गर्नसक्ने गरी कानुनी व्यवस्था गर्न पहल गरिनेछ ।

(३) कानुनबमोजिम वन्यजन्तुको व्यावसायिक रुपमा पालन, प्रजनन् तथा उपयोग गरी आयआर्जन वृद्धि गर्न सहजीकरण गरिनेछ ।

(४) वन्यजन्तुको क्षतिको राहत वितरण निर्देशिकासम्बन्धी सर्वसाधारणलाई जानकारी गराइनेछ ।

(५) जीवन तथा निर्जीवन बिमा कार्यक्रमको प्रवर्धन र तत्काल क्षतिपूर्ति हुने व्यवस्थाका लागि समन्वय र सहजीकरण गरिनेछ ।

**रणनीति ६: छाडा चौपाया व्यवस्थापन गर्ने ।**

**कार्यनीतिहरू**

(१) छाडा चौपाया व्यवस्थापन कार्यविधि तयार गरी लागु गरिनेछ ।

(२) स्थानीय तहसँगको सहकार्यमा छाडा चौपायाहरूको नियन्त्रण गरी खेतीबाली संरक्षण गरिनेछ ।

(३) छाडा चौपायाको कारण हुने दुर्घटनालाई न्यूनीकरण गर्न सचेतना र एकीकृत व्यवस्थापन स्थलको व्यवस्था गरिनेछ ।

**(८) परिमाणात्मक लक्ष्य**

**तालिका ८.७ मानव वन्यजन्तु द्वन्द्वसम्बन्धी परिमाणात्मक लक्ष्य**

| क्र.सं. | परिसूचकहरू | इकाइ | आर्थिक वर्ष २०८०/८१ को अवस्था | आर्थिक वर्ष २०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| १. | समुदायस्तरमा मानव वन्यजन्तु द्वन्द्व व्यवस्थापन सचेतना अभिवृद्धि | पटक | १० | ५० |
| २. | वन्यजन्तु छेकबार (RCC फेन्सिङ) निर्माण | किमि | ४.३ | १० |
| ३. | वन्यजन्तु क्षति बिमा गरिएका घरधुरी | सङ्ख्या | ४६०० | ५००० |
| ४. | वैकल्पिक बाली प्रवर्धनमा सहयोग गरिएका समूह | संख्या | ५ | ५० |
| ५. | वन्यजन्तु वासस्थान व्यवस्थापनका लागि पोखरी निर्माण | संख्या | १० | ५० |
| ६. | वन्यजन्तु उद्धार केन्द्र स्थापना | संख्या | ० | १ |

*स्रोतः वन तथा वातावरण मन्त्रालय, २०८१*

# परिच्छेद नौः शासकीय प्रबन्ध र सुशासन क्षेत्र

## ९.१ शासकीय सुधार

### (१) पृष्ठभूमि

शासन व्यवस्थाको सु-सञ्चालनमा सार्वजनिक प्रशासनको महत्त्वपूर्ण जिम्मेवारी रहन्छ । मुलुकले अवलम्बन गरेको शासकीय प्रणालीअनुरूप प्रदेश सरकारका नीति तथा कार्यक्रम कार्यान्वयन गर्ने तथा जनतामा सेवा प्रवाह गर्ने दायित्व सार्वजनिक प्रशासनले कुशलतापूर्वक निर्वाह गर्नुपर्ने हुन्छ । नेपालको संविधानले सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै राज्यबाट प्राप्त हुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्ने नीति अंगिकार गरेको छ ।

मुलुकले अवलम्बन गरेको राजनीतिक प्रणाली अनुरूप संघ, प्रदेश र स्थानीय तहलाई प्राप्त जिम्मेवारी कार्यान्वयनका लागि प्रशासनिक पुनर्संरचना, संस्थागत कार्यप्रणालीको विकास, स्रोत साधन र जनशक्ति परिचालन गर्नुपर्ने हुन्छ । यसक्रममा प्रदेश सरकारलाई सुदृढ बनाउन र प्राप्त भएका संवैधानिक अधिकार र जिम्मेवारीको प्रभावकारी कार्यसम्पादन गर्न शासकीय सुधार आवश्यक हुन्छ ।

प्रदेशको संरचनामा १२ मन्त्रालय, १ प्रदेशसभा सचिवालय, २ आयोग र विभिन्न निर्देशनालयसहित १९८ वटा कार्यालयहरू रहेका छन् । साथै, विकास तथा सेवा प्रवाहसँग सम्बन्धित मन्त्रालयका जिल्लास्तरसम्म र वन मन्त्रालयको जिल्लाभन्दा तल सवडिभिजन स्तरसम्म कार्यालय स्थापना भएको छ । त्यसैगरी, प्रदेश सुशासन केन्द्र, प्रदेश पूर्वाधार विकास प्राधिकरण, पर्यटन विकास परिषद्, सूचना तथा सञ्चार प्रविधि प्रतिष्ठान, सहकारी विकास बोर्डजस्ता विशिष्टीकृत संरचना समेत रहेका छन् । प्रदेश सरकारले अस्थायी संरचनाका रूपमा ५ वटा समिति गठन गरेको छ । उल्लिखित निकायअन्तर्गत जम्मा स्वीकृत दरबन्दी ४ हजार ५८७ रहेकोमा ५४.७१ प्रतिशत मात्र पदपूर्ति भएको छ ।

प्रदेश सरकारले विभिन्न विषयक्षेत्रगत ७४ ऐन र २८ नियमहरु जारी गरेको छ । प्रदेशको निजामती सेवा सञ्चालनका लागि प्रदेश निजामती सेवा ऐन, २०८० र प्रदेश निजामती सेवा नियमावली २०८० रहेका छन् भने प्रदेशको छुट्टै स्थानीय निजामती सेवा ऐन २०८१ र नियमावली २०८१ समेत कार्यान्वयनमा आइसकेको अवस्था छ ।

### (२) प्रमुख समस्या

प्रदेशको प्रशासनिक संरचनामा छिटो छिटो परिवर्तन हुनु, सरुवा प्रणाली व्यवस्थित नहुँदा प्रशासनिक स्थिरता नहुनु, मन्त्रालयहरू नीति निर्माण र कार्यान्वयन दुवैमा संलग्न रहँदा नियन्त्रण र सन्तुलन कमजोर हुनु, प्रदेश तथा स्थानीय तहप्रति कर्मचारीको न्यून आकर्षण हुनु, सङ्घीय निजामती सेवा जारी नहुँदा प्रदेश निजामती सेवाको प्रभावकारी कार्यान्वयन हुन कठिन हुनु, दरबन्दीबमोजिमको कर्मचारी व्यवस्थापन हुन नसक्दा

कार्यसम्पादन प्रभावित हुनु, प्रदेश प्रहरी समायोजनको कार्यमा ढिलाइ हुनु, दैनिक प्रवाह हुने आधारभूत सेवालाई अपेक्षाकृत रूपमा नागरिकको नजिक पुऱ्याउन र प्रभावकारी बनाउन नसकिनु, सार्वजनिक सेवा प्रवाहका लागि पूर्वाधारको कमी हुनु, नवीन तथा परिष्कृत प्रविधिको उपयोग कम हुनु, सार्वजनिक सेवा प्रवाह र सेवा प्रदायकको भूमिका (गुणस्तर, पारदर्शीता, तटस्थता लगायत) मा विश्वासको वातावरण बनिनसक्नु, प्रदेश र स्थानीय तहबिच प्रशासनिक समन्वय र सहकार्य संस्कृतिको अभाव हुनु, कतिपय कानुनी व्यवस्थामा परस्पर बाझिएको अवस्था रहनु साथै प्रदेश र स्थानीय तहमा वृत्ति विकासको प्रक्रिया अवरुद्ध रहनु जस्ता मुख्य समस्याहरु रहेका छन् ।

**(३) अवसर र चुनौती**

प्रादेशिक संगठन आफैमा नयाँ संरचना भएकोले सुधारका लागि सहज अवस्था विद्यमान हुनु, स्थानीय तहको प्रशासनिक व्यवस्थापनमा प्रदेशको भूमिका रहनुले यी तहबिच प्रशासनिक र विकासात्मक अन्तरसम्बन्ध सुदृढ हुने अवस्था रहनु, संविधानको अधिकार सूचीमा हुने अद्यावधिक कार्यविस्तृतिकरणबाट प्रदेशको कार्यक्षेत्र र जिम्मेवारी थप स्पष्ट हुनु, प्रदेश निजामती सेवा ऐनमा अवलम्बन गरिएको आरक्षणले प्रदेशस्तरीय प्रशासनिक संयन्त्रमा समावेशिता प्रवर्धन हुनु जस्ता अवसरहरु रहेका छन् ।

निरन्तरको प्रशासनिक संक्रमणलाई संरचना, कानुन र प्रणालीद्वारा व्यवस्थित गरी स्थायित्व प्रदान गर्नु; नागरिकको नजिकमा एकीकृत रूपमा जिल्ला तहबाटै प्रादेशिक सेवा प्रवाह गर्नु; समयमै पदपूर्ति गर्न नबाझिने र स्पष्ट कानुनी व्यवस्था एवम् लोक सेवा आयोगको क्षमता विकास गर्नु; क्षमतावान कर्मचारीलाई प्रदेश सेवामा टिकाइ राख्नु; प्रशासनिक संयन्त्रलाई स्पष्ट मापदण्डमा आधारित भई सञ्चालन हुने गरी संस्थागत गर्नु; प्रदेशको क्षेत्राधिकारमा पर्ने सङ्घीय निकाय र आयोजना प्रदेशमा हस्तान्तरण गरी ल्याउनु; प्रशासनिक संरचना छरितो, कामकाजी र मितव्ययी बनाउनु समेतका कार्यहरु यस क्षेत्रका प्रमुख चुनौतीका रूपमा रहेका छन् ।

**(४) दीर्घकालीन सोचः** प्रभावकारी सेवा, चुस्त प्रशासनः समावेशी तथा जनमुखी शासन

**(५) लक्ष्यः** समृद्धिका लागि चुस्त प्रशासनको निर्माण र दक्ष जनशक्तिको विकास गरी नागरिकमैत्री सेवा प्रदान गर्ने ।

**(६) उद्देश्यः**

(१) प्रदेश तथा स्थानीय तहको प्रशासनलाई प्रतिस्पर्धी, क्षमतायुक्त तथा सेवाग्राही मैत्री बनाउनु ।

(२) प्रदेशवासीलाई सहज तथा सुलभ रूपमा गुणस्तरीय सेवा तथा शान्ति सुरक्षा प्रदान गर्न संस्थागत, कानुनी र प्रणालीगत सुधार गर्नु ।

**(७) रणनीति र कार्यनीति**

**रणनीति १: प्रदेश नीति, कानुन र योजना तर्जुमा तथा सुधार गर्ने ।**

**कार्यनीतिहरू**

(१) प्रदेशका लागि आवश्यक नयाँ कानुन तर्जुमा, आवश्यकता अनुसार विद्यमान कानुन संशोधन तथा खारेज गरिनेछ ।

(२) प्रदेश निजामती सेवासम्बन्धी कानुनमा सामयिक सुधार तथा परिमार्जन गरिनेछ।

(३) प्रदेश कानुनहरूको कार्यान्वयन अवस्थाको लेखाजोखा गरी प्रभावकारी कार्यान्वयनका उपाय पहिचान गरिनेछ ।

(४) प्रदेश सुशासन ऐन तथा नियम; निजामती सेवा ऐन तथा नियम साथै शासकीय प्रबन्धसम्बन्धी अन्य कानुनका आधारमा सूचक बनाई प्रदेशका सबै कार्यालयहरुको व्यवस्थापन परीक्षणबाट पहिचान गरिएका सुधारका क्षेत्रको कार्यान्वयन गरिनेछ ।

(५) स्वीकृत मापदण्ड तथा अद्यावधिक व्यक्तिगत अभिलेखका आधारमा कर्मचारी सरुवा, बढुवा, पदस्थापन प्रणालीलाई पारदर्शी, वैज्ञानिक र पूर्वानुमानयोग्य बनाइनेछ ।

(६) प्रदेश तथा स्थानीय तहका कर्मचारीको योगदानमा आधारित निवृत्तिभरण र उपदानको सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा आवश्यक कानुन तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।

(७) संगठनको कार्यजिम्मेवारी तथा कार्यबोझका आधारमा जनशक्ति प्रक्षेपण गरी सेवा प्रवाहलाई चुस्त दुरुस्त बनाउने व्यवस्था गरिनेछ ।

(८) कर्मचारीको कामको जिम्मेवारी, जवाफदेहिता र अधिकार स्पष्ट हुने कार्यविवरण तयार गरी लागु गरिनेछ ।

(९) कार्यसम्पादन सम्झौता गरी यसलाई सम्बन्धित पदाधिकारी/कर्मचारीको कार्यसम्पादन मूल्यांकन र प्रोत्साहनसँग आबद्ध गरिनेछ ।

(१०) कार्यसम्पादन प्रोत्साहन कोष स्थापना गरी कार्य सम्पादनमा उत्कृष्ट नतिजा हासिल गर्ने कर्मचारीलाई मापदण्डका आधारमा प्रोत्साहन गरिनेछ ।

(११) इथिकल अडिट प्रणालीको विकास गरी कर्मचारीको नैतिकता, स्वच्छता र इमान्दारिताको मापन परिक्षण एवम् सोलाई पुरस्कार तथा वृत्ति विकाससँग आबद्ध गर्न प्रदेश निजामती सेवा कानुनमा आवश्यक परिमार्जन गरिनेछ ।

(१२) प्रदेश राजधानी परिसरमा कर्मचारीहरूका लागि शिशु स्याहार केन्द्र स्थापना गरी सञ्चालन गरिनेछ ।

**रणनीति २: सार्वजनिक सेवालाई छिटो, छरितो र गुणस्तरीय बनाउने ।**

**कार्यनीतिहरू**

(१) प्रशासनिक सेवालाई छिटो, छरितो र मितव्ययी बनाउन विद्युतीय प्रणालीमा आबद्ध गरिनेछ।

(२) सामान्य प्रशासकीय निर्णय र मन्त्री वा विभागीय प्रमुख तहबाट गरिने निर्णयको प्रकृतिअनुसार सरकारी निर्णय प्रक्रियालाई सरलीकृत गर्ने व्यवस्था मिलाइनेछ ।

(३) प्रदेश सरकारको आधिकारिक पोर्टल, लुम्बिनी प्रदेश एकीकृत सूचना पोर्टललाई समसामयिक अद्यावधिक र तथ्याङ्क व्यवस्थापन पोर्टल विकास गरी प्रदेशका सूचना सहज रूपमा उपलब्ध हुने व्यवस्था गरिनेछ ।

(४) सेवाग्राही सहायता कक्ष, प्रतिक्षा कक्ष, स्तनपान कक्ष, खानेपानी, शौचालय तथा पारदर्शी लेआउटसहितको सेवाग्राहीमैत्री कार्यालयको भौतिक संरचना निर्माण गरिनेछ।

(५) सार्वजनिक सेवाको प्राप्तिलाई सुनिश्चित बनाउन सार्वजनिक निकायको सेवा प्रवाहको अनुगमन गरिनेछ ।

(६) सहकारी, निजी र गैरसरकारी क्षेत्रबाट सार्वजनिक सेवा प्रवाह प्रभावकारी हुनसक्ने विषयमा सहकार्य गरिनेछ ।

(७) सबै सार्वजनिक क्षेत्रका भुक्तानी प्रक्रियालाई अनलाइन प्रणालीमा आधारित गराइनेछ ।

(८) सेवा प्रवाहलाई सेवाग्राहीमैत्री बनाउन क्षतिपूर्तिसहितको नागरिक बडापत्र कार्यान्वयन गरिनेछ ।

(९) आचार संहिताको विकास र पालना, कार्यसम्पादन करार, कार्यविवरण, अनुगमन जस्ता औजारमार्फत सेवा प्रवाहलाई व्यवस्थित एवम् प्रभावकारी बनाइनेछ ।

(१०) सेवाग्राहीले पृष्ठपोषण दिन सक्ने गरी सरल र छोटो नागरिक पृष्ठपोषण पत्र तयार गर्ने र फ्रन्टलाइनमा बसेर सेवा प्रवाह गर्ने कर्मचारीको मूल्याङ्कन नागरिक पृष्ठपोषण पत्र एवम् नागरिक सन्तुष्टि फाराममार्फत हुने व्यवस्था मिलाइनेछ ।

(११) जिल्लास्तरमा एकीकृत सेवा कार्यालयमार्फत सेवा प्रवाह गरिनेछ ।

**रणनीति ३: प्रदेशको प्रशासनलाई थप चुस्त र प्रभावकारी बनाउने ।**

**कार्यनीतिहरू**

(१) प्रदेशको प्रशासनिक कार्य प्रभावकारी बनाउन प्रशासनिक र संगठनात्मक संचरना सुधार गरिनेछ।

(२) प्रदेशको प्रशासनिक व्यवस्थापनको लेखाजोखा गरी अझ चुस्त र प्रभावकारी बनाउन आवश्यक सुधार गरिनेछ ।

(३) कर्मचारी पदस्थापन, बढुवा, काज र सरुवालाई अनुमानयोग्य बनाउँदै व्यवस्थित गरिनेछ।

(४) प्रदेश तथा स्थानीय प्रशासनलाई दक्ष तथा नतिजामुखी बनाउन आवश्यक कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

(५) प्रदेशको चल अचल सम्पत्तिको अभिलेख, महत्त्वपूर्ण कागजातको उचित संरक्षणलगायत जिन्सी तथा अन्य प्रशासनिक दस्तावेजको उचित व्यवस्थापन गरिनेछ ।

(६) सबै सार्वजनिक निकायमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) लाई कार्यान्वयनमा ल्याइनेछ ।

**रणनीति ४: प्रदेश सरकारको प्रशासनिक जनशक्ति व्यवस्थापन गर्ने ।**

**कार्यनीतिहरू**

(१) प्रदेश तथा स्थानीय तहमा सम्बन्धित कानुन एवम् संगठन तथा व्यवस्थापन सर्भेक्षणका आधारमा जनशक्ति व्यवस्था गरिनेछ ।

(२) प्रदेश लोक सेवा आयोगको सुदृढीकरण गर्दै क्षमता अभिवृद्धि गरिनेछ ।

(३) लोक सेवा परीक्षा तयारीसम्बन्धी कार्यक्रम दुर्गम तथा ग्रामीण क्षेत्रसम्म पुऱ्याउन सहजीकरण गरिनेछ ।

(४) प्रदेश किताबखानाको स्थापना गरी प्रदेश र स्थानीय तहका कर्मचारीहरूको अभिलेख व्यवस्थित गरिनेछ।

**रणनीति ५: आन्तरिक व्यवस्थापन प्रणालीलाई व्यवस्थित गर्ने ।**

**कार्यनीतिहरू**

(१) आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित गरिनेछ ।

(२) लक्ष्यसहितको कार्यक्रमको प्रगति निर्धारित समयभित्र तालुक मन्त्रालय वा निकायमा पेस गर्ने तथा तालुक निकायले एकीकृत गरी सार्वजनिक गर्ने व्यवस्था गरिनेछ ।

(३) सबै कर्मचारीको कार्यविभाजन स्पष्ट खुल्ने नतिजामूलक वार्षिक कार्यतालिका निर्माण गरी प्रभावकारी कार्यान्वयन गरिनेछ ।

(४) कर्मचारीको आन्तरिक गुनासो सुन्ने विधि र तत्काल सम्बोधन गर्ने व्यवस्था गरिनेछ ।

**रणनीति ६: स्थानीय तहको जनशक्ति व्यवस्थापनलाई प्रभावकारी बनाउने ।**

**कार्यनीतिहरु**

(१) नियमित र अनुमानयोग्य जनशक्ति आपूर्ति गर्ने व्यवस्थाका लागि कार्यतालिका निर्धारण गरिनेछ।

(२) नियमित रूपमा माग संकलन गरी परीक्षा सञ्चालन र कर्मचारी छनोट गर्ने व्यवस्था मिलाइनेछ।

(३) वृत्ति विकासको अवसर प्रदान गर्न उचित व्यवस्था मिलाइनेछ ।

(४) कर्मचारी व्यवस्थापनलाई विधि तथा प्रणालीमा आधारित बनाइनेछ ।

**(८) परिमाणात्मक लक्ष्य**

**तालिका ९.१ शासकीय सुधारसम्बन्धी परिमाणात्मक लक्ष्य**

| क्र.सं. | परिसूचकहरू | इकाइ | आर्थिक वर्ष २०८०/८१ को अवस्था | आर्थिक वर्ष २०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| १. | प्रदेशको कार्यसम्पादन मूल्याङ्कन सुचकाङ्क | प्राप्ताङ्क | २७ | ७० |
| २. | प्रदेश सरकारको खर्चमा बेरुजुको अंश | प्रतिशत | २.६२ | १ |
| ३. | कुल दरबन्दीको पदपूर्ति | प्रतिशत | ४५.२८ | ८० |
| ४. | प्रदेश किताबखानामा सूचीकरण भएका प्रदेशका कर्मचारी (पदपुर्ति संख्याको) | प्रतिशत | ७ | १०० |
| ५. | प्रदेश किताबखानामा सूचीकरण भएका स्थानीय तहका कर्मचारी (पदपुर्ति संख्याको) | संख्या | ० | ९० |

*स्रोत: मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, २०८१*

## ९.२ भ्रष्टाचार नियन्त्रण र सुशासन

### (१) पृष्ठभूमि

नागरिकलाई न्यायिक रूपमा छिटो छरितो एवम् सरल सेवा प्रवाह गरी सुशासनको अनुभूति दिलाउनु राज्य संयन्त्रको कर्तव्य हो । भ्रष्टाचार नियन्त्रण तथा सुशासन प्रवर्धनको कार्य सरकारको प्रयासबाट मात्र संभव हुदैन; यसका लागि सार्वजनिक, निजी, गैरसरकारी, सहकारी क्षेत्रका साथै सञ्चार जगत्, नागरिक समाज, आम जनसमुदाय समेतले प्रभावकारी भूमिका निभाउनु पर्दछ । विकास र सार्वजनिक सेवामा जनताको सहज एवम् सरल पहुँचबाट सुशासनको प्रत्याभूति दिन सकिन्छ ।

संविधानमा सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै राज्यबाट प्राप्त हुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गरिने नीति रहेको छ । लुम्बिनी प्रदेश सरकारले प्रशासन सञ्चालन गर्न प्रदेश सेवाको गठन गरेको छ । संगठन एवम् व्यवस्थापन सर्वेक्षणका आधारमा प्रदेश तहका सबै निकायको संगठन संरचना र दरबन्दी निर्धारण गरिएको छ । प्रदेशमा सुशासन प्रवर्धनका लागि प्रदेश सुशासन ऐन, सुशासन नियमावली, प्रदेश आर्थिक कार्यविधि ऐन लगायतका कानुन तर्जुमा भई कार्यान्वयनमा रहेका छन् ।

### (२) प्रमुख समस्या

सार्वजनिक पदाधिकारीहरुमा नैतिकता, सदाचार र सकारात्क सोचको खडेरी पर्नु; समाजमा आर्थिक अपराध विरुद्धको जनचेतना अभिवृद्धि गर्न नसकिनु; छानबिन तथा अनुसन्धानको सबल प्रणालीको विकास गर्न नसकिनु; सार्वजनिक सेवालाई पूर्ण रुपमा अनलाईन प्रणाली र प्रविधिमा आवद्ध गर्न नसकिनु जस्ता समस्याहरु भ्रष्टाचार नियन्त्रणका क्षेत्रमा रहेका छन् ।

त्यसैगरी, सङ्घीय निजामती कानुन तर्जुमा नहुँदा प्रदेश निजामती सेवा ऐनको पूर्ण कार्यान्वयन हुन नसक्नु; प्रदेशबाट स्थानीय सेवा ऐन तर्जुमा हुन नसक्दा स्थानीय तहको प्रशासन सञ्चालनमा अन्यौल र द्विविधाजनक अवस्था कायम रहनु; प्रदेश तहमा धेरै कर्मचारी दरबन्दी रिक्त हुनु र छिटो-छिटो सरुवा हुनु; निजामती, प्रहरी, स्वास्थ्य सेवालगायतका सबै बिधाका कर्मचारीहरू समायोजन र व्यवस्थापन कार्य सम्पन्न हुन नसक्दा प्रशासनिक संक्रमण लम्बिँदै जानु; प्रदेश सुशासनसम्बन्धी कानुन कार्यान्वयनको पक्ष कमजोर हुनु; वित्तीय सुशासनको अवस्था कमजोर रहनु जस्ता समस्याहरु सुशासनका क्षेत्रमा रहेका छन् ।

### (३) अवसर र चुनौती

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प्रादेशिक कार्यालय स्थापना हुनु; सूचना प्रविधि र सामाजिक सञ्जालको प्रयोग बढ्नु; सञ्चार जगतको सक्रियता बढ्नु; भ्रष्टाचारप्रतिको चेतना र असहिष्णुता बढ्दै जानु; प्रदेश निजामती सेवा तथा प्रदेशका अन्य कानुन एवम् रणनीति, सार्बजनिक सेवा प्रवाहसम्बन्धी निर्देशिका, कार्यविधि तथा मापदण्ड तर्जुमा भई कार्यान्वयनमा आउनु; प्रदेशको प्रशासनिक संगठन र दरबन्दी स्वीकृत भई संस्थागत

संरचना बनिसक्नु; प्रदेश मातहतका निकायको जिल्लास्थित सांगठनिक सञ्जाल स्थापना हुनु; प्रदेश लोक सेवा आयोग स्थापना भई पदपूर्तिको कार्य प्रारम्भ हुनु जस्ता अवसरहरु रहेका छन् ।

नैतिकता र सदाचारिताको प्रवर्धन गर्दै भ्रष्टाचारलाई आर्थिक सामाजिक अपराधको रुपमा स्थापित गर्नु, भ्रष्टाचारप्रति शुन्य सहनशीलताको विकास गर्नु, प्रदेशले प्रवाह गर्ने सेवा सुविधामा सबै नागरिकको समान र सहज पहुँच सुनिश्चित गर्नु तथा भ्रष्टाचारजन्य घटना एवम् स्रोत दुरुपयोग नियन्त्रण गरी सुशासनको अवस्थामा सुधार गर्नु चुनौतीपूर्ण रहेको छ ।

**(४) दीर्घकालीन सोचः** लुम्बिनीमा सुशासनः भ्रष्टाचारमुक्त शासन

**(५) लक्ष्यः** शासकीय प्रभावकारिता अभिवृद्धि र भ्रष्टाचार नियन्त्रण गरी सुशासन प्रवर्धन गर्ने ।

**(६) उद्देश्यः**

(१) सार्वजनिक सेवालाई विधिसम्मत, पारदर्शी, जवाफदेही र नागरिकमैत्री बनाउनु ।

(२) भ्रष्टाचार र अनियमितता नियन्त्रण गर्नु ।

**(७) रणनीति र कार्यनीति**

**रणनीति १: सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउने ।**

**कार्यनीतिहरू**

(१) सार्वजनिक सेवा प्रवाह सम्बन्धमा स्पष्ट, सरल एवम् परिष्कृत मापदण्ड तर्जुमा गरी तद्अनुरुप सेवा प्रवाहलाई छिटो छरितो, निष्पक्ष र पारदर्शी बनाइनेछ ।

(२) सेवा प्रदायक निकायहरूको भौतिक संरचना सेवाग्राही मैत्री र प्रविधि अनुकूल बनाइनेछ ।

(३) प्रमुख न्यायाधिवक्ताको कार्यालयको क्षमता विकास गरी प्रदेश सरकारको कानुनी सल्लाहकार र प्रतिरक्षाको भूमिका सशक्त गराइनेछ ।

(४) सेवाग्राहीले तोकिएको समयभित्र सेवा प्राप्त गर्न नसकेमा सोको लिखित जानकारी दिने व्यवस्था मिलाइनेछ ।

(५) नागरिकको प्रत्यक्ष सरोकार हुने तथा आर्थिक कारोबार हुने सरकारी कार्यालयहरूमा सिसिटिभी लगायत अन्य उपयुक्त प्रविधि जडान गरी अनुगमन गरिनेछ ।

(६) समय समयमा सेवाग्राही सन्तुष्टी सर्वेक्षणमार्फत कार्यसम्पादन र सेवाप्रवाहको पृष्ठपोपण प्राप्त गरी निरन्तर सुधारको प्रक्रिया अवलम्बन गरिनेछ ।

(७) प्रदेशका निकायहरूको कार्यसम्पादनको सार्वजनिक सुनुवाइ तथा सार्वजनिक र सामाजिक परीक्षणलाई नियमित एवम् प्रभावकारी बनाइनुका साथै प्राप्त सुझाव र पृष्ठपोषणबमोजिम सुधार गर्नुपर्ने गरी आवश्यक व्यवस्था मिलाइनेछ।

(८) लाभग्राहीको सहभागितासहित आयोजना तथा कार्यक्रमको प्रभावकारी अनुगमन गरिनेछ ।

(९) टोल फ्रि नं., आधिकारिक सामाजिक सञ्जाल, मोबाइल एप, पारदर्शी सुझाव पेटिकाको व्यवस्था गरी गुनासो व्यवस्थापनको उचित प्रबन्ध गरिनेछ ।

(१०) नागरिक संलग्नतामा सार्वजनिक सेवाको निगरानी गर्न नागरिक समाजको क्षमता अभिवृद्धि गरिनेछ।

(११) प्रदेश तहमा सुशासन र भ्रष्टाचारको अवस्था सम्बन्धमा अध्ययन गरी जोखिम क्षेत्र पहिचान गरिनेछ।

(१२) सुशासन प्रवर्धन र भ्रष्टाचार न्यूनीकरणको पञ्चवर्षीय रणनीति तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

(१३) त्रैमासिक रूपमा प्रगति समीक्षा गरी प्रतिवेदन सार्वजनिक गरिनेछ ।

**रणनीति २: भ्रष्टाचार तथा अनियमितता नियन्त्रण गर्ने ।**

कार्यनीतिहरू

(१) प्रदेश सुशासन ऐन तथा नियमावलीको प्रभावकारी कार्यान्वयन गरिनेछ ।

(२) प्रदेश सुशासन ऐनमा आवश्यक परिमार्जन गरी मुख्यमन्त्री कार्यालयमा सुशासन प्रवर्धन समिति र मन्त्रालय/निकायमा सुशासन प्रवर्धन ईकाइ गठन गरिनेछ ।

(३) प्रदेश सरकारको सार्वजनिक सम्पत्तिलाई निजी प्रयोगमा ल्याउन दिइने छैन ।

(४) वित्तीय अनुशासनलाई कडाइका साथ पालना गरी बेरुजुको आकार न्यूनतम सीमामा राखिनेछ ।

(५) सार्वजनिक र विकास निर्माणसम्बन्धी कार्यलाई खुला र पारदर्शी बनाउँदै सञ्चारमाध्यमको सहज पहुँचमा पुऱ्याइनेछ ।

(६) गुनासो व्यवस्थापन संयन्त्रको संस्थागत सुदृढीकरण गर्दै निश्चित समयभित्र गुनासो फछ्र्यौट गरिनेछ ।

(७) सबै सरोकारवालाहरुसंग समन्वय गरी भ्रष्टाचार नियन्त्रणमा सहकार्य गरिनेछ ।

(८) निर्वाचित जनप्रतिनिधि, पदाधिकारी र निकायका लागि आचारसंहिता तयार गरी कार्यान्वयन गरिनेछ ।

(९) कर्मचारीमा सकारात्मक सोचको विकास गर्न तालिम तथा प्रशिक्षणमा योग, ध्यान, आध्यात्मिकता जस्ता विषय समावेश गर्नुका साथै कर्मचारीसँग सम्बन्धित प्रशिक्षण, तालिम, गोष्ठी, सेमिनार, अन्तरक्रियालगायतका कार्यक्रमको विषयवस्तुहरूमा नैतिकता प्रवर्धन गर्ने विषय समावेश गरिनेछ ।

(१०) नैतिकता, सदाचार, सकारात्मक सोचजस्ता विषयलाई शैक्षिक पाठ्यक्रममा समावेश गरी अध्ययन, अध्यापनको व्यवस्था मिलाइनेछ ।

### (८) परिमाणात्मक लक्ष्य

**तालिका ९.२ भ्रष्टाचार नियन्त्रण र सुशासनसम्बन्धी परिमाणात्मक लक्ष्य**

| क्र.सं. | परिसूचकहरू | इकाइ | आर्थिक वर्ष २०८०/८१ को अवस्था | आर्थिक वर्ष २०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| १. | भ्रष्टाचार अनुभूति सूचकाङ्क | प्राप्ताङ्क | ३५ | ४३ |
| २. | वित्तीय जोखिम मूल्याङ्कन (पूर्णाङ्क ५० मा) | अंक | २४ | ४० |
| ३. | अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा परेका जम्मा उजुरीमध्ये प्रदेश सरकार र मातहतका निकाय विरूद्धको उजुरी | प्रतिशत | १४.८ | १० |

*स्रोतः मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, २०८१*

## ९.३ शान्ति सुरक्षा र सुव्यवस्था

### (१) पृष्ठभूमि

नागरिकको जीउधनको सुरक्षा गरी अमनचयनको वातावरण तयार गर्नु राज्यको कर्तव्य हो । नेपालको संविधानले प्रदेश शान्ति सुरक्षाको जिम्मेवारी प्रदेशलाई प्रदान गरेको छ । यसका लागि प्रदेश प्रहरी र प्रदेश अनुसन्धान ब्युरो जस्ता संरचना प्रदेश तहमा रहने संवैधानिक व्यवस्था छ । फौजदारी र देवानी कार्यविधि, देशको शान्ति सुरक्षासम्बन्धी विषयमा निवारक नजरबन्द, कारागार, हिरासत व्यवस्थापन, एक प्रदेशबाट अर्को प्रदेशमा कैदी तथा थुनुवा स्थानान्तरण लगायतका विषय संघ र प्रदेशको साझा अधिकारमा रहेका छन् । संविधानको व्यवस्था कार्यान्वयनका लागि प्रहरी समायोजन ऐन २०७६ र लुम्बिनी प्रदेशको प्रदेश प्रहरी ऐन २०७९ जारी भइसकेको छ ।

### (२) प्रमुख समस्या

प्रदेश सरकारको शान्ति सुरक्षासम्बन्धी संवैधानिक अधिकार हालसम्म अभ्यासमा ल्याउन नसकिनु, प्रहरी कर्मचारीको समायोजन हुन नसक्दा संक्रमण लम्बिँदै जानु जस्ता प्रमुख समस्याहरु रहेका छन् ।

### (३) अवसर र चुनौती

प्रदेश प्रहरी प्रशासन र शान्ति सुरक्षा प्रदेश तहको एकल अधिकार क्षेत्रमा रहनु, संघ र प्रदेश तहमा प्रहरी समायोजन र परिचालनसम्बन्धी कानुनको तर्जुमा हुनु, नेपाल सरकारबाट कार्य विस्तृतीकरण परिमार्जन गरी प्रदेशको संवैधानिक अधिकारअनुसार प्रहरी समायोजनको कार्य अगाडि बढाइनु जस्ता विषयहरु अवसरका रूपमा रहेका छन् ।

शान्ति सुरक्षाका प्रदेशस्थित निकायहरूसँग समन्वय गरी शान्ति सुरक्षा कायम राख्नु, सामाजिक एवम् धार्मिक सद्भाव कायम राख्नु, खुला सिमानामा अवैध गतिविधि नियन्त्रण गर्नु, अवैध हातहतियार तथा लागु औषध ओसारपसार र प्रयोग नियन्त्रण गर्नु जस्ता चुनौतीहरु रहेका छन् ।

**(४) दीर्घकालीन सोचः** शान्ति सुरक्षाको प्रत्याभूतिः सुरक्षित प्रदेश

**(५) लक्ष्यः** शान्ति सुरक्षा कायम गर्ने ।

**(६) उद्देश्यः**

(१) सुरक्षासम्बन्धी निकायलाई सबल बनाई शान्ति सुरक्षा, सुशासन र विकासको वातावरण सिर्जना गर्नु।

(२) अपराधजन्य गतिविधिको नियन्त्रण गर्नु ।

**(७) रणनीति र कार्यनीति**

**रणनीति १: शान्ति सुरक्षासम्बन्धी संस्थागत व्यवस्था सुदृढ गर्ने ।**

**कार्यनीतिहरू**

(१) प्रदेश प्रहरीका लागि आवश्यक पूर्वाधार विकास एवम् सुरक्षा उपकरण व्यवस्थापन गरिनेछ ।

(२) प्रदेशमा शान्ति सुव्यवस्थालाई प्रभावकारी बनाउन संघ, स्थानीय प्रशासन तथा स्थानीय सरकारसँग समन्वय र सहकार्य गरिनेछ ।

(३) प्रदेशमा शान्ति सुरक्षा मजबुत बनाउन सङ्घीय प्रहरीसँग प्रभावकारी समन्वय तथा अन्तरसम्बन्ध कायम गरिनेछ ।

(४) प्रदेश सुरक्षा प्रबन्धका लागि नीतिगत तथा संस्थागत व्यवस्था सुदृढ गर्न संघ सरकारसँग समन्वय गरिनेछ ।

(५) प्रदेश प्रहरी समायोजन ऐनको भावनाअनुसार संगठनात्मक संरचना विस्तार, पूर्वाधार सुधार र कार्यान्वयन गरिनेछ ।

(६) फौजदारी तथा देवानी घटनालाई न्यूनीकरण गर्न न्यायिक निकाय तथा स्थानीय न्यायिक समितिसँग समन्वय र सहकार्य गरिनेछ ।

**रणनीति २: अपराध अनुसन्धानसम्बन्धी निकायलाई आधुनिक, दक्ष र व्यावसायिक बनाउने ।**

**कार्यनीतिहरू**

(१) जनशक्तिको क्षमता विकास तथा आवश्यक स्रोत साधनको व्यवस्था गरी अपराध अनुसन्धानलाई प्रभावकारी बनाइनेछ ।

(२) अपराध अनुसन्धान ब्युरोलाई प्रदेशको अपराध नियन्त्रण तथा शान्ति सुव्यवस्थासम्बन्धी सूचना संकलन, विश्लेषण र प्रवाह गर्ने संयन्त्रका रूपमा क्षमता विकास गरिनेछ ।

(३) अपराध पीडितहरूलाई तत्काल सहयोग गर्ने प्रणाली स्थापना गरिनेछ ।

(४) प्रदेशलाई शान्तिसुरक्षा सम्बेदनशीलता तथा आपराधिक घटना घट्ने सम्भावनाका आधारमा नक्सांकन गरी अपराध नियन्त्रणका लागि क्षमता विकास गर्ने र सतर्कता अपनाउने जस्ता आन्तरिक पूर्वतयारीका कार्य गरिनेछ ।

(५) लागु पदार्थ र अवैध हातहतियारको ओसारपसार, प्रयोग एवम् सीमामा हुने अपराध नियन्त्रण गर्न विशेष निगरानी गरिनेछ ।

(६) कारागार सुदृढीकरणका लागि भौतिक पूर्वाधार निर्माण, मानवोचित सेवा सुविधा र कैदीबन्दीलाई सीपमूलक तालिमको व्यवस्था गरिनेछ ।

**रणनीति ३: जनचेतना अभिवृद्धि गरी सामाजिक सद्भाव कायम राख्ने ।**

**कार्यनीतिहरू**

(१) सामाजिक सद्भाव तथा शान्ति सुरक्षा कायम गर्न सामाजिक सचेतना तथा जागरण अभियान सञ्चालन गरिनेछ ।

(२) लागु पदार्थको प्रयोग नियन्त्रणका लागि सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

(३) सामाजिक सद्भाव खलल पार्ने क्रियाकलापलाई निस्तेज गरिनेछ ।

(४) सुरक्षा निकाय र समुदायको सहकार्यमा सामाजिक विकृति र विसंगतिलाई नियन्त्रण गरिनेछ ।

(५) घरेलु तथा लैङ्गिक हिंसा नियन्त्रणका लागि प्रवर्धनात्मक, निरोधात्मक र उपचारात्मक उपाय अवलम्बन गरिनेछ ।

**(८) परिमाणात्मक लक्ष्य**

**तालिका ९.३ शान्ति, सुरक्षा र सुव्यवस्थासम्बन्धी परिमाणात्मक लक्ष्य**

| क्र.सं. | परिसूचकहरू | इकाइ | आर्थिक वर्ष २०८०/८१ को अवस्था | आर्थिक वर्ष २०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| १. | प्रहरीबाट अदालतमा मुद्दा दर्ता (वार्षिक) | संख्या | ७६४४ | ६५०० |
| २. | प्रहरी नागरिक अनुपात | प्रति प्रहरी | ५८५ | ५५० |

*स्रोतः आन्तरिक मामिला तथा कानुन मन्त्रालय, २०८१ ।*

## ९.४ मानव संसाधन विकास

### (१) पृष्ठभूमि

दक्ष र ज्ञानयुक्त मानव संसाधन देशको समग्र विकासको प्रमुख आधार हो । मुलुकको विकासका लागि समाजको बदलिंदो आवश्यकता अनुरूप जनशक्तिमा ज्ञान, सीप र क्षमता विकास गरी त्यसलाई समुचित रूपमा प्रयोग गर्न आवश्यक छ । त्यसैले कार्य प्रकृतिअनुसार आवश्यक पर्ने साधारण, विषयगत र प्राविधिक जनशक्तिको प्रक्षेपण गरी उत्पादन र स्तरवृद्धिका लागि शैक्षिक तथा तालिमका कार्ययोजनाहरू लागू गर्नु जरुरी हुन्छ । यसले बजारको आवश्यकता र जनशक्तिको उपलब्धतामा सन्तुलन ल्याई उत्पादन, उत्पादकत्व र रोजगारीका अवसरहरू समेत वृद्धि गर्दछ ।

### (२) प्रमुख समस्या

मानव संसाधनको माग र आपूर्ति बिच तालमेल नहुनु, आवश्यक दक्ष तथा अर्धदक्ष जनशक्ति छिमेकी देशबाट आपूर्ति हुनु, देशमा अनुपस्थित जनसंख्याको वृद्धि दर उच्च हुनु, युवा जनशक्तिको विदेश मोहका कारणले देशमा श्रमशक्तिको कमी हुनु जस्ता समस्याका रूपमा रहेका छन् ।

**(३) अवसर र चुनौती**

मानव संसाधनको विकासमा निजी क्षेत्रको सहभागिता हुनु, शिक्षामा पहुँच वृद्धि हुनु, उच्च शिक्षा अध्ययन गरेका जनशक्ति प्रायः सबै क्षेत्रमा उपलब्ध हुनु, समावेशी सहभागिताको नीतिगत रूपमा नै व्यवस्था हुनु, रोजगारी सिर्जना सरकारको प्राथमिकतामा हुनु जस्ता मानव संसाधन विकासका अवसरहरु हुन् ।

मानव संसाधन विकासका लागि गुणस्तरीय व्यावसायिक सीप र तालिमका अवसरमा सबैको पहुँच विस्तार गर्नु, नेपालमा उपलब्ध अवसर र भविष्यबारे युवा पुस्तालाई आश्वस्त पार्दै पलायन रोक्नु, विदेशिएका युवा जनशक्तिलाई नेपाल फर्काएर उनीहरूले आर्जन गरेको ज्ञान, सीप, दक्षता र पूँजीको उपयोग गर्नु समेतका चुनौतीहरु रहेका छन् ।

**(४) दीर्घकालीन सोचः** मानव संसाधनको विकासः उत्पादन र रोजगारी वृद्धि ।

**(५) लक्ष्यः** बजारको माग बमोजिम दक्ष र प्रतिस्पर्धी मानव पुँजीको विकास गरी रोजगारी प्रदान गर्ने ।

**(६) उद्देश्यः** मानव संसाधनको प्रक्षेपण गरी बजार मागअनुसार जनशक्ति उत्पादन र परिचालन गर्नु ।

**(७) रणनीति र कार्यनीति**

**रणनीति १: मानव संसाधन आवश्यकता अध्ययन गर्ने ।**

**कार्यनीतिहरू**

(१) स्थानीय तह, निजी क्षेत्र, संघसंस्थासमेतलाई आवश्यक पर्ने मानव संशाधन विकासका लागि अल्पकालीन तथा दीर्घकालीन योजना तर्जुमा गरिनेछ ।

(२) प्रदेशमा खपत वा आवश्यक हुने साधारण, विषयगत र प्राविधिक क्षेत्रका मानव संसाधनको विश्लेषण तथा प्रक्षेपण गरिनेछ ।

(३) संघ, अन्य प्रदेश र वैदेशिक रोजगारीमा जाने मानव संसाधनको विश्लेषण र प्रक्षेपण गरिनेछ ।

(४) रोजगारसम्बन्धी माग र आपूर्तिका तथ्याङ्कहरू संकलन र विश्लेषण गरी रोजगारमूलक नीति, नियम र कार्यक्रमहरू विकास तथा सञ्चालन गरिनेछ ।

**रणनीति २: मानव संसाधनको सीप तथा दक्षता अभिवृद्धि गर्ने ।**

**कार्यनीतिहरू**

(१) आवश्यक मानव संसाधन उत्पादनका लागि सीप तथा दक्षता विकास गर्ने व्यवस्था मिलाइनेछ ।

(२) दक्ष मानवीय पुँजी निर्माण गर्न तालिम प्रदायक संस्थाको नियमन गरी गुणस्तर सुनिश्चित गरिनेछ।

(३) तालिम प्रदायक संस्थाको क्षमता विकासका लागि समन्वय तथा सहजीकरण गरिनेछ ।

(४) प्राविधिक शिक्षा, सीप तथा दक्षता विकासमा निजी क्षेत्रसँग सहकार्य गरिनेछ ।

**रणनीति ३: शैक्षिक संस्थाहरूबाट बजार मागअनुसारका दक्ष जनशक्ति उत्पादन गर्ने ।**

**कार्यनीतिहरू**

(१) प्रदेशको प्राविधिक विश्वविद्यालय, प्राविधिक तथा व्यावसायिक सीप विकास तालिम केन्द्रलगायतका शिक्षण संस्था र तालिम केन्द्रहरूलाई बजारको मागअनुसार जनशक्ति उत्पादन गर्न परिचालन गरिनेछ ।

(२) आवश्यकताबमोजिमको प्रतिस्पर्धी क्षमतायुक्त मानव संसाधन आपूर्तिका लागि पाठ्यक्रम छनोट तथा विकास गर्न समन्वय गरिनेछ ।

(३) उच्च शिक्षा प्रदान गर्ने शैक्षिक संस्थाहरूलाई रोजगार बजारबारे अनुसन्धान कार्यमा संलग्न हुन आवश्यक योग्यता र प्रक्रिया सम्बन्धमा विद्यार्थीहरूलाई जानकारी दिने व्यवस्था अनिवार्य गरिनेछ।

(४) युवा पलायन रोक्न बजारको माग र व्यावहारिक सीपमा आधारित शैक्षिक कार्यक्रम सञ्चालन गरिनेछ ।

(५) युवाहरूलाई रोजगारीमा संलग्न गराउन प्रदेशमा रोजगार परामर्श तथा रोजगार मेला सञ्चालन गरिनेछ ।

(६) बैंक तथा वित्तीय संस्थाहरूसँग समन्वय तथा सहकार्य गरी स्वरोजगार प्रवर्धनका लागि वित्तीय पहुँच विस्तार गरिनेछ ।

**रणनीति ४: प्रदेश रोजगार सूचना प्रणालीलाई सुदृढीकरण गर्ने ।**

**कार्यनीतिहरू**

(१) प्रदेशमा उपलब्ध हुने सम्पूर्ण रोजगारीका अवसरहरू तथा उपलब्ध जनशक्तिका सीप, अनुभव, शैक्षिक योग्यताजस्ता विवरणहरू सूचीकृत हुने रोजगारसम्बन्धी एकद्वार सूचना केन्द्रको रूपमा प्रदेश रोजगार पोर्टल (rojgari.lumbini.gov.np) लाई विकास गरिनेछ ।

(२) प्रदेशका तालिम प्रदायक संस्था, शैक्षिक संस्थालगायतलाई रोजगार पोर्टलमा प्रशिक्षार्थी तथा विद्यार्थीको रुचि अनुसार विवरण दर्ता गर्न समन्वय गरी सहज रूपमा रोजगारी प्राप्त हुने वातावरण निर्माण गरिनेछ ।

(३) समन्वय र सहकार्यमार्फत स्थानीय तहमा रहेको रोजगार सहायता केन्द्रमा रहने सूचनालाई रोजगार पोर्टलसंग आवद्ध गरिनेछ ।

**(८) परिमाणात्मक लक्ष्य**

**तालिका ९.४ मानव संसाधन विकाससम्बन्धी परिमाणात्मक लक्ष्य**

| क्र.सं. | परिसूचकहरू | इकाइ | आर्थिक वर्ष २०८०/८१ को अवस्था | आर्थिक वर्ष २०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| १. | सीपयुक्त जनशक्ति (CTEVT र प्राविधिक तथा सीप विकास तालिम केन्द्रबाट) | संख्या हजारमा | ६.२ | १५ |
| २. | प्राविधिक विद्यालय/शिक्षालयको संख्या | संख्या | २४८ | २७० |

*स्रोत: सामाजिक विकास मन्त्रालय, २०८१*

## ९.५ क्षमता विकास र संस्थागत सुदृढीकरण

### (१) पृष्ठभूमि

क्षमता विकास र संस्थागत सदृढीकरण सुशासनका पूर्व सर्त हुन् । बदलिँदो सामाजिक, आर्थिक, राजनीतिक र विश्व परिस्थितिका सन्दर्भमा प्रादेशिक सार्वजनिक प्रशासनलाई तदनुरुप सुदृढ तथा सक्षम बनाउनुपर्ने हुन्छ। प्रदेशको सार्वजनिक प्रशासन खासगरी नीति योजना तर्जुमा र कार्यान्वयन, स्रोत परिचालन र व्यवस्थापन, सार्वजनिक सेवाको प्रवाह एवम् कानुन कार्यान्वयन र नियमन गर्न सक्षम हुनुपर्दछ । यसका लागि संस्थागत विकास, संगठनात्मक सुदृढीकरण र कर्मचारीको क्षमता विकास गरी प्रदेशको कार्यसम्पादन र शासकीय क्षमता अभिवृद्धि गर्नु आवश्यक छ ।

प्रदेश निजामती सेवा ऐनले कर्मचारीको क्षमता विकास सम्बन्धमा तालिम, अध्ययन, स्वदेशी तथा वैदेशिक अध्ययन भ्रमण लगायतको व्यवस्था गरेको छ । प्रदेश तथा स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीका लागि क्षमता विकासका कार्यक्रम सञ्चालन गर्न प्रदेश सुशासन केन्द्रको स्थापना भएको छ । यस केन्द्रले प्रशिक्षणको आवश्यकता पहिचान; पाठ्यक्रम विकास तथा प्रदेश र स्थानीय तहमा सुशासन प्रवर्धन एवम् सेवा प्रवाहलाई सुदृढ गर्न अध्ययन, अनुसन्धान तथा परामर्शसम्बन्धी कार्य गर्ने गरेको छ । निजी तथा गैरसरकारी संघ संस्थाबाट समेत सुशासन प्रवर्धन तथा सेवा प्रवाहमा सुधारका विभिन्न विषय क्षेत्रमा सम्बन्धित सरोकारवालाहरूको क्षमता विकासको कार्य हुँदै आएको छ । साथै, प्रदेश तहमा पनि विभिन्न विकास साझेदारहरूबाट क्षमता विकासका लागि प्राविधिक सहायता प्राप्त हुने गरेको छ ।

### १. प्रमुख समस्या

प्रदेशको कार्यजिम्मेवारी र कर्मचारीको क्षमताबिच तादात्म्यता नहुनु, क्षमता अन्तर (Capacity Gap) मापनविना नै क्षमता विकासका कार्यक्रम सञ्चालन हुनु, दुर्गम र पिछडिएका क्षेत्रमा क्षमता विकासको न्यून अवसर हुनु, क्षमता विकासका नयाँ प्रविधि र पद्धति अवलम्बन हुन नसक्नु, क्षमता विकासको विषय प्रदेश सरकारको वजेटरी प्राथमिकतामा नपर्नुजस्ता समस्याहरु रहेका छन् ।

### २. अवसर र चुनौती

प्रदेश सरकारको मातहतमा प्रदेश तथा स्थानीय तहका जनप्रतिनिधि तथा कर्मचारीहरूको क्षमता विकासका लागि प्रदेश सुशासन केन्द्रको व्यवस्था हुनु; नेपाल सरकारले विकास साझेदारहरू परिचालन गरी क्षमता विकासका लागि कार्यक्रम सञ्चालन गर्नु; विभिन्न विकास साझेदार संस्थाहरू प्रदेश तथा स्थानीय तहको क्षमता विकासमा सहभागी हुनु; सङ्घीय निजामती सेवा विधेयकमा नेपाल सरकारलाई प्राप्त तालिम, अध्ययन र अध्ययन भ्रमण प्रदेश तथा स्थानीय तहमा समेत समान र न्यायोचित बाँडफाँट हुने प्रावधान रहनु; सङ्घीय तालिम प्रतिष्ठानहरूमा प्रदेश तहका कर्मचारीहरूले समेत तालिम लिने अवसर हुनु समेतका विषयहरु मुख्य अवसरका रूपमा रहेका छन् ।

प्रदेश सुशासन केन्द्रलाई प्रदेशको क्षमता विकासको स्रोत केन्द्रको रूपमा विकास गर्नु; क्षमता विकासमा भएको लगानीको उचित मूल्यांकन र अपनत्व विकास हुने वातावरण निर्माण गर्नु; क्षमता विकासपछिको

कार्यसम्पादन मापन तथा प्रभाव मूल्यांकन गर्नु; संस्थागत, संगठनात्मक एवम् कर्मचारीको कार्यजिम्मेवारी र कार्यसम्पादन क्षमताबिचको अन्तर मापन गर्नु जस्ता विषयहरु चुनौतीका रूपमा रहेका छन् ।

**(४) दीर्घकालीन सोचः** क्षमतायुक्त जनशक्तिः प्रभावकारी कार्यसम्पादन ।

**(५) लक्ष्यः** कार्यजिम्मेवारी अनुरूप संस्थागत क्षमता अभिवृद्धि गर्ने ।

**(६) उद्देश्यः** कार्यजिम्मेवारी अनुरूप संस्थागत, संगठनात्मक र जनशक्तिको क्षमता विकास गर्ने ।

**(७) रणनीति र कार्यनीति**

**रणनीति १: संस्थागत तथा संगठनात्मक सुदृढीकरण गर्ने ।**

**कार्यनीतिहरू**

(१) प्रदेशमा क्षमता विकासका लागि कानुनी तथा संरचनात्मक व्यवस्था गरिनेछ ।

(२) कानुन तर्जुमा गरी प्रदेश सुशासन केन्द्रलाई प्रदेश प्रशिक्षण तथा अनुसन्धान प्रतिष्ठानको रूपमा विकास गरिनेछ ।

(३) बजेट विनियोजनमा क्षमता विकास कार्यक्रमलाई अपरिहार्य अङ्गका रूपमा समावेश गरिनेछ ।

(४) संस्थागत क्षमता विकासका लागि आवश्यक पूर्वाधारहरूको व्यवस्था गरिनेछ ।

(५) प्रदेशसभा र विषयगत समितिहरूको क्षमता अभिवृद्धि गरिनेछ ।

(६) नयाँ पदभार ग्रहण गर्ने जनप्रतिनिधि तथा प्रदेश सरकारले नियुक्ति गर्ने पदाधिकारी र अघिल्लो जनप्रतिनिधि वा पदाधिकारीबिच कार्यालयको सूचना र संस्थागत संस्मरण (Institutional Memory) हस्तान्तरण तथा अनुभव आदानप्रदान गर्न प्रोत्साहन गरिनेछ ।

(७) परिवर्तित परिवेश अनुरूप संगठनात्मक क्षमताको आकलन गरी तदनुरुप संगठनमा प्रणालीगत सुधार र क्षमता विकास गरिनेछ ।

**रणनीति २: जनशक्तिको क्षमता विकास गर्ने ।**

**कार्यनीतिहरू**

(१) जनप्रतिनिधिहरूलाई कार्य जिम्मेवारीसँग सम्बन्धित मुख्य कानुनी व्यवस्था, नीति तथा कार्यक्रम र वार्षिक बजेटमा समावेश भएका विषयको प्रभावकारी कार्यान्वयनसम्बन्धी प्रशिक्षण एवम् सिकाइ आदान प्रदान गरिनेछ ।

(२) कर्मचारीहरूलाई सेवा प्रवेश, सेवाकालीन, पुनर्ताजगी एवम् अभिमुखीकरण तालिम प्रदान गरिनेछ ।

### ३. परिमाणात्मक लक्ष्य

**तालिका ९.५ क्षमता विकास र संस्थागत सुदृढीकरणसम्बन्धी परिमाणात्मक लक्ष्य**

| क्र.सं. | परिसूचकहरू | इकाइ | आर्थिक वर्ष २०८०/८१ को अवस्था | आर्थिक वर्ष २०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| १. | क्षमता विकाससम्बन्धी तालिम प्राप्त जनशक्ति (प्रदेश सरकारका निकायहरुबाट) (वार्षिक) | संख्या | ६००० | ६००० |
| २. | सेवा प्रवेश तालिम प्राप्त गर्ने कर्मचारी | प्रतिशत | - | ८५ |
| ३. | क्षमता विकास तालिम तथा अभिमुखीकरण प्राप्त जनप्रतिनिधि (वार्षिक) | संख्या | ११६ | ७०० |

*स्रोतः मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, २०८१*

# परिच्छेद दशः अन्तरसम्बन्धित विषयक्षेत्र

## १०.१ तहगत एवम् अन्तरनिकाय समन्वय र सहकार्य

### (१) पृष्ठभूमि

शासकीय अभ्यासका प्रत्येक चरण एवम् प्रकृयामा राज्यका तहहरूबिच अन्तरक्रिया, सहयोग, समन्वय र सहकार्यको आवश्यकता पर्दछ । नेपालको संविधानले संघ, प्रदेश र स्थानीय तहबिचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुने व्यवस्था गरेको छ । संविधानको यो व्यवस्था कार्यान्वयनका लागि संघ, प्रदेश र स्थानीय तह (समन्वय र अन्तरसम्बन्ध) ऐन, २०७७ जारी भई कार्यान्वयनमा रहेको छ । यसले तीन तहका सरकारहरूका बिच राजनीतिक, विधायिकी, आर्थिक र वित्तीय, योजना र बजेट, विकास व्यवस्थापन, प्रशासनिक व्यवस्थापन एवम् समन्वय सम्बन्धमा विभिन्न व्यवस्थाहरू गरेको छ । प्रदेशको आर्थिक विकास, सुशासन प्रवर्धन, समता र समुन्नतिका लागि संघ र स्थानीय तहका साथै छिमेकी प्रदेशहरूका बिच अझ प्रभावकारी समन्वय तथा मजबुत सहकार्यको आवश्यकता पर्दछ । त्यसैगरी, निजी क्षेत्र, गैरसरकारी क्षेत्र, विकास साझेदारलगायतसँग समेत समन्वय र सहकार्य जरुरी हुन्छ ।

लुम्बिनी प्रदेशसभाबाट सुशासन ऐन; अन्तर प्रदेश बासिन्दाको समान सुरक्षा, व्यवहार र सुविधासम्बन्धी ऐन तथा प्रदेश सरकारबाट कार्यविभाजन नियमावली, प्रदेश सरकार कार्य सम्पादन नियमावली जारी भई तहगत एवम् अन्तरनिकाय समन्वय र सहकार्यलाई मार्गनिर्देश गरेका छन् । प्रदेश समन्वय परिषद्को बैठक नियमित रूपमा बस्ने गरेको, समय समयमा मुख्यमन्त्रीहरूको बैठक आयोजना हुनुका साथै राष्ट्रिय समन्वय परिषद् र अन्तरप्रदेश परिषद्मा सहभागी भई अन्तरतह समन्वयको कार्यमा प्रदेश क्रियाशील रहेको छ । सङ्घीय संसद् र प्रदेशसभाका बिच व्यवस्थापन विधि र काम कारबाहीमा एकरूपता कायम गर्न समन्वय बैठकहरू हुने गरेका छन् ।

### ४. प्रमुख समस्या

तहगत सरकारले कार्यान्वयन गर्ने आयोजना वर्गीकरणको स्पष्ट मापदण्डको अभाव हुनु, एक तहको सरकारले अर्को तहको कार्यक्षेत्राधिकारभित्र प्रवेश गर्न खोज्ने प्रवृत्ति हुनु, साझा अधिकार बाँडफाँटसम्बन्धी कानुन तर्जुमा हुन नसक्नु, एकात्मक एवम् केन्द्रीकृत प्रणालीका कतिपय कानुनहरू कायमै रहनु, समान प्रकृतिको कामका लागि दोहोरो संरचनाहरू खडा हुनु, योजनागत समन्वय कमजोर हुँदा स्रोत दोहोरो पर्ने जोखिम हुनु, प्रदेशका मन्त्रालयहरूले जिल्लास्तरमा एकीकृत कार्यालयको संरचना नबनाउदा प्रशासनिक खर्च बढ्नु, प्रदेश सरकारका निकायहरूबिच योजना तथा कार्यक्रमको तर्जुमादेखि कार्यान्वयनका चरणसम्म परिपूरक तथा परिपोषक सम्बन्ध प्रभावकारी हुन नसक्नु जस्ता समस्याहरु रहेका छन् ।

## ५. अवसर र चुनौती

संविधान प्रदत्त अधिकारको सूचीअन्तर्गत संघ, प्रदेश र स्थानीय तहको अधिकारको बाँडफाँट गर्नु; अन्तरतह समन्वय, सहकार्य र अन्तरसम्बन्ध व्यवस्थित गर्न कानुनको तर्जुमा गर्नु; आयोजना वर्गीकरणको आधार तथा मापदण्डले तीन तहका सरकारका बिच विकास आयोजना सञ्चालन सम्बन्धमा कार्यक्षेत्र तोकिनु; संघ र प्रदेश तहका समन्वयकारी संयन्त्रहरूः अन्तरप्रदेश परिषद्, राष्ट्रिय समन्वय परिषद्, अन्तरसरकार वित्त परिषद्, विषयगत समिति, प्रदेश समन्वय परिषद्लगायतको बैठकमा समन्वयात्मक रूपमा गर्नुपर्ने कार्यहरूबारे छलफल र निर्णय गर्ने अभ्यास हुनु; अन्तरनिकाय समन्वयका लागि प्रदेशस्तरका समितिहरू क्रियाशील रहनु जस्ता पक्षहरु तहगत तथा अन्तरनिकाय समन्वय र सहकार्यका लागि अवसरहरु हुन् ।

संघ र स्थानीय तहसँग दोहरिएका प्रदेशका अधिकारलाई सुस्पष्ट गर्नु, तहगत सरकारबिच समन्वय गर्ने संस्थागत संयन्त्र निर्माण र भएका निर्णयको प्रभावकारी कार्यान्वयन गर्नु, एकल अधिकार र साझा अधिकार कार्यान्वयनको समान बुझाइको विकास गर्नु, तहगत सरकारबिच प्रशासनिक साझेदारी व्यवस्थित गर्नु, आयोजनाको दोहोरोपना हटाउनु, अन्तरतह प्रतिवेदन प्रणाली स्थापित गर्नु, तहगत सरकारहरू आफ्ना अधिकारमा केन्द्रित भई जनतालाई प्रभावकारी सेवा प्रवाह हुने वातावरण निर्माण गर्नु जस्ता कार्यहरु चुनौतीका रूपमा रहेका छन् ।

**(४) दीर्घकालीन सोचः** प्रभावकारी समन्वयः सफल सङ्घीयता

**(५) लक्ष्यः** अन्तर सरकार तथा अन्तरनिकाय समन्वय र सहकार्यमार्फत स्रोत साधनको दिगो व्यवस्थापन, उपयोग र प्रभावकारी सेवा प्रवाह गर्ने ।

**(६) उद्देश्यः** अन्तर सरकार तथा अन्तर निकाय सम्बन्ध प्रभावकारी बनाउनु ।

**(७) रणनीति र कार्यनीति**

**रणनीति १: अन्तरसरकार तथा अन्तरप्रदेश समन्वय तथा सहकार्य गर्ने ।**

**कार्यनीतिहरू**

(१) तहगत तथा अन्तरप्रदेश समन्वय र सहकार्यसम्बन्धी कानुन एवम् संयन्त्रको परिचालन र निर्णय कार्यान्वयनमा प्रभावकारी भूमिका निर्वाह गरिनेछ ।

(२) प्रदेश समन्वय परिषद् र विषयगत समितिहरूको नियमित वैठक गरी बैठकका निर्णयहरू कार्यान्वयनको अनुगमन गरिनेछ ।

(३) योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्यांकन, क्षमता विकास, विवाद निरुपण, प्रतिवेदन प्रणाली लगायतका विषयमा अन्तरसरकार समन्वय र सहकार्य गरिनेछ ।

(४) दोहोरो आयोजनाहरु नपर्ने अवस्था सिर्जनाका लागि आयोजनाको वर्गीकरण गर्ने मापदण्ड अनुरूप प्रदेश स्तरका विकास आयोजना मात्र कार्यान्वयन गरिनेछ ।

(५) तहगत सरकारबिच प्रशासनिक अन्तरसम्बन्धलाई पूर्वानुमान योग्य र प्रभावकारी बनाइनेछ ।

(६) एकल अधिकार र साझा अधिकारसम्बन्धी बुझाइमा एकरूपता ल्याई कार्यक्षेत्र नदोहोरिने वातावरण निर्माण गर्न पहल गरिनेछ ।

(७) समान कामको प्रकृतिको हकमा एक अर्को तहका समान प्रकृतिका कार्यालयहरूसंग सहकार्य गरी कार्यसम्पादन गरिनेछ ।

(८) साझा चासोका सवालहरूमा आवश्यक छलफल गर्न र अनुभव आदान प्रदान गर्नका लागि अन्तरप्रदेश समन्वय तथा सहकार्य गरिनेछ ।

(९) साझा हित हुने विकास आयोजना तथा कार्यक्रममा अन्तरप्रदेश समन्वय र सहकार्य गरिनेछ ।

(१०) जिल्ला समन्वय समितिको क्षमता विकास गरी समन्वय र अनुगमन तथा मूल्याङ्कन प्रभावकारी बनाइनेछ ।

**रणनीति २: अन्तरनिकाय समन्वय तथा सहकार्य गर्ने ।**

**कार्यनीतिहरू**

(१) योजना तर्जुमा, कार्यान्वयन, नीतिगत एकरूपता लगायतका विषयमा प्रदेश मातहतका मन्त्रालय, निकाय र कार्यालयहरूबिच समन्वय तथा सहकार्य गरिनेछ ।

(२) जिल्लास्तरमा एकीकृत कार्यालयको स्थापना गरी प्रदेशले प्रवाह गर्नुपर्ने सेवा सोही कार्यालयमार्फत प्रवाह गर्ने सम्बन्धमा अध्ययन गरी उपयुक्त देखिएमा कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ ।

(३) अन्तरनिकाय समन्वय र सहकार्यका लागि सूचना सञ्जालीकरण गरिनेछ ।

**६. परिमाणात्मक लक्ष्य**

**तालिका १०.१ तहगत र अन्तरनिकाय समन्वय तथा सहकार्यसम्बन्धी परिमाणात्मक लक्ष्य**

| क्र.सं. | परिसूचकहरू | इकाइ | आर्थिक वर्ष २०८०/८१ को अवस्था | आर्थिक वर्ष २०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| १. | प्रदेश समन्वय परिषद् बैठक (वार्षिक) | संख्या | १ | १ |

*स्रोतः मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, २०८१*

## १०.२ गरिबी न्यूनीकरण

### (१) पृष्ठभूमि

मानिसले आफ्नो दैनिक गुजाराको निम्ति न्यूनतम आवश्यकताहरू पनि पूर्ति गर्न नसक्ने विषम अवस्था नै गरिबी हो । संविधानले गरिबी न्यूनीकरणलाई साझा अधिकारमा समेटेको छ । मानव विकासको बाधकको रुपमा रहेको गरिबीलाई न्यूनीकरण गर्न राज्यले पहिलो प्राथमिकता दिनु आवश्यक देखिन्छ । सबै क्षेत्रमा रहेका सबै प्रकारका गरिबीको अन्त्य गर्ने दिगो विकास लक्ष्य रहेको छ । दिगो विकासको लक्ष्यमा सन् २०३० सम्ममा गरिबीको दरलाई ४.९ प्रतिशत र बहुआयामिक गरिबीको दरलाई ६.४८ प्रतिशतमा झार्ने नेपालको प्रतिबद्धता रहेको छ ।

मुलुकले विगतका योजनाहरूमा गरिबी न्यूनीकरणलाई प्राथमिकतामा राखी कार्यक्रमहरू सञ्चालन गर्दै आएता पनि अपेक्षित उपलब्धि हासिल हुन सकेको छैन । चौथो जीवनस्तर सर्भेक्षण अनुसार मुलुकको गरिबीको दर २०.२७ रहेको छ भने लुम्बिनी प्रदेशको २४.३५ प्रतिशत रहेको छ । प्रदेशका गरिब घरपरिवार पहिचानका लागि स्थलगत तथ्याङ्क संकलन कार्य सम्पन्न भएता पनि परिचयपत्र वितरण कार्य दुई जिल्लामा मात्र सम्पन्न भएको छ ।

## ७. प्रमुख समस्या

गरिब लक्षित कार्यक्रमहरू छरिएर रहनु; कार्यक्रम लक्षित वर्गमा नपुग्नु; रोजगारीका अवसर न्यून हुनु; कृषि तथा अन्य पेसा निर्वाहमुखी मात्र हुनु; उच्च मूल्य वृद्धिलाई सम्बोधन गर्न नसकिनु; विपद्का कारणले गरिबी बढ्नु; तीव्र बसाइँसराइले ग्रामीण क्षेत्रको उत्पादनमा गिरावट आई ग्रामीण र सहरी गरिबी बढ्नु; सीपको कमी हुनु; परम्परागत सोच, अन्धविश्वास र कुरीति व्याप्त हुनु जस्ता पक्षहरु गरिबी न्यूनीकरणका प्रमुख समस्याहरु हुन्।

## ८. अवसर र चुनौती

प्रदेशमा कृषि, पर्यटन, उद्योगधन्दा, वन जस्ता उच्च आर्थिक सम्भावनायुक्त क्षेत्र एवम् स्रोतको उपलब्धता हुनु; संविधानलगायत संघ, प्रदेश र स्थानीय तहका नीतिहरूमा गरिबी न्यूनीकरण प्राथमिकतामा पर्नु; राष्ट्रिय, प्रादेशिक र स्थानीय सडक पूर्वाधारको अन्तरआबद्धता राम्रो हुनुका साथै स्तरोन्नतिको क्रममा रहनु; वैदेशिक रोजगारीबाट फर्किएका युवाहरूको सीपलाई प्रयोग गरी उत्पादन कार्यमा लगाउने अवसर हुनु; सामाजिक सुरक्षाको दायरा विस्तार हुँदै जानु; दिगो विकासका लक्ष्य अनुरूप गरिब लक्षित कार्यक्रमहरूमा विकास साझेदारको लगानी प्राथमिकतामा पर्नु जस्ता अवसरहरु रहेका छन् ।

वास्तविक गरिब घरपरिवारहरूको पहिचान गरेर गरिब लक्षित कार्यक्रमहरू सञ्चालन गर्नु; गरिबी न्यूनीकरणका कार्यक्रमहरूमा रहेका दोहोरोपन हटाई एकीकृत रूपमा सञ्चालन गर्नु; निर्वाहमुखी कृषिमा आश्रित जनशक्तिलाई बढी उत्पादनशील क्षेत्रमा स्थानान्तरण गर्नु; समाजिक विभेद, कुरीति र लैङ्गिक असमानता हटाउनु; नयाँ रोजगारीका अवसरहरू सिर्जना गर्नु; आधारभूत शिक्षा, स्वास्थ्य र भौतिक पूर्वाधारको सेवाको सुलभ र सहज पहुँच विस्तार गर्नु; गरिबीको गहनताका आधारमा लक्षित कार्यक्रमहरु केन्द्रित गर्नु जस्ता कार्यहरु गरिबी न्यूनीकरणका प्रमुख चुनौतीका रूपमा रहेका छन्।

**(४) दीर्घकालीन सोचः** गरिबीमुक्त प्रदेश

**(५) लक्ष्यः** प्रदेशको निरपेक्ष तथा बहुआयामिक गरिबीलाई शून्यमा झार्ने ।

**(६) उद्देश्यः**

(१) रोजगारी र आयआर्जनसहित निरपेक्ष गरिबीको रेखामुनि रहेको जनसंख्याको जीवनस्तर उकास्ने।

(२) प्रदेशको बहुआयामिक गरिबी न्यूनीकरण गर्ने।

## ९. रणनीति र कार्यनीति

**रणनीति १: गरिब लक्षित कार्यक्रम सञ्चालन गर्ने ।**

**कार्यनीतिहरू**

(१) स्थानीय तहसँगको सहकार्यमा गरिब घरपरिवार पहिचान गरी परिचयपत्रको आधारमा विपन्न लक्षित प्रादेशिक विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

(२) भौगोलिक, लैङ्गिक, जातीय र आय वर्गबिच रहेको गरिबीको गहनता र असमानता कम गर्न सघन गरिबी भएका क्षेत्रहरूमा गरिब घरपरिवार लक्षित कार्यक्रम सञ्चालन गरिनेछ ।

(३) गरिब घर परिवारका लागि शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा, विमा तथा रोजगारीसम्बन्धी कार्यक्रमहरू केन्द्रित गरिनेछ ।

**रणनीति २: रोजगारी र आयआर्जनका कार्यक्रम सञ्चालन गर्ने ।**

**कार्यनीतिहरू**

(१) गरिब लक्षित विशेष रोजगार कार्यक्रमहरू सञ्चालन गरी न्यूनतम रोजगारीको प्रत्याभूति गरिनेछ।

(२) कृषि, परम्परागत सीप, साना उद्योग र ग्रामीण पर्यटनलाई रोजगारी तथा आय आर्जनको माध्यम बनाइनेछ ।

(३) भौतिक पूर्वाधार निर्माणमा विपन्नलाई रोजगारी दिने नीति अवलम्वन गरिनेछ ।

(४) न्यून आय भएका गरिब घरपरिवारलाई निःशुल्क सीपमूलक तालिम प्रदान गरी कम्तीमा एक घर एक रोजगारीको प्रत्याभूति गरिनेछ ।

(५) गरिब परिवारहरूलाई विभिन्न आर्थिक क्रियाकलाप सञ्चालन गर्न अनुदान स्वरूप स्वरोजगार बीउ पुँजी र स्वरोजगार सहुलियत कर्जा उपलब्ध गराइनेछ ।

**रणनीति ३: गरिबीलाई बहुआयामिक र एकीकृत हस्तक्षेपबाट सम्बोधन गर्ने ।**

**कार्यनीतिहरू**

(१) स्थानीय तहहरूसँगको सहकार्यमा सामाजिक परिचालन कार्यक्रम सञ्चालन गरी गरिब तथा विपन्न परिवारको सशक्तीकरण गरिनेछ ।

(२) गरिबी न्यूनीकरणमा अन्तर तह, अन्तरनिकाय र साझेदार संस्थाहरूसँग समन्वय र सहकार्य अभिवृद्धि गरिनेछ ।

(३) गरिब घरपरिवारको शिक्षा, सीपमूलक तालिम, उद्यमशीलता र स्वास्थ्यमा पहुँच बढाई मानवीय पुँजीको विकास गरिनेछ ।

(४) गरिब घरपरिवारलाई वित्तीय साक्षरता प्रदान गरी ससाना रकम बचत गर्ने बानी विकास गर्दै बैंक खातामा पहुँच पुऱ्याइनेछ ।

(५) गैरसरकारी संस्थाहरूलाई गरिबीको सघनता बढी भएका स्थानहरूमा कार्यक्रम सञ्चालन गर्न अभिप्रेरित गरिनेछ ।

(६) जनजागरणको माध्यमबाट परम्परागत अन्धविश्वास, कुरीति र कुसंस्कार हटाइनेछ ।

(७) भूमिहीन गरिब घरपरिवारलाई कम्तिमा आवास प्रयोजनका लागि जग्गा उपलब्ध गराउने तथा व्यावसायिक कृषि कार्य गर्न करारमा जग्गा उपलब्ध गराउन सहयोग गरिनेछ ।

**रणनीति ४: रोजगारीकेन्द्रित आर्थिक विकास कार्यक्रम सञ्चालन गर्ने ।**

**कार्यनीतिहरू**

(१) प्रदेश आर्थिक विकास कार्यक्रममार्फत गरिब परिवारलाई आर्थिक क्रियाकलापमा संलग्न हुने अवसर बढाई रोजगारी प्रदान गरिनेछ।

(२) आर्थिक विकास साझेदारी कोष स्थापना गरी सङ्घीय सरकार, विकास साझेदार, सहकारी र निजी क्षेत्र लगायतका निकायहरूलाई सहभागी गराउन पहल गरिनेछ ।

(३) युवा, महिला एवम् पिछडिएका क्षेत्र, वर्ग र समुदाय लक्षित रोजगारी उपलब्ध गराउन आर्थिक विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

**१०.परिमाणात्मक लक्ष्य**

**तालिका १०.२ गरिबी न्यूनीकरणसम्बन्धी परिमाणात्मक लक्ष्य**

| क्र.सं. | परिसूचकहरू | इकाइ | आर्थिक वर्ष २०८०/८१को अवस्था | आर्थिक वर्ष २०८५/८६को लक्ष्य |
|---|---|---|---|---|
| १. | निरपेक्ष गरिबी | प्रतिशत | २४.३५ | १५ |
| २. | सम्पत्तिमा आधारित जिनी गुणक | प्रतिशत | ०.२४ | ०.२२ |
| ३. | उपभोगमा आधारित जिनी गुणक | गुणक | ०.३०० | ०.२८० |
| ४. | गरिबीको अन्त्य र शून्य भोकमारी (दीविल १ र २) संग सम्बन्धित कार्यक्रमहरुमा विनियोजित बजेट | प्रतिशत | ७.६१ | १० |
| ५. | कृषि उत्पादनबाट वर्षभरि खान नपुग्ने परिवार | प्रतिशत | ५१ | ४५ |

*स्रोतः प्रदेश आर्थिक सर्वेक्षण २०८१, चौथो जीवनस्तर सर्वेक्षण ।*

# १०.३ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन

## (१) पृष्ठभूमि

भौगोलिक अवस्था, भौगर्भिक बनोट, भूकम्पीय दरारहरूको पुनःसक्रियता, मनसुनमा हुने वर्षाको मात्रा तथा ढाँचामा परिवर्तन, सरसफाइ एवम् ढल निकासको कमी तथा जलवायु परिवर्तनजन्य कारणहरूबाट नेपाल विपद्को उच्च जोखिमयुक्त क्षेत्रमा पर्दछ । यस प्रदेशमा भूकम्प, बाढी, पहिरो, शीतलहर, तातो हावा (लु), चटयाङ, असिना, हुरी, अतिवृष्टि, आगलागी, सडक एवम् औद्योगिक दुर्घटना तथा महामारीजस्ता विपद्का घटनाहरु हुने गरेका छन्।

नेपालको संविधानमा विपद्को गाम्भीर्यतालाई दृष्टिगत गरी विपद् व्यवस्थापन गर्न सबै तहका सरकारलाई कार्यजिम्मेवारी दिइएको छ । संघ र प्रदेशको साझा अधिकार सूचीमा प्राकृतिक तथा गैरप्राकृतिक विपद् पूर्वतयारी, उद्धार तथा राहत र पुनर्लाभसम्बन्धी कार्य गर्ने उल्लेख छ । लुम्बिनी प्रदेशको हिमालय क्षेत्रमा

भौगर्भिक दरारहरू रहेका छन् । यी दरारहरूमध्ये भूकम्पीय दृष्टिकोणले अति जोखिमयुक्त मेन फ्रन्टल थ्रस्ट प्रदेशको पूर्वमा त्रिवेणीदेखि पश्चिममा कर्णाली नदीसम्म फैलिएको छ । भौगर्भिक बनोट, दरारहरू एवम् विगतका भूकम्पहरूको अवस्थालाई विश्लेषण गर्दा यो प्रदेश भूकम्पीय विपद्को दृष्टिले उच्च जोखिममा रहेको छ ।

लुम्बिनी प्रदेश बाढी, पहिरो, आगलागी जस्ता विपद्बाट बढी प्रभावित हुने प्रदेशअन्तर्गत पर्दछ । विपद्का घटनाबाट यस प्रदेशमा प्रत्येक वर्ष औसतमा ७४ जनाले ज्यान गुमाउने, ३१५ भन्दा बढी घाइते तथा १० जना बेपत्ता हुने एवम् ४,००० भन्दा बढी परिवार प्रभावित तथा विस्थापित हुने तथ्याङ्क रहेको छ । नारायणी, तिनाउ, बाणगङ्गा, राप्ती, बबई र कर्णाली जस्ता प्रमुख नदीहरूका कारण बाढी, पहिरो, डुबान जस्ता प्राकृतिक विपद्बाट यस प्रदेशमा हरेक वर्ष ठूलो जनधनको क्षति हुँदै आइरहेको छ । आगलागी, चट्याङ, सर्पदंश, वन्यजन्तु आक्रमण जस्ता विपद्हरू पनि यस प्रदेशमा मुख्य समस्याका रूपमा रहेका छन् । शीतलहर, तातो हावा (लु) जस्ता विपद्हरू पछिल्लो समयमा बढ्दै जाँदा मानव जीवन, पशु चौपाया तथा कृषि क्षेत्रमा प्रतिकूल प्रभाव परेको छ ।

यस प्रदेशमा विपद् जोखिम न्यूनीकरण नीति, प्रदेश विपद् ऐन, प्रदेश विपद् व्यवस्थापन कार्यसञ्चालन निर्देशिका, हवाई उद्धारसम्बन्धी कार्यविधि, विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना, मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना, प्रदेश विपद् प्रतिकार्य कार्यढाँचा, विषयगत क्षेत्रका विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनालगायतका नीतिगत तथा कानुनी व्यवस्थाहरु गरिएका छन् ।

**११.प्रमुख समस्या**

विपद्जन्य घटनाको व्यवस्थापन कमजोर हुनु; पूर्वाधार निर्माणमा विपद् जोखिमको पक्ष ओझेलमा पर्नु; जलउत्पन्न प्रकोप नियन्त्रणका कार्यक्रम प्रभावकारी नहुँदा नदीजन्य र पहिरोको प्रकोप बढ्दै जानु; विपद् पूर्वतयारी र विपद्पश्चात्को उद्धार र पुनर्स्थापनाको कार्य प्रभावकारी नहुनु; विपद्बारे जनचेतना जगाउने कार्य अझै पनि प्रभावकारी नहुनु; विपद् सूचना प्रणाली कमजोर हुनु; विपद् प्रतिकार्यका लागि दक्ष र यथेष्ट मानव स्रोत, उपकरण, बन्दोबस्ती तथा राहत सामग्रीको भण्डारण तथा प्रबन्धमा कमी हुनु; एकद्वार प्रणाली अबलम्बन गरी विपद् प्रतिकार्यलाई छिटो छरितो र प्रभावकारी बनाउन नसक्नु; आयोजनाहरूको छनोट प्रक्रियादेखि नै आयोजना व्यवस्थापनका प्रत्येक चरणमा विपद् जोखिम मूल्याङ्कनलाई समावेश गराउन नसक्नु जस्ता समस्याहरुका कारण विपद् व्यवस्थापनको कार्य एवम् प्रतिकार्य प्रभावकारी हुन सकेको छैन ।

**१२.अवसर र चुनौती**

विपद् जोखिम व्यवस्थापन सम्बन्धमा सरकारी तथा गैरसरकारी संस्थाहरूको उपस्थिति हुनु, प्रदेशमा विपद् व्यवस्थापन कोषको व्यवस्था हुनु, विपद् व्यवस्थापनका लागि प्रविधि तथा दक्ष जनशक्तिको उपलब्धता बढ्दै जानु, विपद् सम्बन्धमा प्राज्ञिक तथा विशिष्ट अध्ययन अनुसन्धान बढ्दै जानु साथै विपद् उद्दारमा सरकारी, गैर सरकारी संस्था, सामुदायिक र निजी क्षेत्रको समन्वय र सहकार्यको संस्कृति विकास हुनु यस क्षेत्रमा अवसरका रूपमा रहेका छन् ।

विपद् पूर्वसूचना तथा सचेतना प्रणालीलाई प्रभावकारी बनाउनु; विपद् जोखिम संवेदनशील क्षेत्रको नक्साङ्कन गर्नु; विपद् प्रतिरोधी भौतिक संरचनाहरू निर्माण गर्नु; अव्यवस्थित एवम् जोखिममा रहेका बस्तीलाई सुरक्षित स्थानमा स्थानान्तरणको व्यवस्था मिलाउनु; अन्तरप्रदेश तथा अन्तरस्थानीय तह स्रोत साधन साझेदारी र आपसी समन्वयमार्फत विपद् प्रतिकार्यलाई छिटो, छरितो र प्रभावकारी बनाउनु; विपद् क्षति बिमाको व्यवस्था गर्नु; विपद्बाट भएको भौतिक क्षतिको पुनर्निर्माण र प्रभावितको पुनर्स्थापना कार्यलाई छिटो, छरितो र प्रभावकारी बनाउनु जस्ता मुख्य चुनौतीहरु रहेका छन्।

**(४) दीर्घकालीन सोचः** विपद् उत्थानशील विकासः विपद् जोखिम सुरक्षित प्रदेश ।

**(५) लक्ष्यः** विषयगत क्षेत्रहरुबाट हुने विकासका प्रयासहरुमा विपद् जोखिम न्यूनीकरणलाई मूलप्रवाहीकरण गरी उत्थानशीलता अभिवृद्धि गर्ने ।

**(६) उद्देश्यः**

(१) विपद्बाट हुने मानवीय तथा भौतिक क्षति कम गर्नु ।

(२) योजना तर्जुमा तथा कार्यान्वयन गर्दा विपद् जोखिम न्यूनीकरण र जलवायु परिवर्तन अनुकूलनलाई मूलप्रवाहीकरण गर्नु ।

(३) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि सार्वजनिक, निजी तथा सामुदायिक सहभागिता अभिवृद्धि गर्नु ।

**१३.रणनीति र कार्यनीति**

**रणनीति १: विपद् जोखिम आकलन एवम् बुझाइको विकास गर्ने ।**

**कार्यनीतिहरू**

(१) बहुप्रकोप जोखिम आकलन, नक्साङ्कन र विश्लेषण गरी एकीकृत डिजिटल प्रोफाइल तयार गरिनेछ ।

(२) विपद् पूर्वसूचना तथा सचेतना प्रणालीलाई सम्भावित जोखिममा रहेका समुदायस्तरसम्म विकास तथा विस्तार गर्दै सोको सूचना व्यवस्थापन प्रणालीलाई प्रभावकारी बनाइनेछ ।

(३) विपद् जोखिम व्यवस्थापनका लागि दक्ष जनशक्ति उत्पादन; अध्ययन र अनुसन्धान; जनचेतनामूलक कार्यक्रम सञ्चालन; सूचना, शिक्षा तथा सञ्चार सामग्रीहरू प्रकाशन तथा प्रसारण गरिनेछ ।

(४) औपचारिक तथा अनौपचारिक शिक्षा एवम् सीप विकास तालिमका कार्यक्रमहरूमा प्रकोप र विपद्सम्बन्धी पाठ्यक्रम र विषयहरू समावेश गरिनेछ ।

(५) जलवायुजन्य प्रकोप तथा सम्भावित महामारीको पूर्वसचेतना प्रणालीको विकास र प्रकोपका घटनाको सूक्ष्म निगरानी गरी क्षति न्यूनीकरणका उपाय अवलम्बन गरिनेछ ।

(६) विपद् व्यवस्थापनसम्बन्धी परम्परागत ज्ञान तथा सीपको अभिलेखीकरण र उपयोग गरिनेछ ।

**रणनीति २: संस्थागत संरचना सुदृढ गर्ने।**

**कार्यनीतिहरू**

(१) विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि नीतिगत तथा कानुनी व्यबस्थालाई सुदृढ तथा समयानुकूल बनाइनेछ ।

(२) प्रदेश तहमा प्रकोप पूर्वसूचनाको सम्प्रेषण संयन्त्र व्यवस्था गरिनेछ ।

(३) प्रदेश, जिल्ला तथा स्थानीय आपतकालीन कार्यसञ्चालन केन्द्रको क्षमता विकास तथा सञ्जालीकरण विस्तार गरिनेछ ।

(४) विपद् जोखिम व्यवस्थापनका प्रक्रिया र कार्यहरुलाई सबै समुदाय, वर्ग र लिङ्गका आधारमा समावेशी बनाइनेछ ।

(५) जलवायु परिवर्तन अनुकूलन र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न मापदण्डहरूको विकास, परिमार्जन र लागु गर्ने संयन्त्र बनाइनेछ ।

(६) मानवीय सहायताअन्तर्गतका विषयगत क्षेत्र (Cluster) को विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माण गरी समन्वय संयन्त्रलाई प्रभावकारी बनाइनेछ ।

**रणनीति ३: विपद् जोखिम न्यूनीकरणका लागि सरकारी लगानी अभिवृद्धि गर्ने ।**

**कार्यनीतिहरू**

(१) विपद् जोखिममा रहेका बस्ती तथा बासिन्दाहरूलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्न प्रोत्साहन गरिनेछ साथै विपन्न परिवारहरूलाई एकीकृत बस्ती निर्माण गरी हस्तान्तरण गरिनेछ ।

(२) विपद प्रभावितहरूलाई आश्रयस्थल निर्माणका लागि स्थानीय तहसँग समन्वय र सहकार्य गरिनेछ।

(३) विपद् प्रभावित क्षेत्रका विपन्न परिवारलाई स्थानीय तह समेतको समन्वयमा लक्षित कार्यक्रममार्फत सीप विकास, रोजगारी प्रदान तथा जीविकोपार्जन सहयोग कार्यक्रम सञ्चालन गरिनेछ ।

(४) विषयगत क्षेत्रका विकास योजना तर्जुमा तथा कार्यान्वयन गर्दा विपद् जोखिम न्यूनीकरण सुनिश्चित गरिनेछ ।

(५) विपद् जोखिम न्यूनीकरण तथा जोखिम हस्तान्तरण कार्यमा निजी क्षेत्रको प्रत्यक्ष संलग्नता र लगानी प्रवर्धनका लागि प्रोत्साहन गरिनेछ ।

**रणनीति ४: प्रभावकारी प्रतिकार्यका लागि विपद् पूर्वतयारी सुदृढीकरण गर्ने।**

**कार्यनीतिहरू**

(१) विपद् प्रतिकार्यलाई प्रभावकारी बनाउन सुरक्षित खुला स्थानको पहिचान तथा संरक्षण, आकस्मिक उद्धारका लागि हेलिप्याड निर्माण, स्वयम्सेवक टोली गठन गरी क्षमता अभिवृद्धि गरिनेछ ।

(२) प्रदेशका रणनीतिक स्थानहरूमा आपतकालीन सामग्री भण्डारणका लागि भण्डार गृह स्थापना गरी सामग्रीहरूको अभिलेखीकरण गरिनेछ ।

(३) जिल्ला, स्थानीय तह तथा सुरक्षा निकायहरूलाई विपद् प्रतिकार्यका लागि आवश्यक सामग्रीहरूको प्रबन्ध तथा मानव स्रोत क्षमता विकास गरिनेछ ।

(४) प्रदेशमा विपद् प्रतिकार्य प्रभावकारी बनाउन आधुनिक प्रविधि तथा उपकरण, बन्दोबस्तीका सामग्री र दक्ष जनशक्तिसहितको खोज तथा उद्धार दल गठन गरिनेछ ।

(५) खोज तथा उद्धारकर्मीहरूको क्षमता विकास गर्नुका साथै सोका लागि आवश्यक औजार उपकरणको व्यवस्था गरिनेछ ।

(६) प्रदेश, जिल्ला र स्थानीय तहमा विपद् पूर्वतयारी अभ्यास (कृत्रिम घटना अभ्यास) सञ्चालन गर्न प्रोत्साहन गरिनेछ ।

(७) जोखिमयुक्त सार्वजनिक भवनहरूको प्रबलीकरण गरिनेछ ।

(८) बाढी, पहिरो तथा डुबान नियन्त्रण गर्न बायोइञ्जिनियरिङ, पर्यावरणमा आधारित अनुकूलन, तटबन्ध निर्माण जस्ता कार्यहरु गरिनेछ ।

**रणनीति ५: विपद् प्रभावितलाई समुचित पुनर्स्थापना गर्ने ।**

**कार्यनीतिहरू**

(१) विपदबाट प्रभावित परिवारलाई तत्काल आश्रय र राहत एवम् मनोपरामर्शको व्यवस्था गरिनेछ ।

(२) विपद्बाट भएको भौतिक क्षतिको पुनर्निर्माण प्राथमिकताका साथ गरिनेछ ।

(३) विपद् प्रभावित परिवारलाई पुनर्स्थापनाको उचित व्यवस्था प्रभावकारी रूपमा गरिनेछ ।

(४) विपद् व्यवस्थापन कोषमा वार्षिक रूपमा रकम विनियोजन गरिनेछ र सो कोषको रकमलाई विपद् उद्धार तथा पुनर्निर्माण एवम् पुनर्स्थापनामा मात्र प्रयोग गरिनेछ ।

**रणनीति ६: विपद् जोखिम न्यूनीकरणका लागि अन्तर सरकार, गैरसरकारी तथा निजी क्षेत्रसँग सहकार्य अभिवृद्धि गर्ने ।**

**कार्यनीतिहरू**

(१) विपद् व्यवस्थापनसम्बन्धी सूचना तथा तथ्याङ्कहरू संघ तथा स्थानीय तहसम्म नियमित रूपमा सम्प्रेषण गरिनेछ ।

(२) विपद् व्यवस्थापनका लागि अन्तरस्थानीय तह आबद्धता तथा स्रोत साधनको साझेदारीलाई प्रोत्साहन गर्न सहजीकरण गरिनेछ ।

(३) समुहमा आधारित विपद् व्यवस्थापनका लागि स्थानीय तहहरूसँग सहकार्य गरिनेछ ।

(४) विपद्चक्रका विभिन्न चरणहरूमा गैरसरकारी र निजी क्षेत्रको स्रोत परिचालनका लागि समन्वय तथा सहजीकरण गरिनेछ ।

(५) विपद् व्यवस्थापनमा क्रियाशील संस्थासँगको सहकार्य र समन्वयलाई प्रभावकारी बनाइनेछ ।

(६) प्रदेशमा प्राकृतिक तथा जलवायु परिवर्तनजन्य प्रकोप न्यूनीकरण तथा व्यवस्थापनका क्षेत्रमा काम गरी महत्त्वपूर्ण योगदान गरेका व्यक्ति तथा संस्थालाई प्रत्येक वर्ष पदवी प्रदान, मान, सम्मान, तथा पुरस्कृत गर्ने कार्यक्रम ल्याइनेछ ।

१४.  परिमाणात्मक लक्ष्य

**तालिका १०.३ विपद तथा प्रकोप व्यवस्थापनसम्बन्धी परिमाणात्मक लक्ष्य**

| क्र.सं. | परिसूचकहरू | इकाइ | आर्थिक वर्ष २०८०/८१ को अवस्था | आर्थिक वर्ष २०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| १. | विपद् (सडक दुर्घटनाबाहेक) बाट हुने मानवीय मृत्यु (वार्षिक) | संख्या | २८४ | २०० |
| २. | विपद्बाट हुने आर्थिक क्षति (वार्षिक) | रु. करोड | ३० | २० |
| ३. | विपद्बाट प्रभावित हुने परिवार (भौतिक संरचनामा भएको क्षति) (वार्षिक) | संख्या | १२९० | ८०० |
| ४. | विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना भएका स्थानीय तह | संख्या | ६० | १०९ |

*स्रोतः आन्तरिक मामिला तथा कानुन मन्त्रालय, २०८१ ।*

# १०.४ श्रम तथा रोजगार

## (१) पृष्ठभूमि

श्रम उत्पादनको महत्त्वपूर्ण र गतिशील साधन हो । यसले उत्पादनका अन्य साधनहरूको परिचालन गर्ने हुनाले समग्र विकासका लक्ष्यहरू हासिल गर्न श्रमको प्रभावकारी उपयोग हुनुपर्दछ । मानवोचित जीवनयापनका लागि आयमूलक श्रम तथा रोजगारी आवश्यक हुन्छ ।

नेपालको संविधानले रोजगारी र श्रमको हकलाई मौलिक हकको रूपमा समावेश गरी दक्ष र व्यावसायिक श्रमशक्तिको विकास गर्ने; श्रमिक र उद्यमीबिच सुसम्बन्ध कायम गर्ने; वैदेशिक रोजगारीबाट आर्जित पुँजी, सीप, प्रविधि र अनुभवको स्वदेशमा उपयोग गर्ने तथा सबैका लागि मर्यादित कामको अवसर सुनिश्चित गर्ने नीति लिएको छ । देशभित्र सिर्जना भएका रोजगारीका अवसरमा युवा जनशक्तिको व्यापक उपयोग र श्रमको सम्मान गर्ने संस्कृतिको विकास गरी जनसाङ्ख्यिक लाभ प्रयोग गर्ने अहिलेको राष्ट्रिय प्राथमिकताको विषय भएको छ ।

श्रम र रोजगारसम्बन्धी राज्यको नीतिले स्वदेशमा नै रोजगारी अभिवृद्धि गर्ने; मर्यादित श्रमको सुनिश्चितता र सामाजिक सुरक्षा प्रत्याभूत गर्ने; बालश्रमलगायत सबै प्रकारका श्रम शोषणको अन्त्य गर्ने; व्यवस्थापनमा श्रमिकको सहभागिता बढाउने; वैदेशिक रोजगारलाई शोषणमुक्त, सुरक्षित र व्यवस्थित गर्न तथा श्रमिकको रोजगारी प्रत्याभूति गर्न यस क्षेत्रको नियमन र व्यवस्थापन गर्ने साथै वैदेशिक रोजगारबाट आर्जन भएको पुँजी, सीप, प्रविधि र अनुभवलाई स्वदेशमा उत्पादनमूलक क्षेत्रमा लगाउन प्रोत्साहन गर्ने जस्ता बिषयहरु समेटेको छ ।

संविधानमा सामाजिक सुरक्षा र रोजगारी; ट्रेड युनियन; औद्योगिक विवादको समाधान; श्रमिकका हक, अधिकार र विवादसम्बन्धी कार्य तथा रोजगारी र बेरोजगार सहायतालाई संघ र प्रदेशको साझा अधिकारमा समावेश गरिएको छ । संयुक्त राष्ट्रसंघको दिगो विकासको लक्ष्यमा भरपर्दो, समावेशी र दिगो आर्थिक वृद्धि तथा सबैका लागि पूर्ण र उत्पादनमूलक रोजगारी एवम् मर्यादित कामको प्रवर्धन गर्ने विषय उल्लेख छ । नेपालले सन् २०३० सम्म बालश्रमको पूर्ण उन्मूलन र अर्धबेरोजगारी दर १० प्रतिशतभन्दा कम गर्ने लक्ष्य लिएको छ ।

नेपाल हाल जनसाङ्ख्यिक लाभको अवस्थामा छ । नेपालको श्रम बजारमा बर्सेनी थपिने करिब ५ लाख श्रमयोग्य जनशक्तिमध्ये यस प्रदेशको हिस्सा लगभग ३० प्रतिशत रहेको छ। श्रम बजारका सक्रिय जनशक्तिलाई सीपयुक्त तथा स्वावलम्बी बनाउँदै रोजगारी सिर्जना तथा वृद्धि गर्न आवश्यक छ। रोजगारी वृद्धि उत्पादन र उत्पादकत्व वृद्धिसँगै गाँसिएर आउने विषय भएकोले उत्पादन र रोजगारीबिचको सम्बन्ध स्थापित हुँदा रोजगारीको आधार मजबुत बन्न सक्दछ ।

राष्ट्रिय जनगणना २०७८ अनुसार लुम्बिनी प्रदेशमा १० वर्ष वा बढी उमेरको कुल ४१,८४,२९९ जनसंख्यामध्ये २७,५२,१५६ जना (६५.८%) ले गणना अवधिभन्दा अघिल्लो १२ महिनाको समयमा कुनै न कुनै आर्थिक काम गरेका छन् ।

## १५.प्रमुख समस्या

प्रदेशमा बेरोजगार जनशक्तिको यथार्थ तथ्याङ्कको अभाव रहनु; श्रमबजारको मागअनुसार सीपयुक्त जनशक्ति उत्पादन हुन नसक्नु; श्रम सूचना प्रणालीको अभाव हुनु; औद्योगिक विवाद समाधान, श्रम सम्बन्धमा सुधार, न्यायिक निरुपण र श्रम व्यवस्थापनसम्बन्धी अधिकार, जिम्मेवारी र संस्थागत संरचना प्रदेशमा हस्तान्तरण हुन नसक्नु; सबै प्रतिष्ठानहरूलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गर्न नसकिनु; वैदेशिक रोजगारको बढ्दो प्रवृत्तिले आन्तरिक श्रम बजारमा श्रम शक्तिको अभाव हुनु; श्रमको सम्मान गर्ने वातावरणको अभाव हुनु; श्रम प्रशासनसम्बन्धी अन्तर सरकार, निकाय र संरचनाका बिच समन्वयको कमी हुनु साथै व्यवसायजन्य स्वास्थ्य र सुरक्षासम्बन्धी सचेतनाको अभाव हुनु जस्ता समस्याहरु रहेका छन् ।

## १६.अवसर र चुनौती

प्रदेशभित्र युवा जनसंख्याको बाहुल्यता रहनु; श्रम बजारमा श्रमिकको मागअनुरूप सीप उपलब्ध गराई रोजगार बजारमा प्रवेश गराउन सकिने अवस्था रहनु; प्राविधिक शिक्षा, व्यावसायिक तथा सीप विकास तालिमका लागि संरचनागत व्यवस्थाहरू रहनु; रोजगारी सिर्जना प्रदेशको प्राथमिकता प्राप्त क्षेत्रमारहनु; वैदेशिक रोजगारीबाट सीप प्राप्त गरी आएका जनशक्ति स्वरोजगारमूलक उद्यमशील कार्यमा संलग्न हुदै जानु; महिला उद्यमीहरूको संख्यामा बढोत्तरी हुनु जस्ता यस क्षेत्रका अवसरहरु हुन् ।

प्रदेशभित्रै आकर्षक रोजगारी एवम् स्वरोजगारीका अवसरको सिर्जना गर्नु, श्रम बजारको माग अनुसारको सीपयुक्त श्रमशक्ति उत्पादन गर्नु, कृषि तथा पशुपालनलगायत अन्य परम्परागत पेसा व्यवसायमा आकर्षित

गर्नु, प्रदेशभित्र असंगठित क्षेत्रको श्रमको व्यवस्थापन र कार्यस्थल सुरक्षाको व्यवस्था मिलाउनु, बालश्रम तथा बाध्यकारी श्रम उन्मूलन गर्नु, वैदेशिक रोजगारीलाई आन्तरिक रोजगारीले प्रतिस्थापन गर्नु साथै वैदेशिक रोजगारबाट फर्केका युवासँग भएको ज्ञान, सीप, क्षमता र पूँजीलाई उत्पादनशील क्षेत्रमा परिचालन गर्नु जस्ता प्रमुख चुनौतीहरु रहेका छन् ।

**(४) दीर्घकालीन सोचः** मर्यादित श्रम, उत्पादनशील रोजगारी: समृद्ध प्रदेश

**(५) लक्ष्यः** उत्पादनशील रोजगारीको विस्तार र लगानीमैत्री वातावरण सिर्जना गर्दै श्रमको अधिकतम उपयोग गर्ने ।

**(६) उद्देश्य**

(१) उत्पादनशील, मर्यादित र सुरक्षित रोजगारीका अवसर सिर्जना गर्नु ।

(२) श्रम बजारका मागअनुसार दक्ष, सीपयुक्त र प्रतिस्पर्धी जनशक्तिको विकास गर्नु ।

**१७.रणनीति र कार्यनीति**

**रणनीति १: रोजगारी र स्वरोजगारी सिर्जनाका अवसरहरू विस्तार गर्ने ।**

**कार्यनीतिहरू**

(१) स्थानीय तहसँगको सहकार्यमा बेरोजगारीको तथ्याङ्क संकलन गरी रोजगार सूचना प्रणालीमा आबद्ध गरिनेछ ।

(२) स्थानीय तहका रोजगार सूचना केन्द्रहरूलाई सुदृढ गराई स्थानीयस्तरमा रोजगारसम्बन्धी कार्यलाई एकीकृत ढंगबाट सम्पादन गर्न आवश्यक समन्वय गरिनेछ ।

(३) रोजगारीको अवसर सिर्जना हुने गरी विशेष कार्यक्रमका रूपमा प्रादेशिक रोजगारमूलक आर्थिक विकास कार्यक्रम सञ्चालन गरिनेछ ।

(४) बजारको माग र रोजगारका लागि इच्छुकहरूका बिच सम्बन्ध स्थापना गर्न उद्योग वाणिज्य महासंघ र स्थानीय तहसमेतको सहकार्यमा रोजगार मेलाहरूको आयोजना गरिनेछ ।

(५) रोजगार प्रवर्धनसम्बन्धी कार्य गर्न अन्तरनिकाय समन्वय कायम गरिनेछ ।

**रणनीति २: श्रम बजारको मागअनुसार दक्ष र सीपयुक्त जनशक्ति विकास गर्ने ।**

**कार्यनीतिहरू**

(१) प्रदेशमा उपलब्ध जनशक्तिबारे विस्तृत अध्ययन गरी प्रदेशका लागि आवश्यक मानव संसाधन योजना तयार गरिनेछ ।

(२) मध्यम र उच्चस्तरका जनशक्ति तयार गर्न प्राविधिक र व्यावसायिक धारका विद्यालय र उच्च शिक्षालय विस्तार गरिनेछ ।

(३) बेरोजगार, विपन्न, युवा तथा महिला, सीमान्तकृत तथा अल्पसंख्यक समुदाय, पिछडिएको वर्ग/समुदाय र द्वन्द्वपीडितहरूलाई उद्यमशीलता तथा रोजगारमूलक तालिम प्रदान गरिनेछ ।

(४) हाल स्थापना भएका प्राविधिक शिक्षालयहरूको स्तरोन्नति तथा सुदृढीकरण गर्नुका साथै थप प्राविधिक तथा व्यावसायिक तालिम केन्द्रको स्थापना गरिनेछ ।

(५) औद्योगिक क्षेत्रहरूसँगै प्राविधिक शिक्षालय/औद्योगिक पाठशालाहरूको विकास गरी उद्योगका लागि आवश्यक आधारभूत र मध्यमस्तरको जनशक्तिको उत्पादन गरिनेछ ।

(६) उद्योग प्रतिष्ठानलाई आफ्नो आवश्यकताअनुसार कामदारको विकास गर्न काम गर्दै सिक्ने प्रणाली प्रोत्साहनका लागि प्रशिक्षार्थी कामदार (Apprenticeship) राख्न विशेष सुविधा प्रदान गरिनेछ ।

(७) व्यावसायिक तथा सीपमूलक तालिम कार्यक्रमको पाठ्यक्रमलाई बजारको मागसँग आबद्ध गरिनेछ।

(८) विपन्न, दलित, हिंसापीडित, महिला, कमलरी, हरूवाचरुवा, सीमान्तकृत वर्ग र समुदायहरूको लागि सीप तथा क्षमता अभिवृद्धि कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

(९) श्रम बजारको मागअनुसार मध्यमस्तरका (प्लम्विङ, इलेक्ट्रिकल, सैलुन, मेकानिक्स, पार्लर जस्ता) जनशक्ति उत्पादन गर्न तालिम कार्यक्रम सञ्चालन गरिनेछ ।

**रणनीति ३: श्रमिक वर्गको हक हितको संरक्षण गर्ने ।**

**कार्यनीतिहरू**

(१) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अभ्यासहरूलाई समेत मध्यनजर गर्दै मर्यादित श्रम (Decent Work) का मापदण्डहरू निर्धारण गरी लागु गरिनेछ ।

(२) प्रदेश श्रम सल्लाहकार परिषद्को गठन गरी श्रमसम्बन्धी विषयमा त्रिपक्षीय (tripartite) परामर्श प्राप्त गर्ने व्यवस्था मिलाइनेछ ।

(३) सबै प्रतिष्ठान र श्रमिकलाई योगदानमा आधारित सामाजिक सुरक्षा योजना र स्वास्थ्य बिमा कार्यक्रममा आबद्ध गर्न प्रोत्साहित गरिनेछ ।

(४) अनौपचारिक क्षेत्रका श्रमिकलाई सामाजिक सुरक्षामा आबद्ध गर्न स्थानीय तहलाई सहयोग प्रदान गरिनेछ ।

(५) लैङ्गिक तथा महिला श्रमिकको प्रजनन स्वास्थ्य अनुकूल हुने गरी कार्यक्षेत्र निर्माणका लागि मापदण्ड बनाई लागु गरिनेछ ।

(६) निर्माण स्थल, उद्योग तथा प्रतिष्ठानहरूमा श्रमिकको भौतिक तथा व्यवसायजन्य स्वास्थ्य र सुरक्षाका लागि मापदण्डहरू तयार गरी कार्यान्वयन गरिनेछ ।

(७) श्रम प्रशासन सुदृढ गरी श्रम व्यवस्थापन, निरीक्षण र नियमनलाई व्यवस्थित र प्रभावकारी बनाइनेछ ।

(८) समान कामका लागि समान ज्याला र अवसर प्रदान गर्ने कानुनी व्यवस्थाको प्रभावकारी नियमन गरिनेछ ।

**रणनीति ४: अनौपचारिक क्षेत्रको रोजगारीलाई औपचारिक क्षेत्रमा रूपान्तरण गर्ने ।**

**कार्यनीतिहरू**

(१) अनौपचारिक शिक्षा, उद्यमशीलता, सीप र क्षमता विकास तथा पुनर्ताजगी तालिम एवम् सीपको परीक्षण गर्ने व्यवस्था मिलाई अनौपचारिक क्षेत्रको रोजगारीलाई औपचारिक क्षेत्रको रोजगारीमा रुपान्तरण गरिनेछ ।

(२) परम्परागत सीप र ज्ञानमा आधारित पेसा व्यवसायलाई व्यवसायमुखी बनाउने कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

(३) प्रधानमन्त्री रोजगार कार्यक्रम, प्रादेशिक रोजगार कार्यक्रम जस्ता कार्यक्रमहरूलाई रोजगारीको साथसाथै सीप सिकाइको अवसरका रूपमा समेत विस्तार गरिनेछ ।

(४) अनौपचारिक क्षेत्रमा कार्यरत भूमिहीन किसानहरूका लागि निजी, सार्वजनिक तथा वन क्षेत्रमा समेत कृषि तथा वनजन्य (Agro-Forestry) उच्च मूल्ययुक्त वस्तु उत्पादन गर्न करार खेती (Lease Farming), सहकारी खेती तथा सामूहिक खेती प्रणालीको व्यवस्था मिलाइनेछ ।

**रणनीति ५: बालश्रम तथा बाध्यकारी श्रम अभ्यासलाई उन्मूलन गर्ने ।**

**कार्यनीतिहरु**

(१) बालश्रमको अवस्थाबारे अध्ययन एवम् पहिचान गरी बालश्रम उन्मूलनका लागि संघ र स्थानीय तहसँग सहकार्य गरिनेछ ।

(२) बालश्रमिकका रूपमा काममा लगाइएका बालबालिकाहरूको पहिचान, उद्धार, व्यवस्थापन र पुनःस्थापनाको कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

(३) बाध्यकारी श्रमलाई उन्मूलन गर्नका लागि सरकारी तथा गैरसरकारी निकायसँगको समन्वयमा सचेतनामूलक, प्रवर्द्धनात्मक र प्रतिकार्यात्मक कार्यक्रम तय गरी अभियानका रूपमा सञ्चालन गरिनेछ ।

**रणनीति ६: रोजगारमूलक लगानीको प्रवर्धन गर्ने ।**

**कार्यनीतिहरू**

(१) रोजगारमूलक लगानी अनुकूल वातावरण सिर्जना हुने गरी सरोकारवाला पक्षहरुबिच परामर्श तथा वार्ताका लागि सहजीकरण गरिनेछ ।

(२) रोजगारदाता र श्रमिकका व्यावहारिक समस्या र कठिनाइलाई अध्ययन, अनुसन्धान र छलफल गरी आवश्यक सहजीकरण तथा दिगो समाधानको वातावरण बनाइनेछ ।

(३) निश्चित संख्याभन्दा बढी रोजगारी सिर्जना गर्ने औद्योगिक क्षेत्र तथा औद्योगिक प्रतिष्ठानसम्म पूर्वाधारलगायतका सुविधा पुर्‍याउन सहयोग गरिनेछ ।

**रणनीति ७: वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित, मर्यादित र उच्च प्रतिफलयुक्त बनाउने ।**

**कार्यनीतिहरू**

(१) संघ तथा स्थानीय तहहरूसँगको सहकार्यमा वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली (FEMIS) मा भएका तथ्याङ्कहरु समेतको आधारमा वैदेशिक रोजगारीमा जाने नागरिकको प्रादेशिक अभिलेख राखिनेछ ।

(२) वैदेशिक रोजगारीलाई बढी लाभदायक बनाउन वैदेशिक रोजगारमूलक सीप तालिम कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

(३) प्रदेशभित्रका सबै जिल्ला प्रशासन कार्यालयहरूमा वैदेशिक रोजगार सूचना केन्द्र (आप्रवासी स्रोत केन्द्र) को विस्तार गरी वैदेशिक रोजगारमा जान चाहनेलाई आधारभूत जानकारी र परामर्श प्रदान गरिनेछ।

(४) स्थानीय तहसँगको समन्वय र सहकार्यमा वैदेशिक रोजगारीको लाभ, लागत, जोखिम जस्ता सचेतनामूलक विषयहरूमा अभिमुखीकरण गर्ने व्यवस्था मिलाइनेछ ।

(५) श्रम स्वीकृति स्थानीय तहमार्फत हुने व्यवस्थालाई प्रभावकारी बनाउन आवश्यक पर्ने स्रोत र साधनका लागि सहजीकरण तथा समन्वय गरिनेछ ।

**रणनीति ८: वैदेशिक रोजगारबाट सिकेको सीप तथा ज्ञानलाई स्वदेशमै प्रयोग गरी स्थानीयस्तरमै रोजगार सिर्जना गर्ने ।**

**कार्यनीतिहरू**

(१) वैदेशिक रोजगारीबाट फर्केका कामदारहरूको तथ्याङ्क संकलन गरी उनीहरूको सीपको स्वदेशमै उपयोग गर्ने व्यवस्था मिलाउन कानुनी तथा व्यवस्थापकीय प्रबन्ध गरिनेछ ।

(२) वैदेशिक रोजगारबाट फर्केका युवाहरूलाई लक्षित गरी आवश्यकता अनुसार पुनर्स्थापना, पारिवारिक पुन:एकीकरण र सीप तथा उद्यम विकासलगायतका कार्यहरु गर्न साथै वित्तीय सेवामा पँहुच पुर्‍याउन स्थानीय तह एवम् अन्य सरोकारवाला संस्थाहरुलाई सहजीकरण गरिनेछ ।

(३) वैदेशिक रोजगारीबाट सिकेको ज्ञान र सीपलाई क्षेत्रगत हिसाबमा वर्गीकरण गरेर सीप परीक्षण गराई प्रदेशभित्रै त्यस्ता व्यवसाय गर्न आवश्यक सहयोगको व्यवस्था गरिनेछ ।

(४) वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरूको ज्ञान र सीपलाई उपयोग हुने गरी उद्यमशीलता विकासका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

(५) स्थानीय तहसमेतको सहकार्यमा वैदेशिक रोजगार सूचना केन्द्रहरूको विस्तार र सुदृढीकरण गरी वैदेशिक रोजगारबाट फर्किएका कामदारहरूलाई वित्तीय साक्षरता, मनोसामाजिक परामर्श लगायतका सहयोगहरू प्रदान गरिनेछ ।

## १८. परिमाणात्मक लक्ष्य

**तालिका १०.४ श्रम तथा रोजगारसम्बन्धी परिमाणात्मक लक्ष्य**

| क्र.सं. | परिसूचकहरू | इकाइ | आर्थिक वर्ष २०८०/८१ को अवस्था | आर्थिक वर्ष २०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| १. | श्रम सहभागिता दर | प्रतिशत | ३८.५ | ५० |
| २. | औपचारिक क्षेत्रमा रोजगारी | प्रतिशत | ३६ | ५० |
| ३. | रोजगारी सिर्जना | संख्या हजारमा | २०० | ८७० |
| ४. | बेरोजगारी दर | प्रतिशत | ८.० | ५ |
| ५. | सामाजिक सुरक्षा कोषमा सहभागी भएका प्रतिष्ठान | प्रतिशत | १.१ | २५ |

| | | | | |
|---|---|---|---|---|
| ६. | बालश्रमको दर | प्रतिशत | १५.८ | १० |
| ७. | सूचीकृत बेरोजगारलाई रोजगार सहायता कार्यक्रमबाट रोजगारीको उपलब्धता | प्रतिशत | ११.९ | ५० |

*स्रोत: उद्योग, पर्यटन तथा यातायात मन्त्रालय, २०८१*

# १०.५ जनसंख्या तथा बसाइँसराइ व्यवस्थापन

## (१) पृष्ठभूमि

जनसंख्या बहुपक्षीय, बहुआयामिक र सबैको साझा सरोकारको विषय हो । नेपालको हालको जनसंख्याको वनोट र संरचनामा युवा जनसंख्याको बाहुल्यता रहेको छ । मुलुकको विकासका लागि युवा जनसंख्याको उचित परिचालन र व्यवस्थापन आवश्यक हुन्छ । नेपालको संविधानमा संघ र प्रदेशको साझा अधिकारअन्तर्गत परिवार योजना र जनसंख्या व्यवस्थापन विषय समेटिएको छ । जनसंख्या विकासको प्रमुख आधार हो । राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले अन्तरसरकार वित्तीय हस्तान्तरण सिफारिस गर्दा लिने आधारमध्ये जनसंख्या तथा मानव विकास सूचकाङ्क प्रमुख रहेका छन् ।

जनसंख्या उत्पादनकर्ता र उपभोगकर्ता दुवै भएकोले विकासमा जनसांख्यिक सन्तुलनको अहम् भूमिका हुन्छ। राष्ट्रिय जनगणना २०७८ अनुसार लुम्बिनी प्रदेशको कुल जनसंख्या ५१ लाख २२ हजार ७८ मध्ये पुरुष ४७.९ प्रतिशत र महिला ५२.१ प्रतिशत रहेका छन् । प्रदेशको जनसंख्याको वार्षिक औसत वृद्धिदर १.२४ प्रतिशत रहेको छ । जिल्लागत रुपमा सबैभन्दा बढी जनसंख्या रुपन्देही र सबैभन्दा कम रुकुम पूर्वमा रहेको छ ।

प्रदेशका पहाडी तथा हिमाली जिल्लाहरूबाट तराईका जिल्ला साथै ग्रामीण क्षेत्रबाट सहरी क्षेत्रमा बसाइसराई बढ्दो रूपमा रहेको छ । प्रदेशका तीनवटा जिल्ला पाल्पा, गुल्मी र अर्घाखाँची तथा १०९ मध्ये ३१ स्थानीय तहमा जनसंख्या वृद्धिदर ऋणात्मक रहेको छ । प्रदेशका नगरपालिकामा बसोबास गर्ने जनसंख्या ५५.२ प्रतिशत र गाउँपालिकामा बसोबास गर्ने जनसंख्या ४४.८ प्रतिशत रहेको छ । प्रदेशका स्थानीय तहहरुमध्ये घोराही उपनगरपालिकामा सबैभन्दा बढी २ लाख ५ सय ३० जना र सबैभन्दा कम थवाङ गाउँपालिकामा १० हजार ८ सय ५१ जनाको बसोबास रहेको छ ।

श्रममा उच्चतम् योगदान गर्न सक्ने उमेर (१५-५९ वर्ष) समूहको जनसंख्या यस प्रदेशमा ६१.९२ प्रतिशत रहेको छ । आगामी केही वर्षसम्म कमाउने उमेर समूहको संख्या बढ्ने भएकोले अहिले जनसांख्यिक लाभ (Population Dividend or Demographic Dividend) लिने समय रहेको छ । जनसंख्या व्यवस्थापनमा परिवार योजनाको महत्त्वपूर्ण भूमिका हुन्छ । यस प्रदेशमा परिवार नियोजनका साधनको प्रयोग दर ३१ प्रतिशत रहेको छ ।

## १९.प्रमुख समस्या

प्रदेशको जनसंख्या व्यवस्थापनको प्रमुख समस्या अव्यवस्थित बसाइँसराइ पनि हो । यहाँका पहाडी भेगबाट तराई क्षेत्रमा र ग्रामीण क्षेत्रबाट सहरी क्षेत्रमा बसाइँसराइ बढ्दो रूपमा हुनु; प्रदेशका पाल्पा, गुल्मी र अर्घाखाँची गरी ३ जिल्लाका ३१ वटा स्थानीय तहको जनसंख्या वृद्धिदर ऋणात्मक हुनु; दुर्गम तथा ग्रामीण क्षेत्रमा भएको पूर्वाधार विकासको न्यून उपयोग हुनु; बढ्दो जनसंख्याको चापलाई पर्याप्त हुने गरी सहरी तथा तराई क्षेत्रमा स्वास्थ्य सेवा लगायतका पूर्वाधार विकास हुन नसक्नु; तीव्र बसाइँसराइका कारणले पहाडका जमिन बाँझो हुने तथा तराईका उब्जाउशील जमिन घडेरीका रूपमा प्रयोग भई उत्पादनमा नकारात्मक असर पर्नु; सामाजिक तथा सांस्कृतिक कारणले परिवार नियोजनका साधन प्रयोग नहुनु र उचित रूपमा परिवार योजना नबनाउनु जस्ता प्रमुख समस्याहरु रहेका छन् ।

## २०.अवसर र चुनौती

जनसांख्यिक लाभको अवस्था रहनु, सडक सञ्जालको निर्माण भई ग्रामीण भेगमा आर्थिक अवसरहरू वृद्धि हुनुका साथै मुख्य सहरसम्म सहज पँहुच हुनु, ग्रामीण क्षेत्रमा ससाना बजार केन्द्रहरूको विकास हुँदै जानु, ग्रामीण भेगमा समेत शिक्षा र स्वास्थ्यमा आधारभूत सेवा पुग्नु, प्रदेश सरकारको स्थापना पश्चात भौगोलिक रूपमा सन्तुलित विकासको थालनी हुनु जनसंख्या व्यवस्थापनका प्रमुख अवसरहरू हुन् ।

